३२६

# भक्तपुर मासिक

Bhaktapur Monthly
भाद्र २०८०
9 772705 445004



## भक्तपुर नपाबाट सांस्कृतिक पदयात्रा

- समाजवादी मोर्चा कि अवसरवादको अर्को रूप ?
- पोखरीको ऐनामा भक्तपुर
- गुन्हीपुन्ही र सापारु गाईजात्रा होइन
- फोहोरमैला व्यवस्थापनमा परम्परागत ज्ञान
- स्वाङजाङको भारत यात्रा (५)
- छुमा गणेश द्यःछेँ पुनर्निर्माण
- टौमढी टोल र पुवहालको महत्व
- भक्तपुर पर्यटकीय गन्तव्यस्थल बन्दै
- बक्सिङ खेलाडी निता गोसाई
- चीनलाई घेरा हाल्दै नाटो
- भक्तपुर नपाका गतिविधि



भक्तपुर नपाको आयोजनामा भएको दुई दिने बाली उपचार शिविर



मृगौलासम्बन्धी रोग निराकरणबारे स्थानीय अग्रज शिक्षक, सहकारीकर्मी, किसान, महिला, स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि र कर्मचारीहरुबीच सचेतना कार्यक्रम । भाद्र १ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l$)⭑cÆ !)⭑g};⫩!$#⭑lj=;⫩@)*)efb|⭑A.D.2023

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :


भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


लिउ रुई, ग्लोबल टाइम्स

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

'राजनीतिक दल यस्ता व्यक्तिहरुको समूह हो, जुन कुनै राष्ट्रिय हितको पूर्तिको लागि कुनै विशिष्ट सिद्धान्तलाई आधार मानेर त्यसमा सहमत हुनेहरुले आफ्नो संगठन गर्दछन् ।' – एडमण्ड बर्क

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नपाबाट सांस्कृतिक पदयात्रा | – | ३ |
| २) | पोखरीको ऐनामा भक्तपुर | उपेन्द्र लामिछाने | ६ |
| ३) | समाजवादी मोर्चा कि अवसरवादको अर्को रूप ? | विवेक | १७ |
| ४) | गुन्हीपुन्ही र सापारु गाईजात्रा होइन | समिर | १९ |
| ५) | फोहोरमैला व्यवस्थापनमा परम्परागत ज्ञान | सुनिता गाइसी | २३ |
| ६) | टौमढी टोल र पुवहालको ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्त्व | ओम धौभडेल | २५ |
| ७) | भक्तपुर पर्यटकीय गन्तव्यस्थल बन्दै | कृतिका | २७ |
| ८) | स्वाङजाङको भारत यात्रा (५) बौद्धग्रन्थको लागि पूर्वको यात्रा | चङ चेङ्ग | २९ |
| ९) | छुमा गणेश द्यःछेँ पुनर्निर्माण | आ. सरिता धुख्वा | ३५ |
| १०) | समालोचनाया सिद्धान्त (१९) कविता व कल्पना | प्रा. माणिकलाल श्रेष्ठ | ३७ |
| ११) | बताग्र | विष्णुभक्त राजचल | ४१ |
| १२) | साहित्य लेखन र संङ्गीतमा मल्ल राजाहरूको योगदान | डा. वीरेन्द्रप्रसाद कायस्थ | ४४ |
| १३) | समाज पुरुष प्रधान भएसम्म महिला अधिकार र समानताको कुरा गर्नु बेकार | कुशल | ४५ |
| १४) | बक्सिङ खेलाडी निता गोसाई | राजकुमार लघु | ४८ |
| १५) | चीनलाई घेरा हाल्दै नाटो | रोब गोउल्यान्ड | ५० |
| १६) | अमेरिकाले कोरियाली युद्धबाट पाठ सिक्न सकेन भने उसले पीडा भोग्नुपर्नेछ | – | ५२ |
| १७) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ५६ |
| १८) | भेटघाट | – | ५९ |
| १९) | भक्तपुर काण्ड विशेष | – | ६१ |
| २०) | सापारु विशेष | – | ६८ |
| २१) | भक्तपुर नगरपालिका गतिविधि | – | ७४ |
| | क) धानबालीमा लाग्ने कीराबारे छलफल र उपचार शिविर | – | ८३ |
| | ख) शैक्षिक गतिविधि | – | ८६ |
| | ग) स्वास्थ्य सेवा | – | ९१ |
| | घ) संक्षेपमा | – | १०० |
| २२) | विविध समाचार | – | १०४ |
| २३) | मन्त्रिपरिषद्को 'झुक्यान' (सम्पादकको पृष्ठ) | – | ११६ |

**साथमा** :

जीवन-आचरण – ३४/ थाहा पाइराखौँ – ५३/ बसिबियाँलो – ४३/ चीनका प्राचीन नीति कथा – ५३/ नवयुवकसँग अपिल-५४/ प्रेरणीय – ५४/ वैधानिक कानुन (५) – ५५/ ख्वप अस्पतालको प्रगति – ९८/ सांसद दुर्लभ थापा ख्वप विश्वविद्यालयविरोधी ?-१०३/ हाम्रो स्वास्थ्य – ११४/ पर्यटक तथ्याङ्क – ११५/ रङ्गीन पृष्ठ – १३-१६ ।


"Creation of predecessors — Our art and culture"

## ‘भक्तपुरको पोखरी चिनौं, सम्पदा संरक्षणमा अघि बढौं !’

# भक्तपुर नपाको आयोजनामा सांस्कृतिक सम्पदा पदयात्रा

### पर्यटन विकासको लागि पदयात्रा




‘भक्तपुर नगरपालिकाले आन्तरिक र बाह्य पर्यटकहरूको प्रवर्द्धनको लागि पदयात्राको आयोजना गर्न लागेको हो।’

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले साउन २० गते नपाको आयोजनामा हुन गइरहेको पदयात्राबारे छलफल गर्न साउन १५ गते आयोजित भेलामा उक्त कुरा राख्नुभएको हो ।

उहाँले भक्तपुरका सबै नागरिकलाई निरन्तर सकृय बनाउन विभिन्न गतिविधि सञ्चालन गरिरहेको प्रस्ट पार्नुहुँदै भन्नुभयो, ‘सकृय मानिसको आयु लामो हुन्छ । नगरपालिकाले शिक्षा, संस्कृति, खेलकुदलगायतका गतिविधिहरू सञ्चालन गरी नागरिकहरूलाई सकृय सहभागी गराउँदै आएको छ ।’

जनप्रतिनिधिहरूलाई सधैँ यहाँका जनताले साथ दिइरहेकोमा प्रशंसा गर्नुहुँदै उहाँले जनप्रतिनिधि र स्थानीय जनताको एकाकार शक्तिले नै भक्तपुरका जनतामा शीघ्र परिवर्तन सम्भव भएको हो भन्नुभयो ।



भनपा वडा नं. १ को आयोजनामा भएको छलफल कार्यक्रम वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले अध्यक्षता गर्नुभएको थियो भने पूर्ववडाध्यक्ष **लक्ष्मी नारायण खत्री**, शिक्षिका **बिकुलक्ष्मी कोजु**ले नगरपालिकाको आयोजनामा हुन लागेको पदयात्रा सफल पार्न सबैले सहयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

### पदयात्रा सुरु



भक्तपुर नगरपालिकाको आयोजनामा ‘भक्तपुरको पोखरी चिनौं, सम्पदा संरक्षणमा अघि बढौं !’ भन्ने नाराका साथ सांस्कृतिक सम्पदा पदयात्रा साउन २० गते भयो ।




ऐतिहासिक एवम् सांस्कृतिक नगरी भक्तपुरको भ्रमणमा आउनुहुने आन्तरिक एवं बाह्य पर्यटकहरूलाई नगरका विभिन्न स्थानमा छरिएर रहेका सम्पदाहरूबारे परिचित गराउने र सम्पदा संरक्षण कार्यमा उत्साहित गर्ने उद्देश्यले आयोजित कार्यक्रमको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति

र उपप्रमुख रजनी जोशीले संयुक्त रूपमा रिबन काटेर उद्घाटन गर्नुभयो।




नगर प्रमुख प्रजापति र उपप्रमुख जोशीको नेतृत्वमा भनपा वडा नं. ९ को लामगः पुखूबाट सुरु भएको सांस्कृतिक पदयात्रा नगाँचा – ग्वंग पुखु – क्वाठन्डौ पुखू – तिनाछेँ – सलां गणेश पुखू – बसिकुलां नाग पुखू – दुगुमला – भोलाछेँ पुखू – अंचा पुखू – ब्यासी पुखू – ब्यो पुखू (धवाहिति पुखू) – कालदह पुखू – नः पुखू – तः पुखु (सिद्ध पोखरी) हुँदै न्हू पुखू (रानी पोखरी) मा समापन भएको थियो।





सांस्कृतिक गतिविधि र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न ठाउँ-ठाउँमा सांस्कृतिक प्रदर्शनी, खाद्य स्टल तथा मौलिक उत्पादनहरूको प्रदर्शनी तथा बिक्री केन्द्रहरूसमेत राखिएको छ। ऱ्यालीमा हजारौंको सङ्ख्यामा नगरवासीहरूको उत्साहजनक सहभागिता रहेको थियो।

## पदयात्रा समापन




सोही दिन सांस्कृतिक सम्पदा पदयात्रा कार्यक्रम एक भव्य कार्यक्रमबीच सम्पन्न भयो।

सम्पदा पदयात्राको समापन कार्यक्रम भक्तपुर नपा वडा नं. १ स्थित न्हू पुखू (रानीपोखरी) मा भयो।




कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित कार्यक्रममा सहभागी सबैलाई धन्यवादज्ञापन गर्नुहुँदै सम्पदा संरक्षणको कार्यमा सबैको

हातेमालो जरुरी रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, भक्तपुर पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास हुँदै जाने क्रममा हामीमा धेरै चुनौतीहरू पनि थपिएका छन् । ती चुनौतीहरूलाई हामीले अवसरको रूपमा प्रयोग गर्न सके धेरै उपलब्धी हासिल हुनेछ ।

भक्तपुरका सम्पदा अवलोकन गर्न संसारका सबै पर्यटकहरू भक्तपुर घुम्न आउने गरेको बताउनुहुँदै सांसद सुवालले मानव निर्मित सम्पदाहरू नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्ने धारणा राख्नुभयो ।

नेपालमा अनियमितता र भ्रष्टाचारका घटनाहरू बढ्दै गइरहेको सन्दर्भ जोड्नुहुँदै उहाँले सांस्कृतिक सम्पदा म्हास्ने र सार्वजनिक जग्गा मिच्नु आफैमा भ्रष्टाचारको रूप भएको बताउनुभयो ।

उहाँले सिंहदरबार भ्रष्ट व्यक्तिहरूको अखडा बनिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै भ्रष्टाचारी र तस्करहरूलाई संरक्षण गर्ने सरकारले देशको हितमा काम नगर्ने विचार राख्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नारालाई अझ जीवन्त बनाउने प्रयासस्वरूप भक्तपुर नपाले यहाँका सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र नयाँ पुस्तामा हस्तान्तरण गर्ने नीति लिँदै आएको बताउनुभयो ।

कार्यक्रम भव्य रूपमा सम्पन्न गर्न सहभागी सम्पूर्णमा धन्यवादज्ञापन गर्नुहुँदै उहाँले भक्तपुर महोत्सवको तयारीको रूपमा पनि सम्पदा पदयात्रा कार्यक्रमलाई विशेष महत्त्वका साथ अगाडि बढाइएको बताउनुभयो ।

पुर्खाले सिर्जेको सम्पत्तिलाई जस्ताको तस्तै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्य भक्तपुर नपाको रहेको बताउनुहुँदै उहाँले नयाँ पुस्ताको सेवा गर्न भक्तपुर नपाले सम्पदा संरक्षणलाई जोड दिँदै आएको बताउनुभयो ।

नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले नगरभित्रका पोखरीहरूको उपयोगिताबारे प्रष्ट पार्नुहुँदै पोखरीहरू ऐतिहासिक र धार्मिक हिसाबले पनि महत्त्वपूर्ण सम्पदाको रूपमा रहेको बताउनुभयो । उहाँले पुरानो सम्पदालाई नयाँ किसिमले उपयोग गर्ने भक्तपुर नपाको सोच रहेको बताउनुहुँदै पोखरीहरूले वरिपरिको वातावरण सफा र स्वच्छ बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेको छ भन्नुभयो ।

त्यस्तै भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले मानव सभ्यताको विकास सँगसँगै मूर्त र अमूर्त सम्पदाहरूको विकास भएको बताउनुहुँदै यस किसिमको कार्यक्रम आयोजनाले भक्तपुरको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

सांस्कृतिक सम्पदा पदयात्रा कार्यक्रमको उद्घाटन कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व** र समापन कार्यक्रममा भनपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले पनि कार्यक्रमको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

सांस्कृतिक गतिविधि र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न ठाउँ-ठाउँमा सांस्कृतिक प्रदर्शनी, खाद्य स्टल तथा मौलिक उत्पादनहरूको प्रदर्शनी तथा बिक्री केन्द्रहरूसमेत राखिएको थियो । र्‍यालीमा भक्तपुर नपाका जनप्रतिनिधि, कर्मचारी, विद्यालयका शिक्षक, स्वयम्सेवक, विभिन्न सङ्घ संस्थाका प्रतिनिधिहरू, खेलकुद समिति, बाजा समूह र नगरवासीहरूलगायतको उत्साहजनक सहभागिता रहेको थियो ।

*(सम्पदा पद यात्राका केही तस्बिर रंगीन पृष्ठमा दिइएको छ ।)*

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## रगत परीक्षण शुल्क नगरपालिकाले उपलब्ध गराउनेसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा नि:शुल्क रगतको व्यवस्था गरिने भनी उल्लेखभएबमोजिम भक्तपुर नगरपालिकाका स्थायी बासिन्दाहरूलाई नेपाल रेडक्रस सोसाइटी, भक्तपुरबाट रगत उपलब्ध गराउँदा लाग्ने रगत परीक्षण शुल्क २०७९/६/१ गतेदेखि नेपाल रेडक्रस सोसाइटी, भक्तपुरलाई भक्तपुर नगरपालिकाले उपलब्ध गराउने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

# पोखरीको ऐनामा भक्तपुर



उपेन्द्र लामिछाने



केही वर्षअघिसम्म भक्तपुरस्थित खँचा पुखूमा प्रसिद्ध पाँचतले मन्दिर ङातापोलको प्रतिविम्ब देखिन्थ्यो । घनाबस्तीका कारण ङातापोलको प्रतिविम्ब अहिले देखिन्न तर यहाँका जीवन्त पोखरीमा भक्तपुरका कला, संस्कृति र जीवनशैलीसँगै सिङ्गो सहरको प्रतिविम्ब भेटिन्छ ।

'यहाँका पोखरीसँग कला र संस्कृतिको प्रगाढ सम्बन्ध छ,' संस्कृतिविद् **तेजेश्वरबाबु ग्वंगः** भन्छन्, 'मानिसको जीवनशैलीसँग जोडिएका यी पोखरीमा सिङ्गो भक्तपुर प्रतिविम्बित हुन्छन् ।'

संस्कृतिविद् **ओम धौभडेल** पनि ग्वंगःका कुरामा सहमत छन् । भक्तपुर नगरभित्रका टोलबस्तीमा रहेका धेरैजसो पोखरीहरू परापूर्वकालदखि नै यहाँका स्थानीय बासिन्दाहरूको धर्म, कर्म तथा संस्कृतिसित अभिन्न सम्बन्ध गाँस्दै आइरहको धौभडेल बताउँछन् ।

लिच्छविकालदेखि नै नगरको सौन्दर्य बढाउन पोखरी बनाउन थालिएको इतिहास भेटिने बताउँदै उनले मिथिलासँग भक्तपुरको सम्बन्ध बढेसँगै भक्तपुर पोखरीको नगरका नामले समेत चिनिन थालेको धौभडेल बताउँछन् ।

**लिच्छविकालदेखि नै नगरको सौन्दर्य बढाउनका लागि पोखरी बनाउन थालिएको इतिहास भेटिन्छ । अझ नान्यदेवका पालामा मिथिलासँग भक्तपुरको सम्बन्ध बढेसँगै भक्तपुरमा पोखरी बन्ने क्रम बढेको हो ।**

- ओम धौभडेल, संस्कृतिविद्

बिहान उठ्नासाथ नित्य स्नान, मुख धुने, तर्पण दिनेदेखि देवदेवीलाई शुद्ध जल चढाउनेजस्ता कार्यमा यहाँका पोखरीको उपयोग हुँदै आएको उनले सुनाए । मुलुककै सानो जिल्ला भक्तपुरमा रहेका भक्तपुर नगरपालिका हाल १० वडामा विभाजित छ । यो नगरको क्षेत्रफल ६ दशमलब ८८ वर्गकिमि छ । यहाँभित्र रहेका ३५ जीवन्त पोखरीले यसको सांस्कृतिक क्षेत्रफल निकै बढाएका छन् ।



भक्तपुरको सम्पदा भनेर चिनिने यिनै जीवन्त पोखरीलाई लक्षित गर्दै अघिल्लो शनिबार (साउन २० गते) सम्पदा पोखरी पदयात्रासमेत आयोजना गरियो । भक्तपुर नगरपालिकाको आयोजनामा भएको उक्त सम्पदा पदयात्रामा स्थानीय जनप्रतिनिधि, कर्मचारी, स्थानीय बासिन्दा तथा सङ्घसंस्थाको बाक्लो सहभागिता रहेको थियो । 'हामीलाई आज पनि जात्रा जस्तै महसुस भएको छ,' रानी पोखरीको डिलमा बसेर सुस्ताउँदै गरेकी ८४ वर्षीया शरणमायाले भनिन्, 'पोखरीको डिलमा बस्दा मन शान्त हुन्छ ।'



**'भक्तपुरका पोखरी चिनौँ, सम्पदा संरक्षणमा अघि बढौँ'** भन्ने नाराका साथ सांस्कृतिक सम्पदा पदयात्रा सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ ।

भक्तपुरको भ्रमणमा आउने आन्तरिक एवम् बाह्य पर्यटकलाई नगरका विभिन्न स्थानमा छरिएर रहेका सम्पदाबारे परिचित गराउने र सम्पदा संरक्षण कार्यमा उत्साहित गर्ने

उद्देश्यले कार्यक्रम आयोजना गरिएको भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले बताए । 'सम्पदा चिनेपछि मात्र त्यसको संरक्षणमा झनै सहजता हुन्छ,' प्रजापतिले भने, 'त्यसैले नयाँ पिँढीलाई पोखरी चिनाउन पनि हामीले पदयात्रा आयोजना गरेका हौँ ।'



बाजागाजा र परम्परागत पहिरनसहित नगरवासीले देखाएको उत्साहजनक सहभागिताले नगरलाई थप हौसला प्रदान गरेको उनले सुनाए ।

**यहाँका पोखरी र भक्तपुरको कला-संस्कृतिका बीच प्रगाढ सम्बन्ध छ । मानिसको जीवनशैलीसँग जोडिएका यी पोखरीमा सिङ्गो भक्तपुर प्रतिविम्बित हुन्छ।**

\- तेजेश्वरबाबु ग्वंगः, संस्कृतिविद्

भक्तपुर किराँतकालदेखि नै बसोबास भएको सहरका रूपमा चिनिन्छ । किराँतकालमा पोखरीका बारेमा ऐतिहासिक प्रमाण नभेटिए पनि लिच्छविकालमै नेपालमण्डलको अन्य ठाउँमा भेटिएका अभिलेखहरूमा पोखरीबारे उल्लेख भएको संस्कृतिविद् ओम धौभडेलले सुनाए ।

भक्तपुरका विभिन्न जात्रा तथा पर्वमा पोखरी प्रयोजनमा आउने गरेको छ । जन्यापुन्हीको अवसरमा तीन दिनसम्म फरक फरक तीन ठाउँबाट यामता ल्याउने क्रममा पहिलो दिनको यामताको जात्रापछि यातु बाहार पोखरी परिक्रमा गराउने चलन रहेको धौभडेल बताउँछन् ।

दोस्रो दिनको यामताको जात्रापछि भ्कौखेलस्थित मुग थौ पोखरी परिक्रमा गराउनुपर्ने नियम छ भने अन्तिम दिनको यामताको जात्रापछि तः पोखरी घुमाउने चलन छ । आश्विन शुक्ल षष्ठीका दिन तः पोखरीमा नवरात मेला धुमधामसित लाग्ने उनले बताए ।

जनैपूर्णिमाको दिन भक्तपुर व्यासीस्थित कालदह पोखरीमा स्नान वा मुख धोएमा रसुवाको प्रसिद्ध सिलु दहमा स्नान गरेजति नै पुण्य मिल्ने मान्यता रहेको धौभडेल सुनाउँछन् ।

त्यस्तै भोलाछेँबाट उत्तरको महाकाली पीठ नजिक रहेको अँचा पोखरीमा प्रत्येक तीन वर्षको एकपटक एक महिना पुरुषोत्तम महिनाभरि ठूलो मेला लाग्ने उनले सुनाए । नासमनाको मंगलकुण्ड पोखरीमा प्रत्येक वर्ष ऋषि पञ्चमीका दिन मेला लाग्छ ।



त्यस्तै यहाँका कतिपय पोखरीमा औधषीयुक्त पानी रहेकोसमेत मान्यता छ । यहाँका पोखरीमा देखिएको अर्को विशेषता वा गुण पोखरीको पानीले कतिपय अवस्थामा औषधीको समेत भूमिका निभाएको हुन्छ । उदाहरणका लागि भक्तपुर तलेजुभित्रको दुमाजु पोखरीलाई लिन सकिन्छ । 'यहाँ रुन्चे लागेका केटाकेटीलाई आइतबार वा बिहीबारका दिन मुख धुवाएमा रुन्चे निको हुन्छ भन्ने मान्यता छ,' धौभडेल सुनाउँछन्, 'त्यस्तै काल्हाचा पोखरीमा नुहाएमा घाउ खटिरा निको हुन्छ भन्ने मान्यता छ ।'



नगरको छेउछाउका पोखरी वास्तु एवम् सौन्दर्यका लागि निमार्ण भएका हुन् भने नगरभित्रका पोखरी यहाँका नगरवासीहरूको दैनिक जनजीवनसँग जोडिएको धौभडेल बताउँछन् ।

**पोखरी हाम्रो सम्पदा हो, नगरको सान हो । नयाँ पिंढीलाई यसको महत्त्व सम्झाउँदै अगाडि बढेका छौं । अहिले ३५ पोखरी जीवन्त रहेका पायौं । लुप्त भएका अन्य पोखरीलाई ब्यूँताउने नगरको प्रयास जारी छ ।**

– सुनिल प्रजापति, मेयर, भक्तपुर नगरपालिका

आगलागीजस्ता प्राकृतिक विपत्तिदेखि गाईवस्तुलाई नुहाउन, पानी खुवाउन, हातखुट्टा धुन, खेतबाट ल्याएका औजार सफा गर्न आदि कार्यमा यी पोखरीको उपयोग भएको उनले सुनाए । पछिल्लो समय यी पोखरी युवाहरूमाझ लोकप्रिय स्थल बन्न पुगेका छन् । अचेल यहाँका कैयौं पोखरी आन्तरिक एवम् बाह्य पर्यटकहरूको गन्तव्यस्थल बन्न पुगेको उनले बताए ।

# भक्तपुरका प्रसिद्ध पोखरीहरू

## तः पुखू (सिद्धपोखरी)



भक्तपुर नगरपालिका वडा नं १ इनागःमा अवस्थित तः पुखू (सिद्धपोखरी) भक्तपुर नगरको सबैभन्दा ठूलो पोखरी हो । यो पोखरीको पूर्व–पश्चिम लम्बाइ करिब ५७४ फिट र उत्तर–दक्षिण चौडाइ २४९ फिट छ ।

नेसं २३९ मा राजा इन्द्रदेवले यो पोखरी बनाउन लगाएको गोपालराज वंशावलीमा उल्लेख छ । भक्तपुरको प्रसिद्ध जन्या पुन्हिको दिन यो पोखरीमा मेला लाग्ने गर्छ । त्यस्तै दसैंको नवरातअन्तर्गत छैटौं दिन पनि भक्तजनहरू यहाँ मेला भर्न आउँछन् ।

## न्हु पुखू (रानीपोखरी)



भक्तपुर नगरको पश्चिम दिशामा अवस्थित न्हु पुखू (रानीपोखरी) नामले पनि चर्चित छ । नेसं ७५० मा राजा जगत्ज्योति मल्लले यो पोखरी बनाउन लगाएका थिए । नेसं ७९८ मा राजा जितामित्र मल्लले यो पोखरीको निर्माणलाई पूर्णता दिएको बताइन्छ ।

कान्तिपुर राज्यका राजा प्रताप मल्लले भादगाउँमाथि हमला गर्ने क्रममा यो पोखरीमा राखिएका कलाकृति लगेर कान्तिपुरमा पनि रानीपोखरी बनाउन लगाएका थिए । लामो समय नेपाली सेनाको संरक्षणमा रहेको यो पोखरी हाल भक्तपुर नगरपालिकाले संरक्षण गर्दै आएको छ । रानीपोखरी परिसरमा भक्तपुरका विभिन्न समुदायका कुल देवता (दिगु द्यः) पनि छन् ।



भक्तपुरको रानीपोखरीमा दियो बाल्दै एक बालिका

## कालदह



भक्तपुरको प्रख्यात नः पुखूको उत्तरतर्फ अवस्थित वर्गाकार सानो पोखरी कालदह हो । यो पोखरीको पानीको रङ कालो देखिने भएकाले यसलाई कालदह नामकरण गरिएको हुन सक्ने भनाइ छ । आकारले सानो भएकाले पनि यसलाई दह भनिएको हुनुपर्छ । यस पोखरीमा पुगेपछि रसुवा जिल्लामा पर्ने प्रसिद्ध धार्मिक तीर्थस्थल गोसाईंकुण्ड (सिलु) पुगेसरह हुने स्थानीय जनविश्वास छ । कालदहमा जनै पूर्णिमाका दिन मेला लाग्ने गर्छ ।

## नः पुखू



भक्तपुरका मल्लकालीन पोखरीमध्ये नः पुखूको निर्माण नेसं २८९ मा भएको गोपालराज वंशावलीमा छ। बौद्ध सम्पदा थथुबहीको आँगनमा रहेको यो पोखरी वरपर अरू पनि बौद्ध सम्पदाहरू छन्। भक्तपुर नगरकै दोस्रो ठूलो यो पोखरीको उत्तर दक्षिण लम्बाइ ४३१ फिट र चौडाइ २५० फिट छ। मल्लकालमा यो पोखरी नै प्रमुख द्वार मानिन्थ्यो। तर, हाल नः पुखूको पूर्व र पश्चिम ढोकामा पुरानो द्वारको अवशेष मात्र बाँकी छ।

## भोलाछेँ पुखू



भक्तपुर नगरको उत्तरी प्रवेशद्वार महाकाली ध्वाखा हो। यही बाटो हुँदै नगर प्रवेश गर्दा भोलाछेँमा भोलाछेँ पुखू पर्छ। भोलाछेँ पुखूलाई पहिला भौल्वा पुखू भनिन्थ्यो। भक्तपुर नगर बन्नुअघि नै यो पोखरी बनिसकेको जनविश्वास छ। किंवदन्तीअनुसार मुसा र बिरालोबीच झगडा पर्दा यो पोखरी बनेको थियो। मुसाको बथान मिलेर बिरालोलाई घाइते बनाएको थियो। यो पोखरीको लम्बाइ १ सय फिट र चौडाइ ६० फिट छ।

## नागपुखू

भक्तपुर नगरका अधिकांश पोखरी आयाताकारका छन्। तर, भक्तपुर नपा वडा नं. १० मा पर्ने नागपोखरी भने वर्गाकार छ। नागपोखरीको मध्यभागमा नागको प्रतिमा



प्रतिस्थापन गरिएको छ। मन्दिरको वरपर विभिन्न देवदेवीका मन्दिर, सत्तल, पाटी र ढुङ्गेधारा छन्। यो पोखरीको लम्बाइ ८४ फिट र चौडाइ ७२ फिट छ।

## ग्वंगः पुखू



भक्तपुर नगरको उत्तरमा अवस्थित मुलालाँमा पर्ने ग्वंगः पुखूको निर्माण तत्कालीन अपुर दरबारका भारदार चुनी (चुकुटी) ग्वंगःले गरेको बताइन्छ।

ग्वंगः थरी भारदारले बनाएको हुनाले यसको नाम नै ग्वंगः पुखू राखिएको इतिहास छ। पूर्व पश्चिम लाम्चो आकारको यो पोखरी विश्वप्रसिद्ध ङातापोल मन्दिर बनाउन आवश्यक माटो निकाल्ने क्रममा बनाइएको पनि बताइन्छ।

## ख्यः पुखू (धवाहिति पुखू)



भक्तपुर नगरलाई चारै दिशामा अष्टमातृका देवीको पीठ वरपर खुला ठाउँमा रहेका पोखरी नै ख्यः पुखू (धवाहिति पुखू) हुन्। तीमध्ये इन्द्रायणी देवीको पीठको पश्चिममा धवाहितिसँगै रहेको ख्यः पुखू (धवाहिति पुखू) इन्द्रायणी देवीमा समर्पित पोखरी हो। त्यसकारण यो पोखरीलाई इन्द्रायणी पुखू पनि भनिएको हो। यो पोखरीमा कमलको फूल फुल्ने भएकाले आजभोलि पलेस्वाँ पुखू भनी पनि जानिन्छ।

## क्वाठण्डौ पुखू



मल्लकालीन भक्तपुरका चौबीस टोलमध्ये सामरिक महत्त्वको किल्ला भएको टोल हो क्वाठण्डौ। क्वाठण्डौ टोलको मध्यभागमा क्वाठण्डौ पोखरी छ। पूर्व-पश्चिम लाम्चो आकारको यो पोखरीको उत्तरपश्चिम कुनामा ढुङ्गेधारा पनि छ। यो पोखरीको लम्बाइ १७५ फिट र चौडाइ ६० फिट छ।

## अँचा पुखू





महाकाली पीठको उत्तरपूर्वमा पर्ने अँचा पोखरी आकारमा सानो पोखरी हो। यसको लम्बाइ २०३ फिट र चौडाइ ७६ फिट छ। चारैतिर पर्खालले घेरिएको यो पोखरीको मध्यभागमा जलासनमा विराजमान नारायणको प्रस्तर प्रतिमा छ। पोखरी वरपर अनेकन् देवदेवीका मन्दिर र प्रतिमा छन्। यो पोखरीमा प्रत्येक चार वर्षमा एक महिना पुरुषोत्तम महिनामा मेला लाग्ने गर्छ।

## लामगः पुखू



हालको कमलविनायकबाट नवदुर्गा द्यःछेँ जाने बाटोमा पर्ने यो पोखरी भक्तपुर नगरभित्र प्रवेश गर्ने मार्गमा अवस्थित पोखरीमध्ये एउटा हो। विगतमा ठूलै आकारको यो पोखरीको हालको आकार भने सानो छ। किंवदन्तीअनुसार रावणको घुँडाबाट बनेको पोखरी भएकाले यो पोखरीको नाम नै रावण पोखरी थियो। हाल भने यो पोखरी लामगः पुखू नामले नै चर्चित छ। यो पोखरीको उत्तरपश्चिम कुनामा सुचु फल्चा अवस्थित छ।

## सलाँ पुखू



भक्तपुर नपा वडा नं. ९ तचपालस्थित सलाँ गणेश मन्दिरको पश्चिममा अवस्थित पोखरी नै सलाँ पुखू हो। लाम्चो आकारको यो पोखरीको उत्तरपश्चिम कुनामा दुई ओटा ढुङ्गेधारा छन्। पोखरीको पूर्वतिर विभिन्न देवदेवीका प्रतिमा छन्।

## बाह्रे पुखू



हाल कमलविनायक पोखरी नामले चिनिएको बाह्रे पोखरी भक्तपुर नगरभित्रका ठूला पोखरीमध्ये पर्छ। विगतमा कमलको फूल फुल्ने यो पोखरीको पूर्वमा यातु गणेशको मन्दिर, बौद्ध चिवः द्यो र पाटी छन्। यातु गणेशको परिसरमा भएको पोखरी भएकाले यो पोखरीलाई यातु पुखू पनि भन्ने चलन छ।

## खँचा पुखू



ङातापोलको छायाँ देखिने पोखरी भनी चिनिएको खँचा पुखू लाम्चो आकारको छ। यसको पूर्वतिर धारा छ भने पोखरीको दक्षिणमा घर छन्। त्यसैगरी उत्तरमा पनि घरहरू नै छन्। यस पोखरीको नजिकै मुनि विहार अवस्थित छ।

## गोल्मढी पुखू



गोल्मढी यातामा अवस्थित गोल्मढी पुखू उत्तरदक्षिण लाम्चो आकारमा फैलिएको पोखरी हो। यो पोखरीको दक्षिणतिर ढुङ्गेधारा र पाटी छन्।

## ब्यासी पुखू (ब्यासी पोखरी)



भक्तपुर नगर प्रवेश गर्ने उत्तरतर्फको एक महत्त्वपूर्ण नाका तहां ब्यासीको प्रवेशद्वार भएर नगर भित्रिने क्रममा मूल बाटोसँगै रहेको पोखरी ब्यासी पुखू (ब्यासी पोखरी) हो। उत्तरदक्षिण लाम्चो परेको यो पोखरी नगर प्रवेश गर्ने सम्मुख मै परेको हुँदा नगरको शोभा बढाउने पोखरीका रूपमा चिनिन्छ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

## भक्तपुर नगरका पोखरीहरू

१. सिद्ध पोखरी, इनागः, वडा नं १
२. रानी पोखरी, मुपुज्वः, वडा नं १
३. तेखापोखरी, तेखाचो, वडा नं १
४. भाजु पोखरी, इनागः, वडा नं १
५. इनमा पोखरी, इनागः, वडा नं १ (लुप्त)
६. नःपोखरी, इटाछेँ, वडा नं. २
७. तधां ब्यासी पोखरी, तधां ब्यासी, वडा नं २
८. कालदह पोखरी, मेगः, वडा नं २
९. नार्काबाहारे, ब्यासी, वडा नं २ (लुप्त)
१०. ख्यः पोखरी, चिधां ब्यासी, वडा नं २ (लुप्त)
११. ब्यासी पोखरी, ब्यासी, वडा नं २
१२. अलिगचा पोखरी, चिधां ब्यासी, वडा नं. २ (लुप्त)
१३. ब्यासी बाहारे पोखरी, ब्यासी, वडा नं २ (लुप्त)
१४. ख्यः पोखरी, इन्द्रायणी पीठ, वडा नं २
१५. मचाफोंग पोखरी, इन्द्रायणी पीठ, वडा नं.२
१६. छुम्ह तं क्वने पोखरी, ब्यासी, वडा नं २
१७. दुमाजु पोखरी, लायकु, वडा नं. ३
१८. भण्डारखाल पोखरी, लायकु, वडा नं.३
१९. सुन्धारा पोखरी, लायकु, वडा नं. ३
२०. लयको पोखरी, लयको, वडा नं. ४
२१. मंगलकुण्ड पोखरी, नासमना, वडा नं. ४
२२. माकचो पोखरी, मंगलाछेँ, वडा नं.४
२३. तेखाचो पोखरी, देगमना, वडा नं.४
२४. ख्यः पोखरी, योसीं ख्यः, वडा नं. ४
२५. दुईंचा पोखरी, चुपिंघाट, वडा नं. ४
२६. गलसी पोखरी, गलसी, वडा नं. ५ (लुप्त)
२७. मार्कण्डेय पोखरी, तुलाछेँ, वडा नं. ५ (लुप्त)
२८. कुमारी पोखरी, कुमारी पीठ, वडा नं ५
२९. अँचा पोखरी, महाकाली पीठ, वडा नं. ६
३०. ख्यः पोखरी, महाकाली पीठ, वडा नं. ६ (लुप्त)
३१. भोलाछेँ पोखरी, भोलाछेँ, वडा नं. ६
३२. चोर्चा पोखरी, चोर्चा, वडा नं ६
३३. नाग पोखरी, थालाछेँ, वडा नं. ६
३४. खोहरे पोखरी, हनुमानघाट, वडा नं. ७ (लुप्त)
३५. खोर्चा पोखरी, भीमसेनस्थान, वडा नं. ७ (लुप्त)
३६. याता बाहारे पोखरी, याता, वडा नं. ७
३७. न्हाद पोखरी, याता, वडा नं. ७
३८. खँचा पोखरी, खँचा, वडा नं. ८
३९. जेलाँ पोखरी, जेलाँ, वडा नं. ८ (लुप्त)
४०. पुखुचा, जेलाँ, वडा नं. ८
४१. च्याम्हासिंह पोखरी, च्याम्हासिंह, वडा नं ८
४२. भुलाँ पोखरी, च्याम्हासिंह, वडा नं ९
४३. गरुडकुण्ड पोखरी, च्याम्हासिंह, वडा नं. ९
४४. लामगः पोखरी, कमलविनायक, वडा नं ९
४५. सँला गणेश पोखरी, तचपाल, वडा नं. ९
४६. तिलांचा कुण्ड पोखरी, सकोलान, वडा नं. ९(लुप्त)
४७. यातुबाहारे पोखरी, कमलविनायक, वडा नं. १०
४८. ग्वंग पोखरी, मूलढोका, वडा नं. १०
४९. बेखाल पोखरी, बेखाल, वडा नं. १०
५०. क्वाठण्डौ पोखरी, क्वाठण्डौ, वडा नं. १०

(**'भक्तपुर'** सङ्ख्या २८० बाट)

पोखरी वरपर पाटी सत्तल, विभिन्न देवदेवीका मूर्ति र नारायण मन्दिर पनि रहेका कारण धार्मिक सांस्कृतिक एवम् सामाजिक दृष्टिकोणले यो पोखरी महत्त्वपूर्ण छ । यो पोखरीले ब्यासी टोलको वातावरण स्वच्छ बनाउन सहयोग भइरहेको छ । यसको उत्तरदक्षिण लम्बाइ ९३ फिट र पूर्वपश्चिम चौडाइ ५९ फिट छ ।

*__तस्बिरः__ उपेन्द्र लामिछाने*

*नागरिक, २०८०।४।२७ र अन्य*


### भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सांस्कृतिक सम्पदा पदयात्राका केही झलक









सांस्कृतिक सम्पदा पदयात्राका केही झलक









## सांस्कृतिक सम्पदा पदयात्राका केही झलक









## सांस्कृतिक सम्पदा पदयात्राका केही झलक









# समाजवादी मोर्चा कि अवसरवादको अर्को रूप ?

विवेक

संसदीय व्यवस्थामा सरकारमा टिकिरहन पुँजीवादीहरू अनेक छलछाम, जालझेल र षड्यन्त्रहरू गर्ने गर्छन् । तिनीहरू कहिले पार्टी एकता, कहिले संयुक्त मोर्चा त कहिले पार्टी फूटका नाटक गरी जनतालाई भ्रममा राख्ने गर्छन् । जे गर्दा सरकारमा टिकिरहन सक्छन् तिनीहरू त्यही गर्छन् । अहिलेका शासक दलहरू जनतालाई भ्रममा पार्ने, आफ्नो सरकारको आयु लम्ब्याउने र सरकारमा पुग्नमै व्यस्त देखिए । ती दलहरूको हरेक क्रियाकलापको केन्द्रबिन्दु जसरी पनि सत्तामा पुग्ने र अकुत सम्पत्ति कमाउने देखिएको छ । जनताको सेवा त तिनीहरूको देखाउने दाँत मात्रै हो । त्यसको पछिल्लो उदाहरण हो, 'समाजवादी मोर्चा' को गठन ।




नेकपा माओवादी, एकीकृत समाजवादी, जसपा र विप्लव नेतृत्वको कम्युनिस्ट पार्टी मिलेर समाजवादी मोर्चा हालै गठन गरिएको छ । असार ४ गते गठन गरिएको मोर्चाले मोर्चाको अध्यक्षता ६/६ महिनामा पालैपालो गर्ने निर्णय गरेको छ । अहिलेको सन्दर्भमा कथित समाजवादी मोर्चाको औचित्य के हो र किन समाजवादी मोर्चा गठन गरियो भने नै बहसको विषय हो ।

नेपाली जनता अधिकांश समाजवादका पक्षपाती छन् । यसको प्रमाण सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचनमा 'कम्युनिस्ट' नामका दलहरूमा बढी मतदान हुनु हो । जनताले समाजवादप्रति आशा गरेर 'कम्युनिस्ट' पार्टीहरूलाई मतदान गर्ने गरेका छन् । **समाजवादको अर्थ उत्पादनका साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, रोजगारीको सुनिश्चितता हो ।** यो कसीमा घोटेर हेर्दा कथित समाजवादी मोर्चामा आबद्ध दलहरूमा कुनै पनि दल कम्युनिस्ट पार्टी होइन भने त्यो कसरी समाजवादी मोर्चा हुन्छ ?

माओवादीहरू माओवाद मान्छन्, एकीकृत समाजवादी (माधव नेपाल) एमालेको नेतृत्वमा रहँदा नै माओ त्सेतुङ विचारधारा त्यागेको पार्टी हो र उसले मार्क्सवाद र लेनिनवाद मात्रै मान्छ । विप्लव नेतृत्वको कम्युनिस्ट पार्टी संसद्‌वादविरुद्ध नयाँ क्रान्ति गर्ने भनी हिँडेको र जसपा घोर कम्युनिस्टविरोधी पार्टी हो । यी **वैचारिकरूपमा परस्परविरोधी पार्टीहरू**बीचको मोर्चाको उद्देश्य 'प्रचण्ड' नेतृत्वको वर्तमान सरकारको आयु लम्ब्याउनु र नेकालाई निरन्तर दबाबमा राखेर शासन गर्नुबाहेक अरू के हुनसक्छ ? त्यसैले समाजवादी मोर्चा जसरी पनि सत्तामा पुग्ने र त्यसमा टिकिरहने अवसरवादको अर्को रूपबाहेक केही होइन ।

संसदीय व्यवस्थामा ठूलो दलले सरकारको नेतृत्व गर्ने र दोस्रो ठूलो दल प्रमुख प्रतिपक्षमा रहने मान्यता छ । नेपालको राजनीतिक दलहरू न संसदीय मूल्य मान्यताअनुसार चल्न सकेका छन् न सिद्धान्त र विचारअनुसार नै । हरेक समय सरकारमा बस्नेबाहेक शासक दलहरू केही सोच्दैनन् । जनताको हितमा के काम गर्ने भन्ने सम्बन्धमा कुनै दललाई मतलब छैन । 'हाइ सरकार' मै शासक दलहरूले समय व्यतीत गरिरहेका छन् ।

दस वर्ष सशस्त्र सङ्घर्ष गरेर आएको माओवादी अध्यक्ष 'प्रचण्ड'को नेतृत्वमा सरकार छ । सरकार गठन भएको यति लामो समयसम्म सरकारले न कुनै एउटा राम्रो काम गर्न सक्यो न गर्ने सम्भावना नै छ । माओवादीले एमालेसँग मिलेर सरकार गठन गऱ्यो, नेकाको समर्थन पाएर सरकार टिकायो, विभिन्न दलहरूलाई सरकारमा सामेल गराउनै समय खेर फाल्यो र पछिल्लो चरणमा सरकारको मोर्चाबाहेक बाहिर अर्को मोर्चा बनाई पुनः सरकार अस्थिरताको बाटोमा अगाडि बढाउने कोसिस गर्दै छ । घटनाक्रमले नेपालका शासक दलहरू भारतको राजनैतिक गोटीचालमा नराम्ररी फस्दै छन् । माओवादीलाई उसले नेपालमा राजनैतिकरूपमा अस्थिर बनाउन मुख्य गोटीको रूपमा प्रयोग गर्दै छ । **समाजवादी मोर्चाको गठनमा भारतको हात नहोला कसरी भन्न सकिन्छ ?** 'प्रचण्ड' स्वयंले आफूलाई प्रधानमन्त्री बनाउन एक व्यवसायी प्रितम सिंहले धेरै मिहिनेत गरेको र पटकपटक दिल्ली धाएको

सार्वजनिकरूपमै स्वीकार गरिसकेका छन् ।

सशस्त्र सङ्घर्षबाट सत्ता हातमा लिने उद्देश्यले अघि बढेको माओवादी छोटो समयमै संसदीय पार्टीमा मात्र रूपान्तरण भएन बरु देशलाई कमजोर बनाई हरेक क्षेत्रमा भारत निर्भर बनाउन प्रमुख भूमिका खेल्ने पार्टी बन्यो । **नागरिकता विधेयक पारित गरेर होस् या एमसीसी अनुमोदन गरेर सरकारमा टिकिरहनको निम्ति जस्तोसुकै राष्ट्रघात गर्न पछि नपर्ने पार्टी बन्यो – माओवादी ।** 'प्रचण्ड'लाई लेण्डुप दोर्जेको नयाँ रूपमा नेपालीहरूले चिन्दै छन् ।

सरकारमा बसेर रमाइरहने माओवादी यथार्थमा ओरालो लाग्ने क्रम भने जारी छ । २०६४ सालमा एक्लै चुनाव लडेर प्रत्यक्षमा ५० प्रतिशत स्थान जित्ने माओवादी अहिलेसम्म आइपुग्दा देशभरमा एक्लै जित्ने कुनै क्षेत्र भेटाउन मुस्किल छ । कहिले एमालेसँग मिलेर त कहिले नेकासँग मिलेर गठबन्धनबाट चुनाव नलडेको भए माओवादीको अस्तित्व जोगाउन मुस्किल पर्नेछ । वास्तवमा यो पुँजीवादी निर्वाचनमा पैसा, बल, प्रशासनको दुरूपयोग गरी चुनाव जित्ने हुँदा निर्वाचित स्थानको हिसाबले मात्रै पार्टीको मूल्याङ्कन गर्नु सही नहोला । तर, माओवादी जनताबीच यति नाङ्गिसकेको छ, जुन सिंहदरबार र प्रदेश दरबारमा बसेर शासन गरिरहेका माओवादी नेताहरूले कल्पना गरेका छैनन् । बाहिरबाट जे देखिए पनि माओवादी अहिले अस्तित्वको लडाइँमा छ । समाजवादी मोर्चा उसको अस्तित्व जोगाउने अस्त्र बनाउने 'प्रचण्ड'को योजना प्रस्टै छ ।

सरकारको नेतृत्व गरिरहेको माओवादीको विभिन्न दलहरूसँगको चलखेलदेखि नेकाका नयाँ पुस्ताका नेताहरू रुष्ट छन् । उनीहरूले कुनै पनि बेला नेका र एमालेको सरकार गठन गर्न सक्ने सङ्केत दिइसकेका छन् । माओवादीलाई सरकारबाट हटाउन एमाले जोसुकैसँग मिलेर सरकार गठन गर्न तयार देखिन्छ । यसले फेरि पनि देशमा राजनीतिक अस्थिरता निम्तिने खतरा देखा पर्दै छ । यो कुनै पनि हिसाबले देश र जनताको हितमा हुनसक्दैन ।

संसद्को ठूलो दल भएर तेस्रो दललाई सरकारको नेतृत्व सुम्पिनु पर्दाको पीडा नेकासँग छँदै थियो । त्यसमा पनि नेकालाई दबाब दिएर सरकारमा लामो समय टिकिरहन विप्लवसँग मिलेर माओवादीले समाजवादी मोर्चा गठन गरेको बारे नेका सशङ्कित नहुने कुरै भएन । नेकाभित्र सरकारलाई लिएर बढ्दै गएको असन्तुष्टि, एमाले कुनै हालतमा सरकारभित्रका दलहरूको समीकरण तोड्न लागिपर्नु र माओवादी सरकारमै रहेर बाहिरका दलहरूसँगको नयाँ मोर्चा गठनले सरकारको आयुमाथि नै प्रश्नचिह्न खडा भएको छ । यस्तो अवस्थामा कुनै बेला सरकार विघटन भएर अर्को नयाँ सरकार बनेमा आश्चर्य मान्नु पर्नेछैन ।

विप्लव माओवादीले जनयुद्धलाई धोका दिएको भनी सशस्त्र सङ्घर्षमा लागेका हुन् । एमाले अध्यक्ष ओलीको समयमा शान्ति प्रक्रियामा आइसकेपछि सरकारमा जाने कोसिस गरे तर सकेनन् । गएको स्थानीय तहमा चुनावमा भाग लिने सम्बन्धमा पार्टीमा विवाद भएपछि धर्मेन्द्र बास्तोला अलग भयो । बास्तोलाको समूहलाई नेकपा बहुमतले चिनिन्छ । स्थानीय तहमा भाग लिएपछि पश्चिमका केही स्थानीय तहमा वडास्तरमा मात्रै जित हासिल गर्न सकेपछि माओवादीको साथ लिएर सरकारमा पुग्ने विप्लवले दाउ हेर्दै छन् भन्ने बुझ्न गाऱ्हो छैन ।

नागरिकतालाई सदावहार राजनीतिको विषय बनाएर अगाडि आएका जसपाका नेता उपेन्द्र यादवलाई सिके राउतद्वारा नेतृत्व गरिएको जनमतले चुनौती दिँदै छ । उनी गठबन्धनबाट नलडेका भए गएको उपनिर्वाचनमा जित्ने सम्भावना थिएन । उनी पनि समाजवादी मोर्चामा भएपछि समाजवादी मोर्चा के हो बुझ्न गाऱ्हो भएन ।

एकीकृत समाजवादी गठन गरेर औचित्य नै पुष्टि गर्न नसकेको अवस्थामा नेकासँग गठबन्धन गरेर चुनाव जित्ने र नेकाको विश्वास लिन एमालेको विरोध गर्नेबाहेक एकीकृत समाजवादीको अरू काम केही हुनसक्दैन । यो स्थिति लम्बिँदै गयो भने उनका धेरै नेता कार्यकर्ताले पार्टी छोड्नेछन् र अन्ततः बाध्य भएर माओवादीसँग पार्टी विलय गरेर माधव नेपाल र झलनाथले केही समयको लागि 'इज्जत' जोगाउनेछन् ।

विचार र सिद्धान्त नमिलेका मात्रै होइन सरकारमा बस्न र टिक्न विचार, सिद्धान्तविपरीत दलहरूबीच घाँटी जोड्ने र त्यसैको नाम समाजवादी मोर्चा राख्नु त 'जसको सिङ छैन उसको नाम तीखे' भनेझैँ भएन र ?

कतिले समाजवादी मोर्चालाई सकारात्मकरूपमा लिए पनि सरकारकै लागि मात्रै गठन गरिएको उक्त मोर्चा जनतालाई छलछाम गर्न मात्रै हो । मोर्चाबाट न जनताले कुनै आशा गर्ने ठाउँ छ न कुनै सम्भावना नै । 'प्रचण्ड'लाई नेकाले साढे २ वर्ष प्रधानमन्त्री बनाउने सहमति दिएको कारण 'प्रचण्ड'ले छोड्ने समय आएपछि लफडा गर्नको निम्ति माओवादीले आधार तयार गरेको अर्थमा लिनु अन्यथा हुनेछैन । जालझेल र छलछामको राजनीतिले केही व्यक्तिको स्वार्थ पूर्ति होला तर देश र जनतालाई त्यसले कुनै हित गर्नेछैन ।

(श्रमिक, २०८०।३।२४)

# गुन्हीपुन्ही र सापारु गाईजात्रा होइन

समिर

काठमाडौँ उपत्यका नेपालको राजनैतिक राजधानीका साथै सांस्कृतिक राजधानी पनि हो। काठमाडौँ उपत्यकाका आदिवासी जनजाति नेवार समुदायले वर्षैंभरि मनाउने विभिन्न जात्रा, पर्व, पूजाआजा, संस्कार र संस्कृति यहाँका सांस्कृतिक वैभवहरू हुन्। उपत्यकाको भौगोलिक बनावट तथा मलिलो माटोमा आधारित कृषि पेशासँग र हिन्दु तथा बौद्ध दर्शनसँग सम्बन्धित जात्रा पर्व तथा यससँग सम्बन्धित नाचगान, बाजागाजा र पूजाआजा यहाँका अमूर्त सम्पदाहरू हुन्। यसका साथै काठमाडौँ उपत्यकाभरि छरिएर रहेका मठ–मन्दिर, देवालय–शिवालय, बहा–वही, द्यःछैँ–आगम छैँ, पिठ, सत्तल, पाटी, ढुङ्गेधारा, इनार, पोखरी, कुवा, चोक, डबली, साँघुरा गल्ली र खुला सडक तथा निजी घरहरू यहाँका मूर्त सम्पदाहरू हुन्। यी मूर्त र अमूर्त सम्पदाहरूसँगसँगै नेवार समुदायमा जन्मदेखि मृत्युसम्म गरिने विभिन्न संस्कार, पूजा, पर्व र समारोहहरू पनि काठमाडौँ उपत्यकाको एउटा महत्त्वपूर्ण सांस्कृतिक विशेषता हो। संस्कारजन्य सांस्कृतिक गतिविधिलाई सामान्यतया आन्तरिक संस्कृतिको रूपमा लिइएतापनि धेरै संस्कारहरू सार्वजनिक रूपमा पनि मनाउने व्यवस्था भएको पाइन्छ। यी संस्कारहरूलाई सामान्यतया जीवन र मृत्युसँग सम्बन्धित संस्कारको रूपमा छुट्याउन सकिन्छ।

मचाबु ब्यंकेगु (न्वारन), मचा चिपं थिकेगु (पास्नी) नेदाँ पुन्ही (२ वर्षको जन्मदिन), पेदा पुन्ही (४ वर्षको जन्मदिन), इही (बेल विवाह), कयता पूजा (ब्रतबन्ध), बाह्रा तयगु (गुफा राख्ने), इहीपा (विवाह), जंको (भिमरथारोहण)लगायतका संस्कारहरू मानिस जीवित छँदै नेवार समुदायमा गरिने जीवनसँग सम्बन्धित संस्कारहरू हुन्। मानिसको मृत्युपश्चात गरिने सिथाय् यंकेगु (मलामी लाने), दाहसंस्कार, लोक्च (लोकाचार), ङानुमा वा न्हेनुमा (पाँच दिन वा सात दिनको संस्कार), दुबेंकेगु (चोख्याउने), पाखाजा तयगु (घरको पाखामा मृतकलाई खाना राख्ने), स्वनचा तयगु (भऱ्याङ राख्ने), स्वं मोल्होय्गु (शुद्ध पानीले चोख्याउने), ल्हा पानेगु/घसु (हात चोख्याउने/घर शुद्ध), १३ दिन/लत्या (१३ दिन वा ४५ दिनको श्राद्ध), सापारु (मृतकका नाउँमा गाई घुमाउने), जलदान (प्रत्येक दिन वा महिनामा शिवलिङ्गमा जलदान), खुला (६ महिनाको श्राद्ध), दाकिला (१ वर्षको श्राद्ध), न्येदा या तिथि (२ वर्षको श्राद्ध) तथा हानेम श्राद्ध, सोह श्राद्धलगायतका विभिन्न श्राद्धहरू मृतक प्रति देखाउने श्रद्धा र मृत्युसँग सम्बन्धित संस्कारहरू हुन्।



सापारुको दिन नगर परिक्रमा गराउन ल्याइएका ताहामचाहरू।
चित्र : इन्टरनेट

काठमाडौँ उपत्यकाका नेवारहरूको सांस्कृतिक चाडपर्वहरू सामान्यतया चन्द्र तिथिसँग सम्बन्धित हुन्छ भने केही विकल्पको रूपमा सौर्य तिथिसँग पनि सम्बन्धित जात्रा पर्वहरू रहेको पाइन्छ। गठामुग चह्रे (घण्टाकर्ण चतुर्दशी)बाट शुरु भई भलभल अष्टमीसम्म सञ्चालन हुने काठमाडौँ उपत्यकाका चाडपर्वहरू यहाँका स्थानीय नेवारहरूको परम्परागत पेशा कृषिसँग प्रत्यक्ष र परोक्ष रूपमा जोडिएको पाइन्छ। काठमाडौँ उपत्यकाको मुख्य बालीको रूपमा रहेको धान रोप्ने मौसम सकिएपछि नेवारहरूको जात्रा पर्वमध्येको पहिलो जात्रा गठामुग चह्रे शुरु हुन्छ। त्यससँगसँगै धानबाली कार्यको बीच बीचको फुर्सदको समयमा प्रत्येक १५/१५ दिनमा एउटा/एउटा चाडपर्व हुँदै भलभल अष्टमीसम्म वा धान रोप्नको लागि बिऊ राख्ने समय आरम्भ भएपछि जात्रा पर्व सम्पन्न हुन्छ। काठमाडौँ उपत्यकाका नेवारहरूले मनाउने मुख्य मुख्य चाडपर्वहरूमध्ये गठामुग चह्रे, नाग पञ्चमी, गुन्हीपुन्ही, सापारु, कृष्णाष्टमी, गुँलाधर्म, च्वथा, बौयागु ख्व स्वयेगु, पञ्जाराँ चह्रे, यन्यापुन्ही, सोह श्राद्ध, नला स्वाँनेगु, मोहनी, स्वन्ती, सकिमाङा पुन्ही, योमारी पुन्ही, छ्याला पुन्ही, घ्यो चाकु सङ्क्रान्ति, ङालाकेगु, श्रीपञ्चमी, शिवरात्री, होली पुन्ही, बिस्का जात्रा, माँ यागु

ख्व स्वयेगु, दिगुपूजा, सिठिनखा, बुंगद्यो/करुणामय जात्रा (रातो मछिन्द्रनाथको जात्रा ) भलभल अष्टमीलगायतका रहेका छन्। यी सबै जात्रा र पर्वहरू कृषि पेशाबाट फुर्सद मिल्ने समयमा मनाउने गरी व्यवस्था गरेको यसको अध्ययनबाट बुझिन्छ।

साथै यी जात्रा र पर्वहरूमा प्रयोग हुने सामग्री र परिकारहरू पनि अधिकांश कृषि उत्पादनसँग नै सम्बन्धित रहेको यसको अध्ययनले देखाउँछ। जस्तै गठामुग चह्रेमा प्रयोग हुने नर्कट, छ्वाली, पराल, गुन्हीपुन्हीमा प्रयोग हुने बाँस, लु (परालको एकसरो डोरी), कमलको पात र फूल/च्वथामा प्रयोग हुने अदुवाको बोट, विभिन्न गेडागुडी, बस्पती(आरुको बियाँ), बिमिरो, काँक्रो/पञ्जाराँ चह्रेमा प्रयोग हुने सारां (कर्कलोको अचार), नला स्वाँनेगु/मोहनीमा प्रयोग हुने जौ, मकै, गहुँ, उखु, अदुवा, ओखर/स्वन्तीमा प्रयोग हुने मखमली फूल, सयपत्री फूल, ओखर, केरा, अम्बा, बिमिरो, भोगटे, नास्पाती, हल्वावेटलगायत विभिन्न फलफूलहरू/ सकिमाङा पुन्हीमा प्रयोग हुने सकी (पिंडालु), चाकुही (सखरखण्ड), मकै, भटमास, गहुँ, बदाम, ताय्/योमारी पुन्हीमा प्रयोग हुने चामलको पिठो, चाकु, तील/घ्यो चाकु सङ्क्रान्तिमा प्रयोग हुने घ्यु, चाकु, तरुल, चम्सुर–पालुंगो, लसुन, कच (केराउको साग)/दिगुपूजामा प्रयोग हुने मूँ स्वाँ (बाबरी फूल)/सिठि नखामा प्रयोग हुने चामलको पिठो, केराउ, मुगी, मास आदि सबै कृषि उत्पादनसँग सम्बन्धित रहेको छ। भक्तपुरका किसानहरूले प्रत्येक वर्ष धान रोपाइँ सकिएपछि सिन्हाज्या ब्येंकेगु (रोपाइँ चोख्याउने) गर्दै आएको छ। सिन्हाज्या ब्येंकेगु गर्ने क्रममा यहाँका किसानहरूले जुठो वा सुतक परेको बेलामा जस्तै पूरै घर सफा गरी लिप्ने, भाँडाकुँडा र कपडाहरू चोख्याउने र सबै परिवारजनले नुहाईधुवाई गरी चोख्याउने गरिन्छ साथै उक्त दिन एक छाक भात समेत नखाई अन्य खानेकुरा खाएर चोख्याउने संस्कार पूर्ण रूपमा पालना गरिन्छ। यसरी यहाँका किसानहरूले कृषि पेशालाई विशेष महत्त्वकासाथ आफ्नो सांस्कृतिक गतिविधिसँग जोडेर अभ्यास गर्दै आएका छन्। यसर्थ, काठमाडौँ उपत्यकाका नेवारहरूले मनाउने सबै जात्रा पर्वहरू कृषि पेशा र उत्पादनसँग प्रत्यक्ष र परोक्ष रूपमा जोडिएको छ भन्न सकिन्छ।

काठमाडौँ उपत्यकाका तीन सहरहरू भक्तपुर, काठमाडौँ र पाटनमा एउटा/एउटा मुख्य जात्रा रहेको पाइन्छ। बिस्का जात्रा भक्तपुरको मुख्य जात्रा हो भने, काठमाडौँको यें या जात्रा (इन्द्रजात्रा) र पाटनको बुंगद्यो जात्रा (रातो मछिन्द्रनाथको जात्रा) मुख्य जात्राहरू हुन्। भक्तपुरको विभिन्न जात्रा र पर्वहरू मध्ये गुन्हीपुन्ही सापारु पर्व एउटा महत्त्वपूर्ण पर्वको रूपमा रहेको छ।



गुन्हीपुन्हीदेखि कृष्ण जन्माष्टमीसम्म सञ्चालन हुने गुन्हीपुन्ही सापारु पर्वमा प्रस्तुत गरिने परम्परागत सांस्कृतिक प्रस्तुतिहरूको लागि विश्व प्रसिद्ध रहेको छ। मुख्यतया यहाँका बाजा गाजा गीत, सङ्गीत, नृत्य र कला प्रस्तुतिको लागि गुन्हीपुन्ही सापारु प्रख्यात छ। गुन्हीपुन्हीदेखि शुरु हुने घिन्ताङ्घिसी कृष्णाष्टमीसम्म नै दैनिक जसो विभिन्न व्यङ्ग्यात्मक प्रस्तुतिसहित हास्यव्यङ्ग्य र प्रतिक सहित प्रदर्शन भइरहन्छ। सापारुका दिन बिहान सबेरैदेखि अघिल्लो गाईजात्रा पछि वर्षभरि मृत्यु भएका मृतक परिवारबाट विभिन्न स्वरूप र प्रकारमा गाईको प्रतिक बनाइ नगरको प्रदक्षिणा मार्ग परिक्रमा गराउने प्रचलन छ। सो क्रममा टोल टोलमा रहेका विभिन्न सांस्कृतिक समूहरूबाट घिन्ताङ्घिसी र वाद्यवादन, रामायण र भजन, माक प्याखँ र लाँ प्याखँ सहित गाईको प्रतिक सांस्कृतिक समूह प्रदक्षिणा मार्ग घुम्ने गरिन्छ। यसका साथै विभिन्न किसिमका व्यङ्ग्यात्मक ख्याल (एकाङ्की नाटक) र अन्य व्यङ्ग्यात्मक घिन्ताङ्घिसी समेत टोल टोलबाट व्यवस्था गरी नगर परिक्रमा गराउने गरिन्छ। गुन्हीपुन्ही सापारुदेखि कृष्णाष्टमीसम्म प्रदर्शन गरिने विभिन्न सांस्कृतिक

प्रदर्शनीहरूमध्ये भैल प्याखँ, देवी प्याखँ, माक प्याखँ, लाखे प्याखँ, कवांचा प्याखँ, म्हेखा प्याखँ, ख्या प्याखँ, जङ्गली प्याखँ, गाइँचा प्याखँ, हनुमान प्याखँ, सलां प्याखँ, लुसी प्याखँ, फाकंदली प्याखँ, गरुड प्याखँ, दैत्य प्याखँ, डा प्याखँ, किजापूजा प्याखँ, खिचा प्याखँ, भालु प्याखँ, कलाली प्याखँ, नागाचा प्याखँ आदि महत्त्वपूर्ण सांस्कृतिक प्रदर्शनीहरू हुन् । यी प्याखँहरूमा प्रयोग हुने विभिन्न बाजागाजा र वाद्यवादनका सामग्री गीत सङ्गीत यसको अर्को महत्त्वपूर्ण पक्ष हो । यी सांस्कृतिक प्रदर्शनीहरूले गुन्हीपुन्ही सापारुलाई भक्तपुरको महत्त्वपूर्ण पर्वको रूपमा मात्र स्थापित नगरी नगरको सांस्कृतिक वैभवतालाई समेत उजागर गरेको छ । विद्वान जगदीश सम्शेर राणाले भक्तपुरलाई नाचगानको राजधानी त्यसै भनेका थिएनन् ।



गुन्हीपुन्ही सापारुमा विभिन्न किसिमका सांस्कृतिक प्रदर्शनी र गतिविधि सञ्चालन हुने भएतापनि यसको महत्त्वपूर्ण पक्ष साँ चाहिकेगु (गाईको प्रतिक नगर परिक्रमा गर्ने) नै हो । अघिल्लो गुन्हीपुन्हीदेखि पछिल्लो गुन्हीपुन्हीसम्म मृत्यु भएका मृतक परिवारले आफ्नो गक्ष अनुसार गाईको प्रतिक बनाई नगर परिक्रमा गर्ने संस्कार सापारु हो । परम्परागत रूपमा साना साना केटाकेटी मृत्यु भएमा डोकोमा गाईको प्रतिक बनाई नगर परिक्रमा गराउने र ठूलो वयष्क पुरुष वा महिला मृत्यु भएमा ताहामचा (बाँसको गाईको प्रतिक) बनाई नगर परिक्रमा गर्ने प्रचलन रहेको पाइन्छ । डोकोको गाई बनाउँदा डोकोको माथिल्लो भागमा गाईको हस्तलिखित चित्र टाँस्ने र डोकोलाई केटा वा केटी छुट्टिने गरी कपडाले सिङ्गार्ने गरिन्छ । साथै आजभोलि मृतकको तस्बिर समेत उक्त गाईको प्रतिकमा टाँसेर नगर परिक्रमा गर्ने प्रचलन शुरु भएको छ । त्यस्तै वयष्क मृतक पुरुष वा महिलाको गाई बनाउँदा लगभग १५ फिटको ४ ओटा बाँसलाई परालको एकसरो बुनेको डोरी (लु) ले बाँधेर माथिपट्टि गाईको हस्तलिखित चित्र टाँसी बाँसको संरचनालाई मृतक पुरुष वा महिला छुट्याउने गरी कपडाले सिङ्गारेर ताहासाँ/ताहामचा तयार गरिन्छ । यसरी गाईको प्रतिक तयार गर्दा डोकोको गाई घुमाउँदा डोको भित्र टाउको घुसाई नगर परिक्रमा गरिन्छ भने ताहामचा नगर परिक्रमा गर्न बाँसको संरचनाको ३० इन्ची जति माथि बोक्न मिल्ने गरी ४ तिर नोल निकाली उक्त नोल चारजनाले बोकी गाईको प्रतिक ताहासाँ नगर परिक्रमा गरिन्छ । यसरी परम्परागत रूपमा गाईको प्रतिक ताहासाँ वा डोकचा साँ तयार पार्दा मुख्य रूपमा डोको, बाँस, पराल, कपडा, हस्तलिखित गाईको चित्र, कमलको पात, परालले बनेको गाईको सिङ्गलगायत अन्य श्रृंगार सामग्रीहरू प्रयोग भएको पाइन्छ । यसले सापारु संस्कार आधुनिक प्रविधि, सामग्री र उपकरण उपलब्ध हुनुभन्दा धेरै अगाडिदेखि नै प्रचलनमा रहेको पुष्टि गर्छ ।

गुन्हीपुन्ही सापारुको विषयमा मल्लकालीन विभिन्न कथाहरू नेवार समुदायमा हालसम्म पनि प्रचलित छ । तर गुन्हीपुन्हीको साँचा निर्माण विधि प्रकृया र सामग्रीहरूको अध्ययन गर्दा यो पर्व मल्लकालभन्दा धेरै अगाडिदेखि नै प्रचलनमा रहेको हुन सक्ने अनुमान गर्न सकिन्छ । जुन इतिहास र संस्कृतिका विद्यार्थीहरूका लागि अध्ययनको विषय समेत हो ।



परालको एकसरो बुनेको डोरी (लु)

काठमाडौँ उपत्यकाका नेवारहरूले ऐतिहासिक कालदेखि अवलम्बन गर्दै आएका मुख्य धार्मिक आस्थाहरू हिन्दु र बौद्ध नै हो । हिन्दु दर्शन अनुसार मानिस आत्मा र शरीरको संयुक्त स्वरूप हो । शरीर नाशवान र पञ्च तत्त्वले (जल, पृथ्वी, वायु, अग्नि, आकाश) बनेको हुन्छ भने आत्मा अमर हुन्छ । यही दर्शन अनुसार हिन्दुहरूले आफ्नो प्रिय परिवारजनको मृत्युपश्चात विभिन्न मृत्यु संस्कार सम्पन्न

गरेको हुन्छ। यसैमध्ये सापारु पनि मृत्युसँग जोडिएको एउटा संस्कार हो। जस अनुसार मृतकको मृत्युपछि उसको आत्मा यस पृथ्वीलोकमा नै डुलिरहेको हुन्छ। तर, सापारुको दिन मृत्युलोकबाट मृतकको आत्मा स्वर्गलोकमा जान बीचमा रहेको वैतरणी नदी तर्नुपर्ने हुन्छ। यही वैतरणी नदी तर्नको लागि सहायकको रूपमा गाईको प्रतिक डोकचा वा ताहासाँ बनाई नगर परिक्रमा गर्ने प्रचलन शुरु भएको मानिन्छ। यसरी गाईको प्रतिक नगर परिक्रमा गरायो भने मृतकको आत्माले उक्त गाईको पुच्छर समाती वैतरणी तरेर यस पृथ्वीलोकबाट स्वर्गलोक प्रस्थान हुने धार्मिक विश्वास रहेको पाइन्छ। यसर्थ, सापारु मृतकको आत्मा मुक्त गर्ने एउटा परम्परागत मृत्यु संस्कार भएको बुझ्न सकिन्छ।

सापारुका दिन मृतकका परिवारजनबाट बिहानैदेखि गाईको प्रतिक बनाउन आवश्यक सामग्री व्यवस्था गरी गाई निर्माण कार्य सम्पन्न गरिसकेपछि यसको संस्कार आरम्भ गरिन्छ। आफ्नो पारिवारिक पुरोहित बोलाई गाईको चित्र, दान गर्ने वस्तु र अन्य पूजा सामग्री व्यवस्था गरी संकल्प गरिन्छ। जसलाई संस्कृत भाषामा वृषोत्सर्ग भनिन्छ। सापारुमा मृतक परिवारबाट दही चिउराका साथ साथै भिजाएको सानो केराउ, नास्पाती र कांक्रो अनिवार्य रूपमा दान गरिन्छ भने आजभोलि विभिन्न मिठाइ, बिस्कुट, पेय पदार्थ, पानीलगायतका विभिन्न खाद्य र पेय सामग्रीहरू दान गर्ने गरिन्छ। बाहुनबाट दान गरिने र पूजा गरिने सामग्री संकल्प गराइसकेपछि जुन मृतकको गाई परिक्रमा गराउने हो उक्त मृतकको न्हेनुमा पकाउने (सात दिनमा दान गरिने परिकार पकाउने) छोरीबेटीबाट गाईलाई सगुन दिइ पूजा गरिन्छ। यसरी सगुन दिई पूजा गरी गाईलाई नगर परिक्रमाको लागि विदाई गर्दा घरका अन्य आइमाई परिवारजन रोएर गाईलाई बिदा गरिन्छ। यसरी प्रत्येक वर्ष गुन्हीपुन्हीको भोलिपल्ट मृतक घरपरिवारबाट मृतकको आत्मा वैतरणी तार्न गाईलाई नगरपरिक्रमा गराउने संस्कार भक्तपुरका नेवारहरूको मौलिक मृत्यु संस्कार हो। यो कुनै जात्रा होइन।

गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका विजयपश्चात काठमाडौँलाई नेपालको राजधानी र नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा स्थापित गरेको थियो। यसले काठमाडौँको मौलिक संस्कृति, स्थान, नामथरलगायतका विभिन्न क्षेत्रमा पनि भाषिक प्रभाव परेको देखिन्छ। यहाँका नेवारहरूको थरहरू हालसम्म पनि बोलिचालीमा एउटा र सरकारी कामकाजमा अर्को प्रयोग भइरहेको हामी सबैले महसुस गरेकै हो। त्यस्तै काठमाडौँ उपत्यका विभिन्न स्थानको नेवारी मौलिक



नामहरूलाई गैर नेवारी भाषाका नामहरूले विस्थापित गर्ने चलन शुरु भएको छ। त्यस्तै हाम्रा चाडपर्व, जात्रा, संस्कार र संस्कृतिको मौलिक नेवारी नामहरूलाई पनि विस्तारै नेपालीकरण भएको छ। बिस्का जात्रालाई बिस्केट जात्रा, मोहनीलाई दशैं, स्वन्तीलाई तिहार, गठामुग चऱ्हेलाई घण्टाकर्ण चतुर्दशी, यन्या पुन्हीलाई ईन्द्रजात्रा, बुंगद्यो जात्रालाई रातो मछिन्द्रनाथको जात्रा, घ्यो चाकु सङ्क्रान्तिलाई माघे सङ्क्रान्ति, चवठालाई गणेश चतुर्थीलगायत आदि हाम्रा सांस्कृतिक चाडपर्वहरूलाई नेपालीकरण गरेका केही उदाहरणहरू हुन्। त्यस्तै हाम्रा स्थानहरूको मौलिक नामहरू जस्तै यातु गणेद्यःलाई कमलविनायक, इनारे गणेद्यःलाई सूर्यविनायक, हाकुफो हितिलाई कालोपाटी, लांचा फल्चालाई भक्त्या पाटी, भुलांचालाई पल्पसा बस्ती, बंलाक्वेलाई सूर्यविनायक आदि नामाकरण पनि स्थानीय मौलिक ठाउँको नाउँलाई अमिल्दो नेपालीकरणका उदाहरणहरू हुन्। यसरी नै गुन्हीपुन्ही सापारुलाई पनि धेरै पहिलेदेखि अमिल्दो किसिमले गाईजात्रा भन्दै नेपालीकरण गरेको देखिन्छ। सामान्यतया जात्रा खुशियाली र देवीदेवताको पूजाआजासँग सम्बन्धित हुन्छ। मृत्यु संस्कारसँग जोडिएका विभिन्न विधि र प्रकृयालाई जात्रा भनिन्दैन तर सापारु गुन्हीपुन्हीमा प्रस्तुत गरिने विभिन्न सांस्कृतिक प्रदर्शनी र नाचगानलाई मात्र हेरेर यसको मूल संस्कारलाई नबुझिकन गाईजात्रा भन्दा यसको मौलिकताको अवमूल्यन भएको महसुस हुन्छ। सापारु गुन्हीपुन्ही मृतक परिवारबाट अनिवार्य गर्नुपर्ने एउटा मृत्यु संस्कार भएकोले यसलाई जात्रा भनिन्दा मृतक परिवारको भावनामा ठेस पुग्ने प्रति हामी सचेत हुनैपर्छ। यसर्थ गुन्हीपुन्ही सापारु कुनैपनि अर्थमा जात्रा होइन र हुन सक्दैन। त्यसैले आजैदेखि **गुन्हीपुन्ही सापारुलाई मृत्यु संस्कारको रूपमा सापारु नै भनौं गाईजात्रा नभनौं।** गुन्हीपुन्ही सापारु गाईजात्रा होइन र हुनैसक्दैन।

# फोहोरमैला व्यवस्थापनमा परम्परागत ज्ञान



सुनिता गाइसी

वातावरण सफा भए मात्र मानव जीवन पनि सरल रूपमा अगाढि बढद्छ। वातावरण प्रदूषण भएमा विभिन्न किसिमका रोग लाग्छ। मानव सभ्यताको परिचयको रूपमा सरसफाइलाई लिइन्छ। बढ्दो जनसङ्ख्या सँगै शहरी क्षेत्रमा फोहोरमैला व्यवस्थापनमा पनि विभिन्न समस्याहरू देखापरेका छन्। आजको जल्दोबल्दो विषयको रूपमा फोहोरमैला व्यवस्था रहेको छ। कुनै पनि ठाउँ वा त्यहाँ बस्ने मानिसहरूको आर्थिक, सामाजिक अवस्था वा जीवन शैली कस्तो छ भनी थाहा पाउने सूचकको रूपमा पनि त्यो क्षेत्रको वातावरण वा पर्यावरणीय अवस्थाले व्याख्या गरेको हुन्छ। मानिसहरूको सभ्यता, संस्कारलाई चिनाउने परिचायक पनि त्यहाँको वातावरणीय अवस्था नै हो। वातावरण सफा रहेमा मात्र मानिसहरू स्वस्थ भएर रहन सक्दछन्। स्वच्छ वातावरणले नै मानिसको आयु बढाउँछ। विभिन्न रोग तथा महामारीलाई रोक्छ। विश्वभरका देशहरूको एक ठूलो समस्या फोहोरमैला व्यवस्थापन बन्न पुगेको छ। ती सबै देशहरूले वर्षेनी अर्बौं रकम यसमै खर्च गर्ने गर्दछन्। नेपालमा पनि २०२० मा २७१ ओटा नगरपालिकामा भएको बेसलाइन सर्वेका अनुसार झन्डै ५४ प्रतिशत फोहोरहरू कुहिने प्रकारका रहेको तथ्य प्रकाशित भएको छ। त्यसमध्ये पनि ४८.६ प्रतिशत फोहोरहरू ल्यान्डफिल साइटमा आइपुग्ने गरेको छ। फोहोरमैलालाई कुहिने र नकुहिने गरी छुटाई अलग अलग रूपमा व्यवस्थापन गर्न सकेमा फोहोरमैला व्यवस्थापनमा सहज हुने कुरा विज्ञहरू बताउँछन्। विश्वमा यसले विकराल समस्या निम्त्याइसकेको छ जसले गर्दा विकसित मुलुकहरूले यस सम्बन्धी अध्ययन र अनुसन्धानका लागी विशेष पहल गर्दै आइरहेको छ। नेपालमा पनि यो समस्यालाई समाधान गर्न फोहोरमैला व्यवस्थापन ऐन २०६८ पारित भैसकेको छ। यसकालागि विभिन्न स्थानीय निकायहरूले विशेष पहल पनि गरिरहेका छन् तर बढदो जनसङ्ख्या र अव्यवस्थित बसाईसराइले गर्दा अपेक्षित रूपमा समाधानका उपायहरू लागु हुन नसकेको गुनासो पनि सुन्न सकिन्छ। कुहिने फोहोरलाई फोहोरमैला व्यवस्थापन गर्न विभिन्न पद्धतिहरू रहेका छन्। ती मध्ये पनि परम्परागत पद्धतिले सहजै रूपमा फोहोर मैला व्यवस्थापन गर्न सकिन्छ। पहिला पनि मानिसहरूले आफ्नो घरको फोहोरमैलालाई आफैले व्यवस्थापन गर्ने गरेका थिए जसले गर्दा वातावरण पनि सफा थियो मानिसको जीवन पनि सहज रूपमा अगाढि बढेको थियो। हाल बढ्दो जनसङ्ख्या सँगै फोहोरमैलाको प्रतिशत पनि बढ्दै गएको छ जसले गर्दा स्थानीय साथै केन्द्रीय तहमा बस्ने निकायहरूलाई यो विषय टाउको दुखाइको विषय बन्न पुगेको छ। नेपालमा मात्र नभई विश्वका धेरै देशहरूमा पनि परम्परागत रूपमा फोहोरमैलाको व्यवस्थापन गर्ने गरिन्छ। यस विषयमा विभिन्न अध्ययन अनुसन्धानहरू पनि भएका छन्। कतिपय अनुसन्धानकर्ताहरू त फोहोरलाई काम नलाग्ने वा फोहोर भन्नु हुँदैन यसलाई राम्रोसँग अध्ययन गर्ने हो भने काम नलाग्ने भनी फालिएको फोहोर भित्र पनि विभिन्न काम लाग्ने कुराहरू रहेका हुन्छन्। त्यसैले आफ्नो घर सफा राख्ने बहानामा हामी घरको फोहोरलाई जम्मा गरी सडक वा चोकमा फाल्छौँ । यसबाट हाम्रो घर त सफा रहन्छ केही समय, तर हामीले फालेको फोहोरले वातावरणमा नकारात्मक असर पर्न सक्ने कुराबारे पनि हामी सचेत हुनु जरुरी छ। टि.एल. अजिवादे (Ajibade) ले सन् २००७ मा नाइजेरियाका मानिसहरूले परम्परागत ज्ञानबाट फोहोरको व्यवस्थापन कसरी गरेका छन् भनी एक अध्ययन गर्नु भएको थियो जुन इन्डियन परम्परागत ज्ञान नामक जर्नलमा प्रकाशित भएको छ। उनका अनुसार नाइजेरिका मानिसहरूको लागि फोहोरमैलाको व्यवस्थापन गर्नु नयाँ कुरा थिएन। उनीहरू सँग फोहोर मैला व्यवस्थापन गर्न परम्परागत ज्ञान प्रयोग गरेका कुरा पनि अजिवादेले चर्चा गर्नुभएको छ। परम्परागत रूपमा फोहोरको व्यवस्थापन गर्न उनीहरूले पुनर्प्रयोग (reuse) र काम नलाग्ने वस्तुलाई अन्य नयाँ वस्तुको रूपमा पुनःचक्रण (recycle) गर्ने गर्दछन् जसले गर्दा फोहोरमैला व्यवस्थापनमा सहज भएको कुरा उनीहरू बताउँछन्। नाइजेरियाका मानिसहरूले यस सम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रम पनि गर्दछन्। उनीहरूको भनाइमा वास्तवमा फोहोरमैला भनेको साँच्चै फोहोर वा काम नलाग्ने वस्तु होइन यो त काम लाग्ने वस्तुहरू नै हो त्यसैले यसको प्रकृति अनुसार छुटाएर पुनःप्रयोग गर्नु पर्दछ भन्ने विश्वास गर्दछन्। यसै अनुसार आफ्नो घरको फोहोरमैला पनि आफैले व्यवस्थापन गर्ने गरेका छन्। यसको साथै त्यहाँको सरकारले पनि यससँग सम्बन्धित तालिम र सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको कुरा अनुसन्धानकर्ता अजिवादेले आफ्नो लेखमा उल्लेख गरेका छन्।

पहिला मानिसहरू धेरै कृषि पेशामा आवद्ध थिए। कृषिकार्यको लागि मलको आवश्यकता पर्दछ। यसको परिपूर्ति गर्न मानिसहरूले आफ्नो घरबाट निस्कने फोहोरहरूलाई कुहिने र नकुहिने गरी छुटाई कुहिने फोहोरलाई खाडल बनाई जम्मा गरी मलको लागि कुहाएर राख्ने गर्थे। यसले गर्दा खेतीपातीको लागि आवश्यक मल सजिलै प्राप्त हुन्थ्यो। नकुहिने फोहोरहरूलाई पनि छुटाई अन्य प्रयोजनको लागि प्रयोग गर्थे। यसले गर्दा फोहोरमैला व्यवस्थापन गर्न खासै समस्या थिएन। प्रायः जसो गाउँघरतिर फोहोरहरूलाई कुहाउनको लागि घर नजिकै बारीमा खाडलहरूमा गाईवस्तुको मलमुत्र, गोबर दिनहुँ थुपार्ने गर्दछन्।

यसले गर्दा पनि अन्य कुहिने फोहोरहरू छिटो गल्छ र मलको रूपमा परिणत हुने गर्दछ। यसको साथै गाउँका मानिसहरूले मल खाडल  निकै वैज्ञानिक तरिकाले बनाउने गरेको पाइन्छ, प्रशस्त जग्गा हुने हुनाले साथै भिरालो जमिन हुने हुनाले उनीहरूले मलको खाडल पनि २, ३ ओटा सँगसँगै बनाउने गरेको पाइन्छ। पहिलो खाडल भरिए पछि त्यसको मललाई दोस्रो खाडलमा हाल्ने गरिन्छ जुन प्रक्रियामा पहिलोबाट दोस्रोमा मल हाल्दा माथिको सुख्खा वस्तु तल पर्न जान्छ भने तलको पाकेको मल माथि पर्न जान्छ। यो प्रक्रिया २, ३ पल्ट गर्दा अन्तिम खाडल सम्म पुग्दा कुहिने फोहोर तथा गाईवस्तुको मल निकै राम्रो प्राङ्गारिक मलको रूपमा परिणत हुन पुग्दछ। यसरी तयार भएको मल सजिलै सँग खेत बारीमा प्रयोग गर्न सकिन्छ। विशेष गरी यसरी मल तयार गर्ने प्रक्रिया वर्षायाम सुरु भए पछि अलि बढी गरिन्छ।  वर्षायाममा पानी परिरहने हुनाले छिट्टै मल जन्य कुरा गल्ने र कुहिने गर्दछ। कतिपय किसानहरू त आफूलाई आवश्यक पर्ने मल यही समयमा तयार पारी सुख्खा बनाई राख्ने गर्दछन् र पछि आवश्यक परेको बेलामा प्रयोग गर्ने गर्दछन्। यसले अन्नपात पनि प्रशस्त फल्दछ। यस्तो मलले माटोलाई मलिलो बनाउँदछ। रोग कीराहरूबाट बालीलाई बचाउने गर्दछ। हाल पनि हामीले हाम्रो परम्परागत विधिको थोरै प्रयोग गर्ने हो भने विस्तारै फोहोरमैलाको व्यवस्था हुँदै जान्छ।  मानिसहरू आधुनिकताको नाममा विदेशी संस्कृतिलाई आत्मसात गर्दै गर्दा हाम्रो परम्परागत ज्ञान, सीप, दक्षता हराउँदै गइरहेको छ। फोहोरलाई व्यवस्थापन गर्ने हाम्रो परम्परागत विधि निकै वैज्ञानिक, भरपर्दो र दीर्घकालीन रूपमा यसको प्रयोग गरे वातावरण प्रदूषण, जलवायु प्रदूषण, माटो प्रदूषण इत्यादिबाट बच्न सकिन्छ। यस्तै गरेर  इसेटे र तिगु (Eshete & Tigu) ले इथियोपिया गेलेम्सोको अध्ययन गरेका थिए। उनीहरूका अनुसार फोहोरमैलाको व्यवस्थापन नहुनुको मुख्यकारण अव्यवस्थित रूपमा शहरी र अर्ध शहरी क्षेत्र फोहोरहरू फाल्नु भनी उल्लेख गरेका छन्।  यस अध्ययनले घरबाट निस्कने फोहोरबारे ज्ञान र यसको महत्त्व र फाइदाका कुराहरू आफ्नो समुदायसँग जोडिएको ज्ञान, विवेक, अभ्याससँग सम्बन्धित गरी यसको प्रयोगबारे अध्ययन गरेको छ। यस माफर्त सहजै फोहोरमैलाको व्यवस्थापन गर्न सकिने कुराबारे पनि अनुसन्धानकर्ताले उल्लेख गरेका छन्। उनका अनुसार सबै घरपरिवारले घरबाट निस्कने फोहोरमैलालाई सकारात्मक रूपमा हेर्नु पर्ने तथ्य बताउँछन्। तर अध्ययनको क्रममा इसेटे र तिगुले त्यहाका मानिसहरू फोहोरमैलाको व्यवस्थापनमा त्यति सकारात्मक नभएको पाए। तर उनीहरूले यसबाट हुन सक्ने हानिबारे आफूलाई थाहा भएको र यसमा सहमत पनि रहेको कुरा ८० प्रतिशतले बताएका छन्। धेरै मानिसहरूले आफ्नो घरबाट निस्कने फोहोरलाई घरसँगै बाटोमा अव्यवस्थित रूपमा फाल्ने गरेको पनि पाइयो। अनुसन्धानको क्रममा उनीहरू अब यसबारे सचेत रहने कुरा इसेटे र तिगुलाई  बताए।

'नानीदेखि लागेको बानी ठूलो हुँदा पनि त्यस्तै हुन्छ' भने जस्तै अझै पनि मानिसहरू फोहोरमैला व्यवस्थापन गर्ने जिम्मा सरकारको हो भनी जथाभावी फोहोरमैला फाल्ने गरेका छन्। शहरी क्षेत्रका सडकपेटी राती राती लगेर फोहोर थुपार्नेको कमि छैन अझै पनि। कतिपय स्थानीय निकायहरूले फोहोरमैला व्यवस्थापनमा सफलता पाएको छ ती निकायमा भक्तपुर नगरपालिका पनि पर्दछ। यो नगरपालिकाले कुहिने र नकुहिने फोहोरलाई अलग अलग रूपमा सङ्कलन गरी कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाई बेच्दै आएको छ। भक्तपुर नगरपालिकाले फोहोरलाई मोहरको रूपमा परिणत गरी अनावश्यक भनेर फालिएको वस्तुको पुनः प्रयोग गर्दै आएको छ। यसले आर्थिक आम्दानी पनि भैरहेको छ भने वातावरण पनि सफा बनेको छ। नगरवासीहरूलाई पनि कुहिने र नकुहिने फोहोर जम्मा गर्न बाल्टीनको पनि व्यवस्था गरेको छ। सार्वजनिक स्थलमा पनि हरियो र रातो २ किसिमको कुहिने र नकुहिने फोहोर राख्न बिनको व्यवस्था गरेको छ। यसले वातावरणमा सकारात्मक प्रभाव पार्दै आएको छ। विभिन्न किसिमको जनचेतनामूलक सूचनाहरू पनि प्रकाशन गरेको छ। हालको काठमाडौँको चर्चा गर्दा बालेन्द्र शाह मेयर भएपछि काठमाडौँको स्वरूपमा पनि परिवर्तन देखिएको छ। सडकपेटी सुन्दर र मनमोहक हुन पुगेका छन्। तर दीर्घकालीन रूपमा फोहोरमैलाको व्यवस्थापन भने हुन सकिरहेको छैन तर प्रयास भने जारी छ। फोहोरमैलालाई व्यवस्थापन गर्न स्थानीय मानिसहरू नै सचेत र सजक हुनु जरुरी छ। हाम्रो पुर्खाले प्रयोग गरेका फोहोरमैला व्यवस्थापन सम्बन्धी परम्परागत ज्ञानलाई फेरि हामीले अभ्यास गर्नु जरुरी छ। घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी अलग गरिराख्ने गर्नु पर्दछ। कुहिने फोहोरलाई कुहाएर मलको रूपमा प्रयोग गर्न सकिन्छ। हाल शहरी क्षेत्रमा कौसी खेती निकै फस्टाएको छ। मानिसहरू आफ्नो बचेको समयमा आफ्नै कौसीमा केही तरकारी रोपी दैनिक रूपमा हुने खर्चलाई कम गर्ने प्रयास गर्दै आएका छन्। विभिन्न स्थानीय निकायले कौसी खेती सम्बन्धी तालिम पनि दिँदै आएको छ। यसबाट धेरै गृहणीले फाइदा पनि लिएका छन्। कौसी खेतीको लागि आवश्यक पर्ने मल आफैले कुहिने फोहोरहरूबाट तयार गरेमा विभिन्न रासायनिक मल किन्ने खर्च पनि बच्ने र वातावरण पनि सफा हुने थियो। यस विषयमा विशेष अध्ययन अनुसन्धान हुन जरुरी छ। पहिला काठमाडौँ उपत्यकाका किसानहरूले आफ्नो घरमा नै कुहिने फोहोरहरूलाई जम्मा गरी खेतीको लागी प्रयोग गर्थे।  दैनिक रूपमा घरबाट निस्कने कुहिने फोहोरलाई जम्मा गरी भुस वा खरानीले छोपी राख्थे र पछि खेतमा लगी मलको रूपमा प्रयोग गर्थे। यसरी फोहोर जम्मा गर्ने ठाउँलाई स्थानीय भाषामा सःगः भनिन्थ्यो। परम्परागत ज्ञानलाई हालको परिस्थितिमा उपयोग गरेमा आजको विकराल समस्या फोहोरमैलाको सहजै व्यवस्थापन हुन सक्दछ। हाम्रो परम्परा, संस्कारलाई आधुनिकताको पछि लागेर छोड्नु हुँदैन। फोहोरमैला व्यवस्थापनमा परम्परागत ज्ञानको प्रयोगले खर्च कम हुन्छ भने वातावरण पनि सफा र स्वच्छ हुँदैजान्छ।

(उपप्राध्यापक, ख्वप कलेज)

# टौमढी टोल र पुवहालको ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्त्व



ओम धौभडेल

भक्तपुर शहरको मध्य भागमा अवस्थित टौमढी टोललाई भक्तपुरकै सबभन्दा महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक,सांस्कृतिक मूल्य मान्यताले भरिएको एक महत्त्वपूर्ण ठाउँ बस्तीको रूपमा लिन सकिन्छ। विश्व प्रसिद्ध ङातापोल मन्दिर, भैरवनाथ मन्दिर, तीलमाधव नारायण चोक, जंगम मठ, पुवहाल, दथु वहाललगायत असङ्ख्य सांस्कृतिक सम्पदाहरूले भरिएको टौमढी टोलको प्राचीनतालाई खोतल्ने हो भने अझ यसको महत्त्व सुनमाथि सुगन्ध भएको पाउँछौं।



यो ठाउँ कुनै समय नगरको बाहिरी सीमा रहेको ज्ञात हुन आउँछ। टौमढी अलि होचो परेको हुनाले त्यसभन्दा माथिल्लो भेगबाट बगेर आउने पानीको निकासको रूपमा कुनै समय यहाँ एउटा सानो कुलो बग्दथ्यो जसलाई **तीलम** भनिन्थ्यो। जुन आजकलको भैरवनाथ मन्दिर अगाडि भएर चलाखुतर्फ बग्दथ्यो। चलाखु शब्दले पनि यो ठाउँ पानीसित सम्बन्धित भएको सङ्केत गर्छ। चलाखुसित आएको लखुले खोला वा कुलो बुझाउँछ। वि.सं. १९९० सालको भूकम्पमा भैरवनाथ मन्दिर भत्केपछि पुनः बनाउन जग खन्दा त्यहाँ पानीको ठूलो मात्रा मिलेको माटो अर्थात हिलो माटो रहेको बुढापाकाहरू सुनाउने गर्दछन्। यो ठाउँबाट पानी बग्ने भएर यस ठाउँमा पहिले मसान समेत रहेको आकलन गरिन्छ। यसको केही प्रमाण हाल पनि भैरव मन्दिर बाहिर टाँगिएको मशान भैरवको चित्रले दिन्छ। पछि शैव तथा बैष्णव देवदेवीहरू स्थापना गरी पवित्र बनाउने काम भएको देखिन्छ। जस्तो उदाहरणको लागि ने.सं. ८८ मा यहाँ ललित महेश्वर भैरवको लागि ताम्र कलश दान गरेको अभिलेखले तथा ने. सं. १२५ मा निभर्यदेवको समयमा शिव मन्दिर बनाउन आम्दानी बाँधेको अर्को अभिलेखले टौमढी टोलको प्राचीनता झल्काउँछ। थालमा, सुलमा र कुलुमाले घेरिएको यो क्षेत्रलाई शिवग्वल क्षेत्र समेत भनिँदो रहेछ। पछि आनन्द देवको समयमा प्राचीन वास्तुशास्त्र अनुसार यहाँ मध्य भागमा भैरवनाथ स्थापना गरी **श्रीयन्त्राकार शहर** बसाल्ने कार्य भयो। यसरी प्राचीन समयदेखि नगरको बाहिरी सिमाना तथा मसानको रूपमा रहेको टौमढीलाई नगरकै मध्य भाग बनाउने प्रयास लिच्छवि राजा **आनन्द देव** (ने.सं. २६७–२८७) बाट भयो। गोपालराज वंशावलीमा त्यही आनन्ददेवले तीलमाधव नारायण चोकमा मन्दिर जीर्णोद्धार गरेका अभिलेख त्यहाँस्थित गरुडस्तम्भबाट थाहा पाउन सकिन्छ।

भक्तपुर शहर स्थापना गर्ने लिच्छवि राजा आनन्द देवले यो शहरलाई समस्त नेपाल मण्डलकै राजधानीको रूपमा प्रतिस्थापित गर्दा २४ टोलहरूमा विभाजित गर्दाको एक प्रमुख टोलको रूपमा तलमण्डे या टौमढीलाई लिन सकिन्छ। टौमढी क्षेत्रलाई गोपालराज वंशावलीमा तलमण्डे भनी ठाउँ ठाउँमा उल्लेख गरेको देखिन्छ। ने.सं.४३६ मा गोपालराज वंशावलीमा यस क्षेत्रको देवतामा पसिना आएको कुरा उल्लेख भएको छ। यहाँ रहेका अन्य प्राचीन सम्पदाहरूमा नवगृह समेतको मूर्ति फलक रहेका ढुङ्गेधारा त्यस धाराको दक्षिणतर्फ अवस्थित विशाल शिवलिङ्ग त्यसको छेउको यक्ष मल्लकालीन ने.सं. ५६१ को शिलापत्रलगायत त्यही ढुङ्गेधाराको पश्चिम तर्फको एक्लो लिच्छविकालीन चैत्य आदिले यो क्षेत्रको प्राचीनता झल्किन्छ।

त्यसबाहेक यही टौमढी टोल समिप जयरुद्र मल्लकी माता पदुमल देवीको समयमा **जंगममठ** स्थापना हुनु तथा जयस्थिति मल्लले **नरसिंह मन्दिर** निर्माण गर्नु तथा यक्ष मल्लले ग:हिति टोलमा **लक्ष्मीनारायणको मूर्ति** स्थापना गर्नुबाट यो क्षेत्रको प्राचीनतामा अझ बढी टेवा दिएको आभाष हुन्छ। विश्व मल्लले ने.सं. ६६७ मा एकतले **भैरवको मन्दिर** बनाएपछि यो ठाउँको महत्त्व अझ माथि पुगेकोमा जगत प्रकाश मल्लले **तीनतले भव्य मन्दिर** बनाउन लगाए। यता जगत प्रकाश मल्लले यहाँ **पुवहाल, दथुवहाल, इच्छुवहाल** जस्ता विभिन्न वहालहरू बनाउन लगाए। भुपतिन्द्र मल्लले ने.सं. ८२२ मा विश्वप्रसिद्ध **ङातापोल मन्दिर** बनाउन लगाए पछि टौमढी भक्तपुरको लायकु पछि दोश्रो महत्त्वपूर्ण ठाउँ बन्न पुग्यो।

यहाँ त्रिकुण्ड गणेश मध्ये चलाखु गणेश तील माधव नारायण चोकभन्दा पूर्वतर्फको एउटा चोकमा स्थापित छ भने चार नारायण मध्ये तिलमाधव नारायण यद्यपि छ। नारायण चोकभित्र वाणेश्वर महादेव, धनवाराही कुमार, लगायतका थुप्रै देवदेवी स्थापना गरिएको छ। त्यस्तै दश महाविद्यामध्ये छिन्नमस्ता

र भुवनेश्वरी यही स्थापना गरेको छ। त्यस बाहेक यहाँ महाविद्या मध्ये चण्डीका र भुवनेश्वरी स्थापना गरेको छ। त्यस्तै ङातापोल मन्दिरको नैऋत्य कोणमा जोर गणेश छ। यता बन्दी विनायक गणेश, जगनाथ मन्दिर, क्रोध भैरव, मसान भैरव, ऐसाम्ढीले टौमढीलाई महत्त्वपूर्ण सांस्कृतिक सम्पदायुक्त थलो बनाएको छ। त्यस्तै टौमढीको बीचमा रहेको तन्हाँ दबु, चुकंध दबु, वेता दबु, लुँहिति आदिले झनै शोभायमान बनाएको छ। यो ठाउँबाट सात ओटा विभिन्न ठाउँ जाने ठाउँहरूमध्ये क्वाँछेतिर जाने बाटो, गःहितितिर जाने बाटो स्वाँमला जाने बाटो, बहलाँ जाने बाटो, चलाखु जाने बाटो, चतुवर्ण विहार जाने बाटो, नारायण चोक जाने बाटो मध्य भागमा परेका टौमढी भित्र यसरी असङ्ख्य सांस्कृतिक सम्पदाहरू मात्र छैन, वर्षभरि जस्तो चल्ने जात्राहरूमा भैरव भद्रकालीको अधिकांश जात्रा यसै ठाउँबाट सुरु भएको हुन्छ। विस्का जात्रा होस् वा भाद्रशुक्ल प्रतिपदाको दिन घुमाउने परालको साँचा होस् वा पुलुकिसी, मसान भैरव, वांलद भैरव, कृष्णजात्रा जस्ता धेरै जात्रा पर्वहरूको शुरुवात यही टौमढी टोलबाट भएको पाइन्छ। यही टौमढी टोलमा विश्व प्रसिद्ध ङातापोल मन्दिर र भैरवनाथको सम्मुख एउटा अति नै भव्य कलाकृति एवम् वास्तुले भरिएको पूर्वाभिमुख परम्परागत शैलीले बनेको भवन नै पुवहाल हो। पुवहालाई कतै पुलवहाल, कतै पुवहा, कतै पुवाहा, कतै पुरवाहा वा पुवह आदि विभिन्न नामले पुकारेको देखिन्छ । यो वहाल विश्वप्रसिद्ध ङातापोल मन्दिर बनाउनुभन्दा अगाडि नै तर भैरवनाथ मन्दिर बनिसकेपछि अर्थात् जगतप्रकाश मल्लको पालामा बनेको देखिन्छ। यसबेला यो ठाउँमा **ङातापुलु** (?) भन्ने एउटा वास्तु रहेको थियो। त्यही ङातापुलुको पछिल्लो पुलुलाई महत्त्व दिएर त्यस ठाउँ नजिक बनेको यो वहाल (घर) को नामाकरण नै पुलु वहाल हुन पुगेको देखिन्छ। पछि उनकै नाति राजा भूपतिन्द्र मल्लले सोही ङातापुलु (?) लाई आधार बनाएर सोही स्थानमा विश्व प्रसिद्ध ङातापोल मन्दिर बनाउन लगाएकोलाई यहाँ स्मरण गर्नु उचित हुनेछ। यसमध्ये राजा जगतप्रकाश मल्लको समयमा नै पुलवहाल रहेको तथ्य त्यसबेला राजकुमार अर्थात जगतप्रकाशका कान्छा छोरा उग्र मल्लको विवाहमा लेखिएको धरपौबाट थाहा पाउन सकिन्छ। ने.सं. ७९३ भाद्रपद शुदी ९ को दिन उग्रमल्लको विवाह हुँदा भक्तपुरको यही ठाउँ ठाउँमा नाच ल्याई देखाउँदा राजा पुलवहालमा बसी हेरेको थाहा हुन्छ। जसलाई यसरी उल्लेख गरेको छ– *'फं १० माताके ॥ के फं १०० दूजल नके ॥ वि फं १२३ कु १ भोजयात ॥ चेकन फं २६ प्र २ कुथ थाने ॥ पुलबाहाल राजा ॥ इरिन इच्छुबाहार ॥ कुम्हर मेमाया छेसतव ॥'*

त्यस्तै राजा जितामित्र मल्लले नेपाल संवत् ८०९ मा यही पुवहालको उल्लेख यसरी गरेको छ– *'श्री ३ महागणेशाय नमः ॥ सवंत् ८०९ श्रावण शुदि पादु आदित्यवार कुन्हु दिन व बन्हि श्री २ सुमति जय जितामित्र मल्लन पुरबाहार बलि वियकाया ॥'*

त्यसो त यिनै जितामित्र मल्लले यसअघि नै यही पुरवहाल सँगैको दथुवहा पनि कब्जा गरेको अर्को एउटा घटना भक्तपुरका मल्ल राजाहरूसित सम्बन्ध राख्ने धरपौमा यसरी टिपिएको छ– *'श्री २ जयजितामित्र मल्ल दथुबाहार तेरा ॥ वली वियाया धरत। ... दिन सम्वत ७९७ भाद्रपद शुद्धि १ थव कुन्हु याङा जुरो।'* त्यस्तै उनकै छोरा राजा भुपतिन्द्र मल्लको पालामा समेत यो पुलबहालको उल्लेख भएको पाइन्छ। ने.सं. ८२२ मा ५ तले मन्दिर बनाउदाँ राजा भुपतिन्द्र मल्ल यही पुलवहालको सँझ्यामा बसी ५ तलेको आवश्यक बनाउन १५० मोट खर्च दिएको अर्को एउटा धरपौमा उल्लेख छ। यसबाट यो बहाल मल्ल राजाहरू रहन नै बनाएको हो भन्ने स्पष्ट हुन्छ। *'संवत् ८२२ फागुण शुदि १० अतं मचायाव म्होयपनिस्तं ताङा वियता मो १५० पुलबाहालया झ्यालसं प्रसंन जुल ॥'*

त्यस बाहेक यो वहालको वास्तु शैली, कलात्मक सँझ्या, विमानझ्या, ढोका, भन्याङ्ग, घर भित्रको चोक, आदिले पनि वहालको विशेषताको सङ्केत गर्छ। पूर्व पश्चिम दुईनाले उत्तर दक्षिण दुईनाले यो आयताकार वहालको एउटा कुनामा विस्का जात्रा ताका योसिं ख्यः मा योसींद्यः उभ्याइसके पछि पोडेहरूले एउटा राँगो काटी त्यसको टाउको बाजा बजाउँदै यहाँ ल्याई राख्ने गर्दछ। त्यसअघि योसीं द्यः उठाउनलाई यही पुल वहाल मुनीबाट **भाजंखचा** योसीं ख्यःमा लानुपर्दछ। यस सम्बन्धमा एउटा किम्वदन्ती पनि रहेको छ। यसबाट पनि यो ठाउँमा लिच्छविकालमै कुनै महत्त्वपूर्ण दरबार भएको अनुमान गर्न सकिन्छ। पहिले देखि दरबारको रूपमा रहेको यो ठाउँमा पछिल्ला मल्ल राजाहरूले वहाल बनाएको हुन सक्छ।

यता पृथ्वी नारायण शाहले काठमाडौँ उपत्यका विजय गरिसकेपछि यो वहाल पुरोहित ब्राम्हणहरूलाई दिएको अनुमान छ। यही वहाल पछि ब्राम्हणहरूबाट धौभडेलहरूको आफ्नो बनाएको हो। धौभडेलहरूको पुर्खा हर्ष नारायण धौभडेलले वि.सं. १९२२ तिर यो वहाल खरिद गरेको देखिन्छ। यस अर्थमा यहाँ धौभडेलहरूको आगमन भएको १५० वर्ष भन्दा बढी भइसकेको छ। हर्ष नारायण धौभडेलको जन्म भक्तपुर गालहितीमा भएको र उनका बुबा रामकृष्णमणि र दाजु जुजुमणि , भाइहरू साहेवसिंह, रुद्रवीर, कालीदासहरू गालहितीमै बसोबास गरिरहेको अवस्थामा आफू पुवहालमा बस्ने भएपछि आफ्नो जीवनकालमा सगौरव पुवहालको नाम उल्लेख गरेको छ। *'स्वस्ति श्री सम्वत् १९४३ साल मिति फागुण बदि ६ रोज १ मा श्री आकाश भैरव प्रितिन गरि पहिला र पछि गालहिती र पुबहाल बस्ने हर्ष नारायण धौभादी पत्नी हेरा थकुं सहितले धार्नी ३३८ तीनसय अठतीस धार्नीका सिंह २ लक्ष्याहुति यज्ञ गरी प्रिति गरिकन राख्या। शुभम् ॥'*

**सन्दर्भ सामग्री**


१) अभिलेख, वर्ष १४
२) पूर्णिमा अङ्क १३
३) सिद्धाग्नी कोट्याहुति देवल प्रतिष्ठा
४) हजार वर्ष अगाडिको कथा
५) धौभडेल वंशावली
६) मल्लकालीन भक्तपुर दरबारका भारदारहरू
७) गोपालराज वंशावली
८) भक्तपुर शिलालेख सूची
९) पूर्णिमा, वर्ष ४ अङ्क ४
१०) तस्बिर, सौजन्यः निल्स गुस्चो

# भक्तपुर पर्यटकीय गन्तव्यस्थल बन्दै



कृतिका

भक्तपुरमा विदेशी पर्यटक घुम्न आउनेको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ। यसले गर्दा भक्तपुर नगरमा पर्यटकहरूको चहलपहल दिन प्रतिदिन बढ्दै छ।

आर्थिक वर्ष २०७९/८० मा १ लाख ६७ हजार ६५२ जना विदेशी पर्यटकहरूले भक्तपुर अवलोकन गरेका छन्। त्यसमध्ये ८६ हजार ३ सय ३४ जना (गैरसार्क) र ८१ हजार ३ सय १८ जना (सार्क राष्ट्र र चीनका पर्यटकहरू) रहेका छन्। सोही आर्थिक वर्षमा पर्यटन शुल्कबाट १८ करोड ४० लाखभन्दा बढी रूपैयाँ सङ्कलन भएको छ। यसमा गैरसार्क पर्यटकबाट १४ करोड ३४ लाखभन्दा बढी र सार्क राष्ट्र र चीनका पर्यटकबाट ४ करोड ६ लाख पर्यटन शुल्क उठेको छ।

आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्क हेर्ने हो भने एक वर्षको अवधिमा जम्मा ५३ हजार ५६० जना पर्यटकहरूले भक्तपुर अवलोकन गरेका थिए। यसमा आ.व. २०७८/७९ मा गैरसार्क २२ हजार ८७ जना र सार्क राष्ट्र र चीनका ३१ हजार ४७३ जना पर्यटकहरूले भक्तपुर अवलोकन गरेको तथ्याङ्क छ। आ.व. २०७८/७९ मा ४ करोड ८९ लाखभन्दा बढी पर्यटन शुल्क उठेको थियो। यसमा गैरसार्क पर्यटकबाट ३ करोड २७ लाखभन्दा बढी र सार्क राष्ट्र र चीनका पर्यटकबाट १ करोड ५७ लाख ३६ हजार ५०० रुपैयाँ पर्यटन शुल्क उठेको थियो।

आ.व. २०७८/७९ को तुलनामा यस आ.व. २०७९/८० मा १ लाख १४ हजार ९२ जना पर्यटकहरूको सङ्ख्या वृद्धि भएको हो। जसअन्तर्गत गैरसार्कमा ६४ हजार २४७ जना र सार्क र चीनका ४९ हजार ८४५ जना पर्यटकहरू रहेका छन्। त्यस्तै आ.व. २०७८/७९ को तुलनामा यस आ.व. २०७९/८० मा रु. १३ करोड ३१ लाख ३६ हजार ४ सयले पर्यटन शुल्कबाट नपाको आय वृद्धि भएको हो।

भक्तपुर नपाको पर्यटन सूचना तथा सेवा केन्द्रको तथ्याङ्कअनुसार आ.व. २०७९/८० मा अमेरिका, अर्जेन्टिना,



**BHAKTAPUR MUNICIPALITY**
**TOURIST INFORMATION AND SERVICE CENTRE**
**ANNUAL PROGRESS REPORT OF 2079/80**

| Symbol | No. of Tourist 079/80 | Income Amount 079/80 | No. of Tourist 078/79 | Income Amount 078/79 | Progress No. of Tourist | Progress Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| N.C.<br>Rs.1500<br>Rs.1800<br>Total | 39117<br>44544<br>83661 | Rs. 58,675,500<br>Rs. 80,179,200<br>Rs. 138,854,700 | 21683 | Rs. 32,524,500 | 61978 | Rs. 106,330,200 | |
| NC Voucher<br>Rs.1500<br>Rs.1800<br>Total | 513<br>749<br>1262 | Rs. 769,500<br>Rs. 1,348,200<br>Rs. 2,117,700 | 156 | Rs. 234,000 | 1106 | Rs. 1,883,700 | |
| Dollar ($)<br>$15 | 1411 | $21,165 | 248 | $3,720 | 1163 | $17,445 | |
| Non SAARC<br>Total | 86334 | Rs. 140,972,400<br>+<br>$21,165 | 22087 | Rs. 32,758,500<br>+<br>$3,720 | 64247 | Rs. 108,213,900<br>+<br>$17,445 | Non SAARC 64247 pax increased |
| SAARC/China<br>Rs.500 | 81318 | Rs. 40,659,000 | 31473 | Rs. 15,736,500 | 49845 | Rs. 24,922,500 | SAARC/China 49845 pax increased |
| Total | 167652 | Rs. 181,631,400<br>+<br>$21,165 | 53560 | Rs. 48,495,000<br>+<br>$3,720 | 114092 | Rs. 133,136,400<br>+<br>$17,445 | Total 114092 pax increased |

अष्ट्रेलिया, अष्ट्रिया, बेल्जियम, ब्राजिल, क्यानडा, चिली, चीन, चेक, डेनमार्क, इङ्ल्यान्ड, फिनल्यान्ड, फ्रान्स, जर्मनी, ग्रीस, हल्यान्ड, हङ्गेरी, आइसल्याण्ड, भारत, आयरल्यान्ड, इजरायल, इटाली, जापानी, मलेसिया, मेक्सिको, न्युजिल्यान्ड, नर्वे, पोल्यान्ड, पोर्चुगल, रुस, दक्षिण अफ्रिका, दक्षिण कोरिया, सिङ्गापुर, स्पेन, स्वीडेन, स्वीट्जरल्यान्ड, ताइवान, थाइल्यान्ड, टर्की र अन्य देशलगायतका पर्यटकहरूले भक्तपुर भ्रमण गरेका छन् ।

भक्तपुर नगरपालिकाले हाल खौमा, सानो ब्यासी, ठूलो ब्यासी, महाकाली, बेखाल, मूलढोका, कमलविनायक, च्याम्हासिंह, जगाती, भेलुखेल, राममन्दिर, बाराही, वंशगोपाल, भार्वाचो गरी १४ ओटा काउन्टरहरूबाट नगर प्रवेश गर्ने बाह्य पर्यटकहरूसँग पर्यटन शुल्क उठाउँदै आइरहेको छ । शुल्क नतिरी भक्तपुर प्रवेश गर्ने पर्यटकहरूलाई नपाले तुरुन्तै नियन्त्रणमा लिई शुल्क तिर्न लगाउने गर्दै आएको छ ।

भक्तपुर नगरपालिकाले १ जनवरी २०२३ बाट अमेरिकी डलरको विदेशी विनिमय दरसँग समायोजन गर्न गैरसार्क पर्यटकहरूसँग प्रतिपर्यटक ने.रु. १५०० लाई रु. १८०० कायम गरी शुल्क सङ्कलन गर्दै आएको हो । साथै नपाले सार्क तथा चिनियाँ पर्यटकहरूबाट रु. ५००।- शुल्क सङ्कलन गर्दै आएको छ ।



भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर प्रवेश गर्ने पर्यटकहरूसँग उठाउँदै आएको पर्यटन सेवा शुल्क नगरपालिकाको मुख्य आयस्रोत भएको बताउँदै भक्तपुर नगरपालिकाले पर्यटकहरूबाट उठेको शुल्कबाटै भक्तपुरको सम्पदाहरू संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइ, विकास निर्माणजस्ता जनताका आधारभूत आवश्यकता पूरा गर्दै आएको बताउनुभयो । नेपाल भ्रमणमा आएका पर्यटकहरूलाई भक्तपुर एकपटक पुग्नैपर्ने गन्तव्यस्थलको रूपमा विकास गर्न नगरपालिकाले पर्यटन प्रवर्द्धनमा विशेष जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपामा हाल दैनिक औसतमा ४/५ सयको हाराहारीमा विदेशी पर्यटकहरू भक्तपुरको ऐतिहासिक सम्पदा क्षेत्र अवलोकन गर्न आएको तथ्याङ्कले देखाउँछ । भक्तपुरमा पर्यटकहरूको आगमनसँगै भक्तपुरका व्यवसायीहरू पनि खुसी छन् र भक्तपुरको पर्यटन व्यवसायमा पनि चहलपहल बढेको अवस्था छ ।


भक्तपुर नगरपालिकाले पर्यटकहरूलाई लक्षित गरी पर्यटक सूचना केन्द्र, पर्यटक बस पार्क, पर्यटक शौचालय, पर्यटक सूचना केन्द्रमार्फत ६ ओटा भाषामा नक्सासहितको ब्रोसर, निःशुल्क इन्टरनेटसहित कम्प्युटरको सुविधा, शारीरिकरूपमा अशक्त पर्यटकको लागि ह्वील चेयर, लगेज राख्ने कोठा, मोबाइल चार्जको सुविधा, पत्रपत्रिकासहित विश्रामको लागि बस्ने सुविधाको व्यवस्था गर्दै सोही केन्द्रका कर्मचारी मुरज दिदियाले बताए । हाल भक्तपुर नपाको पर्यटक सूचना तथा सेवा केन्द्रमा ३६ जना कर्मचारीहरू कार्यरत रहेको र भक्तपुर नपाले स्थानीय पथप्रदर्शक परिचालन समिति बनाई स्थानीय टुरिष्ट गाइडहरूलाई आवश्यक तालिम दिई व्यवस्थापन गर्दै आइरहेको छ ।

भक्तपुर नगरपालिकाले स्थानीय जनताको साथ र सहयोगमा पहिलो र दोस्रो कार्यकालमा गरी २०७२ सालपछि हालसम्म १३४ ओटाभन्दा बढी सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार कार्य सम्पन्न गरिसकेको छ भने दर्जनौँ सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार कार्य चालु छ ।

समय-समयमा सन्ध्याकालीन सांस्कृतिक सम्पदा पदयात्रा, प्रभातकालीन सम्पदा पदयात्रा, स्थानीय पथप्रदर्शकहरूलाई तालिम तथा परिचालन, पर्यटन व्यवसायीहरूसँग छलफललगायतका कार्यमा जोड दिँदै आएको छ । भक्तपुर नपाले हालै भक्तपुर भ्रमणमा आउने आन्तरिक एवं बाह्य पर्यटकहरूलाई नगरका विभिन्न स्थानमा छरिएर रहेका सम्पदाहरूबारे परिचित गराउने र सम्पदा संरक्षण कार्यमा उत्साहित गर्ने उद्देश्यले **'भक्तपुरको पोखरी चिनौँ, सम्पदा संरक्षणमा अघि बढौँ !'** भन्ने नाराका साथ सांस्कृतिक सम्पदा पदयात्राको सुरुवात गरेको छ भने हरेक वर्ष विश्व पर्यटन दिवस, विश्व सम्पदा दिवस, टुरिष्ट गाइड दिवसजस्ता नियमित दिवसहरू मनाउँदै आएको छ । भक्तपुरको कला र संस्कृति नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रशिक्षण गर्ने समूहहरूलाई आर्थिक सहयोग र सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रम आयोजना गर्दै आएको छ । भक्तपुर नपाले सांस्कृतिक प्रदर्शनी केन्द्र निर्माण गर्ने प्रयास गरिरहेको छ ।

पर्यटन गतिविधि बढाउन सांस्कृतिक कार्यक्रमसहित योम्हारी प्रदर्शनी, प्रगतिशील भजन प्रतियोगिता, स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न घरेलु उत्पादन मेला, गाईजात्रामा सांस्कृतिक प्रतियोगितालगायतका गतिविधिहरू नगरपालिकाले सम्पन्न गऱ्यो । साथै नयाँ आर्थिक वर्षमा पनि यस्ता गतिविधिलाई चालु राख्दै नयाँ नयाँ कार्यक्रमहरू थपिँदै लाने नगरपालिकाको योजना रहेको छ ।

मजदुर, श्रावण २६, २०८०




# स्वाङजाङको भारत यात्रा (५)


-xbfg ;fgsf]hLjg kl/ro_

- चङ चेङ्ग / अनुवादक : लिलि र वाङ वेनलियाङ

## बौद्ध ग्रन्थको लागि पूर्वको यात्रा

सम्राट तायजोङको झेनक्वानको झन्डै सत्रौं वर्ष (६४३) को वसन्त याममा स्वाङजाङले स्वदेश (चीन) फर्किने यात्रा थालनी गरे। घर फर्किँदा उनीसँग ६५७ ओटा बौद्ध ग्रन्थ थिए। धेरै बौद्ध प्रतिमा, पुष्प र फलका बिज तथा अरू कयौं वस्तु साथमा लिएर उनी घर फर्केका थिए। भारततर्फ तीर्थयात्राको थालनी गर्दाको समयभन्दा स्वदेश फर्किँदा उनको भौतिक अवस्था ज्यादै सुधिएको थियो। उनी निकै अनुभवी पनि भइसकेका थिए। घर फर्किँदा उनले खास खतरनाक अवस्थाको सामना गर्नुपरेन। उनको फिर्ती यात्रा सहज नै रह्यो।

बाटोमा पक्कै पनि केही दुर्घटना भए। प्रथमतः उनी मध्य भारतबाट उत्तर भारत पुगे। त्यहाँबाट उनी आजको पाकिस्तानको पूर्वी र उत्तरपश्चिम भागमा पुगे। त्यही क्रममा एक दिन उनी तक्षशिला नजिक पुगे। (उनी आजको पाकिस्तानको रावलपिन्डीको उत्तरपश्चिम भूभागमा पुगेका थिए।) उनी भारतमा आउँदा सुरुमा सिन्धु नदी पार गरेर त्यही ठाउँमा आइपुगेका थिए। यसपटक पनि उनलाई सिन्धु नदी पार गर्नु थियो। सिन्धु नदी निकै वेगवान भएर बगेको थियो। नदीमा गोहीजस्ता आक्रामक जलप्राणी धेरै सङ्ख्यामा थिए। स्वाङजाङका सहयात्रीहरूले बौद्ध ग्रन्थ र प्रतिमा डुङ्गामा राखेर नदी पार गरेका थिए। उनी आफै भने हात्तीमा सवार भएर नदी पार गर्दै थिए। उनले बौद्ध ग्रन्थ र पुष्पका बिजको सुरक्षार्थ एक जना व्यक्तिलाई विशेष जिम्मेवारी दिएका थिए। तर, डुङ्गा नदीको बीचमा पुग्दा अचानक पानीका छाल उठ्न थाले। ग्रन्थको सुरक्षाको जिम्मा पाएको मान्छे हुत्तिएर नदीमा खस्यो। जसोतसो त्यो मान्छेको ज्यान त जोगाइयो। तर, केही थान ग्रन्थ र धेरै पुष्पका बिऊ गुमाउनुपऱ्यो।


पुष्पार्पित बौद्ध प्रतिमा

कापिक्साका राजा पहिला उताखण्डको भ्रमणमा आएका थिए। (उताखण्ड आजको पाकिस्तानको अट्टोकको उत्तरतिर पर्छ।) स्वाङजाङ फर्केको खबर पाउने बित्तिक्कै उनी नदीसम्म पुगेर चिनियाँ भिक्षुलाई भेट्न आए। स्वाङजाङले नदीको बीचमा केही ग्रन्थ गुमाउनुपरेको खबर सुन्ने बित्तिकै राजाले जसले पनि भारतीय विशेष वस्तु (ग्रन्थ), लोकप्रिय र अमूल्य पुष्प तथा फलका बिज र बुद्धको अस्तुसहित नदी पार गर्छ, उसको डुङ्गा उल्टाइदिने आदेश जारी गरे। राजा स्वाङजाङसँगै सहरमा पैदल हिँडे र त्यहाँको एउटा गुम्बामा गएर बास बसे। स्वाङजाङ आएको खबर सुन्ने बित्तिक्कै कास्मिरका राजा पनि उनलाई भेट्न त्यहाँ आइपुगे। दुई जना राजा मिलेर स्वाङजाङलाई निकै खुशी भएर मद्दत गरे। ग्रन्थ गुमाउनुको क्षति पूर्ति भर्न स्वाङजाङ त्यहाँ केही समय बसे। अनि उदयना (हालको पाकिस्तानको उत्तर-पश्चिम सीमावर्ती प्रान्तको स्वात नदी क्षेत्र) बाट सङ्कलित बौद्ध ग्रन्थको प्रतिलिपि उतार्न मान्छे खटाए।


स्वाङजाङले कापिस्काका राजासँगै केही समय व्यतित गरे । बिदा हुनुअघि कापिस्काका राजाले हिन्दु-कुश पर्वतमालाका हिउँले ढाकेका हिमालसम्म स्वाङजाङसँगै जान एक सयभन्दा बढी मानिससहित आफ्ना एक जना मन्त्रीलाई खटाए । हिउँले ढाकेका हिमाल पार गरे पछि उनीहरूले अर्को हिउँले ढाकेका हिमालहरू पार गर्नतिर लागे । त्यहाँ निकै चर्को हुरी चलिरहेको थियो । हुरीकै बेगको कारण त्यहाँ कुनै चरो उड्न सक्दैनथ्यो ।

हिउँले ढाकेका हिमाल पार गरे पछि स्वाङजाङ आजको अफगानिस्तानमा पुगे । उनी फेरि एक पटक कोनदोज पुगे । त्यहाँका राजा अझै पनि तुर्केली खाँका नाति थिए । उनले स्वाङजाङलाई मैत्रीपूर्ण व्यवहार गरे । त्यहीँ स्वाङजाङले झेनक्वान कालखण्डको चौधौँ वर्ष (६४०) मा ताङ वंशले काओचाङ अधिराज्य नै सखाप बनाएको जानकारी पाए । त्यहीँ तीन वर्ष बस्ने स्वाङजाङको वाचा पूरा गरिरहन पर्ने अवस्था रहेन । त्यसकारण त्यसबखत स्वाङजाङको दिमागमा एउटै कुरा मात्र थियो : सकेसम्म चाँडो चाङ्आन पुग्ने । त्यसको लागि उनले आफू पहिले आएको बाटोबाट नगई अर्को बाटो हुँदै अघि बढे । उनले आजको अफगानिस्तानको वखान सडक भएर फिर्ता यात्रा अघि बढाए । उनले काओलिङ पार गरे । अनि सिन्च्याङको ट्याक्सकोर्गान ताजिक स्वशासित काउन्टीमा आइपुगे ।

## चिनियाँ चन्द्रमासको पात्रो

**चन्द्रमासको पात्रो चीनमा लामो समयदेखि प्रयोगमा छ । सौर्यमासको पात्रोसँगै अहिले पनि चन्द्रमासको पात्रो दैनिक जीवनमा प्रयोग हुने गरेको छ । चिनियाँ पात्रो र परम्परागत पात्रो भनेर पनि चिनिने यो पात्रो खासमा चन्द्रमास र सौर्यमासको मिश्रण हो । सामान्यतः २९ अथवा ३० दिनको एक महिनासहित बाह्र महिनाको एक वर्ष हुने गर्छ । एक सौर्य वर्षको तुलनामा हरेक वर्षको दिन गन्ती एघार दिनले कम हुन्छ । त्यसकारण हरेक १९ वर्षमा सात ओटा अधिमास (लिप मन्थ) हुन्छन् । त्यसकारण अधिमास भएको वर्षमा कुल १३ महिना हुन्छन् । सूर्यको अवस्थितिको आधारमा एक सौर्य वर्षमा २४ सौर्य मापन हुन्छन् जसले कृषि र अन्य गतिविधि निर्देशित हुने गर्छ ।**

उत्तरपूर्वी दिशातिर अघि बढ्दै गर्दा उनीहरूको भेट एउटा गुण्डा दलसँग भयो । राजा हर्षबर्द्धनले उपहार दिएका हात्तीहरूलाई गुन्डाहरूले लखेटे र कति नदीमा खसेर डुबे । स्वाङजाङ र उनका सहयात्रीहरूले साथमा बौद्ध ग्रन्थ, प्रतिमा र अन्य सामग्री बोकेर निकै कठिनाइका साथ हिंडेरै आजको शाचे येचेङ र सिन्च्याङ प्रान्तका अन्य ठाउँ पार गरे । अनि उनीहरू खोटान (आजको सिन्च्याङको होटान) पुगे । उनीहरू त्यहाँ पुग्दा झेनक्वानको अठारौँ वर्ष (६४४) थियो ।



मरुभूमिमा उँटको लाम

खोटान उतिबेला स्वाधीन राज्य थियो । तर, ताङ वंशसँग त्यो राज्यको ज्यादै निकटको सम्बन्ध थियो । खोटानमा बौद्ध दर्शन लोकप्रिय थियो । स्वाङजाङ खोटान आइपुगेको खबर पाए पछि त्यहाँका राजाले उनको भव्य स्वागत गरे । राजाले उनलाई लामो समय खोटानमा बस्न आमन्त्रण गरे । स्वाङजाङले खोटानमा केही समय आराम गर्ने निधो गरे । त्यहाँ पुगे पछि उनले त्यहीँ दुई ओटा कामको चाँजोपाँजो मिलाए । एउटा काम कुचा र कासघर (आजको सिन्च्याङको काशी) मा ग्रन्थको लिपि उतार गर्न मान्छे पठाउनु । अर्को, ताङ वंशका सम्राट तायजोङलाई चिठ्ठी पठाएर काओचाङमा एक जना मान्छे पठाउन आग्रह गर्ने र चाङ्आनमा आफू फर्केको सन्देश पुऱ्याउने । आफ्नो चिठ्ठीमा उनले सम्राट तायजोङलाई आफु बिनाअनुमति भारतमा गएको भन्दै आफ्नो यात्राबारे सङ्क्षिप्त जानकारी दिएका थिए । अनि अन्त्यमा हात्ती नदीमा डुबेको र घोडा र अन्य सवारीको माध्यम नहुँदा तत्काल सम्राटसमक्ष हाजिर हुने चाहना हुँदाहुँदै पनि हाजिर हुन नसकेको अवगत गराए । आफ्नो सन्देशवाहकलाई बिदावारी गरे पछि स्वाङजाङले बौद्ध भिक्षुहरूलाई बौद्ध ग्रन्थबारे प्रवचन दिए । राजा र सर्वसाधारण समेत उनका प्रवचन सुनेर खुशी थिए । हरेक दिन १ हजारभन्दा बढी मानिस उनका प्रवचन सुन्न भेला हुन्थे ।

सात वा आठ महिना पछि उनले अन्ततः सम्राट तायजोङले पठाएका दूतलाई भेटे । दूतले स्वाङजाङसमक्ष सम्राटको आदेश बोकेर आएका थिए । आदेश पत्रमा लेखिएको थियो–*'बौद्ध दर्शनको खोजीमा तपाईँ भारतको विकट ठाउँसम्म*

*पुगेको खबर थाहा पाउँदा म ज्यादै प्रसन्न भएँ। तपाईँ आज सुरक्षित र स्वस्थ भएर फर्किनुभएकोमा पनि खुशी छु। कृपया यथाशक्य चाँडो मलाई भेट्न आउनु होला। तपाईँले संस्कृत भाषा जान्ने र बौद्ध ग्रन्थ राम्ररी बुझेका विदेशी भिक्षुहरू पनि सँगै लिएर आउनुहोला। मैले खोटान र अन्य क्षेत्रका सरकारलाई तपाईँको यात्राको आवश्यक बन्दोबस्त मिलाउन आदेश जारी गरिसकेको छु। तपाईँलाई जनशक्ति र घोडाको कुनै कमी हुन दिइनेछैन।'* यो आदेश पत्र पढे पछि सम्राटलाई भेट्न स्वाङजाङले बाटो तताए। खोटानका राजाले उनलाई कुस्त उपहार दिए। अनि बाटोमा उनलाई सजिलोको लागि केही मानिस पनि साथमा पठाए।

बाटोको अवस्था उनले भारत जाँदा सीमा पार गर्दाताका जस्तै थियो। तर, यो पटक उनले लुकीछिपी यात्रा गर्नुपरेको थिएन। उनी सफलतापूर्वक शाचाओ (आजको कान्सु प्रान्तको दुनह्वान) पुगे। स्वाङजाङ त्यहाँ पुग्दा सम्राट तायजोङ ल्योयाङमा थिए। उनले चाङ्आनमा स्वाङजाङको स्वागतका सबै जिम्मेवारी मन्त्री फाङ स्वानलिङलाई दिएका थिए। सम्राट तायजोङ सैनिक अभियानमा हिँड्न लागेको थाहा पाए पछि स्वाङजाङ दिन रात यात्रा गरेर चाङ्आनको पश्चिममा पर्ने काओहे नदी पुग्दा उनको स्वागतमा कोही पनि आएका थिएनन्। कसैलाई पनि स्वाङजाङ यति चाँडै त्यहाँ आइपुग्ने अनुमान थिएन। तर, धेरै स्थानीय जनताले भने स्वाङजाङ आउँदै गरेको थाहा पाए। त्यसकारण उनीहरू हुल बाँधेर उनलाई हेर्न भेला भए। उनलाई हेर्न आएका मानिसको भीडले बाटो छोपिएको थियो। मानिसको भीडको कारण स्वाङजाङ अघि जान सकेका थिएनन्। उनी काओहे नदीमै कुरेर बसे। झेनक्वानको १९ औँ वर्ष (६४५) को पहिलो पूर्णिमाको समय थियो। त्यतिबेला स्वाङजाङ ४४ वर्षका थिए।

फाङ स्वानलिङले चाङ्आनमा बौद्ध ग्रन्थ र प्रतिमा बोकेर आएका स्वाङजाङको स्वागतमा भव्य समारोहको आयोजना गरे। स्वाङजाङले बीस ओटा घोडामा ती सबै सामान ल्याएका थिए। त्यहाँको सरकारले स्वाङजाङले साथमा ल्याएका सबै सामग्री प्रदर्शनको लागि विभिन्न बौद्ध मन्दिरमा पठायो। अर्को दिन ती सामग्री होङ्फु मन्दिरमा ल्याइयो। विभिन्न बौद्ध मन्दिरका भिक्षुहरू खुशीले गद्गद थिए। उनीहरू सबैले चिरिच्याट्ट पोशाक लगाएका थिए। उनीहरूले सबभन्दा सुन्दर गरगहना र भाँडाकुँडा निकाले। सहरका सडक र होङ्फु मन्दिर जाने बाटोमा परपरसम्म मानिसहरूले खचाखच भरिएको थियो। उनीहरू सबै बौद्ध ग्रन्थको खोजीमा भारतको तीर्थयात्रामा गएका र अहिले बौद्ध ग्रन्थ र प्रतिमा लिएर फर्केका स्वाङजाङलाई हेर्न लालायित थिए। मानिसको भीडको कारण प्रशासनलाई भागदौड मच्चिएला भन्ने पिर थियो। त्यसकारण सुरक्षाकर्मीले मानिसहरूलाई हलचल नगर्न आदेश दिएका थिए। उनीहरूले आफू जहाँ उभिएको हो त्यही ठाउँमै उभिएर स्वाङजाङको स्वागत समारोह हेरेका थिए र खुशियाली मनाएका थिए। परिणामतः सहरको भित्र र बाहिर धुपको बाक्लो धुँवाले आकाश छोपिएको थियो। सहरमा जताततै बौद्ध ग्रन्थको पाठ गरिरहेको आवाज मात्र सुनिन्थ्यो।

केही दिनपश्चात स्वाङजाङ सम्राट तायजोङलाई औपचारिक रूपमा भेट्न ल्योयाङतिर प्रस्थान गरे। सम्राटले उनलाई उनीभन्दा पहिला कोही पनि नपुगेका ठाउँबारे सोधे। उनले सम्राटका प्रश्नको खुलेर जवाफ दिए किनभने उनी जहाँ पनि पुगे, ती ठाउँबारे उनले निकै गहिरो अध्ययन गरेका थिए। उनका जवाफ सुनेर सम्राट तायजोङ प्रसन्न भए। सम्राटले उनलाई यात्रामा देखेका र सुनेका विषयमा एउटा पुस्तक लेख्न सल्लाह दिए। सम्राटलाई स्वाङजाङ निकै प्रतिभाशाली व्यक्ति लागेछ। त्यसकारण उनलाई अब भिक्षु नबन्न बरु देशमा शासन गर्न आफूलाई मद्दत गर्न सल्लाह दिए। तर स्वाङजाङले सम्राटको प्रस्ताव मानेनन्। सम्राट तायजोङले स्वाङजाङलाई आफ्नो सैनिक अभियानमा सँगै जान पनि आग्रह गरे। त्यो प्रस्ताव पनि उनले विनम्रतापूर्वक अस्वीकार गरे। बौद्ध चिन्तन परम्पराअनुसार भिक्षुहरू युद्ध जस्ता घटनाक्रममा संलग्न हुनुहुँदैन।



चाङआनको मन्दिरसामु बौद्ध भिक्षु र अनुयायीहरूसँगै बौद्ध शास्त्रसहित स्वाङजाङको स्वदेश फिर्ती

स्वाङजाङको लागि सबभन्दा चासोको विषय नै बौद्ध ग्रन्थको अनुवाद कर्म थियो। उनले हेनान प्रान्तको सोङशान शाओलिन मन्दिरमा बसेर बौद्ध ग्रन्थको अनुवाद गर्ने अनुमतिको लागि सम्राटसमक्ष आग्रह गरे। किनभने त्यो ठाउँको परिवेश निकै शान्त थियो। सम्राट तायजोङले उनलाई चाङ्आनको होङ्फु मन्दिरमा बस्ने बन्दोबस्त मिलाए। त्यहाँको पनि परिवेश शान्त रहेको भन्दै सम्राटले स्वाङजाङलाई त्यहाँ बस्न आग्रह गरे। आफू बसेको ठाउँमा धेरै मानिसको भीड लाग्ला भन्ने स्वाङजाङको चिन्ता थियो। त्यसकारण सम्राटसमक्ष

उनले मन्दिरको प्रवेशद्वारमा सुरक्षाकर्मीको तैनाथीको लागि आग्रह गरे। सम्राटले उनको त्यो प्रस्ताव सहजै प्रसन्नचित्तले स्वीकारे। सम्राटले सम्बन्धित सरकारी निकायलाई स्वाङजाङको अनुवाद कर्ममा मद्दतको लागि निर्देशन जारी गरे।

## सियान मन्दिर र विशाल जङ्गली हाँस छाने मन्दिर

***चीनको शान्सी प्रान्तको सियानमा अवस्थित प्रसिद्ध चिनियाा बौद्ध मन्दिर सियान मन्दिर ताङ शासनकालको झेङक्वान कालखण्डको बीसौ वर्षमा राजकुमार लि चिले आफ्नो आमाको सम्झनामा पुरानो मन्दिरलाई विस्तार गरेर बनाएका थिए। स्वाङजाङलाई त्यो मन्दिरमा बसेर आफ्नो अनुवाद कार्य अघि बढाउन आदेश दिइएको थियो। योङहुई कालखण्डको तेस्रो वर्षमा स्वाङजाङले ताङ सम्राटको अनुमतिमा त्यहाा विशाल जङ्गली हास मन्दिर बनाएका थिए। उनले त्यो मन्दिरमा बौद्ध शास्त्र, प्रतिमा र सम्पदाको संरक्षण गरेका थिए। यो छाने मन्दिरको धेरै पटक पुन:निर्माण गरियो। अहिले विद्यमान सात तले छाने मन्दिर ६४.५ मिटर अग्लो छ। विशाल जङ्गली हास छाने मन्दिर चिनियाा प्राचीन वास्तुकलामा प्रसिद्ध छ। अहिले प्राचीन राजधानी सियानको प्रतीकको रूपमा यो मन्दिर प्रसिद्ध छ।***

स्वाङजाङ ल्योयाङबाट चाङआन फर्के र होङ्फु मन्दिरमा डेरा जमाए। उनले सरकारसमक्ष विभिन्न विषयमा अनुवाद सहायकको व्यवस्था मिलाइदिन पनि आग्रह गरे। एक महिनापश्चात देशभरका विभिन्न गुम्बाबाट छानिएका दर्जनौं एकसेएक प्रतिभाशाली भिक्षुहरू होङ्फु मन्दिरमा भेला भए। मुख्य मुख्य बौद्ध ग्रन्थको अनुवाद स्वाङजाङ आफैले गरे। उनका अनुवाद सहायकहरूले चुस्त र सही अनुवाद, अनुवादलाई छरितो लेखनसँग जोड्ने, अनुवादको अभिलेखीकरण, साफी गर्ने, संस्कृतसँग मेल खाए नखाएको परीक्षण गर्ने आदि विषयमा उनलाई मद्दत गरे। स्वाङजाङ तत्कालै अनुवाद सहायकहरूको मद्दतमा अनुवाद कार्यमा लागिपरे। छोटा ग्रन्थको अनुवाद एकै दिनमा पनि हुन्थ्यो। कुनै कुनै ग्रन्थको अनुवादको लागि केही दिन लाग्थ्यो भने कुनै कुनै ग्रन्थको अनुवाद गर्न वर्ष दिन नै लाग्थ्यो। स्वाङजाङले अनुदित ग्रन्थ सम्राट तायजोङलाई बुझाउँथे।

स्वाङजाङले सम्राट तायजोङले आफूलाई लेख्न सल्लाह दिएको पुस्तकबारे बिर्सेका थिएनन्। दूरदर्शी सम्राट पनि उनले लेखेको त्यो पुस्तक हेर्न निकै उत्सुक थिए। बौद्ध ग्रन्थको अनुवादसँगसँगै उनले **'युआ छ्वाङको भारत यात्रा'** पुस्तक लेख्न थालेका थिए। आफ्नो यात्राको क्रममा उनले देखेका र सुनेका विषय नै त्यो पुस्तकमा लिपिबद्ध गरिएको थियो। स्वाङजाङले खुरुखुरु भन्दै जान्थे र उनका शिष्य बियानजीले त्यसलाई लेख्दै जान्थे। झेनक्वान कालको बीसौँ वर्ष (६४६) को ग्रीष्मयामसम्ममा उनले एक वर्षभन्दा लामो समय लगाएर एक लाखभन्दा बढी चिनियाँ अक्षर भएको पुस्तक तयार बनाइसकेका थिए। प्राचीन शास्त्रीय चिनियाँ भाषा त्यसको चुस्त शैलीको कारण लोकप्रिय थियो। त्यसकारण एक लाखभन्दा बढी चिनियाँ अक्षर भएको त्यो पुस्तक वास्तवमै ज्यादै आकर्षक कृति बनिसकेको थियो।

पुस्तकमा उनले काओचाङ छोडेपछि उनको यात्राबारे विस्तृत रूपमा लेखेका थिए। ११० ओटा राज्यमा उनी आफै पुगेका थिए। अरू २८ राज्यमा उनी आफै नपुगे पनि अरूबाट सुनेका थिए। पुस्तकमा उल्लेखित ठाउँहरूले आजको सबैजसो मध्य एसिया र दक्षिण एसियालाई समेटेको देखिन्छ। सातौँ शताब्दीअघि ऐतिहासिक एवम् भौगोलिक जानकारी निकै सीमित थियो। विशेषत: प्राचीन भारतको इतिहास त नभएजस्तै छ। सातौँ शताब्दीको भारतबारे सबभन्दा आधिकारिक र भरपर्दो स्रोत आज त्यही पुस्तक बनेको छ। मध्य एसिया र दक्षिण एसियाको इतिहास, साहित्यिक इतिहास र राजनीतिक विचारधाराको चिन्तनबारे अनुसन्धान गरिरहेका अध्येताहरूको लागि यो पुस्तकको सहयोग बिना थप अनुसन्धान असम्भवप्राय: छ। खासमा आम सर्वसाधारणबीच स्वाङजाङको यो पुस्तक ज्यादै लोकप्रिय छ। यही पुस्तकमा उल्लेखित विवरणको आधारमा समकालीन र आधुनिक पुरातत्वविद्हरूले धेरै प्राचीन सम्पदा उत्खनन गर्न सफल भएका छन्। उदाहरणको लागि तक्षशीलाका भग्नावशेष, राजगृह स्थल, सारनाथको प्राचीन मन्दिर र नालन्दा मन्दिरका भग्नावशेष आदि। भारतका प्रसिद्ध इतिहासकार मजुम्दारले आफ्नो पुस्तक **'प्राचीन भारत'** मा लेखेका छन्,*'राजा हर्षबर्द्धनबारे निकै धेरै तथ्य हामीले चिनियाँ भिक्षुका चकित पार्ने अभिलेखबाट जानेका हौँ। ती तथ्यबाहेक हामीलाई तत्कालीन भारतको तस्बिरको व्याख्या पनि चिनियाँ भिक्षुकै अभिलेखले उपलब्ध गरायो। त्यस्तो अभिलेख अन्यत्र कतै पाइएको छैन।'*

स्वाङजाङ आफै पनि बौद्ध शास्त्रको अनुवादमा गहिरो चासो राख्थे। चीन फर्केर मृत्युशय्यामा नपुग्दासम्म झन्डै दुई दसक उनले आफ्ना शिष्यहरूको साथ लिएर बौद्ध

शास्त्रको अनुवादमा व्यतीत गरे। आफूले भारतबाट लिएर आएका ती बौद्ध शास्त्रको अनुवाद गर्ने उनको योजना थियो। ती अनुवादले चिनियाँ संस्कृतिको ढुकुटी मात्र भर्थेन बरु भारतकै लागि पनि बहुमूल्य ऐतिहासिक सामग्रीको संरक्षण भएको आज देखियो। अनुवादमा स्वाङजाङ निकै मिहिन थिए। अनुवादको गुणस्तर उच्च होस् भनी उनले शास्त्रको अनुवादलाई दस चरणमा विभाजन गरेका थिए। उनले **'योगाचारा-भूमि-शास्त्र'** को अनुवादमा दुई वर्षभन्दा लामो समय लगाए। अनुवाद सकाएर उनले सम्राट तायजोङसमक्ष त्यो कृति टक्राए। सम्राट तायजोङको मन जितेपश्चात उनले आफ्नो अनुवाद कृतिको लागि भूमिका लेखिदिन बिन्ती बिसाउने अवसर छोपे। सम्राट तायजोङ पुस्तकको भूमिका लेख्न सहमत भए। सबै शास्त्रहरूमा जस्तै त्यो अनुवाद कृतिको लागि पनि सम्राटले ७८१ चिनियाँ अक्षरको भूमिका लेखे। सम्राट ताङ तायजोङ र अन्य सम्राटहरूबाट प्राप्त सहायताले स्वाङजाङको अनुवादको पूर्ण सुरक्षा सुनिश्चित थियो।

सुरुमा राजकुमार लि चि र पछि सम्राट काओजोङ (६२८-६८३) को नेतृत्वमा झेनक्वान कालखण्डको २२ औँ वर्ष (६४८) को शीतकालमा सियान मन्दिरको निर्माण कार्य सम्पन्न भयो। स्वाङजाङलाई त्यही मन्दिरमा बस्न र आफ्नो अनुवाद कार्य पूरा गर्न आग्रह गरियो। जीवनको उत्तरार्द्धमा सम्राट तायजोङको स्वास्थ्य अवस्था निकै खराब थियो। उनी बौद्ध चिन्तनमा गहिरो विश्वास गर्न थालेका थिए। त्यसकारण उनलाई स्वाङजाङसँगको निकटता अझ आवश्यक भएको थियो। सम्राट तायजोङ स्वाङजाङबाट बौद्ध चिन्तन र उनको यात्राका किस्सा सुन्न रुचाउँथे। खुइय् सुस्केरा छोड्दै सम्राट भन्थे, *'गुरु, मैले तपाईँलाई ढिला मात्र भेटेँ। मैले बौद्ध चिन्तनलाई अङ्गीकार गर्न विलम्ब भयो।'* स्वाङजाङ दिउँसो सम्राटसँग कुराकानी गर्थे र राति आफ्नो वासस्थान फर्केर बौद्ध शास्त्रको अनुवाद कार्यलाई जारी राख्थे।

केही समयपछि सम्राट तायजोङको निधन भयो। तत्क्षण स्वाङजाङको मन अधीर भयो। अनुवाद कार्यलाई तीव्रता दिन उनी दिलोज्यानले होमिए। कदाचित दिउँसो उनी कतै व्यस्त भएको अवस्थामा पनि राति दिउँसो काम गर्न नसकेको समयसमेत जोडेर अतिरिक्त समय काम गर्थे। उनी बौद्ध चिन्तनका विभिन्न पक्षको कडाईका साथ व्यवहारमा पालना गर्थे। अनुवाद कार्यको अतिरिक्त उनी ज्ञानको खोजीमा आएका भिक्षुहरूलाई प्रवचन दिन्थे। अनि मन्दिरका दैनिक कामकाजको पनि व्यवस्थापन गर्थे।



दायान छाने मन्दिरको दुरदृष्टि

ताङ वंशको सम्राट काओजोङको तेस्रो वर्ष (६५२) मा स्वाङजाङ उमेरले पचास कटिसकेका थिए। भारतबाट आफूले साथमा ल्याएका बौद्ध शास्त्र आगो वा अन्य कुनै विपत्तिबाट सखाप हुने हो कि भनी उनी चिन्तित थिए। त्यसकारण सम्राटसमक्ष उनले सियान मन्दिरको पश्चिम चोकमा छाने शैलीको एउटा मन्दिर बनाएर ती शास्त्रको संरक्षण गर्न बिन्ती बिसाए। छाने मन्दिर बनाउन स्वाङजाङ आफैले हातमा कुटोकोदालो बोकेर माटो र ढुङ्गा पन्छाउन खटिए। मन्दिर निर्माणको काम सकेसम्म चाँडै सकियोस् भनी अरू मानिसलाई पनि सहायताको निम्ति आह्वान गरे। चीनका अन्य परम्परागत छाने मन्दिरको तुलनामा त्यो मन्दिरको शैली पृथक खालको थियो। कतिपय मानिसले पहाडको टुप्पामा अवस्थित त्यो मन्दिरलाई भारतको नालन्दा मन्दिरको नक्कलको रूपमा पनि लिए। विडम्बना त्यो छाने मन्दिर निकै अब्बल गुणस्तरको थिएन। तीन दसकमै त्यो मन्दिर भत्कियो। साम्राज्ञी ऊ (६२४-७०५) ले त्यो मन्दिरको पुनःनिर्माण गरे। त्यो मन्दिरको औपचारिक नाम **विशाल जङ्गली हाँस मन्दिर** भनी नामाकरण गरियो। समयान्तरमा त्यो मन्दिरको बारम्बार पुनःनिर्माण गरियो। चीनको सियानमा अझै पनि उक्त सियान मन्दिरका अस्तित्वको रूपमा त्यो छाने मन्दिर उभिएकै छ।

चीन फर्के पछि पनि स्वाङजाङलाई भारतका उनका साथीहरूले उनलाई बिर्सेनन्। विशाल जङ्गली हाँस मन्दिर निर्माण सम्पन्न भएको केही समय पछि एक जना भारतीय भिक्षु चिठ्ठीपत्र र उपहार लिएर चाङआन आइपुगे। उनी स्वाङजाङका दुई मित्रहरू **ज्ञानप्रभा र प्रज्ञादेव**सँग एउटै बिहारमा बस्थे। ज्ञानप्रभा र प्रज्ञादेवसँग स्वाङजाङ बरोबर बौद्ध चिन्तनबारे विचार विमर्श गर्थे। भारतीय भिक्षुले उपहार स्वरुप दुई थान श्वेत कपासको कपडा ल्याएका थिए। एक जना चिनियाँले उनको उपहारलाई यसरी वर्णन गरे, *'निकै टाढाबाट पठाएको हाँसको प्वाँखजस्तो हलुका यो उपहारले गहिरो माया झल्काएको छ।'* आफ्ना मित्रहरूले आफूलाई सम्झिरहेको खबरले स्वाङजाङलाई ज्यादै भावुक बनायो।

दुई वर्षपछि भारतीय भिक्षुले आफ्नो देश फर्किने मनसाय पोख्दा स्वाङजाङले आफ्ना मित्रजनको नाममा चिठ्ठी लेखे र उपहारहरू सहित भारतीय भिक्षुको साथमा ती चिठ्ठी पठाए ।




दायान छाने मन्दिरको नवीन दृश्य

स्वाङजाङले आफ्नो जीवनका अन्तिम चार वर्ष **महाप्रज्ञापरिमिता सूत्र**को अनुवाद गरेर बिताए । त्यो कृतिको संस्कृत संस्करणमा २ लाख श्लोक थिए । त्यसको भीमकाय आकारले सबै विद्यार्थीलाई त्यसै अत्याउँथ्यो । उनीहरू सबै त्यसको सङ्क्षेपीकरण मात्र गर्ने आँट गर्थे । तर, स्वाङजाङले त्यसको पूर्ण अनुवाद गर्ने जमर्को गरे । निकै धैर्यवान भएर उनले त्यो कृतिलाई ६ सय खण्डमा चिनियाँ भाषामा अनुवाद गरे । त्यो कृतिको अनुवाद नसकिँदै आफ्नो निधन होला भनी उनी निकै चिन्तित थिए । त्यो कृतिको अनुवाद पूर्ण भए पछि उनले सन्तोषको श्वास फेरे । केही महिना पछि सम्राट काओजोङको लिन्देको पहिलो वर्ष (६६४) को वसन्तयाममा विलक्षण भिक्षु स्वाङजाङको ६३ वर्षको उमेरमा निधन भयो ।

# जीवन–आचरण

## एउटा ऐतिहासिक कथा

एकदिनको कुरा थियो । एउटा ४ वर्षको सानो बच्चा, जो कान पनि अलि कम सुन्ने गर्थ्यो, स्कुलबाट घर फर्कियो । स्कुलका शिक्षकले त्यस बच्चाको खल्तीमा एउटा पत्र राखिदिएको थियो ।

त्यो पत्रलाई पढ्ने बित्तिकै बच्चाको आमालाई उठ्नसम्म रिस उठ्यो । पत्रमा लेखिएको थियो कि तपाईंको टमी, ज्यादै सुस्त र मन्दबुद्धिको छ । उसले कुनै पनि हालतमा पढ्न सक्दैन । त्यसैले उसलाई स्कुलबाट निकालिदिनोस् ।

भोलिपल्ट बिहानै उक्त बच्चाकी आमा स्कुलमा पुगिन् र उनले आफ्नो बच्चाको पक्षमा बोल्दै भनिन्, 'मेरो छोरा टमी, तपाइँहरूले सोचे–भने जस्तो सुस्त र मन्दबुद्धिको कमजोर छैन । मलाई पूर्ण विश्वास छ कि उसले जरुर सिक्न सक्छ । तपाइँहरू आफूलाई उचित लागेको निर्णय लिन स्वतन्त्र हुनुहुन्छ । यदि तपाईंहरूले स्कूलबाट निकालि दिनुहुन्छ भने पनि म मेरो छोरालाई आफैले पढाउने छु ।' स्कुलले त्यो बच्चालाई पढाउन नसक्ने निर्णय सुनायो भने बच्चाको आमाले पनि आफ्नो छोरालाई घरमा आफैले पढाउन थालिन् ।

अन्ततः त्यो सुस्त र मन्दबुद्धिको भनेर स्कुलबाट निष्कासित गरिएका टमी कालान्तरमा गएर मानव इतिहासकै महान् आविष्कारक 'थोमस एल्वा एडिसन' को नामले विश्व प्रशिद्ध भए ।

एउटी आमाको आफ्नो छोरा प्रतिको माया, विश्वास र त्याग–तपस्याले संसारले महान् वैज्ञानिक तथा आविष्कारक पाउन सफल भए । थोमस एडिसनले ३ महिनासम्म मात्र औपचारिक शिक्षा अध्ययन गर्न पाएका थिए ।

आफ्नो विश्वासमा दृढनिश्चयी र भद्र व्यक्तित्वले सुशोभित चिनियाँ भिक्षु स्वाङजाङ बौद्ध शास्त्रको खोजीमा भारतको लामो तीर्थ यात्रामा निस्के । पछिका पिँढीका लागि उनले समृद्ध विचार र सांस्कृतिक सम्पदा छोडेर गए । भारतका एक जना इतिहासकारले लेखेको पुस्तक **'भारत र चीन'** मा लेखिएको छ, *'भारतको भ्रमण गरेका धेरै चिनियाँहरूमध्ये स्वाङजाङ निः सन्देह सबभन्दा महान् थिए । उनी चिनियाँ–भारतीय सांस्कृतिक सहकार्यका प्रतीक हुन् ।'*


**नेपाली अनुवाद : नीरज**

**समाप्त**

# छुमा गणेश द्यःछैँ पुनर्निर्माण



आ. सरिता धुख्वा



पुनःनिर्माणाधीन छुमा गणेश द्यःछैं को प्रारूप

भक्तपुर सहर सम्पदाको धरोहरमा धनी छ। यहाँ विभिन्न पाटी, पौवा, मठ–मन्दिर, ढुङ्गेधारा, सत्तल जस्ता साम्पदीय वास्तुकलाले भक्तपुर सहरको पहिचान दिएको छ। राजा आनन्द देवले नगर बसाउँदा अष्ट गणेश स्थापना गरेका थिए। ती अष्ट गणेशमध्ये छुमा गणेश, भनपा वडा नं. ६ मा अवस्थित छ। छुमा गणेश मन्दिरको पूर्वतिर रहेको छुमा गणेश द्यःछैं १२ औं शताब्दीको रहेको संस्कृतिविद् डा.पुरुषोतम लोचन श्रेष्ठले अनुमान गर्नुभएको छ। छुमा गणेश एक शक्तिशाली गणेशको रूपमा चिनिन्छ र विभिन्न धार्मिक तथा पूजाआजा र जात्रा गर्ने गरिन्छ। बिस्का जात्राको समयमा बैशाख ४ गतेका दिन छुमा गणेशको जात्रा गर्ने गरिन्छ। सोही द्यःछैंको अहिले पुनर्निर्माण कार्य भक्तपुर नगरपालिकाद्वारा भइरहेको छ।





छुमा गणेश द्यःछैं को अगाडि र पछाडिको मोहडा

द्यःछैं भत्काउने कार्य सम्पन्न पश्चात् पुनर्निर्माण कार्य सुरु गरिएको छ। द्यःछैं भत्काउने क्रममा यहाँ रहेका कलात्मक अष्टमात्रिका कुँदिएको बिलम्पु, झ्याल, ढोका, तोरणका साथसाथै पहिलो तलाका विभिन्न मूर्ति कुँदिएका कार्नेश ईँटाहरू संरक्षणका साथ राखिएका छन्। पुरानो जग ३०'' खन्ने क्रममा २०'' ईँटाको गारो, १०'' ढुङ्गा र त्यस पछि दैंचा माटो (black cotton Soil) मुनितिर रहेको पाइयो। दैंचाले जमिनको चिसो माथि सर्नबाट बचाउने damp proof material को रूपमा काम गर्छ। भुइँ तलामा जमिन धस्न र पानी ओसिन नदिन पाँचा राखिएको छ। द्यःछैंको उत्तर पूर्व कुनातिर जग खन्दा धोङ्ग (सगः नाली) भेटिएको छ।







द्यःछैं भत्काउँदाका चित्र

द्यःछैंको पुनर्निर्माण परम्परागत शैलीमा माटो जोडाइ प्रविधिबाट गरिएको छ। यसको लागि विभिन्न स्थान जस्तै झौखेल, नलिनचोक, जगाती र सिपाडोलको माटो ख्वप कलेज अफ इन्जिनियरिङको प्राविधिक शाखाद्वारा जाँच गरियो। जसको विश्लेषण पछि झौखेलको माटो गुणस्तर युक्त देखिन आयो। सोही अनुरूप पुनर्निर्माणको लागि झौखेलबाट माटो ल्याउने कार्य गरियो।



जगको अध्ययन गर्न विभिन्न ठाउँ खनेर हेरेको

त्यस पश्चात् पुनःनिर्माण कार्य सुरु जगको कार्यबाट गरियो। जगको कार्यमा बाटोको लेभलभन्दा २'–६'' तल खनेर, ढुङ्गा दुई तहको राखी बालुवा भर्ने (filling) गरियो। त्यस पछि एक टह इँटा सोलिङ्ग र ५'–०'' को माटोको गारो लगाइएको छ। भुँइ तला लेभल (ground level) बाट तल २'–०'' सम्म २'–४'' को गारो लगाई कुनामा (corner) कुं थाम (upright post) राख्नको लागि base को रूपमा टेपु ल्हों राखिएको छ। बाहिरी गारोमा पहेंलो माटो प्रयोग गरिएको, साथै बाहिरी इँटाको जोडाइमा सिलाय्, (साल धुप, कपास, भुई सिन्हं र तोरीको तेलबाट बनाईएको) प्रयोग गरिएको छ। यसले बाहिरबाट भित्र पानी ओसिनबाट water proofing को कार्य गर्छ। माटो प्रयोगमा ल्याउन आवश्यक पाँचा मिश्रण गर्दा माटोमा लस्सा (strength) बढाउन मदत गर्छ। पुरानो झ्याल तथा ढोकाहरू सकेसम्म जीर्णोद्धार तथा मर्मत गरी फेर्नुपर्ने नयाँ काठहरू जडान गरेर संरक्षण गरिएको छ। साथै पुनर्निर्माण कार्य परम्परागत तथा मौलिक प्रविधिको ज्वलन्त उदाहरणमा यहाँ प्रयोग भएका निर्माण सामग्री तथा प्रविधिलाई लिन सकिन्छ। पुनर्निर्माण कार्य द्यःछैंको भुईंतलामा झ्याल ढोका जडान गरी नस हाल्ने कार्यसम्म भइसकेको छ।

द्यःछैं भत्काउँदा पुराना इँटाहरू संरक्षणका साथ राखिएको थियो र सोही इँटाको परीक्षण गर्दा strength प्राविधिक विश्लेषण अनुसार बढी तथा पुनर्निर्माणमा पुनः प्रयोग गर्न योग्य देखिन आएको छ। साथै द्यःछैंको डिजाईन अनुसार परम्परागत माटो जोडाइमा structural analysis पनि गरियो।



माटो जोडाइमा गारो लगाइँदै



गारोमा कुं थाम हाल्न टेपु ल्हों राखिएको

द्यःछैंको सम्पूर्ण डिजाईन तथा सुपरभिजन भक्तपुर नगरपालिका, अन्तर्गत सम्पदा शाखाबाट भइरहेको छ। छुमा गणेश द्यःछैं वास्तुकलाको दृष्टिकोणले धनी मानिन्छ। पहिलो तलाको कार्नेसमा तलबाट लिवि, बाट्, निग, बाट्, पलेफ्व र मोह अप्पा राखिएको छ। सोही अनुसार द्यःछैंको पुनर्निर्माण कार्य उपभोक्ता समितिबाट भइरहेको छ।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-१९)

– प्रो. माणिकलाल श्रेष्ठ



## कविता व कल्पना

थ्वया न्ह्योया निगू अध्याये (१७ व १८ सं) समालोचना साहित्ये कल्पनाया महत्वया छुं भति विवेचना याये धुन, अले कल्पना छुछु अर्थे प्रयोग जू धका व **कलरीजं** कल्पनाया गुकथं व्याख्या यात धका नं बिचा याना स्वये धुन। थौंकन्हे साहित्ये गुलि प्रकार दु- अर्थात कविता, नाटक, कहानी, निवन्ध आदि - उकी कल्पनाया छु स्थान दु धका छको आ स्वये। विश्वया फुक्क धयाथें प्राचीन साहित्ये समालोचना याइबेले 'कल्पना' धयागु शब्द प्रयोग मजू, कल्पनायात हे कसी याना स्वयेगु थ्यंक चलन मदु। अथेसां उबेले विकास जुइ धुंकूगु साहित्य-प्रकारे नं कल्पना गाक्कं चवन्ह्याये धुंकल। भिंगुँस:दँ पुलांगु कवि **भास**या **'स्वप्न वासवदत्ता'** या प्याखने नायकं थम्हं सित धका मतिइ तया त:म्ह कला खंबेले दुने नुगलं निसें पिहाँ वोगु उद्गार चरित्र-चित्रणे उच्च कल्पनाया उदाहरण खः। किपा न्ह्योने ब्वये हयेगु शक्ति (दृष्य आकृति), उपमा आदि अलंकार, पात्रया नुगले दुहाँ वने फुगु शक्ति (सहानुभूति) गुगुयात **रस्किनं** 'इमाजिनेशन पेनेट्रेटिव्' धाल, वा निगु बस्तुइ जो लागु गुण खंकेगु शक्ति (संयोजन) न्ह्यागुयात कल्पना धासां संस्कृत कवि **कालिदास** वा ग्रीक कवि **होमर**, ग्रीक नाटककार **एस्किलस**, **सफोकल्स**, संस्कृतया नाटककार **भास**, अंग्रेजी कवि **चाउसर** व इटालिया **दांते**पिंके गाक्क कल्पना दु। कल्पनाया प्रकार पाइ, कल्पनाया मात्रा पाइ, तर न्ह्यागु प्रकारया साहित्ये नं लेखकं कल्पना छ्यले हे मा। कल्पना मदयेक छुं हे साहित्यिक व कलात्मक कृति सिर्जना याये हे फइ मखु। बरु साहित्ये कल्पना हे जक स्वया मूल्यांकन याये मजिउ, थ्व मेगु हे खँ, तर कल्पनाया महत्व नं ह्मो मजू (तर थनथाय् लाक्क भ्वीसं मतिइ तये मागु खँ दु कल्पनायात संकुचित अर्थे काये मजिउ।)



जियोफ्रे चाउसर (सन् १३४०-१४००)

विश्वे पुलां पुलांगु साहित्ये दुगु प्रकार अर्थात न्ह्यागु नं साहित्ये दकले न्हापां विकास जूगु काव्यया प्रकार नाटक, महाकाव्य, कविता आदिया विचार याये। नाटकया विषये प्रचलित न्ह्यागु हे धारणा कासां उकी कल्पना मदयेकं मगा। **एरिस्टोटल**या 'मिमेसिस' सिद्धान्त माने यासां नाटकयात मनूया ज्याया अनुकरणया रूपे क्यनेबेले नाटककारं धाथें जुगु घटना ल्ह्यया काइ मखु, धाथेंयागु थें च्वंक थम्हं हे सिर्जना याना क्यनी, थुकी कल्पना-शक्ति छ्यले मा। हानं जीवने जुइ फइगु न्ह्यागु नं घटना प्याखने क्यनी मखु, उकी नाटककारं स्वया ल्यया जक निगू प्यंगू घटनां नाटक न्ह्यज्याके मा, थथे ल्ययेगु शक्तियात नं कल्पना मा। पात्रया चित्रण यायेत पात्रया नुगले दुहाँ वने फुगु कल्पना (सहानुभूति) मदयेकं मगा। थुकथं नाटकयात लेखकं निता स्वता प्रकारया कल्पना छ्यलेमा। महाकाव्य व कहानी साहित्ययात नं थ्वजोगु कल्पना मदयेक मगा।

निवन्धयात व्यक्तिगत साहित्य धाइ, लेखकं थुकी थ:गु व्यक्तिगत विचार वा मत वा छुं व्यक्तिगत अनुभव कनी, थथे व्यक्तिगत खँ कनेत न्ह्याइपुक्क धाये सयेके मा। थुकथं स्वयेबेले निवन्ध छताय् ला कल्पनासिकं कनेगु कला अपो मा, अथेसां निवन्धयात नं गाक्कं कल्पना मा। गुकथं कने फ:सा पाठकपिंसं ययेकी धका थुइकेत कल्पना मा। बांबांलागु निवन्धे थाय्थासे कविताय् थें हे कल्पना दुगु यक्को अंश दइ। विशेष याना विश्व साहित्यया थौंकन्हेया निवन्धे कविताया गुण गाक्कं दुथ्याके धुंकल। उपन्यासे थाय्थासे वर्णन याइबेले कविता धाये

लोगु अंशत दइ। नेपाल भाषा साहित्ये **प्रेमबहादुर कंसकारं** निवन्धय् कविताय् थें कल्पना दुथ्याकेगु प्रवाह ज्वना चवंगु दु। थौंया न्हूपिं निवन्ध लेखकपिंके निवन्धे कविताय् थें हे कल्पना दु। **ईश्वरानन्द**या **'ख्वाउँ हि'** उपन्यासे थाय्थासे वर्णन याना तःगु किपा कविताय थें हे दृष्य आकृति कल्पना दु, अले **सिद्धिचरण**या **'नारी हृदय'** धयागु कहानी उपमात कविता थें भ्रीसं ता।

अले कविता ला दक्के कल्पना दुगु साहित्य जुल। कविता छु खः धयागु विषये गुलि धारणा दु फुक्कसिनं कल्पनायात महत्व बिया हे च्वंगु दु। बरु गुगुं विचारं कविताया कल्पनायात छुं रूप व नियमं चिना बिल, गुगुं धारणाय् कविताया सार हे कल्पना माने यात, गुगुं विचारं कविताय् भाषा व अलङ्कारयात अपो जोड बिल, गुगुं विचारं थ्व फुक्क तोता कल्पनाय् जक ब्वाकल। प्राचीन साहित्ये कविताया सार 'कल्पना' हे खः धका कल्पना शब्द हे प्रयोग याना मतःसां रोमान्टिक कविपिनि थें हे च्वन्ह्यागु कल्पना दुपिं कवि दु, उलि जक मखु समालोचनाय् कल्पनायात कसी मयासां कल्पनायात महत्व बिइपिं समालोचकपिं दु। संस्कृत समालोचना साहित्ये थनी दोछिदँ मयाक न्ह्यो **आनन्दवर्धनं** कवियात छम्ह स्रष्टा (छुं सिर्जना याइम्ह) माने याना कविया मने दना वइगु **'सृष्टि इच्छा'** कथं हे कला सृष्टि जुइ धका धाये धुंकल। थ्व **'सृष्टि इच्छा'** रोमान्टिक कविपिंसं धाइगु कल्पना खः। आनन्दवर्धनसिकं नं स्वसःप्यस दँ न्ह्यो ग्रीसया समालोचक **लोन्जिनसं** साहित्ये 'पाठकयात भाव थना बिइ फइगु शक्ति' मा धका धागु दु।

कविताय् कल्पना मा, कल्पना मदयेक मगा, अझ कविताया छगू सार कल्पना खः। बरु कल्पना हे जक फुक्क खः ला कि मखु धयागु खँ वयेफु। थुकिं हे क्लासिकल व रोमान्टिक कविपिनि मतभेद वोगु खः।

कवि **शेक्सपियर**, **ब्लेक** व **कलरीज**पिसं कविताय् कल्पनायात गुलि महत्व बिउ धयागु खँ च्वय् वने धुंकल। न्हापां रोमान्टिक कविपिनि धारणा छुं भति विवेचना याना स्वये। शेक्सपियरं *'छुं मदुगु फसे बस्ती तया बिया नां नापं छुना बिइगु'* यात कविता धाल, ब्लेकं कविता धयागु हे दैवीप्रेरणा कया संगीत थें च्वंक छुं सिर्जना याना बिइगु। कलरीजं कवितायात *'कल्पनां रूप बिइगु जिगु शक्ति'* धका व *'संगीतं जागु आनन्द'* धागु नं शेक्सपियर व ब्लेकपिनि परम्पराय् हे ला। कविताया उद्देश्य आनन्द बिगु ला कि शिक्षा बिइगु धयागुली *(कविताया उद्देश्य छु जुइमा धयागु खँय् निता धारणा दु। क्लासिकल धारणाकथं कवितां शिक्षा बिइत स्वइ, रोमान्टिक विचारकथं धासा कविताया मुख्य उद्देश्य आनन्द बिइगु खः।)* मतभेद दु, अथे हे कल्पना गुगु सीमा तक वने जिउ, युक्तिं गुलि तक चिना *(कल्पना गन तक्क वंके बिइगु धयागु खँय् नं क्लासिकल व रोमान्टिक धारणा पा। क्लासिकल विचारकथं कविताय कल्पना ला मा खः, तर योयोथें कल्पना याना युक्तिं नं पुला वने मजिउ। रोमान्टिक विचारकथं कल्पनायात चिइत पनेत स्वये मजिउ, कल्पना गुलि च्वन्ह्यात, उलि कविता बांलाइ)* तयेमा धका नं मतभेद दु, तर कविताय् कल्पना मदयेक मगागु बस्तु खः धका सकसिनं माने या।

प्राचीन संस्कृत धारणा कथं ला *'प्रकृतिया अद्भुत रचना खना छक्क चाम्ह लेखकं तन्मय जुया नुवागु हे कविता खः (बाबुराम आचार्य – 'पुराना कवि र कविता' या प्रस्तावनाय्')।* कवि धयाम्ह भाबुक जुइ। भाबुकतां कविया मने कल्पना थना बिइ, अले व हे कल्पना कविताय् पिदनी। अथे जूगुलिं प्रसिद्ध अंग्रेजी कवि **शेलीं** कविता धयागु हे *'कल्पनाया अभिव्यक्ति'* धया बिल। कवि शेलीं कविताया विश्लेषण याना उकिया विस्तृत व्याख्या याना तःगु छगू लेखे थथे धया दिल–

*'मनया ज्याया निगु प्रकार युक्ति व कल्पना निता मध्ये... छता पोयेसिम् वा स्वाना बिइगु सिद्धान्त खः, थुकिं ज्वनीगु उजोगु रूप खः गुगु विश्व प्रकृति व अस्तित्वय् हे मंका खः .... ... युक्तिं ला भ्रीसं सिइ धुंकूगु बस्तुया परिमाण ल्याख्याइ, कल्पनां थ्व परिमाण खंकी। युक्तिं भेद खनी, कल्पनां बस्तुया समानता खनी।' ...*



पर्शि बेशी शेली (सन् १७९२-१८२२)

थुकथं विभिन्न बस्तुया स्वाप् लुइकेगु शक्ति हे शेलीया विचार कथं कल्पना खः, अले कविता 'कल्पनाया अभिव्यक्ति' खः। बस्तुइ दुने थ्यंक खंकेगु शक्ति कल्पना खः, अथे जूगुलिं कवि *'थौंयात जक क्वथीक स्वया उकिया नियम खनीगु जक मखु, बरु थौंया दुने वं कन्हे खंके फु, अले वया विचार स्वांया पुसाथें, दकले लिपाया समयया फल थें (शेली – 'कविताया पक्ष कया' (ए डिफेन्स् अफ प्वेट्री)।*

थुकथं बस्तुया प्रकृति थ्यंक खंकेगु शक्तियात कल्पना धाइम्ह व कल्पना हे कविताया सार धाइम्ह जूगुलिं शेलीं गद्य व कविता धका विभाजन मया। छन्द दुगु भाषां च्वयात:गु रचना पद्य ख: कविता जुइमा धयागु मदु।

कविताय् छ्यला तइगु कल्पनाया छुं उदाहरण कायें।

'ब्वीँ ब्वीँ नर्तन यायमा कृषकं,
विपिने म्हय्खा मुना हजार
झरनां नर्तन याय्मा गिरिया
मुले ह्वला सौन्दर्य अपार।'

*(रत्नध्वज जोशीजुया कविता 'या वर्षा वारिद ! जलधार' या अंश)*

श्री **रत्नध्वज जोशी**या थ्व निझोले वा वइबेलेया छपा किपा न्ह्योने ब्वये ह:गु दु, थ्व दृष्य आकृतिया कल्पना जुल, कविताया छगू सरल कल्पना।

'म्हित्यत पासा स्वप्न अबले,
पीरया खापा मचा
कैगु ख:न्है सार जगया मां,
जुया जिं छं मचा।'

*(सिद्धिचरणया 'मां' कवितां लिकया तयागु)*

सिद्धिचरणया थ्व निझोले मेटाफर आदि अलङ्कार (पीरया खापा, पासा स्वप्न आदि) प्रयोग यायेगु कल्पना छ्यला त:गु दु। थ्व नं कविताया छगू सरल कल्पना।

*'तर ... ... ... ... ...*
*फुइ धुंकूगु मैनमत क्वसं*
*शहीदया हिथें*
*छफुति, निफुति मैन*
*ल्यना च्वनि।*
*ख्वखना सलं*
*ज: भोसुना:*
*अनसं चुप्पा नइ।'*

*(पूर्णबहादुर वैद्यया 'सरासु' संग्रहया 'सुथ जयवं' कवितां उद्धृत)*

**पूर्णबहादुर वैद्य**या थ्व झोले क्लिष्टगु कल्पना दु अर्थात निता स्वता प्रकारया कल्पना ल्वाकज्यागु दु। थुकी दृश्य आकृति दु: क्वथाय् मैनमत च्याना फुना च्वंगु व सुथया ज: वया च्वंगु चित्र। अले निगू बस्तुया समानता खनेगु स्वायेगु कल्पना दु, मैनमत नाया च्वंगुयात शहीदया हिनाप समान खनेगु, अले भाबुकता ल्वाक ज्यागु तीव्र कल्पना दु, ज:बोगुयात ख्वखना सलं ज: भोसुना चुप्पा न:गु कल्पना दु। थुकथं च्वय् उद्धृत जूगु स्वंगू कविता अंश मध्ये दकले लिपायागु पूर्णबहादुर वैद्यया 'सुथ जुयवं' कविताया अंशे दकले अप्पो कल्पना दु, उकिं कल्पनाया दृष्टिं स्वयेबेले थ्व स्वंगुली दकले काव्यात्मक थ्व हे।



विलियम वर्डस्वर्थ (सन् १७७०-१८५०)

रोमान्टिक कविपिसं कल्पनायात कविता धाइ। **वर्डस्वर्थ** कल्पनायात नियन्त्रण याये मजिउ धयागु विचार कया स्वच्छन्दताया नारा बिल, अथे जूगुलिं कविताया परिभाषा नं वर्डस्वर्थं थुकथं बिल– *'तस्सकं बल्लागु भावना बिलिबिलि जाया थ:तुं वा वोगु हे कविता ख:'*; अले कविताया उत्पति गथे जुइ धका क्यना वर्डस्वर्थं धयातल *'शान्त निश्चल स्थितिइ लुमंका त:गु आवेगं कविताया उत्पति जुइ।'* वर्डस्वर्थया थ्व परिभाषां तस्सकं हे वादविवाद पिकाल। वर्डस्वर्थया परिभाषा गुलितक उचित धयागु खँ छखे हे तिनि, तर दकले आश्चर्य ला वर्डस्वर्थं बिउगु परिभाषाया शब्दयात स्यंका निइका नं वर्डस्वर्थयात आक्षेप यात। नीगूगु शताब्दीया अंग्रेजी साहित्य समालोचक **टी.एस्. इलिएटं** नापं वर्डस्वर्थया कविताया परिभाषायात संकेत याना कविता निश्चल स्थिति नं मखु, आवेग नं मखु, लुमंका हयेगु बस्तु नं मखु धया तल। वर्डस्वर्थ प्रति थ्व अन्याय ख:, वर्डस्वर्थं कविताया परिभाषा *'शान्त निश्चल स्थिति लुमंका त:गु आवेग हे कविता ख:'* धका धागु जूसा वर्डस्वर्थयात थथे धाये जिउ। तर लुमंके मागु दु, वर्डस्वर्थं *'... ... आवेग'* यात कविता धागु मदु *(प्रो. यदुनाथ खनालजुं नं थथे हे वर्डस्वर्थया शब्दयात हिइका मखुगु अर्थ बिया दीगु दु। कवितायात 'वर्डस्वर्थं एकान्त व शान्तिया अवस्थाय् हाकनं लुमंकूगु मनोभाव धाल' धका खनालजुं च्वया दिल। वर्डस्वर्थं थ्वजोगु मनोभावयात 'कविता' धका धागु मदु थुकिं कविताया उत्पति जुइ धया त:गु ख:)*। '... ... आवेगं कविताया उत्पति जुइ' धका जक धागु ख:, कविता ला 'बिलिबिलि बा वोगु भावना' धाल। वर्डस्वर्थ धा हे मधागु खँ 'आवेगयात कविता' धाल धका आक्षेप यायेगु समालोचकतय्सं अन्याय यागु ख:।

वर्डस्वर्थया हे परिभाषानाप जो लागु, तर भतिचा काव्यात्मक भाषां कविताया परिभाषा **सिद्धिचरणं** नं बिया दीगु दु। कवितायात कवि सिद्धिचरणं *'भावनाया सुपाचय् कल्पनाया देग: दनेगु'* धका धया दिल। कविता कल्पनाया अभिव्यक्ति, उकिया आधार भावना ख: सिद्धिचरणया हे मेगु छपु कविता नेपाली भाषाया **'कविता'** नांया कविताया निझोया अनुवाद थुकथं दु–

*'नभया नगु क:नी सिउगु, लंच्वय् फइम्ह सु ?*

*वया लिसे वने मा जि, व कवि जिम्ह, जि कविता'*

थुकी नं फुक्क विश्व ब्रह्माण्डयात हे कल्पनाया मिखां स्वइम्हसित कवि धया तल ।

*(कवि सिद्धिचरणं कला विषये धयातःगु नं थन लुमंके बह जू –*

*'स्वच्छ हृदयया उच्च भावना*
*खः भय् भय् बीगु कला'*

*अले हानं, 'कलाकार हे जाग्रत आत्मा' ।)*

थुकथं छखलः कवि समालोचकपिनि अर्थात रोमान्टिक विचारयापिनि धारणाकथं कल्पना हे कविता खः । थुकिया विपरीत विचार काइपिं क्लासिकल सिद्धान्तयापिनि विचारकथं नं कविताय् कल्पना हे म्वा धागु मदु । बरु कल्पना योयोथे जुइ मजिउ, युक्तिं पिहाँ वने मजिउ, हानं कविताय् कल्पना जक दयां मगा, भाषा नं यइपुगु छन्दे हना तःगु पद्य जुइमा यइपुक अलङ्कार दुगु भाषा जुइमा धागु दु ।

कल्पनाया कविताय् थुलि महत्व दुसा आ छको स्वये कल्पनां छु ज्या याइ । कल्पनाया मुख्य ज्या स्वाना बिइगु निगू अःखःगु गुणयात छथाय् हवना बिगु धयागु **कलरीज**या **'कल्पना सिद्धान्त'** ला थ्वयां न्ह्यो हे अध्याये हे भ्कीसं स्वये धुन । कल्पनां याइगु ज्या **शेली** नं कलरीजं थें हे क्यना तःगु दु । कवि **शेली** धया तल–

*'कवितां उल्लास व भय स्वाना बिइ, शोक व आनन्दयात, अनन्त व परिवर्तनयात छथाय् तया बिइ । कविताया जः खइबेले एकदम नाप च्वने हे मफइगु नं बस्तु फुक्कसित छथाय् स्वाना बिइ ।'* थथे याये फुगु कविता छगू उजोगु शक्ति खः गुगु *'बिजुलीया जःया तलवार खः तोपुया मतःगु थुकियात तोपुइत म्यान तःसा म्यान हे च्याका नौं याना बिइगु ।'*

कविताय् च्वंगु कल्पना–शक्तिं आनन्द गथे बिइ फइ धका व्याख्या याना **शेलीं** हे धया तःगु दु – *'छुं घटनाया बाखनं बेक्कोगु न्हायकनं थे बांलागु बस्तुयात फस्वका बिइ, तर कविताय् बेक्कोगुयात नं बांलाकीगु न्हायकं दु ।'* अथे जूगुलिं कवितानाप आनन्द प्युंक हे स्वाना च्वनी । थःगु हे सन्तुष्टी जक म्ये हालीम्ह कविं नं थःगु सलं करकियात आनन्द बिइ । व्यायाम याना भ्कीगु म्हया अङ्ग बल्लाके थें तुं कवितां भ्कीगु नैतिक अङ्गयात हिला बिइ । कविया के मेपिं मनूतसिकं चेतना दु, थ्व वर्तमानया 'जिउ मजिउ' या घेराय् लिकुना कवि च्वनी मखु । *'धना च्वंगु समाजे जागरण हयेत च्वइम्ह लिपातकया खँ खंम्ह हे धाथेंया कवि खः ।'* शेलीं कवितायात **'कल्पनाया अभिव्यक्ति'** धागुया उद्देश्य थथे खने दु–समाज, प्रकृति, जीवन न्ह्यागुलीसं दुने थ्यंक वने फुगु व सच्चा रूप खंकेगु शक्ति कल्पना खः, अले व हे रूप मानव–समाजयात म्हसिइका बिइगु अभिव्यक्ति खः ।

कल्पना कविया जक पेवा मखु, छुं भति कल्पना न्ह्याह्मसिके नं दइ । दृश्य – आकृति वा छुं किपा न्ह्योने ब्वये हयेगु कल्पना व अलङ्कारया भाषा नुवायेगु कल्पना न्ह्याह्मसिके नं दइ । खालि थुलि पा, कवि भाबुक जूगुलिं याकनं उत्तेजित जुइ, मेपिंत उत्तेजनाय् हयेत नुगः न्ह्यपु कुला बिइगु छुं बस्तु मा । सिचुसे च्वंगु बहनी यइपुक्क तिमिला त्वया च्वनीबेले न्ह्याह्मसिकें मने आनन्द वइ । लँय् मनू छम्ह मोटरं क्यला हि वया सिइगु खनीबेले न्ह्याम्ह्सिकें छुं भति वैरागया भावना वइ । काल, अनन्त आकाश, महामारी, भयङ्कर आँधी, संहार हइगु युद्ध आदि बस्तुं सकसियागुं मन कुला बिइ, मने आवेग वइ, मन उत्तेजित जुइ । थथे मने उत्तेजना हया बिइगु बस्तु उद्बोधकयात हे **हायज्लिटं** कविताया स्रोत धया बिल । थ्वजोगु उद्बोधकं सामान्य मनूयात उत्तेजित जक याइ, अले वं छु भति अलङ्कारया भाषा नुवाका बिई (तस्सकं वा वइबेले 'धम्प तज्याथें', तान्नोइगुयात 'मिइ दुहाँ वनेथें' धका न्हिंन्हिं खँ ल्हायेबेले भ्कीसं धया) । तर कवियात थुकिया प्रभाव लाइबेले ला कविया मने छुं सिर्जना यायेगु इच्छा वइ । *'मने भ्कयातुक मुना च्वंगु खँ प्वंके मखंतले कवियात शान्ति हे दइ मखु'*

*(**कडवेल**या 'कल्पना' धयागु लेखं ।)*

अले प्वंकूगु खँ अथवा कविया मनं पिहाँ वोगु कल्पनां बुइकूम्ह मचा हे कविता खः ।' **(कथहं)**

'भक्तपुर'

**मासिकलाई**

हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस् । सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइने छ ।

लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला ।

**रचना पठाउने ठेगानाः**

- भक्तपुर नपा भवन (कोठा नं.२०७)
- email:bhaktapurmasik@gmail.com

# बताग्र



विष्णुभक्त राजचल

वायुमण्डलीय क्षेत्रमा बहने तातो–चीसो वायु, आँधीवेहरी, हुरी बतास, कुहिरो लाग्नु तुषारोपर्नु, हिउँपर्नु, बदली हुनु बिजुली चम्किनु, गड्याङ्गगुडुङ्ग आउनु असिना पर्नु, पानी पर्नु, ऋतुको परिवर्तन आदि गतिविधिहरू हुन्छन्। ती मध्ये दुई भिन्दा भिन्दै प्रकृतिका वायुराशि बीच उत्पत्ति हुने बताग्र (Fronts) पनि हो।

बताग्र भन्नाले दुई फरक फरक विशेषता भएका दुई विपरित दिशाबाट बहने वायुराशि (air mass) बीचमा रहने सङ्क्रमित क्षेत्र सम्झनु पर्छ। गरम वायुको अगाडि र ठण्डा वायुको अगाडिको बीचको सङ्क्रमित क्षेत्रलाई बताग्र भन्ने गरिन्छ। जलवायु विज्ञानका विद्वान फिन्च (Verner Clifford Finch-1883-1959) र ट्रेवार्थ (Glenn thomas Trewarth-1896-1984) को भनाइ अनुसार 'A Fronts is a boundary surface or Correctly, a separation zone separating air mass of different character'



भर्नर क्लिफफोर्ड फिन्च



ग्लेन थोमस ट्रेवार्थ

प्राकृतिक नियम अनुसार गरम हावा सुख्खा र हलुका हुन्छ, माथि माथि भएर जान्छ भने ठण्डा हावा चीसो र गहौं हुन्छ, तलतल भएर जान्छ। यसरी फरक फरक गुण भएका दुई, वायु राशि विपरित दिशाबाट बहँदा ती दुई वायुराशिको सम्मुख बीचमा रहेका सीमावर्ती क्षेत्रलाई नै बताग्र भनिन्छ। बताग्रलाई चक्रबात पनि भन्ने गरिन्छ। चक्रबात घुमीघुमी बहन्छ तर बताग्र दुई फरक गुण भएका वायुराशि विपरित दिशाबाट बहँदा आपसमा अगाडि संगम हुन खोज्दा गरम वायु माथि उठेर जान्छ भने ठण्डा वायु तलतिर भएर बहछ। पछि ठण्डा वायु राशि माथि गरम वायु राशि ढारिलो भई चढ्ने गर्छ। ती दुई वायुराशि संगम हुने क्षेत्रमा एउटा काल्पनिक रेखा कोर्दा धरातलमा कोण बन्छ।

यहाँ हावा राशि अथवा वायुराशि भन्नाले पृथ्वीको विभिन्न क्षेत्र र उचाइमा समान किसिमका तापक्रम र आद्रता युक्त विशेषता भएको वायु क्षितिज रूपमा (horizontal) मा फैलिएर बहने वायुमण्डलको विस्तृत रूप भन्ने सम्झनु पर्छ। बताग्र वायुराशिको एउटा सुक्ष्म रूप हो। यो एकै ठाउँमा कोचिएर स्थिर भएर रहँदैन। यो गतिशील हुन्छ र यसको गति ५० देखि ८० कि. मि. प्रतिघण्टा हुन्छ। बताग्रको गति धरातल नजिक बढी हुन्छ भने उचाइ बढे अनुसार यसको गति क्रमशः कम हुँदै जान्छ। धरातलबाट धेरै उचाइ माथि बताग्र बन्दैन। यसको चौडाइ निश्चित हुँदैन, औसत चौडाइ ५ देखि ८० कि. मि. सम्म पनि हुनसक्छ। कुनै निश्चित स्थितिमा बताग्र नष्ट हुन जान्छ, यसरी बताग्र नष्ट हुने प्रक्रियालाई **बताग्र क्षय** (Frontolysis) भनिन्छ। दुई फरक गुण भएका वायुराशि दुई विपरित दिशाबाट आएर एक आपसमा संगम हुन खोज्दा ती दुई वायुराशिको सम्मुखमा एक अर्काबाट प्रभावित भएर माथितिर मोडिएर एक अर्कोको माथि चढेर अर्थात् अभिसरण (Converge) भएर बहन्छ। यसरी अभिसरण गर्ने वायुको बीचमा विस्तृत सङ्क्रमणीय क्षेत्र रहन्छ भने त्यस क्षेत्रलाई **बताग्र प्रदेश** भनिन्छ। यसैलाई बताग्र उत्पत्ति क्षेत्र (Area of Frontogenesis) कहलिन्छ। यदि दुई भिन्न गुणका वायुराशिहरू एक अर्कोको विमुख दिशातर्फ बहन्छ भने त्यसलाई **अपसरण** (विरोधी) (Divergence) भनिन्छ। यस्तो स्थितिमा बताग्र बन्न सक्दैन। यदि ठण्डा वायुराशि गरम वायुराशि माथि चढ्छ भने गरम आद्र वायुराशिद्वारा बादलको निर्माण भई वर्षा हुन्छ। यस प्रकारले बताग्र जलवायु विज्ञानको मौसम सम्बन्धी एउटा महत्त्वपूर्ण तत्त्व हो।

## बताग्र निर्माण

बताग्र निर्माणको लागि निम्न दुई अवस्थाको आवश्यकता पर्दछ –

**(१) तापक्रमको फरकता** – बताग्र उत्पत्तिकोलागि दुई भिन्न वायुराशिमा फरक फरक तापक्रम हुनु आवश्यक छ ताकि गरम आद्र वायुराशिले शुष्क, ठण्डा एवं गहौं वायुराशि माथि चढोस्। यसले गर्दा माथि उठेका गरम वायुराशि ढाल परेका देखिन्छ। पृथ्वीको बीच भाग अर्थात् मध्य अक्षांशमा

यस्तो बताग्रको उत्पत्ति बढी हुन्छ ।

**(२) फरक दिशाको वायु** – विपरित तापक्रम भएका दुई वायुराशि भिन्दा भिन्दै दिशाबाट आएर आपसमा जुध्न खोज्छ भने एक अर्कोको क्षेत्रमा घुस्न लाग्दा बक्राकारको बताग्र निर्माण हुन्छ ।

## बताग्रका प्रकार

निर्माण, स्वरूप र विशेषताको आधारमा बताग्र निम्न चार प्रकारमा विभाजन गरिएका छन्–


(१) उष्ण बताग्र (Warm Front)


(२) शीतल बताग्र (Cold Front)

(३) अधि विष्ट बताग्र (Occluded Front)

(४) स्थायी बताग्र (stationary Front)


(चित्रमा माथिबाट क्रमश:)










**(१) उष्ण बताग्र** – अगाडि बढ्दै गएको गरम वायुराशि जब कुनै ठण्डा वायुराशि माथि चढ्छ भने पृथ्वीको धरातलमा ती दुई लाई अलग गर्ने काल्पनिक रेखा वा क्षेत्रलाई उष्ण बताग्र भनिन्छ । यस्ता उष्ण बताग्र सदैव दायाँबाट बायाँतर्फ मोडिएर अगाडि बढ्छ । यसको ढाल मध्य अक्षांशमा १:१०० देखि १:४०० सम्म हुने गर्छ । ढालको स्वरूप अनुसार उष्ण वायु ठण्डा वायुराशि माथि चढ्छ । धेरै उचाइमा पुगेपछि उष्ण र ठण्डा वायुराशि एक आपसमा प्रतिक्रिया भई बादल बनेर आकाशमा छरिएर फैलिन्छ । तत्पश्चात बादल अत्यन्त बाक्लो भएर तल झरी विस्तृतरूपमा फैलिएर क्रमवद्ध वर्षा गर्न थाल्दछ । वर्षा भएपछि उष्ण बताग्र समाप्त भएर मौसममा परिवर्तन आई स्वच्छ मौसम, तापक्रम वृद्धि, सापेक्षिक आर्द्रतामा वृद्धि, हल्का वायु दबाबमा बहने, दिशामा परिवर्तन जस्ता क्रियाकलाप हुन्छ ।

**(२) शीतल बताग्र** – दुई फरक तापक्रका वायुराशि एउटै दिशाबाट आई आपसमा मिल्न खोज्छ भने त्यसको बीचको सीमालाई शीतल बताग्र भनिन्छ । यो अवस्थामा गरम वायराशिलाई शीतल वायुराशिले पछाडिबाट धक्का दिन्छ । त्यसपछि गरम वायुराशि शीतल वायुराशि माथि उठ्दछ । यसमा ठण्डा वायुराशिले उष्ण वायुराशिलाई तलबाट धकेल्छ । शीतल बताग्रको ढाल उष्ण बताग्रको भन्दा तीव्र हुन्छ । मध्य अक्षांशमा यसको ढाल १:२५ देखि १:१०० सम्म हुने गर्छ ।

यसमा बताग्र ठण्डाबाट उष्ण भागतिर एवं बायाँबाट दायाँतिर बढ्छ । यो बताग्रका वेग लगभग ७५ कि.मि. प्रतिघण्टा हुन्छ । यो बताग्रमा पहिले पानी पार्न नसक्ने छिरबिरे बादल (broken clouds) आउँछ तर पछि वायु उष्ण आर्द्र हुन्छ भने कपाशीबादल भएर आकासिन्छ र कालो बादलमा परिणत भई बिजुली चम्किनुको साथै गर्जन वर्षा हुन थाल्छ । वर्षा समाप्तिपछि मौसममा सुधार आई निरपेक्ष आर्द्रतामा कमी आउने गर्छ ।

**(३) अधिविष्ट (बन्दी) बताग्र** – शीत बताग्र तीव्र गतिले चलेर उष्ण बताग्रलाई पछ्याई अगाडि बढ्ने (overtakes) गर्छ भने उष्ण वायुको तलबाट सम्पर्क समाप्त हुन्छ । यस्तो अवस्थामा अधिविष्ट अर्थात् बन्द भएको बताग्र निर्माण हुन्छ । यस्ता खालका बताग्र प्राय:जसो ध्रुवीय वायुराशिद्वारा बन्दछ । अधिविष्ट (बन्दी) बताग्रमा मौसम अनिश्चित हुन्छ । यसमा मिश्रित वातावरण अर्थात् थोरै समयको लागि कम वर्षा हुन्छ र ताप घनत्वमा न्यून अन्तरभई बादलद्वारा आकाश ढाकिने गर्छ ।


**४) स्थायी बताग्र** – दुई विपरित स्वभावका वायुराशि एक आपसमा समानान्तर भएर बहँदा ती दुई

वायुराशिबीचको बताग्रलाई स्थायी वा अचल बताग्र भनिन्छ। यो स्थितिमा वायु माथि उठ्दैन। वर्षा पनि हुँदैन।

## बताग्र प्रदेश

विश्व मानचित्रमा बताग्र निश्चित क्षेत्रमा भ्रमणशील देखिन्छ। भौतिक स्थितिको आधारमा बताग्र एकै क्षेत्रमा स्थिर भएर नबसी पृथ्वीको विभिन्न क्षेत्रमा फरक फरक स्वभाव भएर भ्रमण गरिरहेका हुन्छन्। खासगरेर भ्रमणशील बताग्रलाई निम्न तीन प्रदेशमा विभाजन गरेका छन्।

**(१) आन्तरिक कटिबन्धीय बताग्र प्रदेश** (Intertropical frontal zone) – भूमध्यरेखाको नजिकमा यो




बताग्रको प्रभाव पाइन्छ। उत्तरी गोलार्द्धमा उत्तरपूर्व वाणिज्य वायु र दक्षिणी गोलार्द्धमा दक्षिणपूर्व दिशाभएर बहने वाणिज्यवायु आपसमा मिल्ने स्थानमा यो बताग्र सृजना हुन्छ। यस क्षेत्रमा दुई वाणिज्य वायु आपसमा मिली माथि आकाशमा गई द्रवीकरण हुने हुँदा दिनहुँ नियमित रूपले संवाहनिक (Convectional) वर्षा हुन्छ। यो बताग्र जल र स्थल दुवै क्षेत्रमा हुन्छ।


**२) सुमेरु बताग्र प्रदेश** (Arctic frontal zone) उत्तरी गोलार्द्धको ६०° अक्षांश हाराहारिको सुमेरु वृत्त नजिक महाद्वीपको मध्य भागमा यो बताग्र प्रदेश रहेको छ। सागरीय हावाको प्रभाव नपर्ने हुनाले यो बताग्र प्रदेशलाई महाद्वीपीय प्रदेश पनि भन्दछन्। यसको फैलावट युरेशिया र उत्तरी अमेरिकाको उत्तरी भागमा हुने गरेको पाइन्छ।


**३) ध्रुवीय बताग्र प्रदेश** (Polar frontal zone) – ध्रुवीय बताग्रको प्रभावी प्रदेश ३०° देखि ४५° उत्तर एवं दक्षिण अक्षांश भित्रका उत्तरी आन्ध्र महासागर र उत्तरी प्रशान्त महासागर हुन्। यस प्रदेशमा उत्तरबाट ध्रुवीय वायुराशि र दक्षिणबाट उष्ण कटिबन्धीय (कर्कट रेखीय) वायुराशि आएर आपसमा मिल्दछन्। ती दुई वायुराशिको तापक्रम एक अर्कोभन्दा निकै अन्तर छन्। ऋतु अनुसार यो बताग्र प्रदेश तलमाथि सर्ने गर्दछ।

## सन्दर्भ सामग्री

1. Bhandari, S.M. (2046)- Physical Geography.
2. Chritchfield, H.J. (1974)- General Climatology.
3. Chorley, R.J. (197O)- Climate and Morphometry.

## बासिबियाँलो





बायाँ चित्रमा १० ओटा र दायाँ चित्रमा ५ ओटा फरक पत्ता लगाई रङ्गाउनुहोस्।

# साहित्य लेखन र सङ्गीतमा मल्ल राजाहरूको योगदान



डा. वीरेन्द्रप्रसाद कायस्थ

साहित्यको विकास तथा यसको इतिहास बारे अध्ययन गर्दै जाँदा नेपाल उपत्यकाका मल्ल राजाहरूको साहित्यिक कृतिहरूको भूमिकालाई बिसर्न सकिँदैन। मल्ल शासन भन्दा पूर्व लिच्छविकाल हरेक दृष्टिकोणबाट उन्नत अवस्थामा रहेको पाइन्छ। त्यतिबेला कुनै एकपक्षको मात्र नभएर राज्यको समग्र पक्षकै विकास भएको थियो। नेपालको इतिहासमा ऐतिहासिक युगको थालनी लिच्छविहरूको शासनकाल देखि नै हो। यो शासनकाल देखि नै अभिलेख, मुद्रा निस्काशन, आदि देखि लिएर राजनीतिक आर्थिक विकास भाषा, साहित्य, कला, वास्तुकला र सङ्गीत आदिमा लिच्छविहरूको योगदान छ। जस्तै **दाफा भजन**-प्रत्येक वर्ष गथेमंगलका दिन देखि बिहान पख वा साँझ पख इष्टदेवको मन्दिर वा द्यःछैं अगाडि रहेको फल्चामा बसी भजन गर्ने गर्दछ। यस भजनलाई नै दाफा भजन भनिन्छ।

साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउने राजा **जयस्थिति मल्ल** पनि हुन्। उनले **भैरवानन्द, रामायण** जस्ता नाट्यकृतिहरू लेख्नुका साथै तिनलाई मञ्चन पनि गराएर मनोरञ्जन प्रदान गर्दथे। भक्तपुरका अर्को प्रख्यात राजा **भूपतीन्द्र मल्ल** ठूला विद्वान र लेखक थिए। यो राजाले **विक्रम चरित्र, उणाहरण, विद्याविलाप, पशुपति प्रादुर्भाव** जस्ता बिभिन्न कृतीहरू लेखेर आफ्ना लेखकीय प्रतिभालाई प्रष्टाएका छन्। यी कृतिहरू धामिर्क सामाजिक मनोरञ्जनमा आधारित गरेर लेखेका थिए। उनले लेखेका केही नाटकहरू विभिन्न ठूला  अवसरहरूमा प्रदर्शन गरेका थिए। जस्तै विक्रम चरित्र एक हो। जुन नाटक भक्तपुरको तलेजु मन्दिरमा सुनको गजुर र छाना राखिएको समारोहमा उपस्थित अतिथिहरूलाई देखाइएको थियो। यो नाटक लोक कथामा आधारित थियो र यसले सद्‌गुण र न्यायको सन्देश प्रदान गरेको छ। सृङ्गारिक ढाँचामा लेखिएको नाटक **श्रीखण्ड चरित** राजा भूपतिन्द्र मल्लले राजकुमार रणजित मल्लको चुडाकर्मको उत्सवमा मञ्चन गराएका थिए। उनका नाटकहरूमा भावको परिपूरकता, सजीवता र कौतुहलपूर्ण हुने भएकाले प्रभावशाली पनि देखिन्छन्। यसका अतिरिक्त उनले छोटो गीति नाटक, कविता लेखेका थिए। राजा **रणजित मल्ल** पनि आफ्ना बाबुबाजे जस्तै नाटककारका रूपमा सुपरिचित थिए। धर्म, पुराण, दर्शन, लोक कथा जस्ता विषयवस्तुमा लेखिएका उनका नाट्यकृतिहरू कवितात्मक शैली, भावपरकता, जीवन दर्शनका यथार्थता, स्थानीय सामाजिक परिवेशहरू झल्किएका पाइन्छन्। उनले आफ्नो जीवन कालमा विभिन्न पुस्तकहरू लेखे- **कृष्णचरित्र, मदनचरित्र, शनैश्चर रोहिणी कथा, गोरक्षेपाख्यान, वाल्मीकि रामायण, इन्द्रविजय, उषाहरण, कृष्ण कैशाल यात्रा, षडदर्शन कथा**, आदि प्रमुख रहेका छन्। उनको विरहका गीतहरू निकै मर्मस्पर्शी छन्। जस्तै बिस्केट जात्रामा गाईने गीत (*थ थीं जा गु र स रं ग तो ल ता व हरि जि गन वने......*) जुन गीत आजसम्म पनि जीवित छन्। रणजित मल्लद्वारा लिखित सन्देश मूलक कृति सिर्जन गर्ने क्रममा उनले कान्तिपुर, भादगाउँ, पाटनका राजाहरूको एकआपसमा लडिरहने प्रवृत्तिलाई लिएर आपसी झैंझगडामा आफ्नो अस्तित्व नै नाश हुने, आपसी मित्रता र एकता भइराखे कसैले परास्त गर्न नसक्ने भन्ने उपयोगी सन्देश दिँदै **हरगण कथा** नामक नाट्य कृति सिर्जना गरेका थिए। राजा **जगतप्रकाश मल्ल** पनि सशक्त काव्यकार थिए। संस्कृतमा पनि प्रकाण्ड विद्वान रहेका जगतप्रकाश मल्लले **गीतावली, गीतापञ्चक** नामक भजनका पुस्तकहरू लगायत **पञ्चसमच्चय काव्य** पनि लेखेका थिए। उनी लेखनका साथै मूर्तिकारका रूपमा पनि पोख्त थिए। राजा **जितामित्र**ले पनि साहित्य क्षेत्रमा विभिन्न कृतिहरू रचना गरेर आफ्नो प्रतिभा देखाएका थिए। उनका कृतिहरू **गोपीचन्द्र, अश्मेध, गीत गोबिन्द**, आदि थिए। उनले **सुमति** नामक नाटक पनि लेखेका थिए।

**जगज्योति मल्ल** पनि आफ्नो बाबु बाजे जस्तै साहित्य र सङ्गीतमा सिर्जनशील थिए। उनले लेखेका कृतिहरू जस्तै **कुञ्ज बिहारी, कुबलाय खाँ, हर गौरी बिहार** लेखेर छुट्टै पहिचान बनाएका थिए। तत्कालीन भक्तपुरको राजनैतिक र साहित्य वाङ्मयको इतिहासमा शीर्षस्थ स्थान ओगटेको देखिन्छ। उनको शासनकालमा राजनीतिक स्थिति शान्त रहेकोले कला, संस्कृति, काब्य, वाङ्मयको उन्नति, भएको थियो। यो राजाले दरबारका पण्डित कवि **वंशमणि** ➲

## वडाध्यक्षको डायरीबाट

# समाज पुरुष प्रधान भएसम्म महिला अधिकार र समानताको कुरा गर्नु बेकार

कुशल

विहान करिब ६ बजेको समय थियो । म राती अलि ढिला सुतेको कारण मस्त निद्रामा थिएँ । तर, श्रीमतीले विषयको गम्भीरतालाई बुझेर होला मलाई उठ्न अनुरोध गर्दै भनिन्, 'घर अगाडिको कृष्ण अवाल (नाम परिवर्तित) को अक्का बित्नु भयो रे । मानिसहरू जम्मा हुन थाले । आगो कसले राख्ने विषयमा विवाद भयो रे । छलफल गर्न तल मान्छे दुई तीन पटक बोलाउन आउनु भयो । मैले सुतिराख्नु भएको छ भन्दा पनि मान्नु भएन । तपाईँलाई जसरी भएपनि उठाउनु भन्नु भएको छ । मुख धोएर छिटो आउनुस् रे ।'

कृष्ण अवाल अक्काको घर मेरै घर अगाडि थियो । हिजो दिउँसो मात्र अस्पतालमा म हेर्न गएको थिएँ । वहाँलाई अस्पतालको आईसियुमा अचेत अवस्थामा राखिएको थियो । वहाँको उमेर सत्तरीभन्दा बढी भइसकेको थियो । तर पनि वहाँ टोल र वडाको कार्यक्रममा निरन्तर सहभागी हुँदै आउनुभएको थियो । साथै पार्टीले गर्ने विभिन्न आन्दोलनहरूमा वहाँ युवा अवस्थादेखि नै सक्रिय सहभागी हुँदै आउनु भएको थियो । त्यसकारणले पनि हामीजस्ता राजनीतिक कार्यकर्ताहरूको लागि वहाँ प्रेरणाको स्रोत हुनुहुन्थ्यो । घरमा भऱ्याङबाट ओर्लनेक्रममा लडेको कारण वहाँ उपचारको लागि दुईवटी श्रीमती धेरै दिनदेखि अस्पतालमा हुनुहुँन्थ्यो । वहाँका छ जना छोरीहरू थिए । जेठी श्रीमती हालसम्म पनि माइतीमै बसिरहेको थियो भने कान्

छी श्रीमती अक्कासँगै बस्दै आएकी थिईन् । जेठी श्रीमती निःसन्तान थिइन् भन्ने कान्छीपट्टिबाट छोरीहरूमात्र थिए । जेठी श्रीमती मर्दापर्दा मात्र आउने गरेको कारण म पनि वहाँसँग परिचित थिईँन । तर वहाँको जेठी श्रीमती छ भन्ने वडावासी सबैलाई जानकारी छ ।

हिजो म अस्पतालमा हेर्न जाँदा वहाँकी ठूली छोरीसँग बिरामीको अवस्थाबारे जानकारी लिई म फर्केको थिएँ ।

---

➲ **झा**सँग मिलेर संस्कृत **सङ्गीतचन्द्र ग्रन्थ** नेपाल भाषामा अनुवाद गरेका थिए । त्यस्तै यो राजाले संस्कृतमा **सप्तताल गीत, गीत पंञ्चाशिका आशा सफुकुथि** ग्रन्थ बनाएका थिए । । कान्तिपुरका राजा **प्रताप मल्ल** कविता लेखनमा प्रभावशाली लेखक, विद्वान साहित्यकार थिए । र साहित्यका अतिरिक्त सङ्गीत र कलाका पनि मर्मज्ञ थिए ।

गीतले त्यतिवेला पूर्णता प्राप्त गर्छ, जतिवेला त्यसले सङ्गीतको सहारा पाउँछ । सङ्गीतको मिलन नभएसम्म गीत केवल कविता र श्लोकमा सीमित रहन्छ ।

जेष्ठ शुक्ल पूर्णिमालाई ज्याः पुन्हि वा पलाँति पुन्हि भनिन्छ । यस दिन राजा **श्रीनिवास मल्ल**द्वारा रचित ३२ गीत गाउने गरिन्छ । ती ३२ गीत मध्ये एक गीत राग मेघमल्हार अन्तर्गतको **'श्याम धनी'** नामक पानी पार्ने गीत हो । यस दिन मेघमल्हार गाएपछि वर्षा हुने जनविश्वास छ । विद्वानहरूको भनाइअनुसार सङ्गीतको प्रत्येक राग कुनै न कुनै रससँग सम्बद्ध हुन्छन् । जस्तैः– राग भीमपलासी वीर रस सँग तथा मालकौंसको सम्बन्ध शान्त रस सँग हुन्छ । बसन्त, मधुऋतुको आगमनमा उल्लास र उत्साहको सृष्टि हुन्छन् तथा मेघ र मल्हार राग वर्षा ऋतुको आगमनमा खुशी प्रकट गर्दछन् । भैरवीको माध्यमवाट भक्ति तथा प्रेमको भावना मिल्छ । राग तोडीको स्वरमा कलात्मक उच्चारणले करूणा रसको आभास हुन्छ । विरहको अभिव्यक्ति हुन्छ । प्रातः कालीन भैरव रागमा शान्त रस हुन्छ । जोगिया तथा सोहनी राग विकल गर्दछ । देश र सोरठ जस्तो रात्रिगाउने राग विरह तथा प्रेमको भाव पैदा गर्दछन्,भने राग दरबारीले गम्भीरताबाट व्यक्तिमा भावुकता पैदा गर्दछ । सङ्गीतको प्रत्येक स्वरमा एक भाव हुन्छ, अतः रस निष्पत्तिको लागि स्वर सटीक उच्चारण हुनुपर्छ ।

यस प्रकार मल्लकालका राजाहरू राजकीय शासन सञ्चालनमा मात्र सीमित नभई विभिन्न रचनात्मक तथा सिर्जनात्मक कार्यमा पनि लागेका थिए । मल्ल राजाहरूको साहित्यिक कृतिहरूमा देवी, देवता, धर्म, संस्कृति, सामाजिक जनजीवन आदिमा केन्द्रित भएको देखिन्छ ।

आईसियुभित्र गएर हेर्न नदिएपनि मैले बाहिरबाटै वहाँलाई हेरेर म फर्केको थिएँ । तर, आज विहानै ओछ्यानबाट उठ्न नपाउँदै मृत्युको समाचार सुन्ने वित्तिकै म निद्राबाट ब्युँझिहाले ।

हतपत म मुख धोएर कृष्ण अवाल अक्काको घरमा पुगें । मानिसहरू धेरै जम्मा भइसकेका थिए । मानिसहरू धेरै भएपनि बाहिर भित्र एकदम सन्नाटा थियो । म सिधै माथि गएँ । मसँगै कान्छी श्रीमती र सबै छोरीहरू मेरो पछाडि आउनुभयो । साथै टोलका अरू गन्यमान्य व्यक्तिहरू र दाजुभाइहरू पनि आउनुभयो । चोटामा पुगेपछि हामी सबै बस्यौं । कोही कसैसँग नबोलेको कारण मैले सन्नाटालाई चिर्दै कुरा सुरू गर्दै भनें, 'कतिखेर कृष्ण अक्का बित्नुभयो ?'

प्रतिउत्तरमा जेठी छोरीले भन्नुभयो, 'हिजो तपाईँ अस्पतालमा हेर्न आउनु भएको दुई घण्टापछि बुबालाई धेरै गाह्रो भयो । डाक्टरहरूले धेरै प्रयास गर्नुभयो । तर बचाउन सक्नु भएन । त्यसपछि बुबाको मृत्यु करिब राती एघार बजेतिर भयो । रात परेकोले हामीले लासलाई अस्पतालमा नै राख्यौं । अहिलेपनि लास अस्पतालमा नै छ । अब घाटमा कसरी काजक्रिया गर्ने र कसले आगो राख्ने विषयमा छलफल गर्न तपाईँलाई बोलाएका हौं । कसरी जाने हो ? त्यस विषयमा कुराकानी टुङ्गिएपछिमात्र लास अस्पतालबाट ल्याउने कुरा छ । अब कसरी जानु पर्ला ?'

मैले सबैका सामु प्रश्न राखें, 'अक्कालाई आगो राख्ने विषयमा परिवारका सदस्यहरूबीच केही छलफल या निर्णय भएको छ भने त्यही अनुसार गर्नुस् । परिवारका सदस्यहरूबीच सहमति छ भने हामीले बोल्न मिल्दैन । यो भनेको तपाईँहरूको पारिवारिक मामिला हो । छोरा नभएर के भो र ? श्रीमती तथा छोरीहरूले पनि आगो राख्न पाउँछ । समय धेरै फेरिसकेको छ । त्यसैले पारिवारिक सहमति भएमा जसले आगो राखे पनि हुन्छ ।'

मेरो कुरा सुनेपछि कृष्ण अवालकी श्रीमती राधिका मामाले भन्नुभयो, 'मेरो लोग्ने भएकोले र मैले सबै स्याहार सुसार गरेकोले गर्दा म आफैं आगो राख्छु र काजक्रिया पनि बस्छु र गर्छु भनेको छु । विवाह नभएको दुई छोरीहरू पनि आफूहरू छोराहरूकै हैसियत भएकोले आगो राख्छु र काजक्रिया गर्छु भन्छ । त्यसपछि जेठी छोरी पनि आफू पनि जेठी भएको नाताले विवाह भएर गएपनि आगो राख्छु भन्छ । यस विषयमा हाम्रो परिवारको बीचमा कुरा नमिलेरै तपाईँको अध्यक्षतामा टोलवासीको छलफल गर्नु परेको हो । अब तपाईँ वडाध्यक्षले नै आगो राख्ने र काजक्रिया राख्ने विषयमा निर्णय दिनुपर्‍यो ।'

पारिवारिक मतभेद भएको थाहा भएपछि मैले बैठकमा सहभागी सबैलाई पालैपालो बोल्नको लागि अनुरोध गरें । त्यसपछि वडाका गन्यमान्य एक सरले बोल्नु भयो, 'आगो राख्नलाई छोरा हुनै पर्छ भन्ने धारणा पुरानो भयो । श्रीमतीले पनि आगो राख्दा केही फरक पर्दैन । अविवाहित छोरीले र जेठी छोरीले आमा हुञ्जेल आगो नराख्दा वेस हुन्छ ।' त्यसपछि अर्को एक जना गन्यमान्य नातेदारले भन्नुभयो, 'श्रीमतीले सबभन्दा पहिले आगो राख्ने अधिकार राख्दछ । वहाँले राख्न मान्नु भएन भने अविवाहित छोरीले राखेपनि हुन्छ । त्यसपछि भाइले राख्दा पनि हुन्छ । भाइ नमाने भाइको छोरा बाँकी नै छ । वहाँले राखेपनि हुन्छ ।' कृष्ण अक्काको भाइको छोरा पनि बैठकमा हुनुहुन्थ्यो । वहाँले आफ्नो बुबाको विषयमा आफूले जिम्मा लिन नसकिने र आफू व्यस्त भएकोले आगो राख्न सहमत नभएको जानकारी दिनुभयो । त्यसपछि कृष्ण अक्काको भाइलाई सम्पर्क गर्दा वहाँले पनि दाइलाई आगो राख्न आफू तयार नभएको र काजक्रिया गर्न शरीर कमजोर भएको हुँदा आफ्नो जिउले गर्न नसक्ने जानकारी दिनुभयो । त्यसपछि एक जना अर्को नातेदारले भन्नुभयो, 'छोरा नभएको कारणले गर्दा श्रीमतीले आगो राख्दा राम्रो हो । तर कृष्ण अक्काको दुई श्रीमती भएकोले जेठी श्रीमतीलाई सबभन्दा पहिले औपचारिकरूपमा आगो राख्न र क्रिया बस्न अनुरोध गर्नुपर्ने हुन्छ । जेठी श्रीमती घरमा नियमित नबसेपनि मर्दापर्दा आइराख्नु भएकोले मर्यादाक्रमअनुसार वहाँलाई अनुरोध गर्नुपर्ने हुन्छ । वहाँलाई नभनी कान्छी श्रीमतीलाई आगो राख्न र क्रिया बस्न दिएमा घाटमा धेरै विवाद हुनसक्छ । त्यही भएर घाटमा रमिता हुनुभन्दा पहिला अहिल्यै विवाद समाधान गर्नु आवश्यक छ । त्यसकारणले वडाध्यक्षज्यूले जेठी श्रीमतीलाई मरेको औपचारिक जानकारी दिनुका साथै आगो राख्नु पर्ने विषयमा कुराकानी गर्दा राम्रो होला ।'

वहाँको कुरा सबैलाई मनासिव लागेपछि मैले परिवारका सदस्यहरूको अनुमति लिई जेठी श्रीमतीका नातेदारलाई फोन लगाएँ । जेठी श्रीमतीकी नातेदारले आफूहरूपनि यस विषयमा घरमा छलफल गर्दै रहेको र केही समयपछि त्यही घरमा आउने र निर्णय दिने जानकारी दिनुभयो । त्यसपछि हामी जेठी श्रीमती र वहाँको निर्णयको पर्खाइमा बस्यौं । आधा घण्टामा वहाँ पनि घरमा आउनुभयो । वहाँले कान्छी श्रीमतीले लोग्नेको देखरेख र औषधिउपचार गरेकोले उसैले काजक्रिया र आगो राख्दा आफ्नो मन्जुरी भएको जानकारी दिनुभयो । त्यसपछि बैठकले कान्छी श्रीमतीले आगो राख्ने र काजक्रिया बस्ने सहमति भयो । ततपश्चात अस्पतालबाट

लास ल्याउने र घाटमा लाने सहमति पनि भयो।

करिब एक घण्टापछि हामी सबै घाटमा पुग्यौं। लास पनि अस्पतालबाट ल्याइसकेको रहेछ। गुठीयारहरू बिस्तारै आउन थाले भने ईस्टमित्र र नातेदारहरू पनि बिस्तारै आउन थालेका थिए। एक जना साथी मकहाँ आएर बिस्तारै कानेखुसी गर्दै भन्नुभयो, 'श्रीमतीलाई कुनै पनि हालतमा आगो राख्न नदिने भनी भन्दै छन्, तपाईं गएर कुरा गर्नुस्।'

त्यस साथीको कुरा सुनेपछि मलाई झनक्क रिस उठ्यो। म गुठीयारहरूको नाइके खोज्दै पुगें। म आफै पनि त्यही गुठीयारको सदस्य हुँदा म राम्ररीनै गुठीयार र गुठीयारको नाइकेसँग परिचित थिएँ। म उनीहरूको सामुन्ने पुग्दासम्म पनि मलाई गाली गर्दै कुराकानी गर्दै भन्दै थिए, 'वडाध्यक्षले भनेर हुन्छ ? को हो वडाध्यक्ष हामी चिन्दैनौं। गुठीको कडा नियम हुन्छ। वडाध्यक्षको निर्देशन गुठीमा कहाँ चल्छ ? आईमाईले आगो राख्ने भनेको पनि हुन्छ र ? गुठीयारहरूले नै आगो राख्छ। नभए भाइ र भाइका छोराहरूले आगो राख्छ। उनीहरूले नमाने भतिजाहरू बाँकी नै छन्। जो कसैले पनि आगो राखिहाल्छ। श्रीमती र अविवाहित छोरीले कुनै पनि हालतमा आगो राख्न दिने काम हुँदैन। वडाध्यक्षले भनेर कहाँ हुन्छ ? वडाध्यक्षको क्षेत्राधिकारको कुरा यो होइन। यहाँ बोलाउनु वडाध्यक्षलाई। वडाध्यक्षलाई पनि बाँकी राख्नु हुँदैन। वडाध्यक्षलाई यस विषयमा बोल्ने अधिकार कसले दियो ?"

मेरै अगाडि मलाई नै गुठीयाहरूले गाली गर्दै थियो। एकछिन म चुपचाप सुनैरै बसें। मलाई रिस उठ्न थालिसकेको थियो। तर, पनि मैले रिसलाई नियन्त्रण गर्दै गुठीयारहरूलाई भनें, 'हेर्नुस्, समय धेरै परिवर्तन भइसक्यो। मानिसमा धेरै चेतना आइसकेको छ। विज्ञानले धेरै प्रगति गरिसकेको छ। गाउँघरमा लोग्ने मान्छेहरू धेरै विदेशमा भएर आईमाईले आगो राख्ने, लास बोक्ने र काजक्रिया गर्न थालिसके। हामी त राजधानीवासी हौं। यस्तो ठाउँमा बस्ने मानिसहरूले आईमाई भएकै नाताले आफ्नै श्रीमान्लाई आगो राख्न नहुने मान्यता भनेको समाजलाई फेरि पछाडि धेकेल्नु हो। हाम्रो कुलकै बेइज्जत हो। टोलकै बेइज्जत हो। छोरा नहुनेले संस्कार कसरी चलाउँछ ? छोरा र छोरी सबै बराबर हो। छोरा सरह छोरी र श्रीमतीले पनि व्यवहार गर्न सक्छ। यो संसारमा छोरा र छोरीमा केही फरक छैन। त्यसैले श्रीमतीलाई कुनै पनि हालतमा आगो राख्न दिनुपर्छ।'

गुठीयारको अगुवाले मलाई जवाफ फर्काउँदै भन्नुभयो, 'श्रीमतीले आगो राख्ने भए भोलि गुठीमा आउने को हो ? महिलालाई हामीले गुठीको सदस्य बनाएका छैनौं। उपयुक्त पनि हुँदैन। गुठीमा कृष्णाको खलकलाई नै गुठीबाट निकाला गर्नुपर्ने हुन्छ। त्यसैले वडाध्यक्षले यस विषयमा बोल्न मिल्दैन। यो तपाईँको वडाभन्दा बाहिरको कुरा हो। तपाईँ यस विषयमा चुप लागेर बस्नुस्।' एक जना गुठीयारले मलाई चुनौती दिएको थियो, मैले नि कडा जवाफ दिँदै भनें, 'वडाध्यक्षलाई कुनै पनि सामाजिक विषयमा बोल्ने अधिकार छ। त्यसमाथि बिहानै आगो कसले राख्ने भन्ने विषयमा निर्णय भइसकेको अवस्थामा परिवारको सहमति बेगर गुठीयारले मनपरि जसलाई पायो त्यसलाई आगो राख्न दिन पाइँदैन। आगो त कुनै पनि हालतमा श्रीमतीले राख्छ। आजकै दिनबाट नयाँ परिवर्तनको थालनी हुन्छ। समाजमा परिवर्तनको घोषणा आजैबाट सुरु हुन्छ। समाजमा एउटा नयाँ परिवर्तनमा उद्घोष आज हुनु पर्दछ। यसमा गुठीयारहरूले सहमति जनाउनु पर्दछ। सहमति नभएमा परिवार र टोलका मानिस मिलेर पशुपतिमा लगेर दाहासंस्कार गरिनेछ।'

मेरो कडा प्रतिकार सुनेपछि टोलवासीहरूपनि गुठीयारहरूसँग कराउन थाले। गुठीयारहरू पनि कुनै पनि हालतमा श्रीमतीलाई आगो राख्न नदिने भनी कराउन थाले। घाटमा एक किसिमले ठूलै विवाद सिर्जना हुन गयो। म पनि धेरै नै कराएँ। टोलवासी पनि कराए। गुठीयार पनि धेरै कराए। त्यसबीचमा मैले परिवारका सदस्यलाई मनाएर लास पशुपतिमा लान खोजें। शववाहनलाई फोन गरें। त्यसबीचमा गुठीयारका एक सदस्यले आईमाईलाई नै आगो राख्न गुठीका नाइके सहमत भएको जानकारी दिनुभयो। त्यसपछि विवाद समाधान भयो भनी हामी चुप लागेर बस्यौं। लासलाई विधि अनुसार अर्को पट्टि लगियो। तर यस बीचमा गुठीयाहरूले ठूलै षड्यन्त्र गरिसकेको रहेछ। यसको हेक्का मलाई अलिकति पनि भएन। म पनि त्यत्रो वर्ष वडाध्यक्ष भएर त्यत्ति पनि षड्यन्त्र गरेको चाल पाउन सकिँन। मानिसहरू कतिसम्म संवेदनाहीन र स्वार्थी हुन्छन्, अनि कति सम्म झूट बोल्छन भन्ने मैले अन्दाज नै गर्न सकिँन। सम्भवतः मलाई यस विषयमा ज्ञाननै छैन वा षड्यन्त्र होला भन्ने ज्ञान हुन सकेन। ब्रम्हनालमा राखिसकेपछि आगो राख्नको लागि श्रीमतीलाई नल्याई भतिजालाई मनाएर गुठीयारहरूले ल्याइसकेको रहेछ। जसको भेऊ मैले पाउनै सकिँन। त्यसपछि म निकै निरास भएँ। समाज परिवर्तन कहिले होला जस्तो लाग्यो। यो समाज पुरुष प्रधान भएसम्म महिला अधिकार र समानता कुरा गर्नु बेकार छ। त्यसको लागि शिक्षा नै अचुक उपाय हो जस्तो लाग्यो।

# बक्सिङ खेलाडी निता गोसाई

राजकुमार लघु

निता गोसाई बक्सिङका आशा लाग्दा खेलाडी र भक्तपुरका उदयमान महिला खेलाडी हुन् । उनको जन्म वि.सं. २०५३ भाद्र २३ भक्तपुर नगरपालिका वडा नं. ८ जेंलामा भएको थियो । उनको पिताका नाम रामकृष्ण गोसाई र माताको नाम तीर्थमाया गोसाई हुनुहुन्छ । निता गोसाइले तौलाछेँस्थित समाज सुधार माविबाट २०७० सालमा एसएलसी परीक्षा उत्तीर्ण गरिन् । उनले प्लस टु वागीश्वरी उमाविबाट व्यवस्थापन विषयमा गरिन् । उनी स्नातक तहको निम्ति भक्तपुर बहुमुखी क्याम्पसमा भर्ना भईन् ।

बक्सिङ खेलाडी निता गोसाईका बक्सिङ प्रशिक्षक कृष्णसुन्दर प्रजापति र केदार तुईतुई हुनुहुन्छ । उनको खेलमा लाग्ने प्रेरणाश्रोत कबड्डी खेलाडी राजेन्द्र प्रजापति हुन् । प्रशिक्षक केदार तुइतुईका अनुसार राजेन्द्र प्रजापतिले एक दिन बक्सिङ खेल प्रशिक्षणको लागि ८ जना महिला खेलाडीहरु कमलविनायक बक्सिङ प्रशिक्षण केन्द्रमा ल्याउनुभयो । ती मध्ये एक हुन् निता गोसाई । त्यसबेला निता का मित्रहरु उर्मिला लामा, सविना गोसाई, अनु बोहजूले बक्सिङ खेल प्रशिक्षण लिई राष्ट्रियस्तरको प्रतियोगितामा समेत खेलेको बताउनु हुन्छ ।



गोसाईले २०६९ साल वैशाखदेखि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कमलविनायक बक्सिङ प्रशिक्षणमा सहभागिता जनाए । उनको उद्देश्य खेलको माध्यमबाट आफ्नो ठाउँ र देशको नाम चिनाउने हो ।

निता सुरुमा कबड्डी खेल्थिन् । प्रत्येक खेलमा उनी लगाव राख्छिन् । जब निता बक्सिङ खेल्न आए तब प्रशिक्षक केदार तुईतुईले दुइटा डुङ्गामा पाइला नराख्न सल्लाह र अनुरोध गरे । त्यसपछि उनले कबड्डी खेललाई थाति राखी बक्सिङलाई छाने । बक्सिङ खेलको प्रशिक्षण र खेलकुद प्रतियोगितामा सहभागितालाई निरन्तरता दिँदै गइन् ।

गोसाई भन्छिन्, कबड्डी खेल ग्रुप खेल हो । यस खेलमा एउटा खेलाडीको सानो गल्तीले पनि खेलमा हार जित हुन्छ । बक्सिङ व्यक्तिगत खेल भएकोले छानेकी हो । तर, बक्सिङ खेल्न उनले आफ्नै घरमा सङ्घर्ष गर्नुपर्‍यो । उनी भन्छिन्, बक्सिङ नखेल्न घरबाट पटक पटक सल्लाह र दबाब भयो तर मनले मानेन । उनी थप्छिन्, घरमा मुख बिग्रिने खेल किन खेल्ने ? भनी सम्झाउँछन्, खेल प्रशिक्षणको लागि आउन खोज्दा कहिले जुत्ता हराउँछ त कहिले के । यो खेल्न नखेल्न दिदी बहिनीहरुले पनि ठूलो दबाब दिए उनी माथि । उनको बुबा पनि यो खेलमा गएकोमा खासै रुचाउनु हुन्न । आर्थिक अभावले एउटा Training shoes समेत किन्न गाह्रो थियो त्यसबेला ।

हाल बक्सिङ खेलाडी निता गोसाई विभागीय टोली एपीएफमा आवद्ध भई आफ्नो खेलस्तर विकास गर्दैछिन् । उनी विविध प्रतियोगितामा सहभागी भई पदक पनि जित्न सफल भइन् । निताले २०७० सालमा दाङमा सम्पन्न राखेपद्वारा आयोजित राष्ट्रिय युवा बक्सिङ प्रतियोगितामा पहिलो पटक सहभागी भएर तेश्रो भई काश्य पदक कब्जा गर्न सफल भइन् । उनले भक्तपुर नपा टीमबाट २०६९ देखि २०७४ सालसम्म खेलेकी थिए ।

त्यस्तै गोसाइले पोखरामा सम्पन्न नवौँ राष्ट्रिय बक्सिङ प्रतियोगितामा ५४ केजीतर्फ दोश्रो भएर रजत पदक जित्न सफल भइन् । उनले दशरथ रंगशालामा आयोजित कोरियामा हुने एसियन खेलको छनौट प्रतियोगिता पनि खेलिन् । उनले चीनको ग्वाङजाउमा हुने एसियन छनौट पनि खेलेकी थिइन् । प्रत्येक वर्ष निरन्तर आयोजित प्रकाश दाहाल स्मृति राष्ट्रिय बक्सिङ प्रतियोगितामा पहिलो पटकको सहभागितामा तेश्रो, दोश्रो पटक तेश्रो र तेश्रो पटकको प्रतियोगितामा दोश्रो भएर निरन्तर सफलताको सिँढी चढदै आएकी छिन् ।

## निता गोसाईको केही खेल तालिका

1. Memorial late prakash dahal Ist national men and women boxing championship 2075, 54 kg **3rd position**
2. Memorial late prakash dahal 2nd national men and women boxing championship 2078 54 kg **3rd position**
३. भक्तपुर नपाबाट **उत्कृष्ट बक्सिङ खेलाडी** सम्मान २०७३
4. 3rd national men and women boxing championship-2080, 54 kg **2nd position**
5. National boxing youth championship-2073, 48 kg **2nd position**
६. राष्ट्रिय बक्सिङ च्याम्पियनशीप २०७४ राखेपद्वारा आयोजित ५४ केजी तौलमा **दोश्रो स्थान**
७. नवौं राष्ट्रिय बक्सिङ प्रतियोगिता २०७९ राखेपद्वारा आयोजित ५४ केजी तौलमा **दोश्रो स्थान**

निता गोसाईले बागमती प्रदेशबाट प्रतिनिधित्व गरी २०७४ सालमा इटहरीमा सम्पन्न क्षेत्रीय प्रतियोगितामा पनि सहभागिता जनाइन् र दोश्रोस्थान प्राप्त गरी रजत पदक जित्न सफल भइन्। उनले २०७५ सालमा झापामा सम्पन्न राष्ट्रव्यापी बक्सिङ प्रतियोगितामा दोश्रोस्थान प्राप्त गर्न सफल भइन् ।

बक्सिङ खेलबारे निता भन्छिन्, बक्सिङ खेल नर्मल मान्छेले खेल्दैन, हिम्मतवालाले मात्र खेल्छ। बक्सिङ खेल्न जोश जाँगर दरो मुटु चाहिन्छ। वास्तवमा प्रत्येक मान्छे निडर बन्न र स्वस्थ्य रहन बक्सिङ खेल खेल्नु अति आवश्यक छ ।

भावि योजना के छ ? भन्ने प्रश्नमा निता भन्छिन्, मैले एउटा अन्तराष्ट्रिय प्रतियोगिता खेल्ने सोच बनाएको छु। सके आफ्नै लगानी गरेर, नभए भक्तपुर नगरपालिकाबाट खेल्ने खेलाडीहरुको हौसला दिन , सहयोग गर्न र आफूले सिकेको खेल कौशल सिकाउन सदैव तत्पर छु। बक्सिङमा लेडिज कोच पनि चाहिन्छ। लेडिज कोच नभएर खेल प्रशिक्षण तथा प्रतियोगिताको दौरानमा सबै कुरा खुलेर भन्न सकिन्न।

बक्सिङ खेलका समस्याहरुबारे निता भन्छिन्, काठमाडौँमा बक्सिङ खेल्न ए टु जेड किन्नुपर्छ। समय समयमा पैसा तिरेन भने खेल खेलाउँदैन, प्रशिक्षणमा राख्दैन। तर, भक्तपुर नगरपालिकाद्वारा सञ्चालित प्रशिक्षण केन्द्रमा श्रोत साधन उल्लेख्य मात्रामा छ। मासिक रु ५०।- मा खेल्न पाउँछ। समय परिस्थितिनुसार प्रशिक्षकहरुको पारिश्रमिक वृद्धि गर्दा प्रशिक्षणको स्तर पनि वृद्धि हुन्छ।




खेलको दौरानका अविस्मरणीय क्षणबारे प्रश्न गर्दा बक्सिङ खेलाडी निता गोसाई भन्छिन्, बक्सिङ नखेल्न घरको निरन्तरको दबाब थियो । एकदिन सहकारीको मार्केटिङ गर्दै थिएँ। बाटोमा बक्सिङ प्रशिक्षक केदार गुरुसँग भेट भयो। उहाँले प्रतियोगिता आउँदैछ खेल्ने हो कि ? भनी सोध्नुभयो। खेल्ने भए विचार गर भन्नुभयो। ३/४ महिना ट्रेनिङ नगरी बसेको, घरमा गएर विचार गरेँ मन मनै खेलेर पदक जित्ने निधो गरेँ। जम्मा ३/४ दिन प्रशिक्षण गरेँ। गुरुहरुले नखेलाउने कि भन्ने प्रश्न पनि गर्नु भएको थियो। तर, प्रतियोगिता खेल्ने जास जाँगरको कारण खेल खेलाउने निधो भयो। त्यसपछि सातदोबाटोमा २०७३ सालमा आयोजित राष्ट्रव्यापी महिला बक्सिङ प्रतियोगिता खेल्ने अवसर मिल्यो। प्रतियोगितामा प्रशिक्षकहरुको मार्गनिर्देशन र हौसलाले विपक्षीलाई पराजित गरी तेश्रोस्थान प्राप्त गरेँ। त्यही खेल र काश्य पदक जितेको क्षण खेल जीवनको अविस्मरणीय क्षण हो।

भक्तपुर नगरपालिका टीम छोडेर विभागीय टोली एपीएफ जानुको जिज्ञासामा निता गोसाई भन्छिन्, बक्सिङ खेल छोड्न नसक्ने खेल हो। घरमा बस्दा बक्सिङ खेललाई निरन्तरता दिन नसक्ने। विभागीए टोली एपीएफमा जागिर पनि पाउने र खेल्न पनि पाउने भएर सहभागी भएकी हुँ। तै पनि विदाको समयमा र फुर्सदको क्षणमा भक्तपुर नगरपालिकाको प्रशिक्षणस्थलमा गएर खेल्ने तथा विभागीए टीममा सिकेका कुराहरु सिकाउन आउने गरेको बताइन्।

नयाँ खेलाडीहरुलाई सल्लाह सुझाव के छ भन्ने प्रश्नमा बक्सिङ खेलाडी निता भन्छिन्, ट्रेनिङ्ग राम्रो गर्नुपर्छ। डाइट मिलाएर खानुपर्छ स्टायमिना बढाउनुपर्छ। अनुशासनबिना कुनै पनि प्रतियोगिता खेल्न सकिँदैन। खेलमा मात्र होइन हरेक खेलमा अनुशासन चाहिन्छ।

# चीनलाई घेरा हाल्दै नाटो



रेब गोउल्यान्ड




केही वर्षपहिले कम्युनिस्ट मजदुर पार्टीहरूको अन्तर्राष्ट्रिय सम्मेलनको समयमा मलाई दुईजना मानिसहरूले युरोपको एक किनारामा रहेको एक देशमा लगे। मैले जब ती दुईजनालाई संरा अमेरिकी साम्राज्यवादले चीनलाई घेराबन्दी गर्न खोज्दै छ भनें, तब ती दुवैजनाले मेरो कुरालाई खण्डन गरे। मेरो कुरा तत्कालीन सोभियत सङ्घको आरोपजस्तै लागेको तिनीहरूले गुनासो गरे। 'अमेरिकाले चीनसँग युद्ध गर्नुभन्दा साझेदारीमा व्यापार-व्यवसाय गर्छ' भन्ने तिनीहरूको धारणा थियो।

ती दुईको त्यस्तो कुराले एकछिन म छक्क परें। गोर्वाचोभले साम्राज्यवादको पक्ष लिएर तत्कालीन सोभियत सङ्घ तथा पूर्वीय युरोपमा समाजवाद पतन गराउनको लागि यस्तै प्रकारका भ्रामक कुराहरू फैलाएका थिए। तर, अहिले आफूलाई सच्चा 'मार्क्सवादी' (यथार्थमा मार्क्सवादी-लेनिनवादी होइनन्) घोषणा गरेको पार्टीले नै आफ्ना कार्यकर्ताहरूलाई गोर्वाचोभका जस्ता भ्रामक कुराहरू गर्न सिकाइरहेका छन्।

साम्राज्यवादी देशहरूले कुनै पनि मुलुकसँग युद्ध गर्नभन्दा व्यापार गर्न खोज्छ भन्ने धारणाले पुँजीवादी आर्थिक नियमहरूको आधारभूत नियमसँग मेल खाँदैन। व्यापार-व्यवसायले पुँजीवादी शक्तिहरूलाई उक्त देशको अर्थतन्त्रमा अलिकति साझेदारीता प्रदान गर्छ। तर, पुँजीवादी (पुँजीवाद आफ्नो साम्राज्यवादी अवस्थामा) शक्तिहरूको सानो भागमा मात्र चित्त बुझाएर बस्दैन। तिनीहरू त सारा भाग आफ्नो पार्न चाहन्छन्। के पुँजीवाद यस्तै लोभी होइन ?

उक्त धारणाले पुँजीवादमा युद्ध र युद्धको तयारीले नाफायुक्त भूमिकालाई पनि अस्वीकार गर्छ। यदि संरा अमेरिकी सैन्य औद्योगिक प्रतिष्ठानहरू बन्द गरिएमा बाँकी संरा अमेरिकी अर्थतन्त्र अझ राम्ररी सञ्चालन हुन सक्छ। साथै सम्पूर्ण अमेरिकी जनतालाई त्यसले प्रत्यक्ष फाइदा दिन सक्छ। तर, हामीलाई थाहा छ, सैन्य औद्योगिक प्रतिष्ठानहरू यति चाँडै बन्द हुने छैनन्।

विश्वका अन्य साम्राज्यवादी देशहरूमा जस्तै संरा अमेरिकामा पनि त्यहाँका कम्पनी वा पुँजीवादी प्रतिष्ठानहरूले आफ्नो पुँजीको आधारमा त्यहाँको सरकारलाई अधीनमा राख्छन्। त्यसैले त्यस्ता पुँजीवादी प्रतिष्ठानहरूले सबै भाग आफ्नो बनाउनका लागि हाल सक्दो भित्रभित्र जालझेल र षड्यन्त्र गर्दै गरेका हुन्छन्। शान्ति र मित्रताको कुरा गर्दा तिनीहरूले जनतालाई निराशा दिन र बेफाइदा पुऱ्याउन खोज्दै छन् भनी हामीले बुझ्नुपर्छ। समाजवादको पतन भएपछि तत्कालीन सोभियत सङ्घ तथा पूर्वी युरोपेली देशहरूमा छाएको भद्रगोल र कष्टबाट पनि यो कुराको पुष्टि हुन्छ।

पश्चिमाहरूले गोर्वाचोभलाई 'महान् राजनेता' को संज्ञा दिएका थिए। तर, रुसी जनताले उक्त संज्ञालाई निन्दा र गिल्ला गरेका छन्। पश्चिमा सञ्चारमाध्यमहरूले समेत उनलाई कहिलेकाहीं मात्रै उक्त संज्ञाका साथ प्रकाशित गर्थे। तर, गोर्वाचोभले सदैव आफूलाई 'महान् राजनेता' नै सम्झे। गोर्वाचोभलाई हरेक षड्यन्त्रमा साथ दिने उनका सहयोगी शेभार्डनाड्जे (Shevarndnadza) राष्ट्रपति बन्नका लागि आफ्नै देश जर्जिया गएका थिए। तर, उनी राष्ट्रपतीय निर्वाचनमा हारे तथा पछि महत्त्वहीन भए।

पहिले समाजवादबाट 'मुक्त गर्न' चाहने ती देशहरूका मानिसहरू नै अहिले आएर सार्वजनिक सम्पत्ति लुट्न चाहने उद्योगी-व्यवसायीहरूविरुद्ध डटेर सामना गर्न तयार छन्। अहिले त्यस्ता उद्यमी र व्यापारीहरू आफ्नै स्वार्थपूर्ति गर्न लागिपरेका छन् तथा लुटाहा अन्तर्राष्ट्रिय पुँजीवाद त्यहाँको सम्पूर्ण कम्पनी तथा उद्योगधन्दाहरू लुट्न खोज्दै छन्। तिनीहरू समाजवादको ५० वर्षसम्मको आधार र उपलब्धिलाई

आफ्नो स्वार्थ पूरा गर्न उपयोग गर्न चाहन्छन् । यसप्रकारको लुट र नवउपनिवेशको प्रक्रिया बिस्तारै चलिरहेको समयमा साम्राज्यवादीहरू लामो दीर्घकालीन सैन्य लक्ष्य अगाडि बढाउन व्यस्त छन् । गत महिना बेलायती प्रधानमन्त्री डेभिड क्यामरुन ले जापानसँग 'पहिले कहिल्यै नगरिएको' हतियारसम्बन्धी गोप्य सम्झौता गरेका छन् । उक्त सम्झौता निश्चय नै चीनलाई 'धम्क्याउनको लागि' गरिएको हो । यो त धेरै पहिलेदेखि नै चल्दै आएको बेलायत–संरा अमेरिकाको कूटनीति हो ।

जापानपछि बेलायती प्रधानमन्त्री क्यामरुन इन्डोनेसिया पुगे । उनले इन्डोनेसियालाई (नचिनेको झैँ) कान्तिमय 'विश्वकै एक महान् प्रजातन्त्र' भएको देशको रूपमा वर्णन गरे । उनी त्यहाँ पनि हतियार बिक्री गर्नका लागि नै पुगेका थिए । १० वर्षअगाडि बेलायतको श्रमिक सरकारले आफूहरूले बिक्री गरेको हवाई–विमान तथा हतियारहरू इन्डोनेसियाले पूर्वी टिमोरमा विध्वंस मच्चाउन प्रयोग गरेको थाहा पाएपछि इन्डोनेसियामा हतियार बिक्री गर्न बन्द गरिएको थियो । तर, रुढीवादी टोरी सरकारका नेता क्यामरुनले चीनविरुद्ध इन्डोनेसियालाई प्रयोग गर्न खोजे ।

उनको यस्ता कार्यहरूले 'उक्त क्षेत्र रणनीतिकरूपमा अमेरिकाको निम्ति निकै महत्त्वपूर्ण छ' भन्ने अमेरिकी राष्ट्रपति बाराक ओबामाको भनाइलाई पुष्टि गरे र 'एसिया–प्रशान्त क्षेत्रमा राम्ररी नेतृत्वकारी भूमिका खेल्न हामी सक्षम हुने निश्चित गर्न' ओबामाको घमण्डलाई पनि क्यामरुनको यस्ता कार्यहरूले पुष्टि गरे ।

आफ्नै देशको अर्थतन्त्र धुजाधुजा भइरहेको र विश्वभरि आफ्नो देशको सेना परिचालन गर्ने संरा अमेरिकाले आफूले 'नेतृत्वदायी भूमिका' खेल्ने गरेको छु भन्ने भनाइ अहिले भ्रम जस्तो हुन पुगेको छ । यसैगरी, अस्ट्रेलियाको गिलार्ड सरकारले पनि संरा अमेरिकाको गाईजात्रामा भाग लिँदै छ । अस्ट्रेलियाले आफ्नो देशको उत्तरमा २,५०० संरा अमेरिकी सैन्य समूह र तिनीहरूलाई आवश्यक हातहतियार तैनाथ गर्ने भनी हस्ताक्षर गरेको छ ।

हामीलाई कसैले पनि धम्क्याएको छैन । तर, तिनीहरू हामीलाई सुरक्षा दिने नाममा चीनलाई घेराबन्दी गर्न खोज्दै छन् र हाम्रो मुख्य व्यापारिक साझेदार देशलाई हाम्रो शत्रु बनाउन खोज्दै छ । कस्तो विडम्बना ?

हाल संरा अमेरिका दक्षिण कोरियामा नयाँ सैन्य शिविर निर्माण गर्ने प्रक्रियामा जुटेको छ । संरा अमेरिकी भनाइमा त्यसले कोरियाली प्रायः द्वीपमा तनाव कम गर्नेछ । के यो सत्य हो ? साथै सिङ्गापुरमा चारओटा युद्धक जहाजहरू तैनाथ गर्ने तथा फिलिपिन्समा अझ बढी संरा अमेरिकी सेना तैनाथ गर्ने योजना संरा अमेरिकाले बनाएको छ ।

रुसको युरोपेली सिमानाहरूमा संरा अमेरिकाले नयाँ प्रकारका क्षेप्यास्त्रहरू तैनाथ गरेका छन् र यसैबाट अमेरिकाले केन्द्रीय एसियासम्म आफ्नो प्रभाव विस्तार गर्न खोज्दै छ । संरा अमेरिकाको यसप्रकारका कार्यहरूबाट रुस र चीनलाई घेराबन्दीमा पारेको राम्ररी देखिन थालेको छ । यो तर्क कुनै लोकाचार वा मनोरोगको कारण आएको होइन, यो त खाली साधारण स्वतः सिद्ध सत्यमा आधारित भनाइ हो ।

संरा अमेरिकाको त्यसप्रकारको कार्यलाई अन्यथा सम्झनु साँचो कुरालाई बेवास्ता गर्नु जस्तै हो । हाल संरा अमेरिकाको अर्थतन्त्र निकै कमजोर हुँदै छ । अति उत्पादनबाट निम्तिएको त्यस्तो गम्भीर सङ्कटलाई भद्रगोल पुँजीवादी अर्थतन्त्रले युद्धबाट हल गर्नेछ । तर, संरा अमेरिकाको परिस्थिति निकै गम्भीर बनेको छ । पश्चिमी युरोपका साम्राज्यवादी देशहरू विशेषगरी फ्रान्स र जर्मनी एसिया र उत्तर अफ्रिकामा भइरहेका नाटोका सैनिक अभियानहरूमा निकै उत्सुकतापूर्वक सहभागी भइरहेका छन् ।

यसप्रकारको सैन्यीकरण र युद्धउन्माद बढिरहेको परिस्थितिमा विश्वका जनता स्थिरता र नयाँ राम्रो व्यवहारको अपेक्षा राख्दै छन् । हाल जनताको यसप्रकारको अपेक्षा धेरै किसिमबाट प्रदर्शित भइरहेका छन् । संरा अमेरिकामा भएको संरा अमेरिकी अर्थतन्त्रको केन्द्र वाल स्ट्रीट कब्जा आन्दोलनले ठूलठूला बैङ्कहरू तथा वाल स्ट्रीटलाई लक्षित गऱ्यो । युरोपमा चलेको आन्दोलन विशेषगरी ग्रीसमा भएको आन्दोलनबाट त्यहाँका जनताले युरोपेली बैङ्कपतिहरूद्वारा त्यहाको सङ्कट समाधानको निम्ति दिएको समाधानका प्रस्तावहरू मान्न अस्वीकार गरे । ती बैङ्कपतिहरूले ग्रीसमा पेन्सनको कटौती, स्वास्थ्य सेवा तथा तलबमा कटौती गरी त्यहाँका जनतालाई आर्थिकरूपमा गम्भीर प्रहार गर्दै छन् । यसका साथै जनताले अब पुँजीवादी व्यवस्थाबाट बरोबर आइरहने आर्थिक सङ्कटको समाधान गर्न सक्दैन भन्ने पनि बुझ्दै छन् ।

पुँजीवादका शक्तिशाली प्रवर्तकहरू तथा ठूला साम्राज्यवादीहरूले पनि जनताको त्यस्तो आकाङ्क्षाहरू बुझ्न थालेका छन् । त्यसकारण, तिनीहरू जनतालाई साथ दिई युद्ध गर्न तयारी गर्दै छन् । अब पहिलेजस्तै तिनीहरूलाई रोक्नका लागि जनता आफै अग्रसर हनुपर्छ ।

('गार्जियन' अस्ट्रेलियाली कम्युनिस्ट साप्ताहिक, Nato moves to surround China-Rob Gowland, The New Worker, 1st June, 2012)

# अमेरिकाले कोरियाली युद्धबाट पाठ सिक्न सकेन भने उसले पीडा भोग्नुपर्नेछ



यस वर्षको २७ जुलाई १९२३ मा तीन वर्ष लामो कोरिया युद्धको युद्धविराम सम्झौतामा हस्ताक्षर भएको ७० औँ वर्षगाँठ हो । यस स्मरणीय दिन आउनु केही दिनअघि, अमेरिकी आणविक ब्यालिस्टिक मिसाइलयुक्त पनडुब्बीले दक्षिण कोरियाको बुसान, १९८३ पछिको पहिलो भ्रमण गरेको थियो । केही अमेरिकी संसद् सदस्यहरूले यो कदम उत्तर कोरियाको लागि चेतावनी मात्र होइन बरु यसको ध्येय चीनको विरुद्धमा अवरोध पनि भएको दाबी गरे ।

संरा अमेरिकाले ७० वर्षअघि कोरिया युद्धमा सिकेका पाठहरूलाई गम्भीरतापूर्वक याद नराखेको देखिन्छ बरु त्यसबेला गरेका गल्तीहरू दोहोऱ्याइरहेको देखिन्छ । कोरियाली युद्ध युद्धविरामको ७० औँ वार्षिकोत्सवको अवसरमा कोरिया युद्धका पाठहरूको व्यावहारिक महत्त्व र त्यस युद्धले सिकाएर गएको पाठहरूको समीक्षा गर्न अत्यन्त जरुरी छ ।

कोरियाली युद्ध दोस्रो विश्वयुद्धपछिको सबैभन्दा गहिरो क्षेत्रीय द्वन्द्व थियो र यसलाई **'अमेरिकी सेनाको इतिहासमा सबैभन्दा ठूलो हार'** मानिन्छ । यद्यपि, विडम्बनाको कुरा के छ भने, त्यो 'सबैभन्दा ठूलो हार' जसलाई 'दुःस्वप्न' भनिएको थियो, अहिले भने वासिङ्टनले त्यसलाई जानाजानी बेवास्ता गरेको छ र वासिङ्टनमा कोरिया युद्ध **'बिर्सिएको युद्ध'** बनेको छ ।

अमेरिकी शासकहरूको यही लापरबाही र बिर्सने प्रवृत्तिले अमेरिकी जनताले नयाँ नयाँ सङ्कटको सामना गर्न परिरहेका छन् । विगतबाट पाठ सिक्ने चेतनाबिना नै अघि बढ्दा त्यसले उनीहरूलाई विगतका गल्तीहरू दोहोऱ्याउने जोखिममा पारेको छ । त्यसभन्दा पनि अझ गम्भीर, नराम्रो र खतरनाक कुरा के हो भने, केही अमेरिकी राजनीतिक सम्भ्रान्तहरूले कोरियाली युद्धबाट पूर्णतया गलत पाठ सिकेका छन् र त्यसैको आधारमा आज अमेरिकाको विदेश नीतिलाई गलत दिशामा लैजान, आफ्नो देशलाई सक्रियरूपमा युद्धको निम्ति उक्साउन र सङ्कटलाई बढाउनको लागि नेतृत्व गरिरहेका छन् ।

जुलाई २६ का दिन अमेरिकी पत्रिका 'फरेन अफेयर्स'ले अमेरिका र चिनियाँ कम्युनिस्ट पार्टीबीचको रणनीतिक प्रतिस्पर्धासम्बन्धी संसदीय समितिका अध्यक्ष माइक ग्यालाघरले लेखेको लेख 'कोरिया युद्ध : अमेरिकाले किन बिर्सन्छ र चीनले सधैँ किन सम्झन्छ ?' शीर्षकमा प्रकाशित भएको थियो । यी वासिङ्टन राजनीतिज्ञ ग्यालाघर आफ्नो लगातार चीनविरोधी अडानका लागि परिचित छन् र उक्त लेखमा उनले कोरियाली युद्धले अमेरिकालाई सिकाएका तीन 'पाठहरू' को सार खिचेका छन् ।

ग्यालाघरका अनुसार **पहिलो पाठ** हो– 'वासिङ्टनले प्रतिरोध र तत्परतालाई बेवास्ता गर्नुहुँदैन र युद्ध गर्न र सैन्य क्षमताहरू बढाउन सधैँ तयार हुनुपर्छ । उनले सिधैं उल्लेख गरेका छन् कि अमेरिकाले ताइवानमा पर्याप्त सैन्य लगानी गर्न असफल भएको छ ।' उनको **दोस्रो पाठ** हो– 'राजनीति र लडाइँ गहिरोरूपमा अन्तर सम्बन्धित छन् ।' **तेस्रो पाठ** हो – 'एक पटक लडाइँ सुरु भएपछि, अत्यधिक आत्म-संयमले थप आक्रामकता निम्त्याउन सक्छ ।'

यी तीन 'पाठहरू' सबै चीनमाथि लक्षित छन् । विशेषगरी, ताइवान प्रश्नलाई उल्लेख गर्दै उनको धारणालाई तत्कालीन अमेरिकी जनरल डगलस म्याकआर्थरको अहङ्कार र पागलपनसँग तुलना गर्न सकिन्छ । ७० वर्षअघिको कोरियाली युद्ध र आजको ताइवान प्रश्नको बारेमा धेरैजसो अमेरिकीहरूसँग ज्ञान र विवेकको कमी हुँदा उनीहरूलाई केही चर्का र कट्टरपन्थी आवाजहरूले सजिलै बहकाउन सक्छन् । त्यसको परिणामस्वरूप अमेरिकी कूटनीतिमा सुनाइको प्रभाव बढी हुने गर्छ । संरा अमेरिका एक महाशक्ति भएकोले यसले गरेका गल्तीहरूले प्रायः कडाखाले अप्रत्यक्ष असरहरू निम्त्याउँछन् । ती असरले त्यस देशलाई मात्र हानि गर्दैन तर यस क्षेत्र र सम्पूर्ण विश्वको बोझ पनि बढाउने गर्छ ।

वास्तवमा संरा अमेरिकाले कोरियाली युद्धबाट अमूल्य

पाठ सिक्नसक्छ र सिक्नुपर्छ। **पहिलो** हो – क्षेत्रीय प्रमुख शक्तिहरूको वैध सुरक्षा सरोकारको सम्मान गर्नु। **दोस्रो** हो –अन्य देशको मामिलामा हस्तक्षेप गर्ने आवेग र महत्त्वाकाङ्क्षालाई त्याग्नु। **तेस्रो** हो– संरा अमेरिकाले आफ्नो मातृभूमिको रक्षा गर्ने प्रजग कोरिया र चीनको दृढ सङ्कल्प र क्षमतालाई कहिल्यै कम आकलन गर्नुहुँदैन। यी तीन पाठहरूलाई बेवास्ता गर्नु वर्तमान अमेरिकी आधिपत्यवादको प्रमुख विशेषता बनेको छ। कोरियाली युद्धबाट संरा अमेरिकाले पनि पीडादायी मूल्य चुकाउनु परेको थियो। तर, अमेरिकाले यसबाट पाठ सिक्न सकेन भने भविष्यमा अझ ठूलो गल्ती गर्नेछ।

कोरियाली युद्धको समयमा चीनले अमेरिकी आक्रामकताको प्रतिरोध गर्ने र उत्तर कोरियालाई सहयोग गर्ने निर्णय गर्नुअघि यसले बारम्बार कडा चेतावनी पठाएको थियो कि यदि अमेरिकी सेनाले ३८ औँ समानान्तर पार गरे चीन निष्क्रिय बस्दैन। तर, चीनले धम्की मात्र दिइरहन्छ र कारबाही गर्दैन भन्ने सोचेर अमेरिकी शासकहरूले त्यसलाई गम्भीरतापूर्वक लिएनन्। नतिजाको रूपमा, तिनीहरूले युद्धको मैदानमा चिनियाँ जन स्वयंसेवक रक्षकको सामना गर्नुपर्दा अमेरिकी सेनामा ठूलो हताहति र ठूलो सङ्ख्यामा युद्धबन्दीसमेत बन्नुपरेको थियो।

आज वासिङ्टनमा चीनप्रति यस्तै ठूलो गलत धारणा बनिरहेको छ। अहिलेको युग र कोरियाली युद्धको युगमा सबैभन्दा ठूलो भिन्नता भनेको चीनको शक्ति निकै वृद्धि भइसकेको छ। चीनको सुरक्षा चासो र राष्ट्रिय सार्वभौमसत्ताको उल्लङ्घन गर्ने कदमको परिणाम निस्सन्देह धेरै गम्भीर हुनेछ।

त्यसबेला, जब जनरल म्याकआर्थरले चिनियाँ मुख्यभूमिमा युद्ध ल्याउने धम्की दिए, तत्कालीन संयुक्त चिफ अफ स्टाफका अध्यक्ष ओमार ब्राडलीले भने, 'चीनसितको व्यापक युद्धले अमेरिकालाई गलत शत्रुसँग गलत युद्धमा, गलत ठाउँमा, गलत समयमा समाहित गर्नेछ।' इतिहासको विडम्बना ! कोरियाली युद्ध युद्धविरामको ७० वर्षपछि संरा अमेरिका फेरि त्यस्तै भयानक गल्ती गर्ने खतरनाक स्थितिमा पुगेको छ। यद्यपि, यो स्पष्ट हुनुपर्छ कि यदि यसपटक अर्को रणनीतिक गलत निर्णय संरा अमेरिकाबाट भयो भने त्यसले चुकाउनुपर्ने मूल्य पक्कै पनि ७० वर्ष पहिलेको भन्दा धेरै गुणा बढी हुनेछ।

(ग्लोबल टाइम्सको सम्पादकीय, 'मजदुर' दैनिकबाट)

## थाहा पाउनुहोस्

- नेपाली साहित्यमा प्रथम शोक काव्यकार हितप्रसाद उपाध्यायलाई मानिन्छ ।
- संसारमा सबैभन्दा धेरै मानिसलाई रोजगारी दिने संस्था भारतीय रेल्वे हो। जुन संस्थामा १० लाख मानिस काम गर्छन् ।
- दरबारको सिँढीबाट चिप्लिएर मृत्यु हुने मुगल बादशाह हुमायु हुन् ।
- सन् १८९३ मा महिलालाई मताधिकार दिइने पहिलो राष्ट्र न्युजील्याण्ड हो ।

*सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

## चीनका प्राचीन नीतिकथा

### ck;sg

एक जना मानिसको घरको आँगनमा सुकेको रुख थियो। उसको छिमेकीले आँगनमा सुकेको रुख राख्दा अपसकुन हुन्छ भनेर त्यो रुख काट्न लगायो। उसले छिमेकको कुरा मानेर रुख काट्यो।

रुख काटेको देखेर त्यही छिमेकीले दाउरा माग्यो। छिमेकीको नियत देखेर ऊ झोक्कियो– 'असल छिमेकीको यही हो चाला ?'

अनुवादः विनय कसजु



## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

### पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।– नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।– नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शल्क रु. १५००।– को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।– (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# नवयुवकसँग अपिल

## 'प्रिन्स' क्रोपाट्किन



## महत्त्वाकाङ्क्षी नेता

यो सही हो कि बेला-बेलामा फौजी ढङ्ग र मोर्चाको सपना देखेर, सनसनी फैलाउने दृष्य र घटनाको खोजीमा रहेका युवाहरू देखापर्दछन्; तर जब उसले मोर्चाको मार्ग धेरै लामो र बाटोमा आशा गरे झैँ फूलका साथै तीखा काँडा पनि देख्छन् तब जनताको हित गर्ने कुरा बिर्सिदिन्छन्। अधिकांश यस्तो चरित्र महत्त्वाकाङ्क्षी र आवारा व्यक्तिमा पाइन्छ। यस्ता व्यक्ति आफ्नो पहिलो प्रयासमा नै सफल भएर जनसमूहको सहानुभूति प्राप्त गर्न चाहन्छन्। तर यस्ता व्यक्तिले प्रचार गरेको सिद्धान्तलाई जनसमूहले व्यवहारमा ल्याउने कोसिस गर्दा ती व्यक्ति कट्टर विरोधी बनिदिन्छ। यदि श्रमजीवीले त्यस्ता व्यक्तिको आज्ञाबिना अगाडि बढ्ने चेष्टा गऱ्यो भने ती 'नेता' अगाडि बढ्नेहरूलाई तोपको निशाना बनाउन पनि हिच्किचाउँदैनन्।

यतिमात्र होइन, कति व्यक्ति त आफ्नो मूर्खताको कारण जनसमूहलाई अपमान गर्नमा अभिमान र गर्व गर्छन् र मानिसहरूलाई गाली गलौज गरी आफ्नो कायरताको परिचय दिन्छन्। जनताको विकासका शक्तिशाली आन्दोलनमा 'ढुलमूल स्थिति' का शिक्षित युवाहरू यस्तै सहायता गर्छन्!

यति भएपनि सोध्छौ कि 'हामीले के गर्ने' के तिमी यत्तिका काम गर्नुपर्ने देख्दैनौ र ?

जनसमूहले जुन महत्त्वपूर्ण कार्य उठाएका छन् त्यो यति विशाल छ कि त्यस्मा हजारौँ लाखौँ युवाहरू समेटिन सक्छ। त्यस कार्यमा युवाहरूको आफ्नो समस्त युवा शक्ति र बुद्धि एवं योग्यतालाई कार्यरूप दिएर सर्वसाधारणको सहायता गर्न चाहेजति मौका पाउन सक्छन्।

*(नवयुवकहरूसँग दुई कुराबाट) अनु. : श्रेष्ठ)*

# प्रेरणीय

## लच्छिन या अलच्छिन ?


एउटा सहरमा एक व्यक्तिबारे एउटा हल्ला निकै फैलियो– उसको अनुहार अलच्छिनी छ, उसको अनुहार देख्यो भने अशुभ नै अशुभ हुन्छ। मानिसहरूले उसका बारेमा राजासित गुनासोसमेत गरे। राजाले मानिसका यस्तो सोचाइमाथि तत्काल विश्वास गरेनन्। तर, उनले आफू स्वयंले त्यस व्यक्तिमाथि लागेको आरोपको जाँच गर्ने निश्चय गरे। राजाले उसलाई बोलाएर दरबारमा राखे।

एकबिहान राजा सबेरै उठेर कसैको पनि मुख नहेरी सरासर ती व्यक्तिलाई राखिएको कोठामा पुगे र उसको मुख हेरे। संयोगवश, त्यस दिन कार्यव्यस्तताका कारण राजाले दिनभर खाना खाने मौका पाएनन्। यो देखेपछि राजाले सोचे– त्यो मानिस साँच्चै नै अलच्छिनी रहेछ। त्यसैको मुख हेरेकाले मैले आज दिनभर खाना खान पाइनँ। उनले सेनापतिलाई बोलाएर त्यस मान्छेलाई तत्काल मृत्युदण्ड दिने आदेश दिए।

राजाको आदेशबारे मन्त्रीले थाहा पाए। उनले सेनापतिलाई रोकेर राजासमक्ष गई प्रश्न गरे– महाराज, यो निर्दोष मानिसलाई तपाईँ किन मृत्युदण्ड दिँदै हुनुहुन्छ ? उसको अपराध के हो ? राजाले भने– मन्त्रीजी, यो मानिस साँच्चै अलच्छिनको रहेछ। आज बिहान मैले सबैभन्दा पहिले उसको मुख देखेको थिएँ। आजै मैले दिनभर भोजन गर्न पाइनँ। त्यसैले, यस्तो अलच्छिनलाई जीवित राख्नुहुँदैन भनेर मृत्युदण्डको आदेश दिएको हुँ।

राजाको भनाइ सुनिसकेपछि मन्त्रीले पुनः भने– रिसानी माफ होस् महाराज, त्यस मानिसले पनि त आज बिहान सर्वप्रथम हजुरको मुख देखेको थियो। उसको मुख देख्दा हजुरले खान पाउनुभएन। हजुरको मुख देख्दा उसले ज्यान गुमाउने अवस्था आयो। अब हजुर नै भन्नुहोस्– को बढी अलच्छिनी रहेछ ? राजा झसङ्ग भए। उनले यस कोणबाट त सोचेकै थिएनन्।

राजालाई किंकर्तव्यविमुढ देखेर मन्त्रीले भने– महाराज, संसारको कुनै पनि मानिस लच्छिनको या अलच्छिनको हुँदैन। लच्छिन या अलच्छिन त हाम्रो हेराइ या सोचाइमा मात्र हुन्छ। त्यसैले, कृपया यस मानिसलाई मुक्त गरिदिनुहोस्। मन्त्रीको सल्लाहपछि राजाले त्यस मानिसलाई मुक्त गरिदिए। उनले जीवनमा निकै ठूलो पाठ सिके।




# नेपाल सरकारको
# वैधानिक कानून (५)

## व्यवस्थापिका सभा

२७. **(क)** यो 'ऐनमा' प्रत्यक्ष खुलेको विषयमा बाहेक अरू सबै कुरामा कुनै एक वा संयुक्त सभाको छलफलमा सबै प्रश्नको निर्णय उपस्थित र वोट दिने सदस्यहरूका बहुमत द्वारा हुनेछ। सभापति वा कायम मुकायमले पहिलो पटक आफ्नो वोट नदिई वोट बराबर भएमामात्र आफ्नो वोटद्वारा कुराको टुङ्गो लगाइदिनेछन्।

**(ख)** सदस्यहरूमध्ये कसैको स्थान खाली भएको बखत कार्वाई भएकोमा वा उपस्थित भएका सदस्यमध्ये कुनैले योग्यता नभए ता पनि वोट दिए वा अरू कार्वाईमा सम्मिलित भएको पछि थाहा भएमा पनि सभाको काम सदर ठहरिनेछ बदर हुने छैन।

**(ग)** सभा वा सभाहरूको कुनै बैठकमा जम्मा सदस्यहरूमध्ये चार खण्डको एक खण्डसम्म पनि मौजुद भएनन् भने सभापतिबाट चाहिएजति सदस्यहरू जम्मा नभएसम्म सभा स्थगित राखिनेछ।

२८. हरेक सदस्यले सभामा बहाल गर्नुभन्दा अगि सरकार बाट तोकिदिएबमोजिमको धर्म भाक्नुपर्नेछ।

२९. **(क)** दुवै सभाको लागि एउटै मानिस चुनावका निमित्त खडा हुन पाउने छैन।

**(ख)** तल ३० दफामा तोकिएको अयोग्यताद्वारा वा आफुले लेखी श्री ३ महाराजका हजूरमा राजीनामा चढाएमा सदस्यको ठाउँ खाली भएको ठहरिनेछ।

**(ग)** सभाको लगातार दुइ पटकको बैठकसम्म पनि हाजिरै नहुने वा सभापतिको इजाजत नलिई सभाको छलफलमा लगातार ४५ दिनसम्म हाजिर भएन भने पनि सदस्यको ठाउँ खाली भएको ठहरिनेछ।

३०. **(क)** तपसीलबमोजिमका मानिसहरू व्यवस्थापक सभामा निर्वाचित हुन र सदस्य बन्न अयोग्य ठहरिनेछन्।

(१) सरकारले लिन हुन्छ भनी तोकेको बाहेक अरू सरकारी काम गर्नेहरू।

(२) हावा विग्रेकाहरू।

(३) टाट उल्टी ऋण तिर्न नसकेकाहरू।

(४) चुनाव विषय सरकारबाट जारी भएको नियम भंग गर्नेहरू। यस्तोमा अयोग्यताको हदम्याद तोकिने छ।

(५) यो जारी नहुँदै वा जारी भएपछि एक वर्ष र सोभन्दा बढी कैदको सजाय पाएकाहरू। यसमा सजाय पाई छुटकारा पाएको ५ वर्ष वा सोभन्दा अगि सरकारबाट यो अयोग्यता हट्न सक्नेछ।

(६) निजामती वा जंगी जागीरबाट वर्खास भएकाहरू। यसमा सजाय भुक्तान गरेको ५ वर्ष वा सोभन्दा अगि सरकारबाट यो अयोग्यता हट्न सक्ने छ।

**(ख)** कैद भै थुनुवामा परिरहेका मानिसहरू सदस्य भै निर्वाचित सदस्य हुन अयोग्य ठहरिने छन्।

**(ग)** सदस्य हुन अयोग्य ठहरिने मुद्दा लागेमा सो मुद्दाको अन्तिम किनारा नलागेसम्म ठाउँ खाली ठहरिनेछैन।

**(घ)** माथि (क) (१) दफामा लेखिएका तपसीलका कुरोहरू लिन गर्न हुने ठहरिने छन्।

(१) कुनै सरकारी अड्डाको तालुक

(२) सरकारी काम गरेर बाहेक दर्जा वा अरू कुनै किसिमको ओहदाद्वारा भत्ता पाउने।

(३) गाउँको काम गर्ने थरी मुखिया इत्यादि जस्ता सरकारी खान्गी जागीर पाएकाहरू।

३१. कुनै सभामा बस्न वा वोट गर्न नहुने वा अयंग्य ठहरिएको मानिसले बसे वा वोट गरेमा दिनैपिच्छे मोरु १०० जरिमाना भै सरकारी असूल हुने रकमसरह ठहरिनेछ।

३२. **(क)** यो ऐनको हद र सभाविषय नियमभित्र रही सबै सदस्यहरूले सभाको बखत वाक्स्वतंत्रता पाउनेछन्। सभा वा त्यससम्बन्धी समितिभित्र भनेको वा वोट दिएको कुरालाई लिएर वा सो सभाको नियमवमोजिम सभामा भए गरेको कुरा प्रकाश गरेकोमा समेत सदस्यलाई कुनै तरहबाट पनि बात लाग्ने छैन।

**(ख)** सभाको बखत सभागृहमा जुनसुकै मुद्दामा पनि र सभाको अधिवेशनको म्यादभित्र देवानी मुद्दामा कुनै सदस्यलाई पनि कसैले छेकथुन गर्न पाउने छैन।

**(ग)** अटेरी सदस्यलाई यसविषय बनेका नियमबमोजिम निकाल्न पाउने बाहेक सभापतिले सदस्यहरूलाई अरू सजाय दिन पाउने छैन।

३३. हाल पहिला पटकलाई सरकारबाट र पछि व्यवस्थापक सभाबाट तोकिएको तलव भत्ता सबै सदस्यले लिन पाउने छन्। **(क्रमशः)**

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- ३३

## मिति २०८० असार २५ गते, सोमबार

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौँमिखा | ऐ |
| १३. | कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. | कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. | नि.प्र. प्रशासकीय अधिकृत श्री बिजय कुमार शर्मा | ऐ |

## निर्णयहरू

### विधेयक

भक्तपुर नगरपालिकाको स्थानीय सेवा (कर्मचारी) गठन, सञ्चालन, व्यवस्थापन, सेवा शर्त तथा सुविधा सम्बन्धमा बनेको विधेयक, २०८० स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

### खरिद योजना

आ.व. २०८०/०८१ को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा खरिद इकाई समितिबाट रु. ८,२४,००,०००|- (अक्षेरूपी रु. आठ करोड चौबिस लाख) को वार्षिक खरिद योजना तयार भई स्वीकृतिको लागि जिन्सी उपशाखाबाट पेश भएको निम्नानुसारको रु. ८,२४,००,०००|- (अक्षेरूपी रु. आठ करोड चौबिस लाख) को वार्षिक खरिद योजना स्वीकृत गरी अनुमोदनको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

### लेखा समितिको प्रतिवेदन

भक्तपुर नगरपालिका अन्तर्गत सञ्चालित निकायहरूको लेखा समितिको प्रतिवेदन, २०८० स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

### न्यायिक समितिको प्रतिवेदन

भक्तपुर नगरपालिकाको न्यायिक समितिको वार्षिक प्रतिवेदन स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

### विभिन्न प्रस्तावहरू

निम्न प्रस्तावहरू स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो-

१. आ.व. २०७९/०८० श्रावण १ गतेदेखि २०८० असार २५ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरू, उपसमितिहरू, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सम्पूर्ण निर्णय, आदेश र काम कारवाही **अनुमोदनको लागि** नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२. यस न.पा.को लागि प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ्ग सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाइ मजदुर, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि प्राविधिक पदहरू आवश्यकता अनुसार **सेवा करारबाट** लिने निर्णय गरियो र उक्त निर्णय पारित गर्न सभामा पेश गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीका जनशक्तिहरूलाई आवश्यकता अनुसार आ.व. २०८०/०८१ का लागि **म्याद थप गर्ने** र सेवा सम्झौतामा आवश्यक संशोधन गरी नवीकरण गर्ने निर्णय अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४. यस न.पा. मा कार्यरत नगर सरसफाइको ठेक्काहरूको आवश्यकता अनुसार ठेक्का सम्झौता संशोधन गरी २०८० आषाढ मसान्तसम्म **ठेक्का अवधि** थप गर्ने निर्णय गरी

अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

५. यस नगरपालिकाको नियमित नगर सभा बसेको समय बाहेकको समयमा नगर सभाबाट गर्ने सम्पूर्ण काम कार वाही गर्नको लागि नगर कार्यपालिकालाई **अधिकार प्रत्यायोजन** गर्ने प्रस्ताव अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाको सङ्गठन स्वरूप र साविक दरबन्दीलाई आवश्यकता अनुसार सङ्गठन तथा व्यवस्थापन (O & M) गरी सङ्गठन परिमार्जन र दरबन्दी मिलान गर्न भ.न.पा. कार्यपालिकालाई **अधिकार दिने निर्णय** अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

७.यस न.पा.को आ.व.२०८०/०८१ को लागि सम्पूर्ण कर्मचारीहरूको पेश भए बमोजिमको भ.न.पा. कार्यपालिकाबाट पारित **तलवी प्रतिवेदन** स्वीकृत गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

८. यस नगरपालिकाको आ.व २०७९/०८० मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासँग सम्बन्धित योजना आयोजनाहरूको **जाँचपास तथा फरफारक** गर्ने निर्णय गरी अनुमोदनको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

९. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित नियकाहरूको **लेखा समितिको प्रतिवेदन**, २०८० स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

१०. ख्वप बहुप्राविधिक अध्ययन संस्थानको लागि रु.५०,००,०००।- (अक्षेरूपी रु. पचास लाख) **अनुदान निकासा** पठाउने निर्णय गरियो ।

११. आ.व. २०७९/०८० मा भक्तपुर नगर क्षेत्रभित्रको घर जग्गा रजिष्ट्रेशन प्रयोजनको लागि जग्गाको **न्यूनत्तम मूल्याङ्कन** निम्नानुसार कायम हुने गरी भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुरमा लेखी पठाउने निर्णय गरियो:

भक्तपुर नगरपालिका

| सि.नं. | विवरण | साविक प्रतिआना (आ.व.२०७९/०८०)रु. | प्रस्तावित प्रतिआना (आ.व.२०८०/०८१)रु. |
|---|---|---|---|
| क | पक्की मोटर बाटो (सडकको दायाँ बायाँ) | | |
| १ | अरनिको राजमार्गसँग जोडिएको | ३३,००,००० | ३५,००,००० |
| २ | सल्लाघारी चोकदेखि दुधपाटी चोकसम्म (सडकको दायाँ बायाँ) | २०,००,००० | २२,००,००० |
| ३ | जगाती -च्याम्हसिंह -पसिखेल सडकदेखि कमलविनायक चोकसम्म (सडकको दायाँ बायाँ) | २०,००,००० | २२,००,००० |
| ४ | सल्लाघारी चोकदेखि दुवाकोट छुट्टिने खस्याङ खुसुङ खोलासम्म (सडकको दायाँ बायाँ) | २०,००,००० | २२,००,००० |
| ५ | नगरकोट सडक (सल्लाघारी चोकदेखि देकोचासम्म) | २०,००,००० | २२,००,००० |
| ६ | नगरकोट सडक (देकोचा चोकदेखि लाँचा फल्चासम्म, सडकको दायाँ बायाँ) | २०,००,००० | २२,००,००० |
| ७ | नगरकोट सडक ( लाँचा फल्चा देखि ब्यारेकसम्म, सडकको दायाँ बायाँ) | २०,००,००० | २२,००,००० |
| ८ | साविक कटुन्जेको पक्कीमोटर बाटो हाल भ.न.पा. वडा नं. १ र ३ | २०,००,००० | २२,००,००० |
| ९ | देकोचाबाट चाँगु जाने पक्की मोटर बाटो (सडकको दायाँ बायाँ) | २०,००,००० | २२,००,००० |
| १० | च्यामासिंह चोकदेखि देगइना, ब्रम्हायणी, भाने, मालपोत चोक हुँदै साविक तावलीको सिमानासम्म (सडकको दायाँ बायाँ) भानेदेखि गोंसपुल | २०,००,००० | २२,००,००० |
| ११ | ब्यासीचोकदेखि कालीघाटसम्मको दायाँ बायाँको पक्की सडक (सडकको दायाँ बायाँ) | २०,००,००० | २२,००,००० |
| १२ | हाकुफो हितिदेखि बर्खे पुलसम्मको पक्की सडक | | २२,००,००० |
| १३ | भ.न.पा. १० पाइप लाइन (तपँचुलाँ) सडक | | १६,५०,००० |
| १४ | ब्यारेकदेखि ध्वलाँ पुलसम्मको सडक | | १६,५०,००० |
| १५ | पुरानो जगाती बाटो | | १६,५०,००० |
| १६ | तपाकेदेखि धालाखुसीसम्म सडक | | १६,५०,००० |
| १७ | वासिकचाबाट आदर्श जाने बाटो | | १६,५०,००० |
| १८ | लिडागाचा सडक | | १६,५०,००० |
| १९ | १० नं. वडा कार्यालयदेखि ख्वप कलेजसम्मको सडक | | १६,५०,००० |
| २० | १० नं.वडा कार्यालयदेखि भुटिपाखा हुँदै वन्ती सम्मको सडक | | १६,५०,००० |
| २१ | गपलीदेखि बाराही पुलसम्मको सडक | | १६,५०,००० |
| ख | प्लानिङ्गको पक्की बाटो | | |
| १ | क वर्ग : ७ मीटर र सो भन्दा माथि | १६,००,००० | १७,५०,००० |
| २ | ख वर्ग : ५ मीटर र सो भन्दा माथि | १४,००,००० | १५,५०,००० |
| ३ | ग वर्ग : ४ मीटर र सो भन्दा माथि | १२,००,००० | १३,००,००० |
| ४ | घ वर्ग : ४ मीटर भन्दा कम | १०,००,००० | ११,००,००० |
| ग | माथि उल्लेख गरिए बाहेकका पक्की मोटर बाटोको (सडकको दायाँ बायाँ) | १०,००,००० | ११,००,००० |
| घ | प्लानिङ्गको कच्चीमोटरबाटो | | |
| १ | क वर्ग : ७ मीटर र सो भन्दा माथि | १०,००,००० | ११,००,००० |
| २ | ख वर्ग : ५ मीटर र सो भन्दा माथि | ८,००,००० | ९,००,००० |
| ३ | ग वर्ग : ४ मीटर र सो भन्दा माथि | ७,००,००० | ७,५०,००० |
| ४ | घ वर्ग : ४ मीटर भन्दा कम | ६,००,००० | ६,५०,००० |
| ङ. | माथिउल्लेख गरिए बाहेक अन्य कच्ची मोटर बाटो (सडकको दायाँ बायाँ) | ७,००,००० | ७,५०,००० |
| च. | गोरेटो बाटोमा जोडिएको (नापी नक्सामा नदेखिएको चलन चल्तीको गोरेटो बाटोसमेत) | ४,००,००० | ४,५०,००० |
| छ. | शहरी इलाका | | |
| १ | शहरी इलाका (क) मूलबाटो | १५,००,००० | १६,५०,००० |
| | मूल बाटो भन्नाले अ) च्याम्हासिंह ढोकादेखि इनाग हुँदै दुधपाटी सम्मको बाटो | | |
| | आ) दुधपाटीदेखि खौमा हुँदै साकोठासम्मको बाटो तथा | | |
| | इ) सूर्यविनायक ग:पलीदेखि (भुलंचा सडक समेत) बुल्चासम्मको बाटो लाई जनाउने छ । | | |
| | ई) दोका फल्चादेखि बाराही पुल हुँदै बंशगोपालसम्मको बाटो | | |
| | उ) हनुमानघाटदेखि वासिकचा हुँदै जगातीसम्मको बाटो | | |
| २ | शहरी इलाका (ख) सहायक बाटो | १२,००,००० | १३,५०,००० |
| ३ | शहरी इलाका (ग) गल्ली बाटो | ८,००,००० | ८,००,००० |
| ४ | शहरी इलाका (घ) चोकबाटो (सागल समेत) | ६,००,००० | ६,००,००० |
| ५ | शहरी इलाका (ङ) | ५,००,००० | ५,००,००० |
| | शहरी इलाका (च) र (छ) घरमुनिको बाटो (लांबो) | ५,००,००० | ५,००,००० |
| ज. | बाटो नभएको जग्गा | ४,००,००० | ४,००,००० |
| ६ | असगालदेखि सिंहख्वातेसम्म | १०,००,००० | १२,००,००० |
| ७ | च्वंगा गणेशदेखि नगरकोट जाने सडकसम्म | १०,००,००० | १२,००,००० |
| ८ | कृषि सडक | | ८,००,००० |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

**क.** सन् १९७९ मा विश्व सम्पदामा सूचिकृत भक्तपुर दरबार क्षेत्र मध्यकालीन वास्तु र कलाको उत्कृष्ट नमुना हो । मल्लकालमा भक्तपुर दरबार क्षेत्र ९९ चोकसहित विस्तार भएको ऐतिहासिक तथ्यहरुले पुष्टि गरेका छन् । ऐतिहासिक प्रमाण अनुसार भक्तपुर दरबार क्षेत्रका ९९ चोकहरु पूर्वमा जगनाथ क्षेत्र र विद्यार्थी निकेतन मा.वि.सम्म, उत्तरमा शारदा मा.वि. र जिल्ला प्रहरी कार्यालयसम्म, पश्चिममा खौमा ध्वाका र पद्म मा.वि.सम्म र दक्षिणमा लास्कु ढोकासम्म फैलिएको देखाउँछ । भक्तपुर नगरपालिकाले भक्तपुर दरबार क्षेत्रको ऐतिहासिक स्वरुपलाई उत्खनन गरी पुन:स्थापना गर्ने योजना अनुरुप यस क्षेत्रमा रहेका सरकारी कार्यालयहरु र सामुदायिक विद्यालयहरु स्थानान्तरणको लागि योजनावद्ध ढङ्गले अगाडि बढ्ने क्रममा भक्तपुर दरबार क्षेत्रको जिल्ला अदालत, भनपा वडा नं. ९ स्थित भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तुमचो, दुगुरे चोखा जग्गा एकीकरण आयोजनामा स्थानान्तरणको क्रममा रहेको छ ।

भक्तपुर नगरपालिका वडा नं. २, दरबार क्षेत्रमा अवस्थित जिल्ला प्रशासन कार्यालय, भक्तपुर रहेको भवन, पार्किङ्ग र परिसर पर्याप्त नभएकोले सेवाग्राहीहरुले समस्या भोग्नु परेको यथार्थ सबैमा जानकारी छ । उक्त क्षेत्र प्राचीन ९९ चोक अन्तर्गत रहेको र त्यस क्षेत्रको सांस्कृतिक सम्पदाहरुको उत्खनन तथा संरक्षण गर्ने नगरपालिकाको योजना रहेको हुँदा त्यसको स्थानान्तरणको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिवा इटापाके आवास योजना उपयुक्त विकल्प हुन सक्छ । भनपा २ स्थित उक्त आवास योजना भित्रको पूर्वमा कि.नं. ७२५ क्षेत्रफल ४–७–१–३.३३ रहेको खुल्ला क्षेत्र, पश्चिम ६ मिटरको सडक, उत्तर कि.नं. ७२३ र ७२४, दक्षिण कि.नं. ७१७ र ७१८ यति चार किल्ला भित्रको कि.नं. ७१९ को क्षे.फ. २–१४–२–२.८३ भएको जग्गा जिल्ला प्रशासन कार्यालय, भक्तपुर, जिल्ला प्रहरी परिसर, भक्तपुर समेतको लागि उपयुक्त हुने देखिन्छ । सो जग्गासँगै जोडिएको पूर्वमा कि.नं. ७२५ को ४–७–१–३.३ खुल्ला क्षेत्रसमेतले गर्दा कुल ७–५–३–० रहेकोले भविष्यमा बढ्दै जाने सेवाग्राहीहरुका लागि आवश्यक सेवा सुविधाका साथै पार्किङ्ग तथा अन्य प्रयोजनको लागि समेत उपयुक्त हुने देखिएकोले दुबै पक्षबीच समन्वय गरी हाल जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी परिसर बसिरहेको जग्गाको सट्टामा प्रकृया पुऱ्याई उक्त जग्गा उपलब्ध गराउन नपाको तर्फबाट सहमति दिने गरी सो जग्गाको नक्सासहित जिल्ला प्रशासन कार्यालय, भक्तपुरको नाउँमा पत्राचार गर्ने निर्णय गरियो ।

## बैठक सङ्ख्या– ३४

## मिति २०८० साउन ७ गते, आइतबार

### निर्णयहरू

### चिनियाँ प्रतिनिधि मण्डल भक्तपुरमा

सांस्कृतिक नगर भक्तपुर भ्रमणका लागि चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटब्यूरो सदस्य श्री युयान च्याचुनको नेतृत्वमा आउनु हुने उच्चस्तरीय प्रतिनिधि मण्डललाई भक्तपुर नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू सहभागी भई २०८०।४।८ गते, सोमबार भक्तपुर दरबार क्षेत्र, प्रवेशद्वार खौमामा विभिन्न सांस्कृतिक झाँकीसहित स्वागत गर्ने निर्णय गरियो ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी–२, भक्तपुर

**व्यक्तिगत घटना अनलाइन दर्ताबारे सूचना**

नेपाल सरकारले व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाइँसराइ, विवाह, सम्बन्ध विच्छेद) अनिवार्य दर्ता गर्नुपर्ने व्यवस्थालाई अनलाइन बनाएको हुँदा भक्तपुर नगरपालिकाले व्यक्तिगत घटना अनलाइन दर्ता गरिरहेकोमा सर्वसाधारणले घरमै बसी अनलाइन माध्यमबाट व्यक्तिगत घटना दर्ता फारम भर्न सकिनेछ । फारम भर्दा प्राप्त टोकन नम्बर लिएर सम्बन्धित वडा कार्यालयबाट सहजै प्रमाणपत्र लिन सकिनेछ ।

**फारम भर्ने तरिकाहरु:**

१. https://public.donidcr.gov.np मा जानुहोस् वा देखाइएको QR-Code Scan गरी "घटना दर्ताको लागि यहाँ थिच्नुहोस्" मा क्लिक गर्नुहोला ।
२. क्लिक गरिसकेपछि कुन प्रयोजनको लागि फारम भर्दै हुनुहुन्छ, छनोट गर्नुहोला ।
३. छनोट गरिसकेपछि फारम खुल्नेछ । उक्त फारम भरिसकेपछि अन्तमा मोबाइल नं. राखेर पेस गर्नुहोस् ।
४. उक्त मोबाइल नं. मा टोकन नं. प्राप्त हुनेछ र सोही टोकन नं. लिएर ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरी स्थानीय पञ्जिकाधिकारीबाट व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र उपलब्ध हुनेछ । टोकनको प्रयोग ३५ दिनभित्र गरिसक्नुपर्नेछ अन्यथा पुन: माथिको प्रक्रिया अवलम्बन गनुपर्नेछ ।

**पुनश्च** : बसाइँसराइ, विवाह, सम्बन्ध विच्छेद दर्ता गर्दा प्रत्येक व्यक्तिको छुट्टाछुट्टै फारम भर्नुपर्नेछ । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं ।


## सम्झनाको लागि



याछेँ गणेश मन्दिर, वडा नं. ६

# e]6\3f6

## अध्यक्ष बिजुक्छेँसँग उपप्रमुख डंगोलको भेट



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले साउन ३० गते भेट गर्नुभयो ।



सोही क्रममा उपप्रमुख डंगोलले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीसँग पनि भेट गर्नुभएको छ ।

भेटपश्चात उपप्रमुख डंगोलले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज, भाजु पोखरी, रानीपोखरीलगायतको अवलोकन गर्नुभएको थियो ।

## अध्यक्ष रोहितसँग साम्राज्यवादविरोधी लेखक विजय प्रसादद्वारा भेट



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)सँग साम्राज्यवाद विरोधी लेखक तथा पत्रकार विजय प्रसादको नेतृत्वमा आएको भारतीय बुद्धिजीवीहरूको एक टोलीले भक्तपुरमा भाद्र १० गते भेटघाट तथा छलफल गऱ्यो ।

भेटमा अध्यक्ष रोहितले कम्युनिस्ट आन्दोलन दाल, भात र डुकुको समस्या समाधानको आन्दोलनमात्र नभई सांस्कृतिक आन्दोलन पनि हो भन्नुभयो । नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरू निरन्तर जनताको नि:स्वार्थ सेवामा समर्पित रहेको बताउनुहुँदै उहाँले नेमकिपाले कार्यकर्ताहरूको वैचारिक प्रशिक्षणमा जोड दिइरहेको बताउनुभयो ।

पुँजीपति वर्गको तुलनामा कामदार वर्गसँग राज्यसत्ता चलाउने राजनीतिक र कूटनीतिक अनुभवको कमी भएको कारणले समाजवादी देशहरूमा पनि पुँजीवाद पुन:स्थापनाको सम्भावना रहने बताउनुहुँदै उहाँले यसबारे कम्युनिस्ट कार्यकर्ताहरू निरन्तर सचेत रहनु पर्ने बताउनुभयो ।

भेटमा लेखक विजय प्रसादले वर्तमानको आन्दोलन र सङ्घर्षबाट नै भविष्यको समाजवादको चरित्र निर्धारण हुने बताउनुहुँदै कम्युनिस्ट पार्टीहरू सधैँ जनतासँग जोडिएर रहनुपर्ने बताउनुभयो । विभिन्न देशहरूको समाजवादी आन्दोलनबाट सिक्नुपर्ने बताउनुहुँदै उहाँले भौतिक परिवर्तनमा मात्रै जोड दिएर वैचारिक आन्दोलन र जनताको राजनीतिक प्रशिक्षणलाई महत्त्वमा नराख्दा धेरै देशका कम्युनिस्ट पार्टीहरू असफल भएको उदाहरण दिनुभयो ।

भारतीय प्रतिनिधि मण्डलका सदस्यहरू सुधनवा देसपाण्डे, पी. अम्बेडकर, बिनुथा, रोजा प्रसाद र नेपाली मित्र प्रमेश पोखरेलको सहभागिता थियो । नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापति, सुरेन्द्रराज गोसाई, रबिन्द्र ज्याख्व पनि भेटघाटमा उपस्थित हुनुहुन्थ्यो ।

भेटघाट अघि टोलीलाई भक्तपुरको खौमास्थित लायकूमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्वागत गर्नुभएको थियो ।

टोलीले लायकु र टौमढी क्षेत्रका ऐतिहासिक सम्पदाहरू अवलोकन गर्नुका साथै नगरपालिकाद्वारा सञ्चालित



ख्वप कलेज, ख्वप अस्पताल र ख्वप ईन्जिनीयरिङ कलेज र स्थानीय भक्तपुर बचतद्वारा सञ्चालित आदर निकेतनको पनि अवलोकन गरेको थियो।



साम्राज्यवाद तथा उपनिवेशवादको विरोधमा क्युवा र ल्याटिन अमेरिकी जनताको सङ्घर्षको विषयमा लेखक विजय प्रसादले निरन्तर कलम चलाउँदै आउनुभएको छ। पत्रकार, राजनीतिक विश्लेषक, इतिहासकार, साम्राज्यवाद र उपनिवेशवाद विरोधी मार्क्सवादी बुद्धिजीवीका रूपमा अन्तर्राष्ट्रिय वामपन्थी आन्दोलनमा परिचित लेखक विजय प्रसाद भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) निकट प्रकाशन संस्था 'लेफ्टवर्ड बुक्स' का प्रधान सम्पादक पनि हुनुहुन्छ। ईराक, अफगानिस्तान, लिबिया र सिरियामा अमेरिकी साम्राज्यवादी आक्रमण, भारतको दलित समुदाय, हिन्दुत्व, प्यालेष्टाईन, अरब आन्दोलन, दक्षिणी गोलार्द्ध, रसियाली अक्टोबर क्रान्ति, जलवायु परिवर्तन, तेस्रो विश्वमा समाजवादी आन्दोलन आदि विभिन्न विषयमा उहाँका दुई दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित छन्। उहाँले क्युवाली समाजवाद तथा क्युवाली क्रान्तिको पक्षमा लेख्दै आउनुका साथै ऐक्यवद्धता आन्दोलनमा सहयोग पुऱ्याउँदै आउनुभएको छ।

# अध्यक्ष बिजुक्छेसँग कर्णाली प्रदेश प्रमुख परियारको भेट



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) सँग कर्णाली प्रदेशका प्रमुख तिलक परियारले भदौ १५ गते भेट गर्नुभयो।

भेटको क्रममा अध्यक्ष **बिजुक्छेँ**ले भक्तपुर नगरपालिकाले पार्टी नीतिलाई व्यवहारमा लागू गरिरहेको बताउनुभयो।

उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षण गरिरहेको उल्लेख गर्नुहुँदै अन्य पालिकाले पनि आ–आफ्नो क्षेत्रको विकास गर्न सके जनतालाई फाइदा हुने विचार व्यक्त गर्नुभयो।

प्रदेश प्रमुख **परियार**ले भक्तपुर नगरपालिकाले गरिरहेको कामबाट आफू प्रभावित भएको बताउनुभएको थियो।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पार्टी नीति र निर्देशनमा भक्तपुरमा समाजवादका आधारहरू निर्माण गरिरहेको उल्लेख गर्नुभयो।

उहाँले स्थानीय तहदेखि केन्द्रसम्म कम्युनिष्ट पार्टीका धेरै सदस्यहरू निर्वाचित भएका छन्, तर कम्युनिष्ट सिद्धान्त र विचारअनुसार काम हुन सकेको छैन भन्नुभयो।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्मालगायतको उपस्थिति रहेको थियो।

नगर प्रमुख प्रजापतिले प्रदेश प्रमुख परियारलाई मयूरको झ्याल र भक्तपुर नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो।



प्रदेश प्रमुख परियारले भक्तपुरको दरबार क्षेत्र र टौमढीस्थित सांस्कृतिक सम्पदाहरूको अवलोकन गर्नुका साथै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको समेत अवलोकन गर्नुभएको थियो।

# ‘भक्तपुर काण्ड’ विशेष

नेपाल मजदुर किसान पार्टीविरुद्ध पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र ‘भक्तपुर काण्ड’ को विरोध र भर्त्सना हरेक वर्ष गर्दै आएको छ । यस वर्ष पनि देशका थुप्रै जिल्लामा विभिन्न सङ्गठनबाट कार्यक्रमहरूको आयोजना गरियो । यसै सिलसिलामा भएका केही कार्यक्रमको यहाँ जानकारी दिइएको छ ।

## भक्तपुर नपामा “भक्तपुर काण्ड” कालो दिनको भर्त्सना



भक्तपुर नगरपालिकाको आयोजनामा २०४५ साल भाद्र ९ गते राज्यस्तरबाट रचिएको षड्यन्त्र ‘भक्तपुर काण्ड’ कालो दिनको भर्त्सना कार्यक्रम भाद्र ८ गते नगरपालिकाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले जहाँ दमन हुन्छ त्यहा प्रतिरोध हुने बताउनुहुँदै भक्तपुर काण्डबारे नयाँ पुस्तालाई पनि जानकारी दिनुपर्ने बताउनुभयो । सामन्तहरूले सत्ता टिकाउन अनेक जालझेल गर्ने भएकोले त्यसबाट सचेत हुनु पर्ने बताउनुभयो । पुँजीवादी व्यवस्था देशको हितमा नरहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले समाजवादउन्मुख काम गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उप प्रमुख **रजनी जोशी**ले भक्तपुर काण्ड भविष्यमा पनि घट्न सकिने भएकोले युवा पुस्तालाई यसबारे सचेत तुल्याउनुपर्ने र घटनाबाट सचेत हुनुपर्ने बताउनुभयो । सकारात्मक परिवर्तन ल्याउन सङ्गठन बलियो बनाउनुपर्ने कुरामा जोड दिँदै पुरुषप्रधान समाजमा महिलाहरू निडर भएर अन्याय अन्त्य गर्न सकिन्छ भन्ने पाठ सिकाएको बताउनुभयो ।

वडा नं. ७ का अध्यक्ष **उकेश कवां**ले नेमकिपाले राजनैतिक कक्षा सञ्चालन गरी जनतालाई अन्यायको विरुद्ध लड्न सुसूचित गर्दै आएको बताउनुहुँदै राजनैतिक जीवन र जेलजीवन फरक रहने कुरा बताउनुभयो । साथै राजनैतिक व्यक्तिको जीवनी अध्ययन गर्नुपर्ने कुरामा समेत उहाँले जोड दिनुभयो ।

भनपा ६ वडाका वडा सदस्य एवं कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले भाद्र ९ गतेको भक्तपुर काण्डले आँखा रसाएको र मुटु छियाछिया भएको बताउनुभयो । भूकम्पको बेला राज्यले राहत दिई जनतालाई सहयोग गर्नुको सट्टा राज्यले नै जनतालाई पिडा दिएको बताउनुहुँदै जनताको आक्रोश पिडा भएर विद्रोहको रूपमा महिला दिदी बहिनीले गरेको त्याग अविस्मरणीय रहेको चर्चा गर्नुभयो ।

त्यस्तै कार्यक्रममा अतिथि पूर्वजनप्रतिनिधि चन्द्रबहादुर उलकले भूकम्प पीडित नभएका व्यक्तिलाई राहत दिएको कारण भक्तपुर काण्ड सिर्जना भएको बताउनुभयो । भक्तपुर काण्डको बेला भूमिगत रहेको स्मरण गर्नुहुँदै हरेक राजनैतिक कार्यकर्ताले सङ्घर्ष गर्नुपर्ने शिक्षा प्राप्त भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले भक्तपुर काण्डको घटनाक्रम र षडयन्त्रको बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो भने वडा न ९ का वडा अध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत **विजय कुमार शर्मा**ले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## अन्यायको विरुद्धमा आन्दोलन र विद्रोह गर्नुको विकल्प छैन



नेपाल कर्मचारी समाज जिल्ला समिति भक्तपुरको आयोजनामा भक्तपुर काण्डको विरोध एवं भर्त्सना कार्यक्रम भाद्र ८ गते भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आपतविपतमा नअटालिकन सङ्घर्ष, सङ्घर्ष फेरि सङ्घर्ष गर्नुपर्छ भन्नुभयो । आपतविपतमा साहसिक बनी वकिल, बुद्धिजीवी, मानवअधिकारकर्मी, पत्रकारहरूसँग छलफल गरी न्यायिक बाटो पत्ता लगाउन सकिने बताउनुहुँदै उहाँले भक्तपुर काण्डमा जेलमा हुँदा पञ्चायती व्यवस्थाले दिएको अमानवीय क्रूर यातना र जेलबन्दीबीच भएको आपसी माया ममताबारे बताउनुभयो ।

भक्तपुर काण्डमा नेमकिपाको बिल्ला लागेको जो कोहीलाई पनि यातना दिएको स्मरण गर्नुहुँदै उहाँले अन्यायको विरुद्धमा आन्दोलन र विद्रोह गर्नुको विकल्प छैन भन्नुभयो ।

पृथ्वीनारायण शाहले भक्तपुर आक्रमण गर्दा भक्तपुरका धेरै जनताहरू मारिएको र कीर्तिपुरमा हमला गर्दा कीर्तिपुरे जनताहरूको नाक काटेको प्रसङ्ग उल्लेख गर्नुहुँदै उहाँले नेपाल मजदुर किसान पार्टीको जगै नहुने गरी भक्तपुर काण्ड मचाएको थियो तर जनताले निरङ्कुश पञ्चायती व्यवस्थाको नै अन्त्य गरिदियो भन्नुभयो ।

जर्मनमा कम्युनिष्टहरूलाई दबाउन हिटलर पक्षधरले संसदमा आगो लगाएको प्रसङ्ग उल्लेख गर्दै उहाँले नेपाल मजदुर किसान पार्टीले लेनिनवादी सिद्धान्तअनुसार सङ्घ संस्थाभित्र प्रवेश गरी जनताहरूको सेवा गरेको सरकारलाई मन परेन । नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूले भक्तपुर नगरपञ्चायतमार्फत जनतालाई दिएको कक्षा ५ सम्मको निःशुल्क शिक्षा र स्वास्थ्य, पञ्चायती सरकारलाई चित्त बुझेको थिएन । राष्ट्रिय पञ्चायतमा प्रतिनिधि पठाई देश र जनताको पक्षमा काम भएको पनि तत्कालीन शासकलाई मन परेको थिएन । सरकारले भूकम्पमा राहत वितरण गर्न वहालवाला जनप्रतिनिधिको संयोजकत्वमा समिति गठन गऱ्यो तर भक्तपुरमा भू.पू.रापसको संयोजकत्वमा राहत वितरण समिति गठन गऱ्यो । कर्णप्रसाद ह्यजूलाई बलिको बोको बनाई भक्तपुर काण्ड मचाएको स्पष्ट भयो, उहाँले भन्नुभयो ।

भक्तपुर काण्डको विरुद्धमा महिलाहरूले गरेको योगदान अतुलनीय छ । नेपाल मजदुर किसान पार्टी वैचारिक दृष्टिकोणले परिपक्व भएकोले जतिसुकै ठूला भनाउँदा पार्टी पनि नेमकिपादेखि सतर्क छ भन्नुभयो ।

पञ्चायतको बाटोमा काङ्ग्रेस, काङ्ग्रेसको बाटोमा एमाले र एमालेको बाटोमा माओवादी गएकोले नेपालको बहुदलीय व्यवस्थामा ती पूँजीवादी पार्टीहरूबाट जनताको भलो हुँदैन । जनताको हितको लागि पूँजीवादी व्यवस्थालाई पूर्णरूपमा उल्टाई समाजवादी व्यवस्था ल्याउन जनतालाई सचेत पार्नुपर्छ भन्नुभयो । भक्तपुरमा समाजवादउन्मुख काम भै रहेको भनी प्रचार भएकोले नेपालको विभिन्न जिल्लाका सांसदहरू, नगरपालिकाका प्रमुखहरू भक्तपुरमा आउनुभएको बताउनुहुँदै उहाँले भक्तपुर खेलकुद, तालिम, शिक्षा र स्वास्थ्यमा अगाडि बढ्दैछ भन्नुभयो ।

नेपाल कर्मचारी समाज केन्द्रीय समितिका अध्यक्ष **गौतम प्रसाद लासिवा**ले घाउ चिलाउँदै आएमा दुःख याद आउँछ भन्नुभयो ।

नेपाल कर्मचारी समाज जिल्ला समितिका अध्यक्ष **काजीबहादुर पञ्च**को सभापतित्वमा भएको उक्त कार्यक्रममा सचिव **लक्ष्मीप्रसाद सुवाल**ले पनि भक्तपुर काण्डबारे बोल्नुभएको थियो ।

## "नेमकिपा जनताको भावना बुझेर मन जितेर अघि बढ्दै छ"




पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र भक्तपुर काण्ड (२०४५ भदौ ९) को विरोध तथा भर्त्सना कार्यक्रम नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा भाद्र ९ गते भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'भक्तपुर काण्डमा राजनीतिक कार्यकर्तासँगै निर्दोष मानिसहरूले निकै दुःख पाए । नेपाल भाषासमेत नजानेका सरल र सोझा किसानहरूले सास्ती खेप्नु पऱ्यो । गर्दै नगरेको अपराध कबुल गराउन राज्य सत्ताले निकै दबाब दिएको थियो । पञ्चायती सरकार हामीमाथि धेरैभन्दा धेरै सजाय होस् भनेर गलत एवं झूटा मुद्दा प्रचार गर्दै हिँडे । तर, अपराधसँग सम्बन्धित कुरामा नेमकिपा कहिल्यै मुछिएन । जानेर कहिल्यै अपराध गर्नुहुँदैन भन्ने विषयमा कार्यकर्ताहरू सचेत थिए । देश र जनताको निःस्वार्थ




सेवा नै हाम्रो उद्देश्य थियो ।'

उहाँले थप्नुभयो, 'पार्टी ठूलो बनाउन पार्टीप्रति विश्वासघात गर्ने अपराधीहरूलाई पार्टीमा हुलेनौँ । पार्टी सङ्लो होस्, राम्रो होस्, सानो भएर केही फरक पर्दैन भन्ने भावनाले हामी लाग्यौँ । नेमकिपाले भोज–भतेर र पैसा खर्च गरेर चुनाव लडेन । जनतालाई धोखा दिएर पैसा दिएर चुनाव लडेन । जनताको भावना बुझेर मन जितेर अगाडि बढ्दै छ ।'

अध्यक्ष बिजुक्छेँले जोड दिनुभयो, 'चुनावमा हारजित हुन्छ तर, इमान र नैतिकता छाड्नु हुँदैन । शासक दलहरू चुनावमा बढी पैसा खर्च गर्छन् । नेमकिपा चुनावमा पैसा खर्च गर्दैन । हामीले जनतालाई धोखा दिएनौँ । पैसामा जनताको मत किनेनौँ । जनताको आँखा दूरबिनसरह हुन्छ । जनतामाथि छल गर्नु अपराध हो ।'

अध्यक्ष नारायणमान बिजुक्छेँले २०१९ सालको निर्वाचनपछि नै पार्टी निर्वाचित ठाउँबाट जनताको सेवाको निम्ति शैक्षिक, सांस्कृतिक परिवर्तनमा जोड दिएको कुरा उल्लेख गर्नुभयो ।

उहाँले मार्गनिर्देश गर्नुभयो, 'समाजवादी व्यवस्थामा जन्मदेखि मृत्युसम्म अरूलाई गुहार्न नपर्ने गरी राज्यले नै बन्दोबस्त गर्छ । त्यसकारण, नगरपालिकाले प्रसूतिगृहदेखि बाल उद्यान र ज्येष्ठ नागरिकको लागि आदर निकेतनको बन्दोबस्त गर्नुपर्छ । यसले कामदार महिलालाई अझ सहयोग पुग्नेछ । समाज अगाडि बढ्नेछ ।'

भक्तपुर काण्डको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'पञ्चायती राज्यले नै योजनाबद्ध तरिकाले ह्योजुलाई मारेको हो । ह्योजुलाई भीडमै छोड्नु, अस्पतालमा औषधि उपचार नगराउनु, खानासमेत नदिनुले नै पञ्चहरूको कुत्सित षड्यन्त्र बुझ्न सकिन्छ ।'

उहाँले भन्नुभयो, 'भक्तपुर काण्डमा उठेका किसान–मजदुरहरूको सङ्घर्षले पञ्चायती व्यवस्थाको अन्त्य भई प्रजातन्त्रको पुन:स्थापना भयो । त्यसकारण, कहिलेकाहीँ सहनुपर्ने हुन्छ । सङ्घर्षबाट विचलित हुनुहुँदैन । आखिरमा सत्यकै विजय हुन्छ ।'

'नेमकिपाले २०१९ सालभन्दा पहिले किसान कार्यकर्ताहरूलाई साक्षरता कक्षा सुरू गरेको हो । त्यसको केही समयपछि महिलाहरूको प्रौढ कक्षा सुरू भयो । कक्षाले सङ्कटको समयमा महिला कार्यकर्तालाई सङ्गठित हुन सघायो । भक्तपुर काण्डको समयमा महिलाहरूको सङ्घर्ष निकै प्रशंसनीय छ । आज पनि त्यस्तै भावनासाथ अघि बढौँ', उहाँले जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आफ्नो भोगाइ र जेलभित्रका गतिविधिलाई मार्मिक ढङ्गले सुनाउनुभयो ।

उहाँले बताउनुभयो, 'त्यतिबेला पञ्चायती व्यवस्थाविरोधी सङ्घर्षको विकल्प थिएन । पञ्चायती व्यवस्थाको विकल्प प्रजातन्त्र नै हो भन्ने भावनासहित लडेका थियौँ ।'

शासन सत्तामा बसेका शासकहरूले सत्ता जोगाउनको निम्ति जति पनि निर्मम बन्न सक्ने सत्य भक्तपुर काण्डको समयमा अनुभव भएको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'पञ्चहरूले आफ्नो शासन टिकाउन एक जना व्यक्तिलाई बलिको बोका बनाएका थिए ।'

उहाँले थप्नुभयो, 'राम्रो काम गर्नेहरू सामन्त र पुँजीपतिवर्गको सधैँ शत्रु बन्छन् । जनतालाई राजनीतिकरूपले सचेत पार्नेहरू उनीहरूका निम्ति अपराधी हुन्छन् भन्ने कुरा भक्तपुर काण्डको घटनाले देखायो ।'

उहाँले जोड दिनुभयो, 'भक्तपुर काण्डको त्यो समयमा नेमकिपाका कार्यकर्ता अत्यन्त अनुशासित भई साङ्गठनिक र सैद्धान्तिक अडानमा बसे । वैचारिकरूपमा स्पष्ट राजनीतिक कार्यकर्तालाई जेलनेलले पनि विचलित बनाउन सकेन । त्यो नेमकिपाको स्कूलिङको फल हो ।'

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष **अनुराधा थापामगर**ले नेमकिपाको सिद्धान्तनिष्ठ राजनीति र जनतामाझको लोकप्रियताबाट अत्तालिएको पञ्चायती शासकले नेमकिपाको समूल अन्त्यको लागि भक्तपुर काण्ड रचेको हो भन्नुभयो ।

उहाँले भन्नुभयो, 'साँचो अर्थमा कम्युनिस्ट राजनीति र आन्दोलन अघि बढाइरहेको नेमकिपालाई फसाउन खोज्ने पञ्चायती राज्य व्यवस्था अन्त्यका लागि पार्टीको नीतिअनुसार महिलाहरूले गरेको सङ्घर्ष महत्त्वपूर्ण थियो ।'

'कामदारवर्गका महिलाको सङ्घर्षबाट प्राप्त उपलब्धिहरू शोषक र शासक महिलाहरूले दुरूपयोग गरिरहेका छन् । त्यसविरूद्ध पनि महिलाहरूको आन्दोलन आवश्यक छ' उहाँले जोड दिनुभयो ।

नेमकिपा भक्तपुर जिल्ला अध्यक्ष एवं वाग्मती प्रदेश सांसद **सुरेन्द्रराज गोसाईं**ले इतिहासतिर फर्केर सिंहावलोकन

गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

हिजोजस्तै आज पार्टी र सङ्गठनविरूद्ध भइरहेका षड्यन्त्रहरूविरूद्ध लड्न आवश्यक भएको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'हिजो अग्रज पुस्ताले लड्नुभयो । त्यही समयमा जन्मेका छोराछोरीलाई त्यो सङ्घर्षको इतिहास थाहा छ कि छैन ? तिनलाई सङ्गठनमा ल्यायौँ कि ल्याएनौँ ? यो विषयमा मनन गर्नुपर्छ ।'

उहाँले जोड दिनुभयो, 'भक्तपुर काण्डको त्यो समयमा अग्रज नेता-कार्यकर्ताको सरदर आयु ३० देखि ३५ वर्ष हो अर्थात् युवा अवस्था । युवाहरूले पञ्चायती व्यवस्थाविरूद्ध कानुनी सङ्घर्ष गर्नुभयो । प्रवासबाट, जेलभित्रबाट भूमिगत भएर लड्नुभयो । पञ्चायती शासक या दरबार नेमकिपा र नेमकिपाका कार्यकर्ताको उमेर देखेर डराएको भन्न सकिन्छ । सबैभन्दा बढी भारतीय विस्तारवाद र एकाधिकार पुँजी नेमकिपासँग डराएको थियो किनभने त्यतिबेला 'सुस्ता नेपालको हो' भन्ने नेपालमा नेमकिपाबाहेक कुनै पार्टी थिएन ।'

उहाँले त्यतिबेला दरबार र गुप्तचरहरूले नेमकिपा र भक्तपुरमाथि गरेको निगरानीबारे चर्चा गर्दै भन्नुभयो, 'पञ्चायती शासकहरू नेमकिपाले थालेको साक्षरता कक्षा, शैक्षिक र राजनीतिक आन्दोलनबाट डराएकै हो ।'

नेक्रामसङ्घका केन्द्रीय उपाध्यक्ष **कमलमैँया सुवाल**ले भक्तपुर काण्डको समयमा महिला गतिविधि र आन्दोलनबारे चर्चा गर्नुभयो ।

शिक्षक **योगेन्द्रमान बिजुक्छेँ**ले पञ्चायती शासकहरूले थोपेको षड्यन्त्रका कारणहरू खोतलखातल गरी आफ्नो भोगाइ सुनाउनुभयो ।

केही वकिल र मानव अधिकारकर्मीहरूको सहयोगबिना कानुनी सङ्घर्ष अझ कठिन हुने वास्तविकता सुनाउनुहुँदै उहाँले घटनाका नकारात्मक र सकारात्मक पक्षमाथि छलफल गरी नयाँ पुस्तालाई शिक्षित बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेक्रामसङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष **सृजना सैँजू**को सभापतित्वमा भएको उक्त कार्यक्रममा समितिका कोषाध्यक्ष **गंगा वैद्य** र **मीना प्रजापति**ले पनि बोल्नुभएको थियो ।

## कोसी प्रदेशस्तरीय कार्यकर्ता भेला तथा छलफल

नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट पार्ने उद्देश्यले रचित भक्तपुर काण्ड तथा समसामयिक विषयमा नेमकिपा कोसी प्रदेश समितिको आयोजनामा प्रदेशस्तरीय कार्यकर्ता भेला तथा छलफल कार्यक्रम भाद्र ९ गते भयो ।




कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शासक दलका पार्टीहरूले कम्युनिस्टको नाउँमा जोकोहीलाई टीकोटालो लगाएर पार्टी सदस्यता वितरण गर्नु कम्युनिस्ट आचरण नभएको बताउनुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीले लेनिनवादी नीतिअनुसार निर्वाचनलाई उपयोग गरी जनता सचेत पार्ने कामबाट पञ्चायत रुष्ट भई पार्टी नष्ट गर्न भक्तपुर काण्ड रचेको हो भन्नुभयो । उहाँले पार्टीका कार्यकर्ता इमानदार र सक्रिय भए पार्टीलाई समस्या हुँदा कार्यकर्ताहरू पछि नहट्ने भएकोले पार्टी प्रकाशन अध्ययनमा जोड दिनुभयो ।

उहाँले पार्टी सदस्यता सङ्ख्यात्मक हिसाबमा कम भए तापनि वैचारिकरूपमा नेमकिपा बलियो भएको कुरा उल्लेख गर्नुहुँदै समाजवादी बन्दोबस्तमा मात्र आर्थिक समानता हुने भएकोले सक्रिय भएर लाग्न उत्साहित गर्नुभयो ।

कोसी प्रदेशका संयोजक **उकेश कवां**ले पुँजीपतिवर्गले कामदारवर्गलाई सहजरूपमा अगाडि बढ्न नदिने हुँदा राजनीतिकरूपमा सचेत हुनुपर्ने बताउनुभयो । शासक दलहरू पद र पैसाको लागि कुनै पनि हदसम्मको जान सक्नेबारे विश्वको विभिन्न घटनाको उदाहरण राख्नुहुँदै यसबाट शिक्षा लिनुपर्छ भन्नुभयो ।


नेमकिपा कोसी प्रदेश समितिका सदस्य **दिनेश खड्गी**ले राइखस्टागमा आगलागी, नेमकिपा उदयपुरका संयोजक **विष्णु खत्री**ले काल्पनिक समाजवाद, नेमकिपा खोटाङका संयोजक **भोजराज बस्नेत**ले सय वर्षपछिको भक्तपुर, नेमकिपा ओखलढुङ्गाका संयोजक **ढकराज थापा**ले समाज विकासको एक झलक र कुमार तामाङले 'भक्तपुर' मासिकमा प्रकाशित लेखको विषयमा आ-आफ्नो अध्ययन प्रस्तुत गर्नुभएको थियो ।

कोसी प्रदेशका संयोजक उकेश कवांको सभापतित्वमा भएको भेलामा प्रदेश समितिका सदस्य **महेन्द्र बखुन्छे**ले पनि बोल्नुभएको थियो ।

# ‘भक्तपुर काण्ड’ र राइखस्टाग आगलागी मुद्दाबारे एक चर्चा

● समा

समय आजभन्दा ३५ वर्ष अगाडिको हो। तत्कालीन निरङ्कुश पञ्चायती राज्यसत्ताले नेपाल मजदुर किसान पार्टीको तेजोवध गर्न एउटा राजनीतिक षड्यन्त्र रचेको थियो। नेपालको राजनीतिक इतिहासमा त्यो घटनालाई ‘भक्तपुर काण्ड’को रूपमा स्मरण गरिन्छ। २०४५ भाद्र ९ को त्यो घटनालाई कालो दिनको रूपमा भर्त्सना गरिन्छ।




‘भक्तपुर काण्ड’ नेपालको राजनीतिक इतिहासमा कामदार जनतामाथि राज्यसत्ताको दमन, अत्याचार, क्रुरता निरङ्कुशताको इतिहास हो। ‘भक्तपुर काण्ड’ नेमकिपाको राजनीतिक विचार, वर्गीय आन्दोलन र जनसेवाको राजनीति दबाउन पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र थियो। प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर देश र जनताको निःस्वार्थ सेवा गर्ने र चुनावको उपयोग गर्ने नेमकिपाको नीति र सिद्धान्तविरुद्ध निर्मम प्रहार थियो ‘भक्तपुर काण्ड’। नेमकिपाले २०१९ सालदेखि नै राजनीतिक, शैक्षिक, सांस्कृतिक गतिविधि सघन बनाइसकेको थियो। विशेषतः भक्तपुरमा नेपाल मजदुर किसान सङ्गठनको जनता केन्द्रित गतिविधि पञ्चहरूलाई मन परेको थिएन। नेमकिपा भने जनतामाझ दिनप्रतिदिन लोकप्रिय बन्दै थियो। भक्तपुरको हकमा त्यो लोकप्रियता निर्वाचनको मतमा बदलिँदै गयो। नेमकिपाका जनप्रतिनिधिहरू निर्वाचित हुँदै थिए। भक्तपुरमा बहुदलवादीहरू जित्दै थिए। पञ्चायती व्यवस्थाभित्र गई व्यवस्थाविरुद्ध लडेर जनताको सेवा गर्ने नेमकिपाको आन्दोलन सशक्त बन्दै थियो। २०४५ सालको पृष्ठभूमि हेर्ने हो भने भक्तपुरमा पञ्चायतइतर अर्थात् फरक राजनीतिक विचारको जग बनिसकेको थियो। देशैभरि पञ्च, राजवादीहरूले चुनाव जितेको बेलामा भक्तपुरमा सत प्रतिशत बहुदलवादीहरू जितेका थिए। यो राजनीतिक परिवर्तनका लागि नेमकिपाले थालेको किसान आन्दोलन, मोहियानी हक सुरक्षण आन्दोलन, भर्पाइ आन्दोलनसँगै सफाइ आन्दोलनको योगदान ठूलो छ। ती आन्दोलनहरूले जनतामा निकै सकारात्मक छाप छोड्यो। वास्तवमा ती आन्दोलनहरूले जनताको आर्थिक जनजीविकामै महत्त्वपूर्ण परिवर्तन ल्यायो। नेमकिपाले थालेको शैक्षिक आन्दोलन अर्को महत्त्वपूर्ण पाइला थियो। २०१९ सालअघिबाटै नेमकिपाले स्कुल जीवन नपाएका किसानलाई साक्षरता कक्षा सुरु गरिसकेको थियो भने २०२०–२१ तिरबाट महिलाहरूलाई प्रौढकक्षा र साक्षरता कक्षा थालेको थियो। स्थानीय निकायमा नेमकिपाका जनप्रतिनिधिहरू निर्वाचित भइसकेपछि परीक्षाहरूमा चिट चोर्ने विकृति रोक्यो, निमावि तहसम्मको विद्यालय शिक्षा निःशुल्क गर्‍यो। त्यतिमात्र होइन विद्यालय र कलेज सञ्चालनको आधार तयार गर्‍यो। पञ्चायती राज्यसत्ता एवम् शासकहरूलाई त्यो स्वीकार्य थिएन। त्यो भन्दा बढी पञ्चायती शासकलाई नेमकिपाको कम्युनिस्ट विचार सह्य थिएन। राजा, राणा र पञ्चहरूको दमनको त्यो व्यवस्थाविरुद्ध कम्युनिस्टहरूको गतिविधि तिनका लागि ठूलो टाउको दुखाइ बनेको थियो। त्यसकारण नेमकिपाको कम्युनिस्ट विचार र सिद्धान्तनिष्ठ राजनीति दबाउने दाउ खोज्दै थिए पञ्चहरू। यतिकैमा २०४५ सालमा प्राकृतिक भूकम्प भयो। त्यसैलाई राजनीतिक भूकम्पमा बदल्ने षड्यन्त्र पञ्चहरूले गरे। नेमकिपाले कारबाही गरिसकेका एक कुपात्रलाई बलिको बोका बनाई नेमकिपाको समूल नष्ट गर्ने कुत्सित प्रयत्न गरे।

‘भक्तपुर काण्ड’ जस्तो घटना विश्व राजनीतिमा के पहिलो थियो ? विश्व राजनीतिको इतिहास पल्टाउने हो भने सदैव सत्य र राम्रो काम गर्ने, जनपक्षीय काम गर्नेहरूमाथि खराब पक्ष अर्थात् शासकहरूले आक्रमण, षड्यन्त्र र अत्याचार गरेको भेटिन्छ। कम्युनिस्ट आन्दोलनको कुरा गर्ने हो भने त

झन प्रतिक्रियावादी तत्त्वहरू हरदम कम्युनिस्ट आन्दोलन कमजोर पार्न र दबाउन षड्यन्त्र गरिरहेका हुन्छन्। समाजवादी क्रान्ति सफल भइसकेका देशहरूमा समेत पुँजीवादको पुनः स्थापनाका निम्ति भएका षड्यन्त्रहरू पेरिसकम्युन र सोभियत रुसको इतिहासबाट थाहा हुन्छ। कम्युनिस्ट आन्दोलन दबाउन साम्राज्यवादी शक्तिहरू कति उद्धत हुन्छन् भन्ने बुझ्न ल्याटिन अमेरिका, अफ्रिकाको इतिहास र वर्तमानतिर दृष्टि लगाए पुग्छ। कम्युनिस्टहरूलाई समाप्त पार्न जर्मनीमा भएको एउटा घटना भने 'भक्तपुर काण्ड'सँग मिल्दो जुल्दो छ।

आजभन्दा ९ दशकअघि हिटलर नाजीहरूले जर्मनीका कम्युनिस्टविरुद्ध रचेको त्यो षड्यन्त्रको नाम हो, राइखस्टाग आगलागी मुद्दा। सन् १९३० मा विश्वले एउटा ठूलो आर्थिक मन्दी अर्थात् ग्रेट डिप्रेसनको सामना गर्नुपर्‍यो। जर्मनी त्यो आर्थिक सङ्कटमा नराम्ररी कमजोर बन्यो। कठिन र कठोर आर्थिक निर्णयहरूले पनि त्यहाँको सरकार जोगाउन सकिएन र नाजीहरूले त्यसको फाइदा उठाए। त्यसपछि सन् १९३३ जनवरी ३० मा नाजी हिटलर चान्सलरको रूपमा नियुक्त भए। सन् १९२० को संसदीय चुनावमा करिब ६ प्रतिशतमात्र मत ल्याएका नाजीहरूले १९३२ सम्ममा एकतिहाइ मत ल्याए। तर, नाजीहरूको उदयले जनता खुशी थिएनन्। हिटलरको धार्मिक साम्प्रदायिकता र कट्टर राष्ट्रवादी व्यवहारले जनता आक्रान्त थिए। हिटलर नाजीले धमाधम यहुदी, समाजवादी, ट्रेडयुनियनवादीहरू लखेट्न थाले। 'हाम्रो रगत भनेको आर्य रगत हो जहाँ जहाँ आर्य रगत छ त्यहाँ हामी हुन्छौँ। आर्य रगत पवित्र रगत हो' भन्ने फासीवादी विचार प्रचार गरियो। जसरी नेपालमा पञ्चहरूले 'सबै पञ्च नेपाली सबै नेपाली पञ्च' भन्ने नारा लगाउँथे। यहाँ पञ्चहरूको बर्बरता र जर्मनीमा फासीवादी हिटलर नाजीहरूको बर्बरता उस्तै उस्तै थियो। यहाँ पञ्चायती व्यवस्थाविरुद्ध नेमकिपाले सङ्घर्ष थाले जस्तै जर्मनीमा हिटलरको ज्यादतीविरुद्ध कम्युनिस्टहरू उठ्न थाले। कम्युनिस्टहरूले आफ्नो शक्ति विस्तारमा जोडतोड मिहिनेत गरे। हिटलर भने कम्युनिस्टविरुद्ध जालसाजीमात्रै गर्दै थिएनन् बरु संसद्‌बाटै कानुन र अध्यादेश जारी गर्दै थिए। यद्यपि, निर्वाचनमा कम्युनिस्टहरूको लोकप्रियता देखियो। संसदीय चुनावमा ८१ कम्युनिस्ट नेताहरू निर्वाचित भए। कम्युनिस्टहरूको त्यो जित नाजीहरूको निम्ति ठूलो चुनौति थियो। यसै परिवेशमा सन् १९३३ फेब्रुअरी ७ को राती ९:३० बजे संसद् भवनमा आगलागी भयो। त्यसको दोष कम्युनिस्टहरूमाथि थोपियो। आरोपको पुष्टिबिना तत्कालै निर्वाचित सांसदहरू बर्खास्त गरियो। संसद्‌मा नाजीहरूले बहुमत देखाए।

वास्तवमा नाजीहरू कम्युनिस्ट नेता रोजा लग्जेम्वर्ग र कार्ल लिब्नेख्तको हत्या पछि उदाएका हुन्। आक्रमण र नरसंहारको युद्धतिर जर्मनीलाई धकेल्नका लागि नाजीहरू सुरुदेखि उद्धत थिए। आफ्नो प्रभुत्व बलियो बनाउन तिनले समाजवादी र कम्युनिस्टहरू सिध्याउनतिर ध्यान केन्द्रीत गरे। त्यतिबेला जर्मनीमा नाजीतर्फका संसदीय दलका नेता गोयरिङलाई प्रसिया राज्यको आन्तरिक मामिला मन्त्री बनाउनु पनि नाजीहरूको षड्यन्त्र थियो। प्रसियाली प्रहरी आफ्नो लगाममा ल्याउने चाल थियो।

देशभित्र नाजीहरूको आतङ्क सुरु भइसकेको थियो। राज्यसत्ताको एउटा अङ्ग प्रहरी मोर्चा सम्हाल्ने गोयरिङ यसो भन्थे – 'प्रहरीको बन्दुकको नालबाट निस्केको प्रत्येक गोली मेरो गोली हो। यदि त्यसलाई हत्या भनिन्छ भने म हत्यारा हुँ। मलाई दुई थरी कानुन थाहा छ किनभने यहाँ दुइथरी नै मानिस छन्। एकथरी हाम्रा समर्थक र अर्कोथरी हाम्रा विरोधी'। यो अभिव्यक्तिले नाजी शासन नाजीविरोधीप्रति कति क्रुर र निर्मम थियो भन्ने अनुमान गर्न सकिन्छ। हजारौँ लाखौँ सङ्ख्यामा युवाहरूलाई नाजी युवा सङ्गठन 'आँधीबेहरी दस्ता' मा संलग्न गराईदै थियो। कम्युनिस्टहरूविरुद्ध त्यो युवा दस्ताको प्रयोग गरियो। नाजी सरकारले राइखस्टाग आगलागीको दोषारोपण गरी कम्युनिस्टहरूमाथि चारैतिर धरपकड गर्न थालेको थियो। निकै पहिले नै तयार गरिएको सूचीबमोजिम कम्युनिस्ट नेताहरू, सांसद, थुप्रै सामाजिक प्रजातन्त्रवादी नेताहरू, वामपन्थी बुद्धिजीवीहरू र मजदुर नेताहरू पक्राउ गरियो। आगलागीको पहिलो रात नै ४०० भन्दा बढीलाई पक्राउ गरी 'आँधीबेहरी दस्ता' को व्यारेकमा लगेर यातना दिइएको थियो। त्यतिमात्र होइन संसदीय भवनको आगलागी जर्मनीभरि विद्रोह र आतङ्कवादी क्रियाकलापको सुरुआत भन्दै नाजी गोयरिङले भाषण दिएका थिए र कम्युनिस्टविरुद्ध 'राज्यविरुद्धको कम्युनिस्ट हिंसाबाट राज्य र जनताको सुरक्षा अध्यादेश' जारी गरेका थिए।

जर्मनीमा जस्तै यता पनि ह्योजुको हत्यापछि छापामार शैलीमा नेमकिपाका नेता, कार्यकर्ताको घरघरमा धरपकड सुरु गरेका थिए। कुनै खोज र अनुसन्धानबिना नेमकिपालाई आरोप लगाई देशको प्रधानमन्त्री मरीचमान सिंहसहित व्यवस्थापिका र कार्यपालिकाका सदस्यहरू सडकमा ओर्लेर व्यक्तिको नामै किटेर 'फाँसी दे' को नारा लगाइएको थियो। पञ्चहरूले सुनियोजित ढङ्गले सम्पूर्ण नेता कार्यकर्ताको घरमा एकैचोटि धरपकड गरेका थिए। देशैभरि जहाँजहाँ नेमकिपाको सङ्गठन छ त्यहाँ प्रहरीले निर्ममतापूर्वक नेमकिपाका नेता कार्यकर्तालाई दुःख दिए। ६७ जना नेता र कार्यकर्ताविरुद्ध ज्यानमुद्दासमेत चलाइयो। सयौँ नेता कार्यकर्ता भूमिगत भए। केही नेताहरूले झूटा आरोपविरुद्ध प्रवासबाट सङ्घर्ष गरे।

वास्तवमा भूकम्पपछि राहत वितरणको लागि गैरसरकारी संस्था पठाउनु र त्यसको नेतृत्व हिजो नेमकिपाबाट रापस बनिसकेका तर जनतालाई धोखा दिइसकेका ह्योजुलाई पठाउनु शङ्कास्पद थियो। ह्योजु अवसरवादी र पैसाको लोभी थिए, धाँधली गरी धनी बन्ने स्वार्थ ऊसँग थियो। त्यसकारण, उनले

भूकम्प पीडितलाई राहत नदिई पक्षपात गऱ्यो। जनता आक्रोशित भए। त्यो आक्रोसित भीडमा ह्योजुलाई सुम्पने पञ्चायती प्रहरी नै थियो। नेमकिपाका नेता कार्यकर्ताले ह्योजुलाई सुरक्षा दिइरहँदा प्रहरी मूकदर्शक बन्यो। नेमकिपाका जनप्रतिनिधिहरू प्रहरी चौकीमा ह्योजुको सुरक्षाका लागि आग्रह गर्न जाँदा फोर्स पुग्दैन भनी फर्काउनु पनि षड्यन्त्र थियो। ह्योजुलाई अस्पताल त पुऱ्याइयो तर औषधीउपचार र खानपिन गराइएन। त्यसकारण उनको मृत्यु भएको तथ्य पछि बाहिरियो। त्यो पञ्च शासकहरूको चाल थियो भन्ने प्रमाण खुल्दै गयो। नेमकिपाले झूटो आरोपविरुद्ध राजनीतिकसँगै कानुनी सङ्घर्ष गऱ्यो।

जर्मनीको संसद् भवन आगलागीको अभियोग लगाइएका मुख्य अभियुक्त डच अराजकतावादी मारिनस भानडेर लुब थिए जो घटनास्थल मै अर्धनग्न अवस्थामा भेटिएका थिए। उनीसँगै अन्य चार जनालाई अभियोग लगाइएको थियो जो कम्युनिस्टहरू थिए। तर, ती चारै जना आगलागीको समयमा घटना स्थलमा थिएनन्। यता पञ्चहरूले पार्टी अध्यक्षले घरको झ्याल, चोकबाट 'ह्योजुलाई मार मार' भनेको दाबी गरेका थिए तर वास्तवमा अध्यक्ष टाइफाइड ज्वरोका कारण कोठामै हुनुहुन्थ्यो। कोठा मूल सडकभन्दा भित्र थियो। यसले पनि पञ्चहरूको झूट प्रष्टिन्थ्यो।

'भक्तपुर काण्ड' मा पञ्चहरूले गरेको धाँधलीपूर्ण एकतर्फी सर्जमिन जस्तै जर्मनी प्रहरी र आयोगहरूको छानबिन पनि एकतर्फी थियो। सत्यतथ्य छानबिन हुँदा आगलागीमा नाजीहरूकै षड्यन्त्र पुष्टि हुँदै गयो। अध्ययनले भन्यो भानडेर लुब एक्लैले त्यति ठूलो संसद् भवन आगलागी गर्न नसक्ने सत्य पुष्टि भयो। संसद् भवन बाहिरका सबै ढोकाहरू बन्द अवस्थामा हुँदा संसद्भित्र भान डेर लुब कसरी प्रवेश गरे ? भन्ने शङ्का उब्जियो। नाजी मन्त्री गोयरिङको कक्षबाट संसद् भवन जाने गोप्य मार्ग थियो। त्यहीबाट प्रवेश गरेको प्रमाण बलियो बन्यो। आगलागीमा प्रज्वलनशील पदार्थसहित १० नाजी युवा दस्ताको प्रयोग भएको देखियो। आगलागी आरोपमा परेका कम्युनिस्ट नेताहरू डिमिट्रोभ, पोपोभ र टातेमसँग घटनाको समयमा आफू घटनास्थलमा नभएको पक्का प्रमाण थियो।

भान डोर लुबलाई कम्युनिस्ट आन्दोलनसँग सम्बन्धित देखाउने राज्यको प्रयास फितलो थियो। लुबसँग राष्ट्रिय समाजवादी पार्टी (नाजी) को परिचयपत्र थियो। कुनै बेला कम्युनिस्ट आन्दोलनमा हिँडेको बताउने लुबलाई नाजीहरूले कम्युनिस्ट सिध्याउने हतियार बनाउन खोजेको पुष्टि भयो जसरी कर्णप्रसाद ह्योजु पञ्चहरूका निम्ति एउटा हतियार बनेको थियो।

भान डेर लुबबाहेकका ४ आरोपीहरू कम्युनिस्ट थिए तर आरोप पुष्टि गर्ने कुनै प्रमाण भेटिएन।

सरकारी वकिलहरू नलिई डिमिट्रोभहरू आफैले आफ्नो पक्षमा वकालत गरे। तिनको भावना र नेमकिपाका नेता कार्यकर्ताहरूले गरेको बहस पैरवीबीच समानता अनुभव हुन्छ। नेमकिपाका नेता कार्यकर्ताहरू जस्तै डिमिट्रोभहरू पनि कत्तिपनि विचलित नभई आफ्नो अडानमा बसे। नाजीतिर फर्केर अदालतमा बहसको क्रममा भनेका थिए – 'कम्युनिस्ट पार्टीविरुद्ध लड्ने तिमीहरूको अधिकार जस्तै तिमीहरूको सरकारविरुद्ध भूमिगत भएर लड्ने अधिकार जर्मन कम्युनिस्ट पार्टीलाई छ।' तिनीहरूले आफू कम्युनिस्ट हुँ भन्ने जिकिर धेरै पटक गरे तर कम्युनिस्ट भएकै कारण आफू दोषी नभएको तर्क राखे।




आगलागीमा नाजीहरूको हात रहेको थुप्रै प्रमाणहरू भएको **'खैरो किताब'** ले पनि गोयरिङ र गोयबल्सले नै आगलागी गराएको दाबी गरेको छ। राइखस्टाग आगलागीको विषयमा **अलेक्ज्यान्डर बआर र विल्फ्रेड कुगेलको पुस्तक 'इतिहास कसरी बनाइन्छ'** ले निर्णायक सत्य बताउँछ। ती विद्वान्हरूले आगलागीमा नाजी संलग्नतामात्र होइन नाजीको पक्षमा न्यायालयको भूमिकासमेतलाई प्रकाशमा ल्याएको छ। नाजी सरकारले आफ्नो सत्ता जोगाउनकै निम्ति आगलागीमा भान डेर लुबको दोष पुष्टि गरी जेलमा हाल्यो र टाउको काटेर ज्यान सजाय दियो। यसरी राइखस्टाग आगलागी मुद्दाका धेरै तथ्य र घटनाहरूसँग 'भक्तपुर काण्ड'को समानता अध्ययन गर्न सकिन्छ।

२०६७ फागुनमा प्रकाशित पुस्तक 'राइखस्टाग आगलागी मुद्दा' ले जर्मनीको इतिहासको एउटा कालखण्ड अवगत गराउनुका साथै 'भक्तपुर काण्ड' को तुलनात्मक अध्ययनमा सघाउँछ। त्यतिमात्र होइन विश्वको कुनै पनि भूगोलमा कम्युनिस्ट अर्थात् जनताका सेवकहरूविरुद्ध राज्यसत्ताबाट षड्यन्त्र हुनसक्छ भन्नेमा सचेत गराउँछ। आजको विश्वमा पुँजीवादी र साम्राज्यवादी तत्त्वहरूले कम्युनिस्टविरुद्ध गरिरहेको हमला र षड्यन्त्रको सूक्ष्म अध्ययनमा पुस्तकले सघाउँछ। यस पुस्तकमा सङ्ग्रहित अन्तरराष्ट्रवादी नेता जर्जी डिमिट्रोभको सङ्क्षिप्त जीवन चर्चा निकै पठनीय छ। राइखस्टाग आगलागी मुद्दाबारे सत्य तथ्य जानकारी दिने यस पुस्तकका लेखक र अनुवादकप्रति आभार। पठनीय एवम् सङ्ग्रहनीय पुस्तकका लागि प्रकाशकप्रति साधुवाद छ।

**'श्रमिक'** साप्ताहिक, भाद्र १२

# ;fkf? ljz]f

## सापारुको तयारीस्वरूप सांस्कृतिक गुरुहरूको भेला



भक्तपुर नगरपालिकाले २०८० सालको गाईजात्रा पर्व (सापारु) मा प्रदर्शन हुने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरूको प्रतियोगिताको तयारीस्वरूप साउन २२ गते भक्तपुरका सांस्कृतिक गुरुहरूको भेला गरेको छ ।

नगरका दाफा, भजन, सांस्कृतिक टोलीलगायतका प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरलाई जीवन्त सहरको रूपमा परिचित गराउन भक्तपुरका मूर्त र अमूर्त सम्पदा, कला र संस्कृति जोगाइराख्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।

उहाँले समाज परिवर्तन र सुधारको निम्ति सबैले आफ्नो ठाउँबाट प्रयास गर्नुपर्ने बताउनुहुँदै नजिकिँदै गरेको गाइजात्रा पर्वलाई सुरक्षित, सभ्य र सुसंस्कृत ढङ्गले सम्पन्न गर्न सबैजना क्रियाशील हुनुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुरका सांस्कृतिक गुरुहरू विश्वविद्यालयका प्राध्यापकहरू सरह भएको बताउनुहुँदै मानिसलाई शिक्षा र अनुभवले धेरै कुरा सिकाउने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले सापारु पर्वलाई प्रगतिशील ढङ्गले सञ्चालन गर्ने उद्देश्य नगरपालिकाको रहेको बताउनुहुँदै नगरका विद्यालयहरूमा परम्परागत नाच र बाजाहरूको प्रशिक्षणहरू सिकाउने क्रम चालु रहेको बताउनुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले सांस्कृतिक प्रतियोगिता आयोजनाले सभ्य र सुसंस्कृत समाज निर्माणमा समेत मद्दत पुऱ्याउने बताउनुहुँदै सांस्कृतिक गुरु र कलाकारहरूको सीपलाई जीवन्त राख्न समयसान्दर्भिक प्रतियोगिताहरूको आयोजना हुनु स्वागतयोग्य भएको बताउनुभयो ।

कार्यक्रममा विभिन्न विधाका संस्कृतिकर्मीहरूले लोप हुन लागेका परम्परागत नाचहरू जोगाउनुपर्ने, प्रतियोगिताका सहभागी र विजेताहरूलाई समयसापेक्ष ढङ्गले पुरस्कार राशी वृद्धि गर्नुपर्ने, गाईजात्रामा उच्छृङ्खल गतिविधिलाई निरुत्साहित गर्नुपर्ने, गाईजात्रा प्रतियोगिता मूल्याङ्कनस्थलमा मात्र सीमित नभई गाईजात्रा रुटअनुसार सबै ठाउँमा प्रदर्शन गर्नुपर्ने, भक्तपुरका कला संस्कृति, नाच र बाजागाजा अध्ययनको लागि अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने, उत्तेजित ढङ्गले बाजा बजाउने अवस्थालाई नियन्त्रण गर्नुपर्ने, आधुनिक र परम्परागततर्फ प्रस्तुत हुने गाइँचा म्येहरूलाई लिपिबद्ध गर्नुपर्नेलगायतका धारणाहरू राख्नुभयो ।


कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्माले धन्यवादज्ञापन गर्नुभयो ।

## यस वर्षको गुन्हिपुन्ही र सापारु मनाउने दिन निर्णय



यस वर्षको गुन्हिपुन्ही (जनैपूर्णिमा) र सापारु (गाईजात्रा) एकै दिन परेको कारण जनमानसमा अन्योल पैदा नहोस् भनी भक्तपुर नगरपालिका र सरोकारवालाहरू तलेजुका मूल पुजारी (राजोपाध्याय), पुजारीहरू (कर्माचार्य र जोशी) बीच साउन २९ गते भएको बैठकले २०८० भदौ १३ गते बुधबार गुन्हिपुन्ही (जनै पूर्णिमा) र २०८० भदौ १४ गते बिहीबार सापारु (गाईजात्रा) मनाउने निर्णय गरेको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सरोकारवालाहरूको उपस्थितिमा बसेको आजको बैठकले ज्योतिषशास्त्र अनुसार भाद्र १३ गते बुधबार चतुदर्शी (१४) घ.प. ११।२८ प्रात, घ.मि. १०।१७ प्रात र त्यसपछि भाद्र १४ गते एकै दिनमा वृहस्पतिबार पूर्णिमा (१५) घ.प. १५।१८ प्रात, घ.मि. ७।४९ प्रात, प्रात ७।४९ मिनेट पछि परेवा (प्रतिपदा) लाग्ने, सापारु शुरु हुने समय रहेकोले यही मिति २०८० भाद्र १३ गते बिहान १० बजे १७ मिनेटदेखि पूर्णिमा शुरु भई भाद्र १४ गते बिहान ७:०० बजेर ४९ मिनेटसम्म रहने र त्यसपछि सापारु शुरु हुने भएको हुँदा २०८० भाद्र १३ गते पुन्ही र २०८० भाद्र १४ गते सापारु मनाउने निर्णय गरेको हो ।


निर्णय :

परम्परागत रुपमा मनाइदै आएको गुन्हीपुन्ही र सापारु यस वर्ष एकै दिन परेको देखिएकोले त्यसबारे स्पष्ट पार्न आज तलेजुका पुजारी समेतको उपस्थितिमा बसेको बैठकले निम्न बमोजिमको निर्णय गरियो :-

ज्योतिषशास्त्र अनुसार भाद्र १३ गते बुधबार चतुदर्शी (१४) घ.प. ११।२८ प्रात, घ.मि. १०।१७ प्रात र त्यसपछि भाद्र १४ गते एकै दिनमा वृहस्पतिबार पूर्णिमा (१५) घ.प. १५।१८ प्रात, घ.मि. ७।४९ प्रात, प्रात ७।४९ मिनेट पछि परेवा (प्रतिपदा) लाग्ने, सापारु शुरु हुने समय रहेकोले यहि मिति २०८० भाद्र १३ गते विहान १० बजे १७ मिनेटदेखि पूर्णिमा शुरु भई भाद्र १४ गते विहान ७:०० बजेर ४९ मिनेटसम्म रहने र त्यसपछि सापारु शुरु हुने भएको हुँदा २०८० भाद्र १३ गते पुन्ही र २०८० भाद्र १४ गते सापारु मनाउने निर्णय गरियो ।

## सांस्कृतिक मूल्याङ्कनकर्ताहरूको भेला



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नजिकिँदै गरेको सापारु पर्वमा प्रदर्शन हुने सांस्कृतिक प्रदर्शनीका सांस्कृतिक मूल्याङ्कनकर्ताहरूको भेला साउन ३० गते आयोजना गरी विविध विषयमा छलफल गरेको छ ।

## सापारु प्रदक्षिणा मार्गमा अव्यवस्थित तारहरू व्यवस्थित गरिने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा २०८० सालको प्रसिद्ध गाईजात्रा (सापारु) पर्वलाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न गाईजात्रा प्रदक्षिणा मार्गमा रहेका विद्युत, टेलिफोन, इन्टरनेट र केबुल नेटवर्कका तारहरू व्यवस्थित गर्ने विषयमा भदौ ६ गते सम्बन्धित सरोकारवालाहरूको बैठक बस्यो ।

बैठकले प्रसिद्ध गाईजात्रा (सापारु) पर्वलाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्न सरोकारवाला सबै पक्षबाट आ–आफ्नो क्षेत्रबाट सहयोग गर्ने र गाईजात्रा प्रदक्षिणा मार्ग र महत्त्वपूर्ण स्थानहरूमा टेलिकम, बिजुली बत्ती र इन्टरनेटका तारहरू हटाउन यही २०८० साल भदौ १० गतेभित्र सबैले आ–आफ्नो तारहरू व्यवस्थापन गर्ने र तोकिएको समयभित्र तारहरू नहटाएमा नगरपालिका स्वयम्ले हटाउने निर्णय गर्‍यो ।

बैठकले भक्तपुर नगरमा अस्तव्यस्त राखिएका तारहरूको व्यवस्थापनमा आवश्यक समन्वय तथा अनुगमन कार्य गर्न भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गर्ने निर्णय गर्‍यो ।

## सापारु प्रदक्षिणा मार्गमा विशेष सरसफाइ



भक्तपुर नगरपालिकाको आयोजनामा २०८० सालको गाईजात्रा पर्व (सापारु) प्रदक्षिणा मार्गमा भदौ १२ गते बिहान विशेष सरसफाइ गरिएको छ ।

यस वर्षको गुन्हिपुन्ही (जनैपूर्णिमा) र सापारु (गाईजात्रा) एकै दिन परेको कारण जनमानसमा अन्योल पैदा नहोस् भनी भक्तपुर नगरपालिका र सरोकारवालाहरूबीच भएको छलफलले २०८० भदौ १३ गते बुधबार गुन्हिपुन्ही (जनैपूर्णिमा) र मिति २०८० साउन १४ गते सापारु (गाईजात्रा) मनाउने निर्णय गरेको हो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीको नेतृत्वमा भक्तपुरको दत्तात्रयबाट सुरु भएको सरसफाइ ऱ्याली गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, वंशगोपाल, तेखापुखु, इटाछैँ, खौमा हुँदै दरबार क्षेत्र फसिदेगः अगाडि पुगी सभामा परिणत भएको थियो ।

सरसफाइ कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाको आयोजनामा भएको सचेतनामूलक सरसफाइ कार्यक्रममा सहभागी सम्पूर्णमा धन्यवादज्ञापन गर्नुहुँदै प्रदिक्षणा मार्गमा रहेका फोहोर व्यवस्थापन र जात्रा अवधिभर शान्तिपूर्ण वातावरण कायम गर्न सचेतना कार्यक्रम आयोजना गरेको बताउनुभयो ।



सापारु नेवार समुदायको एक मौलिक पहिचान बोकेको जात्राको रूपमा प्रख्यात भएको बताउनुहुँदै उहाँले भक्तपुरको गाईजात्रा हेर्न काठमाडौँ उपत्यका र उपत्यका आसपासका हजारौँ जात्रालुहरू भक्तपुरमा जात्रा हेर्न आउने भएकोले यहाँको सरसफाइ, पार्किङ व्यवस्थापन, स्वयम्सेवक परिचालनलगायतका विषयमा नगरपालिकाले विशेष पहल गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले विद्यालय तथा कलेजहरूमा विद्यार्थीहरूलाई गाईजात्रा पर्वबारे जानकारी दिन स्थानीय पाठ्यक्रम लागू गर्दै आएको बताउनुहुँदै विद्यालयहरूले विद्यार्थीहरूलाई घिन्ताङघिसी तथा मौलिक नाचहरूको प्रशिक्षणसमेत सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको कला र संस्कृति संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले भक्तपुर नपाले विविध सांस्कृतिक गतिविधिहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै गाईजात्रा पर्व पनि भक्तपुरको महत्त्वपूर्ण सांस्कृतिक पर्वको रूपमा रहेको हुँदा सभ्य ढङ्गले यो जात्रा मनाउन आग्रह गर्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले नपाको आयोजनामा भएको सरसफाइ कार्यक्रममा सहभागी सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी र विद्यालय शिक्षक-शिक्षिका तथा विद्यार्थीहरूमा धन्यवादज्ञापन गर्नुहुँदै जात्रा भव्य रूपमा सम्पन्न गर्न सबैमा आनुरोध गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले भक्तपुर नपाले विगतमा झैँ यस वर्षमा पनि सापारुको उपलक्ष्यमा परम्परागत र आधुनिक सांस्कृतिक विधाहरू तथा घिन्ताङघिसी प्रतियोगिता गर्न लागेको जानकारी गराउनुहुँदै गाईजात्रा प्रदक्षिणा मार्गमा अव्यवस्थित तार व्यवस्थापन भइरहेको अवगत गराउनुभयो ।



विभिन्न विद्यालयका विद्यार्थीहरूसहितको सहभागितामा भएको सरसफाइमा विद्यार्थीहरूले सन्देशमूलक नारा लेखिएका प्ले कार्डसहित नगर परिक्रमा गरेका थिए ।

## सापारुमा पार्किङ र शान्ति सुरक्षाबारे छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा २०८० को जनैपूर्णिमा र गाईजात्रा पर्व शान्तिपूर्ण, मर्यादित र सुरक्षित रूपमा सम्पन्न गर्न गाईजात्रा प्रदक्षिणा मार्गमा सवारीसाधन प्रवेश निषेध, सवारीसाधन पार्किङ र नगरको शान्ति सुरक्षा गर्ने विषयमा भदौ १२ गते बैठक बस्यो।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी, ट्राफिक, ख्वप मिनिबस सेवा समिति, ख्वप अस्पतालका प्रतिनिधिको सहभागितामा बसेको उक्त बैठकले नगरको विभिन्न वडाहरूमा पार्किङस्थलको व्यवस्था गरेको छ ।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले गाईजात्रा अवधिभर हुने भीड र सवारी पार्किङलाई सहज व्यवस्थापन गर्न सबैले आफ्नो तर्फबाट भूमिका खेल्नुपर्ने बताउनुहुँदै गाईजात्रा प्रदक्षिणा मार्गमा कुनै अवरोध हुन नदिन अव्यवस्थित तारहरूको व्यवस्थापन गर्ने कार्य अन्तिम चरणमा पुगिसकेको बताउनुभयो ।

गाईजात्रा भक्तपुरको प्रसिद्ध बिस्केट जात्रापछिको महत्त्वपूर्ण जात्रा भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले जात्रा अवधिभर वडाका विभिन्न स्थानहरूमा प्रारम्भिक उपचार केन्द्रको समेत व्यवस्था गरेको बताउनुभयो।

### १७ पार्किङस्थल

उक्त बैठकले सिद्धपोखरीको दक्षिणी भाग, भक्तपुर क्यान्सर अस्पताल अगाडिको पार्किङ स्थल, न:पुखूको दक्षिण/पश्चिमतिरको खुल्ला क्षेत्र, देको, मिवा, इतापाके आवास क्षेत्रका सडकहरू, ब्यासी पर्यटक बस पार्क, ब्यासीबाट कालीघाट जाने सडकको एक छेउ, देकोचा (ख्वप कलेजका गाडीहरू पार्किङ गर्ने ठाउँ), कमलविनायक सरस्वती विद्यागृह माविको चौरको पार्किङ क्षेत्र, च्याम्हासिंहदेखि पसिखेल सडकको एक छेउ, महेश्वरी खेल मैदान, परोपकार केन्द्र परिसर (हनुमानघाट), भेलुखेल, ल्योसिंख्य, राममन्दिर पुलसँगै खोला किनार, बाराही पुलसँगै खोला किनार, भार्वाचो बसपार्क र सल्लाघारी १०८ रोपनी खुल्ला चौरगरी १७ ओटा स्थानहरूमा पार्किङस्थलको व्यवस्थापन गर्ने निर्णय गरेको छ।

साथै बैठकले गुन्हीपुन्ही सापारु २०८० शान्तिपूर्ण मर्यादित र सुरक्षित रूपमा सम्पन्न गर्न मिति २०८० भदौ १३ गतेदेखि २० गतेसम्म प्रदर्शन हुने परम्परागत र आधुनिक सांस्कृतिक विधाहरूको प्रस्तुत हुने स्थानहरू र मुल्याङ्कन स्थलहरूमा आवश्यक शान्ति सुरक्षा व्यवस्था गर्ने निर्णय गऱ्यो।

गुन्हीपुन्ही सापारुको दिन मिति २०८० भदौ १४ गते प्रदक्षिणा मार्गाको सबै वडाहरूमा र परम्परागत र आधुनिक सांस्कृतिक विधाहरूको मुल्याङ्कन स्थलहरूमा आवश्यक प्राथमिक स्वास्थ्य उपचार सेवा केन्द्रले व्यवस्था गर्ने निर्णय गऱ्यो भने गुन्हीपुन्ही सापारु २०८० शान्तिपूर्ण मर्यादित र सुरक्षित रूपमा सम्पन्न गर्न प्रदक्षिणा मार्गाका साथै सम्पूर्ण प्रदर्शनी स्थलहरूमा आवश्यक सरसफाइको व्यवस्था गर्ने निर्णय उक्त बैठकले गरेको छ ।

## ताहामचा नाचगानसहित घिन्ताङघिसी परिक्रमा

भक्तपुरको प्रसिद्ध सापारु नौ दिनसम्म चल्ने ऐतिहासिक, सांस्कृतिक, सामाजिक र जनजीवनसँग सम्बन्धित पर्व हो । क्वातीपुन्हीको भोलिपल्ट मनाइने भाद्र १४ गते ताहामचा नाचगानसहितको घिन्ताङघिसी प्रदर्शन गरी सम्पन्न भयो ।

### सापारु पर्व अवलोकन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशी, प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल, प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्मालगायत वडाध्यक्षहरूले भाद्र १४ गते भक्तपुरको सापारु पर्व अवलोकन गर्नुभयो ।

साँझपख लाकुलाछँबाट ताहामचा, घिन्ताङघिसीको साथमा भैलद्यः (परालै परालले बनेको) ल्याई नगर परिक्रमा गरेपछि सो दिनको घिन्ताङघिसी सम्पन्न भएको मानिन्छ ।

विभिन्न बाजाको ताल र सुरमा नाच्ने यो घिन्ताङघिसीको दिन राजनीतिक, सामाजिक व्यङ्ग्य पनि प्रदर्शन गरिएको हुन्छ । वर्षभरिमा देश विदेशमा भएका शोषण, दमन, आक्रमण, अतिक्रमण, नाकाबन्दी आदिको घोचपेच पनि यसै दिन गरिएको हुन्छ । यसैले यो व्यङ्ग्य प्रदर्शन गर्ने पर्व पनि हो ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा देशी र विदेशी शासकहरूले अन्य स-साना स्वाधीन तथा सार्वभौम देशमा भइरहेको दमन, थिचोमिचो र अन्यायको प्रदर्शन हुने यो पर्व सन्देशमूलक पनि छ। यो वर्ष युवा विद्यार्थीहरूले देशघाती नागरिकता विधेयकको खारेजी, भुटानी शरणार्थी प्रकरण, सुन प्रकरण, ललिता

निवास प्रकरणका दोषीमाथि कारबाहीको माग गर्दै व्यङ्ग्यचित्र प्रदर्शन गरे ।

नेपालका प्रधानमन्त्री भारत भ्रमणमा जाँदा पाएको मुर्रा राँगोको उपहार, देशको अरुण तेस्रो भारतको प्रम मोदीलाई सुम्पेर गरेको देशघाती कदम, भारतीय दलाल र भारतीय एकाधिकार पुँजीको विरोध पनि घिन्ताङघिसीमा प्रस्तुत गरियो । सिंहासनमा बसेका नेकाका सभापति शेर बहादुर देउवाको विदेशी राष्ट्र भारत र अमेरिकालाई खुसी पार्ने कुचालको विरोध गरिएको सो प्रदर्शनीमा एमसीसी सम्झौतामार्फत अमेरिकी सेना नेपालमा पसिरहेको तर्फ पनि घोचपेच गरिएको छ ।

यसबाहेक घिन्ताङघिसीसँगै माक प्याखँ (बाँदर नाच), लाखे नाच, नागाचा नाच आदि पनि देखाइएको थियो । हजारौँ हजार घिन्ताङघिसी नाचेको यो मेलामा देश विदेशका हजारौँ हजार स्वदेशी तथा विदेशी नागरिकहरूले हेरेर आनन्द लिए ।

स्मरणीय छ, घिन्ताङघिसी पहिलो दिन जनैपूर्णिमामा सरकारी घिन्ताङघिसी र दोस्रो दिन सापारुमा मात्र घिन्ताङघिसी ल्याइने चलन छ । अन्य दिन टोल टोलमा रहेका परम्परागत नाचगान तथा आधुनिक विधाका नाच, ख्याल नाटक आदि ल्याइने चलन छ ।

## केही झलक

















# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## सूचना सूचना सूचना

१. यस वर्षको गुन्हीपुन्ही सापारु पर्वमा २०८० भदौ १४ गते प्रस्तुत गरिने घिन्ताङघिसी तथा माक प्याखंको स्थलगत मूल्याङ्कन हुने तथा सापारुदेखि कृष्णाष्टमीसम्म प्रदर्शन गरिने परम्परागत र आधुनिक सांस्कृतिक विधाहरूको धें धें बल्लाकासा (प्रतियोगिता) गरी मूल्याङ्कन गर्न पूर्णाङ्क १०० राखी निम्नअनुसारका शीर्षकहरूमा अङ्क प्रदान गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क) | परम्परागततर्फ | अङ्क | ख) | आधुनिकतर्फ | अङ्क |
|---|---|---|---|---|---|
| १. | पोशाक | १० | १. | पोशाक | ५ |
| २. | अभिनय | २५ | २. | अभिनय | १५ |
| ३. | ताल | २० | ३. | विषयवस्तु | २० |
| ४. | बाजा | १५ | ४. | समयको परिपालना | ५ |
| ५. | अनुशासन | ५ | ५. | अनुशासन | ५ |
| ६. | कलाकार | ५ | ६. | कलाकार | ५ |
| ७. | गण | ५ | ७. | प्रस्तुति | ५ |
| ८. | नगर परिक्रमा | १० | ८. | नगर परिक्रमा | १० |
| ९. | समयको परिपालना | ५ | ९. | अन्त्य | ५ |
| | | | १०. | सुर, ताल र बाजा | १० |
| | | | ११. | निर्देशन | १५ |

२. गुन्हीपुन्ही सापारु पर्वको समयमा प्रदर्शन गरिने विभिन्न सांस्कृतिक विधाहरूलाई मूल्याङ्कन गर्न तोकिएको समयावधि देहाय बमोजिम हुने :

| | | |
|---|---|---|
| क) | भैल प्याखं | २० मिनेट |
| ख) | शेरसिंहसमेत भएको भैल प्याखं | ३० मिनेट |
| ग) | ख्या प्याखं | ८ मिनेट |
| घ) | कवांचा, खिचा, म्हेखा, जङगली, हनुमान, डा, धुँ, सलाँ, हाँयु, पहलमान र दैत्य प्याखं | ७ मिनेट |
| ङ) | नागाचा, कलांली, लुसि प्याखं, फाकंदली, कपाय्फेनेगु प्याखं, गाईचा प्याखं | १० मिनेट |
| च) | ख्याल, नाटक र गीति प्याखं | २५ मिनेट |
| छ) | देवी प्याखं | २० मिनेट |
| ज) | शेर सिंहसहितको देवी प्याखं | २५ मिनेट |
| झ) | भालु प्याखं | २० मिनेट |
| ञ) | माक प्याखं | १० मिनेट |
| ट) | हुला प्याखं | ५ मिनेट |
| ठ) | गरुड प्याखं/सिंह प्याखं | १० मिनेट |

३. गुन्हीपुन्ही सापारु पर्वको समयावधिमा प्रदर्शन गरिने घुम्ती नाच तथा ख्याल/नाटकहरूको मूल्याङ्कन गर्दा निम्न सर्तहरू पूरा गर्ने समूहलाई प्राथमिकता दिइने :

क) ताहा सां (ताहामचा) घुमाउने मार्ग परिक्रमा गरेको
ख) परम्परागत विधाहरूमा नयाँ कलाकारहरू समावेश भएको
ग) समय सापेक्ष प्रस्तुति भएको
घ) अश्लील शब्द र अभिनय नभएको ।
ङ) अनुशासितरूपमा उपस्थित भएको ।

४. सापारुको दिन भक्तपुर जिल्लाबाहेक अन्य जिल्लाबाट घिन्ताङघिसी, माक प्याखं, लाखे प्याखंलगायतका सांस्कृतिक विधाहरू प्रस्तुत गर्ने र नगर परिक्रमा गर्ने टोलीलाई सोही दिन नगरपालिकाको तर्फबाट मायाको चिनो प्रदान गर्ने ।

५. गुन्हीपुन्ही सापारु पर्वको समयमा प्रदर्शन हुने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरू देहायको मिति, समय र स्थानमा दर्ता गर्ने :

**क. दर्ता गर्ने अन्तिम मिति :** २०८० भाद्र ११ गते, सोमबार
दर्ता गर्ने समय र फाराम लिने

**१. स्थान :** भ.न.पा. का सबै वडा कार्यालयहरू
**समय :** बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म

**२. स्थान** : पर्यटक सेवा केन्द्र, खौमा काउन्टर
**समय** : बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

**३. स्थान** : भ.न.पा. प्रशासन शाखा
**समय** : बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म

२. यस वर्षको गुन्हीपुन्ही सापारु पर्वमा प्रस्तुत गरिने घिन्ताङघिसी तथा परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतीहरूको मूल्याङ्कन गरी उत्कृष्ट समूह र कलाकारहरूलाई करबाहेक देहायबमोजिम नगद पुरस्कार प्रदान गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

| सांस्कृतिक विधाहरूको नाम | नगद पुरस्कार | | | |
|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | सान्त्वना/सहभागी |
| देवी प्याखं | ४०,०००।- | ३५,०००।- | ३०,०००।- | २०,०००।- |
| भैल प्याखं | | | | |
| माक प्याखं | २३,०००।- | १७,०००।- | १३,०००।- | ९,०००।- |
| गाईंचा प्याखं | | | | |
| लुसी प्याखं | | | | |
| फाकंदली प्याखं/हुला प्याखं | | | | |
| नागाचा प्याखं | १७,०००।- | १४,०००।- | १०,०००।- | ७,०००।- |
| लाखे प्याखं | | | | |
| नटुवाचा, (मथु) प्याखं | | | | |
| कलाँली प्याखं | | | | |
| भालु प्याखं | | | | |
| जङगली प्याखं | | | | |
| नाटक/गीति नाटक | २२,०००।- | १७,०००।- | १३,०००।- | ११,०००।- |
| ख्याल | | | | |
| खिचा प्याखं | १३,०००।- | ११,०००।- | ९,०००।- | ६,०००।- |
| ख्या प्याखं | | | | |
| कवांचा प्याखं | | | | |

विशेष पुरस्कार (एउटैमात्र प्रदर्शन भएमा - दोस्रो पुरस्कार सरह)

| | | | | |
|---|---|---|---|---|
| घिन्ताङघिसी | २२,०००।- | १७,०००।- | १२,०००।- | १०,०००।- दुई वटा सान्त्वना |
| झ्याउरे प्याखं | ११,०००।- | ९,०००।- | ७,०००।- | |
| हनुमान प्याखं | १३,०००।- | ११,०००।- | | |
| म्हेखा प्याखं | | | | |
| किजापुजा प्याखं | | | | |
| कपाँय् फेनेगु प्याखं | | | | |
| सलां प्याखं | | | | |
| डा प्याखं | | | | |
| गरुड प्याखं | | | | |
| दैत्य प्याखं | | | | |
| झ्याझ्या प्याखं | | | | |

| घिताङघिसी, आधुनिक तथा परम्परागत विधामा उत्कृष्ट कलाकार | |
|---|---|
| महिला उत्कृष्ट कलाकार | ५,०००।- |
| पुरुष उत्कृष्ट कलाकार | ५,०००।- |
| बाल उत्कृष्ट कलाकार | ५,०००।- |
| आधुनिक विधातर्फ उत्कृष्ट निर्देशक | ५,०००।- |
| ऐ. ऐ. उत्कृष्ट लेखक | ५,०००।- |

**भक्तपुर नगरपालिका**

भक्तपुर नगरपालिका गतिविधि

## सामाजिक सुरक्षा भत्ता नवीकरण, लगत कट्टा विषयमा छलफल



भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरपालिकाका सबै वडा कार्यालयका सचिवहरू र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्बन्धित बैंकका प्रतिनिधिहरूसँग सामाजिक सुरक्षा भत्ता नवीकरण र लगत कट्टा आदि विषयमा साउन १८ गते छलफल कार्यक्रम भयो।

## नगर प्रमुख सुनिल प्रजापतिसँग टोखाका विद्यार्थीहरूको साक्षात्कार



भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिसँग टोखास्थित गणेश ईङ्गलिश सेकेन्डरी स्कूलका कक्षा ८, ९ र १० मा अध्ययरत विद्यार्थीहरूले साउन ३० गते साक्षात्कार गरेका छन्।

सांस्कृतिक नगरी भक्तपुरमा विद्यार्थीहरूलाई स्वागत गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको इतिहासबारे अवगत गराउनुका साथै भक्तपुर नपाको विकासमा नगरवासी जनताको निकै ठूलो मिहिनेत रहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाभित्र सामुदायिक ३६ ओटा, संस्थागत र गुठीमा सञ्चालित ५७ ओटा गरी जम्मा ९३ ओटा विद्यालयहरू सञ्चालनमा रहेको बताउनुहुँदै नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको भौतिक सुधार तथा शैक्षिक विकासका लागि आर्थिक सहयोगलाई निरन्तरता दिँदै आएको बताउनुभयो।

भक्तपुर नपाले भौतिक संरचनालाई भन्दा शैक्षिक गुणस्तरलाई प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै उहाँले नगरको सन्तुलित विकासमा विशेष जोड दिँदै आएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले ८ ओटा शैक्षिक संस्थाहरूमार्फत धेरै बौद्धिक जनशक्ति उत्पादन गरिसकेको बताउनुहुँदै उहाँले शिक्षकहरूले विद्यार्थीहरूलाई अनुशासन र आत्मनिर्भरताको पाठ पढाउनुपर्ने बताउनुभयो।

विद्यार्थीहरूका जिज्ञासामा प्रमुख प्रजापतिले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, खानेपानीलगायत जनताका आधारभूत आवश्यकतालाई प्राथमिकता दिएर काम गर्दै आइरहेको बताउनुहुँदै उहाँले भन्नुभयो, 'पारदर्शी र आर्थिक अनुशासनलाई ध्यानमा राख्दै भक्तपुर नगरलाई भ्रष्टाचारमुक्त नगरको रूपमा विकास गर्दैछौं।'

कार्यक्रमपश्चात नगर प्रमुख प्रजापतिले विद्यालयको लागि नपाबाट प्रकाशित प्रकाशनहरू मायाको चिनोको रूपमा प्रदान गर्नुभएको थियो।

### 'सय वर्षपछिको भक्तपुर' बारे अन्तरक्रिया

## देश र जनताको हितअनुकूल सरकार र स्थानीय तह लाग्नुपर्ने



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) द्वारा लिखित **'सय वर्षपछिको भक्तपुर'** पुस्तकबारे साउन ३१ गते अन्तरक्रिया कार्यक्रम भयो।

भक्तपुर नगरपालिका वडा नं. १ कार्यालयको आयोजनामा भएको उक्त कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले निश्चित सिद्धान्त र विचारको आधारमा देश र जनताप्रति जिम्मेवार भएर लागेमा देश र जनताको हित अनुकूल सरकार र स्थानीय तहले विकास गर्न सकिने विचार व्यक्त गर्नुभयो।

हरेक व्यक्ति सबै विषयमा सक्षम नहुने धारणा राख्नुहुँदै उहाँले देशको आवश्यकताअनुसार विषयज्ञाता, इमानदार र सक्षम जनशक्ति तयार गर्न ख्वप विश्वविद्यालय आवश्यक रहेको स्पष्ट पार्नुभयो।

अध्यक्ष रोहितले कला-संस्कृति र सम्पदाले नै मानिसको पहिचान दिने र विश्वलाई चिनाउने चर्चा गर्नुहुँदै शासकहरूको गलत कार्यको निन्दा एवम् विरोध गर्न जनतालाई सचेत बनाउने र इमानदारीताको पाठ सिकाउँदै अगाडि बढ्न सके नेपाल र नेपाली जनताको भविष्य उज्ज्वल हुने बताउनुभयो।

कार्यक्रममा पुस्तकको विभिन्न खण्डबारे राजन कोजु, अम्बिका न्याइच्याई, धनमान श्रेष्ठ, सुलोचना कोजू, जीवन जोशी, सोनी न्याइच्याई, कृष्णप्रसाद दुमरू र कृष्ण गरूले आ-आफ्नो धारणा राख्नुभएको थियो।

वडा अध्यक्ष श्यामकृष्ण खत्रीको सभापतित्वमा भएको उक्त कार्यक्रममा सूर्यप्रसाद श्रेष्ठ, कृष्णबहादुर दुगुजुलगायतले बोल्नुभएको थियो।

## प्रमुख प्रजापतिसँग माननीय सदस्य राईको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग प्रतिनिधिसभा सदस्य एवम् पूर्वमन्त्री हेमराज राईले साउन ३१ गते भेट गर्नुभयो।

भक्तपुरको विकास मोडल अध्ययन गर्ने सिलसिलामा भक्तपुर आउनुभएका माननीय सदस्य राईसहितको टोलीले भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्था, ख्वप अस्पताल, फोहोर व्यवस्थापन, सुशासन, शान्ति सुरक्षा आदिको विषयमा भइरहेको गतिविधिबारे नगर प्रमुखबाट जानकारी लिनुभयो।

सोही क्रममा नगर प्रमुख **प्रजापति**ले टोलीलाई सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्दै शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खानेपानी, विकास निर्माणलगायत जनताका आधारभूत आवश्यकता पूरा गर्दै भक्तपुर नगरपालिकाले संविधानले कल्पना गरेको समाजवादउन्मुख कार्य गर्दै आएको बताउनुभयो।

भक्तपुरमा एनजीओ/आइएनजीओबाट हुने कामलाई न्युन गर्दै लगिएको बताउनुहुँदै उहाँले जनता र उच्च पदस्थ व्यक्तिहरूको मानसिकता बिगार्ने काम यी संस्थाहरूबाट हुँदै आएको बताउनुभयो।

राजनीतिक पार्टीहरू सिद्धान्त र विचारको आधारमा चल्नुपर्ने धारणा राख्नुहुँदै उहाँले इमानदारी र नैतिकता नै राजनीतिक नेतृत्वको प्रमुख विशेषता हुनुपर्नेमा जोड दिनुभयो।

स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूले जित हासिल गरेका स्थानीय तहहरूमा निर्वाचित प्रतिनिधिहरूले जनताको पक्षमा काम गर्दै आएको बताउनुहुँदै उहाँले विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्न रु. ५ लाखसम्मको शैक्षिक ऋणको व्यवस्था, वार्षिक ४ करोडभन्दा बढी छात्रवृत्ति तथा भूगोल, इतिहास, संस्कृति, राजनीतिशास्त्र, अर्थशास्त्र, दर्शनशास्त्र, तर्कशास्त्र र नेपालभाषा पढ्ने नगरवासी विद्यार्थीहरूलाई पीएचडीसम्म पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आएको विषय अवगत गराउनुभयो। गरिबीको कारण कुनै पनि विद्यार्थी उच्च शिक्षा हासिल गर्नबाट वञ्चित हुनुपर्ने छैन – उहाँले भन्नुभयो।

भेटमा सांसद **राई**ले भक्तपुरको विकास मोडलबारे धेरै सुनेको हुँदा यहाँको विकास र प्रगति प्रत्यक्ष रूपमा हेर्ने उद्देश्यले भक्तपुर भ्रमणमा आएको उहाँले बताउनुभयो।

शिक्षा, स्वास्थ्य जस्ता जनताका आधारभूत विषयलाई प्राथमिकतामा राख्दै भक्तपुर नपाले गर्दै आएको कामको प्रशंसा गर्नुहुँदै उहाँले स्थानीय तहहरू अधिकार सम्पन्न भए स्थानीय विकासमा धेरै टेवा पुग्ने बताउनुभयो।

भेटमा नेकपा (एमाले)का केन्द्रीय सदस्य हरिबहादुर राई, भोजपुर-काठमाडौँ सम्पर्क मञ्चका अध्यक्ष फूर्वा तेन्जिङ शेर्पालगायतको उपस्थिति रहेको थियो।

प्रमुख प्रजापतिले सांसद राईलाई भक्तपुर नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो। तत्पश्चात उहाँहरूले भक्तपुर नपाबाटसञ्चालित कलेजहरू र अस्पतालको स्थलगत अवलोकन गर्नुभएको थियो।

## अव्यवस्थित ठेला पसल हटाइयो

भक्तपुर नगरपालिकाले भक्तपुर नगर क्षेत्रका ठेला गाडा तथा अव्यवस्थित पसल हटाउन थालेको छ । सार्वजनिक सूचना जारी गरे पनि अटेर गरी नगर क्षेत्रभित्र अव्यवस्थित रूपमा घुम्ती व्यापार व्यवसाय गर्दै आएका व्यवसायलाई भक्तपुर नगरपालिकाले हटाउन थालेको हो । अटेर गर्ने व्यवसायको ठेलासमेत जफत गरी नगर क्षेत्रका अव्यवस्थित फुटपाथलाई व्यवस्थित गर्न थालिएको छ ।

बाराहीस्थान सूर्यविनायकबाट सुरु भएको ठेला हटाउने अभियानअन्तर्गत कमलविनायक, भाने र हाकुफो हितिसम्म पुगेको छ । साउन २३ गते १५ ओटा र २४ गते १५ ओटा ठेला पसलेहरू नियन्त्रणमा लिइएको छ ।

सार्वजनिक क्षेत्रमा आवजावत गर्न गाह्रो भएको सर्वसाधारणहरूको गुनासोको आधारमा नगरपालिकाले यो कदम चालेको हो ।

## डेंगु रोग सम्बन्धी अभिमुखीकरण



भक्तपुर नगरपालिका ४ नं वडा कार्यालयको आयोजनमा डेंगु रोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम भाद्र १ गते भयो ।

कार्यक्रममा ४ नं वडाध्यक्ष **उपेन्द्र सुवाल**ले डेंगु रोगले १३/१४ जना निधन भई सकेकोले रोगको उपचार गर्नुभन्दा रोगै लाग्न नदिन यस्तो अभिमुखिकरण कार्यक्रम गर्दै आएको बताउनुभयो । उहाँले डेंगुबाट बच्ने विभिन्न उपायको जानकारी दिनुका साथै आँखा पाक्ने रोग पनि विकराल रूपमा फैलिएकोले सो रोगको समेत सचेतना कार्यक्रम सञ्चालन गरेको बताउनभुयो । उहाँले नगरपालिकाको गतिविधि र विभिन्न तालिमहरूबारे जानकारी दिनुभयो ।



कार्यक्रममा ग:पली टोल सुधार समितिका अध्यक्ष रामकृष्ण प्रजापति, वडाका नर्स रसिला सुवाल र वडा स्वयम्सेविका सुमित्रा भेलेलेले डेंगुका लक्षण, उपचारका साथै डेंगु सार्ने लामखुट्टेको उत्पत्ति, विकास र रोकथामका बारेमा बोल्नुभयो ।

## फिडेल क्यास्ट्रो साम्राज्यवादविरुद्ध लड्ने अन्तर्राष्ट्रवादी योद्धा




भक्तपुर नगरपालिका वडा नं. १० वडा कार्यालयको आयोजनामा अन्तर्राष्ट्रिय युवा दिवस तथा फिडेल क्यास्ट्रोको ९८ औँ जन्म दिवसको अवसरमा **'युवा र देशभक्ति'** विषयक वक्तृत्वकला प्रतियोगिता नगर प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा भाद्र २ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले समाजमा आमुल परिवर्तनको निम्ति भूमिका खेल्ने जुनसुकै समूहका मानिस पनि युवा हुने धारणा राख्नुहुँदै युवा उमेरले होइन विचारले हुन्छ भन्नुभयो ।

राजतन्त्र पुन:स्थापना हुने सम्भावना नभएको स्पष्ट पार्नुहुँदै उहाँले गणतान्त्रिक व्यवस्थामा राजतन्त्र पुन:स्थापना गर्ने भनेर लागेका राजावादीहरू कानुनअनुसार उमेरले युवा भए पनि तिनीहरू युवा हुन नसक्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'फिडेल क्यास्ट्रो असाधारण प्रतिभा, तीखो स्मरण शक्ति, कहिले नडग्ने साहसी, इतिहास र भूगोलको गहिरो अध्ययन भएको व्यक्तित्व हुनुहुन्थ्यो । नयाँ पुस्ताले क्यास्ट्रोबाट शिक्षा लिनुपर्छ ।'

'अमेरिकी साम्राज्यवादविरुद्ध कहिल्यै नझुकी निरन्तर सङ्घर्ष गर्ने एक अन्तर्राष्ट्रवादी योद्धा र कामदार वर्गको प्रेरणादायी व्यक्तित्वको रूपमा फिडेल क्यास्ट्रोलाई लिनुपर्छ', उहाँले भन्नुभयो ।



'मार्क्स, एङ्गेल्सले समाजवादको बाटो देखाउने कम्युनिस्ट घोषणापत्र लेख्दा र फिडेल क्यास्ट्रो र चे ग्वेभाराको नेतृत्वमा क्युवामा क्रान्ति हुँदा उहाँहरू उमेरले पनि युवा हुनुहुन्थ्यो। नेपाली युवाहरूले पनि उहाँहरूको जीवनबाट धेरै कुरा सिक्न सकिन्छ,' प्रमुख प्रजापतिले जोडदिँदै भन्नुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य एवम् निर्णायक **सुनिल दुवाल**ले देशभक्ति र राष्ट्रवादमा फरक रहेको धारणा राख्नुहुँदै भारत हिन्दूबाहेक अरूको नभएको मोदीको विचार अति राष्ट्रवाद भएको बताउनुभयो।

देशको सार्वभौमिकता, भूअखण्डता रक्षाको सङ्घर्ष गर्ने, न्याय, स्वतन्त्रताको लागि लड्ने देशभक्ति हो, उहाँले भन्नुभयो, 'कम्युनिस्टहरू अन्तर्राष्ट्रवादी हुन्छन्। चे ग्वेभारा अर्जेन्टिनामा जन्मेर क्युवाका क्रान्ति गरेर बोलिभियामा क्रान्तिमा सहादत प्राप्त गर्नुभएको थियो।'

वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाको सभापतित्वमा सम्पन्न कार्यक्रममा जनकवि चन्द्रबहादुर उलकले पनि बोल्नुभएको थियो।

वडामा रहेका ८ ओटा विद्यालयका २९ जना विद्यार्थी सहभागी भएको कार्यक्रममा पारागनका एन्जेल खड्का **प्रथम**, जेन्युइनका आभा याकामी **द्वितीय**, स्कलर होमका रंजिता चित्रकार **तृतीय** र माउन्ट भ्यालीका अंकिता श्रेष्ठ **सान्त्वना** हुन सफल भएको थियो।

## युवाहरुले समाज परिवर्तनको लागि काम गर्नुपर्ने



भक्तपुर नगरपालिका वडा नं ४ को आयोजनामा भदौ ५ गते अन्तराष्ट्रिय युवा दिवसको अवसरमा प्रवचन कार्यक्रम भयो।

कार्यक्रमका प्रमुख अतिथि एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले राजनीतिक भाषमा नयाँ विचार अँगाल्ने युवालाई नै वास्तविक युवा भन्न सकिने तर उमेरले युवा भए पनि समाजमा गलत काम गर्ने व्यक्तिहरू कहिल्यै युवामा नपर्ने स्पष्ट पार्नुभयो।

उहाँले नक्कली भुटानी शरणार्थी प्रकरण, सुन काण्डमा मुछिएका व्यक्तिहरू पनि युवा नै हुन् तर गलत सिद्धान्त र विचार बोकेको हुनाले भ्रष्ट भएको र देशकै बद्नाम गरेको उल्लेख गर्नुहुँदै वास्तविक युवाले फिडेल क्याष्ट्रोले जस्तै समाज परिवर्तनका लागि काम गर्ने भएकोले सही विचार र दर्शनलाई अँगाल्दै अगाडि बढ्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो।

उहाँले २०६२/६३ सालमा प्रतिगमनविरोधी सात दलको आन्दोलनमा लागदाको अनुभव सुनाउनुहुँदै उमेरको हिसाबले सबभन्दा कान्छो माधवकुमार नेपालले प्रतिगमन आधा सच्चियो भनी आन्दोलन छोडेर सरकारमा गएको स्मरण गराउनुहुँदै पद र पैसाको निम्ति लाग्ने व्यक्तिलाई युवा भन्न नसकिने विचार व्यक्त गर्नुभयो।

उमेरले युवा हुँदैमा परिपक्व नेतृत्व दिन सक्छ भन्ने विचारको खण्डन गर्नुहुँदै जेलेन्स्कीको अपरिपक्व नेतृत्वको कारण युक्रेनी जनताले दुःख झेल्नु परिरहेको हो, उहाँले भन्नुभयो।

प्रमुख प्रजापतिले अगाडि भन्नुभयो, स्वस्थ व्यक्तिले मात्र समाज परिवर्तनका लागि भूमिका खेल्न सक्ने हुनाले भनपाले वडा वडामा व्यायामशालाहरूको स्थापना गर्दै आइरहेको स्पष्ट पार्नुभयो।

राजनीतिक चेतनाको अभावमा युवाहरू अर्काको लहलहैमा लाग्ने र समाज भाँड्ने गतिविधिमा लाग्ने, लागू औषध सेवन गर्नेजस्ता विकृति विसङ्गतिमा फसाइनेबारे सचेत हुनुपर्ने भनाइ उहाँले सो अवसरमा राख्नुभयो।

प्रमुख प्रजापतिले १०० शय्या र आफ्नै निजी भवन भएकालाई मात्र नर्सिङ सञ्चालन गर्न दिने प्रावधानले हजारौँले विदेशमा गई पढ्नुपर्ने अवस्था सिर्जना भएको उल्लेख गर्नुहुँदै भागबन्डा र जातीयताको आधारमा ख्वप विश्वविद्यालयको स्वीकृति नगरिएको भए त्यो सरकारको गलत काम भएको टिप्पणी गर्नुभयो।

कार्यक्रम वडा नं ४ का वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको थियो भने वडा सचिव साइला वैद्य, वडा सदस्य कृष्णसुन्दर प्रजापति र समाजसेवी पशुपति प्रजापतिलगायतले पनि बोल्नुभएको थियो।

## राजनैतिक दल विचार र सिद्धान्तको आधारमा चल्नु पर्ने



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपाल मजदुर किसान पार्टी नेपालको व्यवस्थित र अनुशासित राजनीतिक पार्टीको रूपमा विकास भइरहेको बताउनुहुँदै राजनीतिक पार्टी एउटा निश्चित दर्शन, विचार र सिद्धान्तको आधारमा चल्नुपर्ने धारणा राख्नुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भदौ ६ गते भएको **स्थानीय पथप्रदर्शकको लागि पुन:ताजगी कार्यक्रम २०२३** मा उहाँले देशको सबभन्दा फोहोर र शिक्षामा पछाडि परेको भक्तपुर आज शैक्षिक गन्तव्यस्थलको रूपमा विकास हुनुमा राजनीतिक नेतृत्वको दूरदर्शिता, इमानदारिता र कर्तव्यनिष्ट भावनाले धेरै ठूलो भूमिका खेलेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले लेख्नुभएको **'सय वर्षपछिको भक्तपुर'** पुस्तकलाई आधार बनाई भक्तपुर नपाले काम गर्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको शैक्षिक विकास सँगसँगै **'एक घर एक स्नातक'** ले निक्कै प्रगति गरिसकेको बताउनुभयो ।

प्रमुख प्रजापतिले पर्यटक पथप्रदर्शकहरूले हरेक पर्यटकलाई भक्तपुरको बारे सही तथ्य र सूचना दिने, आफ्नो असल व्यवहारबाट प्रभावित र खुशी पार्ने, नेपालबारे सकारात्मक सन्देश विश्वमा फैलाउन मद्दत गर्ने र आफ्नो व्यक्तिगत आचरण र व्यवहारमा सुधार गर्नुपर्नेबारे सचेत पार्नुभयो ।

'पुरानो नभत्केसम्म नयाँ निर्माण नहुने' बताउनुहुँदै उहाँले २०७२ सालको भूकम्पलाई भक्तपुर सहरको पुन:निर्माण गर्ने अवसरको रूपमा बदल्ने कोसिस गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले पारदर्शिता, इमानदारिता र आर्थिक अनुशासन समाज परिवर्तनको लागि अपरिहार्य विषय भएको बताउनुभयो ।

नेपालमा पनि विदेशी संस्कृतिको प्रभाव बढ्दै गइरहेकोतर्फ चिन्ता व्यक्त गर्नुहुँदै उहाँले यहाँको मौलिकता, संस्कृति, सम्पदाबारे बुझाउन विद्यालय र कलेजहरूमा स्थानीय पाठ्यक्रम लागू गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खानेपानी, विकास निर्माणलगायत जनताका आधारभूत आवश्यकता पूरा गर्दै भक्तपुर नगरपालिकाले नेमकिपाको घोषणापत्रलाई आधार बनाई संविधानले कल्पना गरेको समाजवादउन्मुख कार्यलाई जोड दिँदै आएको छ ।'

पर्यटक प्रहरी कृष्ण थापा, प्रशासकीय अधिकृत दामोदर सुवालले पनि बोल्नुभएको उक्त कार्यक्रममा पर्यटक सूचना तथा सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले कार्यक्रमको औचित्यतामाथि प्रष्ट पार्नुभयो ।

## स्थानीय पथप्रदर्शक रिफ्रेसर तालिम सम्पन्न



भक्तपुर नगरपालिकाको आयोजनामा भएको दुई दिने भक्तपुर स्थानीय पथप्रदर्शक रिफ्रेसर तालिम भदौ ८ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले पर्यटकहरूको बसाइ लम्ब्याउनेतर्फ विशेष ध्यान दिइरहेको बताउनुहुँदै भक्तपुरको पर्यटन क्षेत्रको विकाससँगसँगै रोजगारीको सिर्जना, जनताको आर्थिक अवस्थामा सुधार, आर्थिक गतिविधि चलायमान बनेको यथार्थबारे प्रष्ट पार्नुभयो ।

प्राकृतिक तथा सांस्कृतिक सम्पदाले गर्दा नेपालमा पर्यटन उद्योगको विकासको व्यापक सम्भावना रहेको उल्लेख गर्नुहुँदै उहाँले पर्यटन उद्योगको विकास तथा विस्तार गरी राष्ट्रिय उत्पादन तथा आयमा वृद्धि, रोजगारीको अवसरहरू सिर्जना, नेपालको गौरवलाई अन्तर्राष्ट्रिय जगतमा प्रस्फुटित गर्न मद्दत पुगेको बताउनुभयो ।

स्थानीय पथ प्रदर्शकहरूले पर्यटकहरूलाई सम्पदाहरूको तथ्य तथ्याङ्कहरूको विश्लेषण वैज्ञानिक ढङ्गले गर्नुपर्नेमा जोड दिँदै उहाँले पर्यटक र नगरवासीहरूको नजरमा एक असल पथप्रदर्शक भएर काम गर्न मार्गनिर्देश गर्नुभयो ।

संसारलाई आकर्षित गर्ने सम्पदाहरू नेपालमा रहेका छन् र सम्पदाको उचित व्यवस्थापन र शान्ति सुरक्षाको ग्यारेन्टीले पनि भक्तपुरमा पर्यटकहरूको आकर्षण बढ्दै गइरहेको हो, उहाँले भन्नुभयो ।

समापन कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको मौलिक वस्तुहरूको प्रवर्द्धनमा पथप्रदर्शकहरूले विशेष भूमिका खेल्न सक्ने बताउनुहुँदै स्थानीय पथप्रदर्शकहरूले समाज उत्थानतर्फ पनि जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**को सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा वातावरण समितिका सदस्य **योगेन्द्रमान बिजुक्छेँ**, भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा** र पर्यटक सूचना तथा सेवा केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले पनि बोल्नुभएको थियो ।

सोही अवसरमा कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले तालिमका सहभागी स्थानीय पथप्रदर्शक र प्रशिक्षकहरूलाई प्रमाणपत्र र प्रशंसापत्र वितरण गर्नुभयो ।

पुस्तकालय दिवसमा 'समाज विकासमा पुस्तकालयको भूमिका' विषयक अन्तरक्रिया

## "पुस्तकालयकर्मीहरू अध्ययनशील र नयाँ पुस्तकबारे जानकार हुनुपर्ने"




१६ औँ राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा भक्तपुर नगरपालिकाले पुस्तकालयका क्षेत्रमा भएका विविध गतिविधि तथा पुस्तकालयको आवश्यकताबारे जानकारी गराउने उद्देश्यका साथ भदौ १५ गते प्रवचन कार्यक्रम आयोजना गर्‍यो ।

'समाज विकासमा पुस्तकालयको भूमिका' विषयमा आयोजित उक्त कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)**ले अन्तर्राष्ट्रिय स्तर र नेपालका पुराना पुस्तकालयका विशेषताहरूबारे जानकारी गराउनुहुँदै पाठकको विश्वास जित्नु नै पुस्तकालय स्थापना र सञ्चालनको सफलता भएको बताउनुभयो ।

वडागत रूपमा फरक फरक विशेषतायुक्त पुस्तकालयको व्यवस्था हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले पुस्तकालयकर्मीहरू अध्ययनशील र नयाँ नयाँ पुस्तकबारे जानकार हुनुपर्ने बताउनुभयो ।

पुस्तकालयले पाठकहरूबीच समयसान्दर्भिक छलफल र अन्तरक्रियाहरू सञ्चालन गर्नुपर्ने बताउनुहुँदै उहाँले पुँजीवादी समाजमा समाजवादी विचार प्रवाहमा पनि पुस्तकालयको उल्लेखनीय भूमिका खेल्ने बताउनुभयो ।

पुस्तकालयले नयाँ पुस्ताको सेवा गर्न र उनीहरूको बौद्धिक स्तर विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा नगर भित्रका सामुदायिक पुस्तकालयहरूको स्तरोन्नतितर्फ नपाले विशेष जोड दिनुपर्ने उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले जनज्योति पुस्तकालय ई लाइब्रेरीको रूपमा सञ्चालन भएसँगै भक्तपुरमा अध्ययनरत विद्यार्थीहरूलाई अध्ययनको निम्ति काठमाडौँ पुग्नुपर्ने बाध्यताको अन्त्य भएको बताउनुहुँदै विद्यार्थीहरूको पठन संस्कृतिको विकासको लागि पुस्तकालय निर्माण, आर्थिक सहयोग र व्यवस्थापनमा नपाले जोड दिँदै आएको बताउनुभयो ।

सामान्य नागरिकलाई महान् बनाउन पुस्तकालयको भूमिका महत्त्वपूर्ण रहँदै आएको बताउनुहुँदै उहाँले समाज परिवर्तनको लागि अध्ययन तथा अनुसन्धान महत्त्वपूर्ण पक्ष भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले जनज्योति पुस्तकालयलाई सुविधासम्पन्न पुस्तकालयको विकास गरी राष्ट्रिय स्तरको पुस्तकालयको रूपमा स्तरोन्नति गर्ने नपाको उद्देश्य रहेको सोही कार्यक्रममा बताउनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले पुस्तकालयलाई छलफल र अन्तरक्रियाको थलोको रूपमा विकास गर्नुपर्ने बताउनुहुँदै पुस्तकालय समाजको ऐना हो र यसले नागरिकहरूको बौद्धिक स्तर उकास्न सकारात्मक भूमिका खेलिरहेको बताउनुभयो ।

### अध्यक्ष बिजुक्छेँद्वारा जनज्योति पुस्तकालयको निरीक्षण



प्रवचन कार्यक्रमअघि प्रमुख अतिथि नारायणमान बिजुक्छेँले भक्तपुर नपाद्वारा सञ्चालित जनज्योति पुस्तकालयको स्थलगत निरीक्षण गर्नुभई पुस्तकालय विकासको लागि रचनात्मक सुझावहरू समेत दिनुभएको थियो ।

स्वागत मन्तव्य दिनुहुँदै भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले समाज रूपान्तरणमा पुस्तकालयको प्रत्यक्ष भूमिका रहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले पुस्तकालय अध्ययन स्थलमात्र नभई स्रोत केन्द्र पनि भएको बताउनुहुँदै पुस्तकालयबिनाको समाज अर्थहीन भएको बताउनुभयो ।

कार्यक्रममा जनज्योति पुस्तकालयका शाखा अधिकृत **भूपाल मूल**ले पुस्तकालय समाज तथा राष्ट्रकै ऐना भएको बताउनुहुँदै शिक्षण सिकाइ क्रियाकलापहरूमा पुस्तकको प्रयोग गर्ने बानीको विकास गर्ने हुँदा पुस्तकालयको ठूलो महत्त्व र आवश्यकता रहेको बताउनुभयो ।



जनज्योति पुस्तकालयको हालसम्मको मुख्य उपलब्धि तथा प्रगति विवरण प्रस्तुत गर्नुहुँदै उहाँले जनज्योति पुस्तकालयमा हालसम्म १ हजार ४ सय ९० जना सदस्य रहेको र पुस्तकालयको पुस्तक तथा पत्रपत्रिकाको प्रयोग गर्ने पाठकको सङ्ख्या १० हजार ८४६ जना रहेको अवगत गराउनुभयो ।

कार्यक्रममा प्रगति पुस्तकालयका **रबिन्द्रप्रसाद कुसी**, शहीद राजकुमार स्मृति पुस्तकालय, ब्यासीका **कृष्णप्रसाद सुवाल**, ख्वप इन्जिनियरिङ कलेज लिबालीका **जसतारा कोजु**, वागीश्वरी मावि च्याम्हासिंहका **रत्नशोभा फैजु**ले पुस्तकालयका विविध गतिविधिबारे अवगत गराउनुहुँदै नगरका सार्वजनिक पुस्तकालयको उपलब्धि र चुनौतीहरूबारे अवगत गराउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

## भक्तपुर नपालाई सहकारी सामुदायिक विकास कोषको रकम हस्तान्तरण जारी

### साउन १७ गते

भनपा वडा नं. ५ स्थित चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्थाले सामुदायिक विकास कोषमा जम्मा भएको रकममध्ये ५० प्रतिशत रु. २३ हजार ७ सय ६५ र भनपा वडा नं. १० देकोचास्थित भुवनेश्वर कृषि सहकारी संस्था लि. ले रु. ७ हजार ५ रकम भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलाई साउन १७ गते हस्तान्तरण गरियो ।

### साउन २४ गते

भनपा वडा नं. २ स्थित इन्द्रायणी बचत तथा ऋण सहकारी संस्था लि.ले सामुदायिक विकास कोषमा जम्मा भएको रकममध्ये ५० प्रतिशत रु. ८९ हजार ८८२ रूपैयाँ रकम भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलाई आज हस्तान्तरण गरियो ।

### साउन २५ गते

भनपा वडा नं. ३ वासिकटोलस्थित समभ्कदारी बचत तथा ऋण सहकारी संस्था लि.ले सामुदायिक विकास कोषमा जम्मा भएको रकममध्ये ५० प्रतिशत रु. १५ हजार ४७५ रूपैयाँ रकम भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलाई हस्तान्तरण गरियो ।

### भाद्र ५ गते

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई सुकुन्दा साकोसको सामुदायिक विकास कोषमा जम्मा भएको रकममध्येको आधा रकम रु ४२२३६.६४( अक्षेरूपी बयालीस हजार दुई सय छत्तीस) र नारी कल्याण बचत तथा ऋण सहकारी संस्था लिरु. को सामुदायिक विकास कोषमा जम्मा भएको रकममध्येको आधा रकम रु. २०२४७।५४ (अक्षेरूपी बीस हजार दुई सय सठ्चालिस रूपैया) हस्तान्तरण गरिदै ।

### भाद्र ११ गते

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई बालाखु गणेस बचत तथा ऋण सहकारी संस्था लि.को सामुदायिक विकास कोषमा जम्मा भएको रकममध्येको आधा रकम रु.१०३९५२।-(अक्षेरुपी एक लाख तीन हजार नौ सय बाउन्न) हस्तान्तरण गरियो ।

### भाद्र १७ गते

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई प्रभु बचत तथा ऋण सहकारी संस्था लि.को सामुदायिक विकास कोषमा जम्मा भएको रकममध्येको आधा रकम रु. ४७, १३४८।- हस्तान्तरण गरियो ।

# भक्तपुर नपाको अनुगमन

## स्कूलहरूका क्यान्टिन

### साउन ३० गते

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा कलेज र स्कूलहरूको क्यान्टिनहरूको अनुगमन गरियो।

अनुगमनमा क्यान्टिनको भान्छामा काम गर्ने कामदार र कुकहरूले एप्रोन, हेयरनेट, माक्स-पञ्जा नलागएको र तेल धेरै पकाएर अखाद्य भएको तेलले क्यान्सर हुने भएकोले त्यस्तो नगर्न तेल नाप्ने ओइल टेष्टर राखेर जाँचेर पकाउनु पर्ने संयोजक राजकृष्ण गोराले बताउनुभयो।

पद्म हाई स्कूलमा क्यान्टिन दर्ता नभएकोले तीन दिन भित्र दर्ता गर्न, क्यान्टिन व्यवस्थित नभएको, फोहोर देखिएको, जथाभावी तरिकाले खाद्य समान थुपारेर राखेको, म्याद नाघेको नुडल्स भेटाएकोले तीन दिन भित्र नगरपालिकाको कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

ख्वप क्यान्टिनमा न्यू भक्तपुर चाउचाउको उत्पादन मिति उत्पादन भइसकेको पछिको मिति राखेको पाइएकोले मिति सच्याउन निर्देशन दिई सरसफाइमा ध्यान दिन र म्याद नाघेका मसलाहरू प्रयोग गरी खानेकुरा पकाएको देखिएकोले तीन दिन भित्र नगरपालिकाको कार्यालयमा उपस्थित हुन निर्देशन दियो।

ख्वप अस्पताल भान्छाको कोठा सरसफाइमा ध्यान दिन निर्देशन दिई भान्छामा काम गर्ने कामदार र कुकहरूले एप्रोन, हेयरनेट, माक्स-पञ्जा नलागएको र तेल धेरै पकाएर अखाद्य भएको तेलले क्यान्सर हुने भएकोले त्यस्तो नगर्न तेल नाप्ने ओइल टेष्टर राखेर जाँचेर पकाउनु पर्ने निर्देशन दियो।

ख्वप ईन्जिनियरिङ कलेजको तःमारी नेवाछेँ साधारण रेष्टुरेन्ट भान्छाको कोठा सरसफाइमा ध्यान दिन निर्देशन दिई भान्छामा काम गर्ने कामदार र कुकहरूले एप्रोन, हेयरनेट, माक्स-पञ्जा लगउन र तेल धेरै नपकाउन तथा तेल नाप्ने ओइल टेष्टर राखेर जाँचेर पकाउनु पर्ने, भनपा वडा नं ५ को पसल दर्ता गरी राखेको प्रमाणपत्र देखाएकोले क्यान्टिन छुट्टै दर्ता गर्न र सर्भिस राम्रो गर्न निर्देशन दियो।

### साउन ३१ गते

भक्तपुर बहुमुखी क्याम्पसको सदाबहार चमेना गृहलाई दर्ता प्रमाणपत्र लिई तीन दिन भित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिनुका साथै सरसफाइमा ध्यान दिन, मूल्य सूचि फ्लेस बोर्डमा देखिने गरी राख्न, तेलमा तीन पटक भन्दा बढी नपकाउन र भान्छामा काम गर्ने कामदार र कुकहरूले एप्रोन, हेयरनेट, माक्स-पञ्जा प्रयोग निर्देशन दियो।

गणेश मध्यामिक विद्यालय भार्वाचोमा सरसफाइमा ध्यान दिन, भान्छाको कोठा सरसफाइमा ध्यान र व्यवस्थित गर्न, खाना छोपेर राख्न र दराज राखी सामानहरू व्यवस्थित रूपमा तह लगाउन निर्देशन दिई भान्छामा काम गर्ने कामदार र कुकहरूले एप्रोन, हेयरनेट, माक्स-पञ्जा लगाउन निर्देशन दियो।

मेघा मा.वि.मा भान्छाको कोठा सरसफाइमा ध्यान दिन, भान्छामा काम गर्ने कामदार र कुकहरूले एप्रोन, हेयरनेट, माक्स-पञ्जा लगाउन निर्देशन दियो।

बासु मा.वि. कालिघाटमा सरसफाइमा ध्यान दिन, भान्छाको कोठा सरसफाइमा ध्यान दिई व्यवस्थित गर्न, खाना छोपेर राख्न र भान्छामा काम गर्ने कामदार र कुकहरूले एप्रोन, हेयरनेट, माक्स-पञ्जा लगाउन, मूल्य सूचि राख्न, शिशुको भान्छा कोठा व्यवस्थित र सफा गर्न र भान्छा कोठामा अनावश्यक सामग्रीहरू नराख्न निर्देशन दियो।

उपरोक्त अनुगमन टोलीमा अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, रोशनमैया सुवाल, रिता फसिकवा, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, वडानिरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्जु, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक विनोद धिताल, भक्तपुर उद्योग बाणिज्य सङ्घका राजु त्वानाबासु, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका लक्ष्मीप्रसाद बाटी र सुमित्रा श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी र भक्तपुर घरेलु तथा साना उद्योग कार्यालयका सिताराम त्वायना सहभागी थिए।

## सहकारी अनुगमन

### भदौ ४ गते

भक्तपुर नगरपालिका सहकारी अनुगमन समितिको नेतृत्वमा भक्तपुर नपा वडा नं. ७ स्थित बागमती प्रदेशअन्तर्गतका विभिन्न बचत तथा ऋण सहकारी संस्थाहरूको अनुगमन गरेको छ।

अनुगमन गरिएका अधिकांश सहकारी संस्थाले भनपामा मासिक प्रतिवेश पेश नगरेको, बिनाधितो ऋण प्रदान गरेको, केही वर्षदेखि घाटामा सञ्चालन गरेको, ११ वर्षदेखि सञ्चालक परिवर्तन नभएको, मासिक बचत गर्ने कम रहेको, सञ्चालक समितिको निर्णय बिना ऋण प्रदान गरेको, घाटामा गए पनि लाभांश वितरण गरेको, मुद्दतीलाई बढी ब्याज वितरण गरिएको, सामुदायिक हितको निम्ति गतिविधि नगरेको, सञ्चालक र

कर्मचारीलाई सहकारीबारे ज्ञान नभएको सहकारी अनुगमन समितिका संयोजक हरिप्रसाद बासुकलाले बताउनुभयो ।

## भदौ १० गते

अनुगमन टोलीले ४ वडाका बचत तथा ऋणको सहकारी संस्थाहरूको अनुगमन गऱ्यो ।

अनुगमनको क्रममा सञ्चालक समितिभन्दा व्यवस्थापक हावी भएको, व्यवस्थापकले बिनाधितो मनपरी ऋण लगानी गरिरहेको, व्यवस्थापकले राजीनामा दिएर पनि पारिश्रमिक बुझिलिएको पाइएको, सदस्यहरूलाई बचत फिर्ता गर्न नसकेको, आफ्नो कार्यक्षेत्रभन्दा बाहिरसँग कारोबार गरेको, कार्यक्षेत्रभन्दा बाहिर सञ्चालक समितिमा रहेको, लेखा सुपरिवेक्षण समिति सक्रिय नभएको, व्यवस्थापक आफैले बिनाधितो लगानी गरेको, सञ्चालक समितिका पदाधिकारीहरू सक्रिय नभएको, समुदायको हितको निम्ति कुनै गतिविधि नगरेको, सहकारीका सदस्यहरूको लागि तालिम, शिक्षा शिविर नराखेकोलगायतका बेथितिहरू देखिएको समितिका संयोजक हरिप्रसाद बासुकलाले बताउनुभयो ।

अनुगमन टोलीमा सहकारी समितिका सदस्यहरू हरिरत्न गोर्खाली, श्यामसुन्दर मातां, तारादेवी शाक्य, पुरुषोत्तम तमखु र नारायणप्रसाद त्वानाबासु सहभागी थिए ।

# हाम्रा मौलिक सामग्री



*ढुङ्गाको पानस, घ्य देवा र त्वादेवा*



*माथां फाछी र छापी (१८ औँ शताब्दी) काँय बाटा (१७ औँ शताब्दी)*

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

## सापारूको मूल्याङ्कन स्थलमा









# धानबालीमा लाग्ने रोग कीराबारे छलफल र उपचार शिविर

## धानबालीमा लाग्ने रोग कीरा व्यवस्थापन र समसामयिक विषयमा कृषक भेला




भक्तपुर नगरपालिकको आयोजनामा नगरभित्रका किसानहरूबीच धानबालीमा लाग्ने रोग कीरा व्यवस्थापन तथा समसामयिक विषयमा साउन १६ गते कृषकहरूको भेला भयो ।

भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भेलामा धानबालीमा लाग्ने रोग कीरा नियन्त्रणको विषयमा वडा वडामै प्रशिक्षणहरू सञ्चालन गरी किसानहरूलाई सैद्धान्तिक र व्यवहारिक ज्ञान प्रदान गर्ने नगरपालिकाको उद्देश्य रहेको बताउनुभयो ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले किसानसँग जोडिएका कुनै काम गर्न नसकेको भन्दै उहाँले नार्कका कृषि वैज्ञानिकहरूलाई नयाँ नयाँ अनुसन्धानमा क्रियाशील बनाउनुपर्ने र कृषि प्राविधिकहरू उत्पादन गर्नेतर्फ सरकारले जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले माटो परीक्षण गर्ने प्रयोगशाला निर्माणमा जोड दिने बताउनुहुँदै उहाँले नेपाललाई आत्मनिर्भर बनाउन कृषि अर्थतन्त्रलाई बलियो बनाउनुपर्ने आजको आवश्यकता रहेको बताउनुभयो ।

उहाँले गण्डक सम्झौताको कारण तराईका किसानहरूले समयमै धान रोप्न नसकेको यथार्थ बताउनुहुँदै यसले नेपालमा खाद्यान्न उत्पादनमा कमी ल्याउनुका साथै विदेशबाट धेरै मात्रामा खाद्यान्न आयात गर्नुपर्ने अवस्था सिर्जना हुनेतर्फ सबै सजग हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले किसानहरूलाई रोग नियन्त्रणका उपायहरूबारे सजग बनाए खाद्यान्न उत्पादनमा समेत वृद्धि हुने भएकोले नगरपालिकाले यस किसिमको कार्यक्रम आयोजना गर्दै आइरहेको बताउनुभयो ।



नेपाल क्रान्तिकारी किसान सङ्घका उपाध्यक्ष **गोविन्द दुवाल**ले नेपालले कृषि प्राविधिकहरूको उत्पादनमा जोड दिनुपर्ने बताउनुहुँदै धानबालीमा लाग्ने रोगहरूबारे किसानहरू समयमै सचेत भए भविष्यमा हुने नोक्सानीबाट जोगिने बताउनुभयो ।

भनपाका कृषि अधिकृत **रवि ख्याजु**ले धानबालीमा लाग्ने विभिन्न रोगको प्रकोप र त्यसको नियन्त्रणका उपायहरूबारे प्रस्तुतिकरण देखाउनुभएको थियो ।

उक्त कार्यक्रममा भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले पनि बोल्नुभएको थियो ।

## धानबालीमा लाग्ने रोग कीराबारे कृषकहरूमाझ छलफल

भक्तपुर नपा वडा नं. ६ कार्यालयको आयोजनामा धान तथा तरकारी बालीमा लाग्ने रोग तथा कीरा व्यवस्थापनबारे जानकारी दिन साउन ३२ गते कृषक भेला भयो ।



उक्त भेलामा नेमकिपा नगर समिति भक्तपुरका अध्यक्ष **नारायणबहादुर दुवाल**ले विश्वमा अफ्रिकी र ल्याटिन अमेरिकी देशहरूमा चीनले आर्थिक र प्राविधिक लगानी गरी ती देशका जनताको आर्थिक प्रगति र उन्नति गर्ने कार्य गरिरहेको बताउनुभयो ।

विदेशी दलालको प्रतिनिधित्व भएको सरकार भएसम्म देशमा भ्रष्टाचार, विदेशी हस्तक्षेप र थिचोमिचो भइरहने चर्चा गर्नुहुँदै उहाँले नेपाली काङ्ग्रेसको सरकारले नै नेपाली युवाहरू विदेश पठाउने काम गरेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले किसानहरू धानबाली र तरकारी बालीमा लाग्ने कीरा र रोगबारे सचेत हुनुपर्ने बताउनुभयो ।

भनपा कृषि समितिका सदस्य **गोविन्द दुवाल**ले किसानहरूको दुःखबारे चर्चा गर्नुहुँदै किसानहरू राजनीतिक र सांस्कृतिकरूपमा सचेत हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैयाँ सुवाल**, कृषि प्राविधिक **रवि ख्याजू**ले धान र तरकारी बालीमा लाग्ने रोग र कीरा व्यवस्थापनबारे जानकारी दिनुभएको थियो । स्थानीय गोपीकृष्ण चाँगुभारीले पनि बोल्नुभएको थियो ।

## दुई दिने बाली स्वास्थ्य उपचार शिविर

भक्तपुर नगरपालिकाको आयोजनामा दुई दिने बाली स्वास्थ्य उपचार शिविर पहिलो दिन वडा नं. १ देखि ५ सम्मका कृषकहरूको लागि  भाद्र १ गते लायकू क्षेत्रमा र वडा नं. ६ देखि १० सम्मका लागि दत्तात्रयमा भाद्र ३ गते भयो ।



पहिलो दिन शिविरको उद्घाटन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कृषिप्रधान देश नेपालका कृषिबाट उत्पादित वस्तुहरूको निर्यात भन्दा आयात बढी भएको बताउनुहुँदै आयात बढ्नुमा दिनानुदिन युवाहरू विदेशिँदै जानु, खेतीयोग्य जमीन बाँझो रहनु, मलखादको उपलब्धता नहुनु र सिँचाइको उचित व्यवस्थापन नुहुनु प्रमुख



कारणहरू रहेको बताउनुभयो ।

उहाँले कीटनाशक औषधीको सुलभ उपलब्धता नहुँदा बालीहरूमा रोग र कीराबाट नोक्सानी भएको बताउनुहुँदै कृषि प्राविधिक जनशक्तिको अभाव भैरहेको उल्लेख गर्नुभयो ।

नेपालमा वैज्ञानिक खेतीलाई प्राथमिकतामा राख्नुपर्ने र वडा–वडामा कृषि स्वास्थ्य शिविर तथा सम्भव भएसम्म खेतमै गएर उपचार विधिबारे कृषकहरूलाई सिकाउन सके प्रभावकारी हुने उहाँले बताउनुभयो ।



उक्त कार्यक्रम भक्तपुर नपा कृषि समितिका संयोजक **राजकृष्ण गोरा**को सभापतिमा भएको थियो ।

कार्यक्रममा कुल ३९ ओटा नमुना सङ्कलन भएको थियो जसमा तरकारी बालीका १२ ओटा, फलफूल बालीका ५ ओटा, फूल बालीका २ ओटा र धान बालीका २० ओटा रहेको थियो । सङ्कलित धानबालीका नमुनाहरूमा अधिकांश गवारो र डढुवा रोग देखिएको तथा कुनैमा मलखादको कमी देखिएको थियो ।

## बाली स्वास्थ्य उपचार शिविर सम्पन्न




जिल्लाका विभिन्न स्थानमा लगाइएको धानबाली र तरकारी बालीमा रोग लागेर क्षति भइरहेको सन्दर्भमा कृषकहरूले गुनासो गरेपछि भक्तपुर नगरपालिकाले रोगको पहिचान गरी व्यवस्थापन गर्न भाद्र ३ गते दत्तात्रय चोकमा बाली उपचार शिविरको आयोजना गर्‍यो।

किसान नेता **गोविन्द दुवाल**ले किसान समस्या देशको समस्या हो, काम गरी खाने वर्गको हितमा काम गर्नु नेमकिपाको उद्देश्य हो भन्नुभयो।

देशका शासकहरूले देश र जनताको चिन्ताभन्दा भ्रष्टाचारीहरू जोगाउने र विदेशीलाई खुसी पार्ने काम गरेर देशलाई परनिर्भर बनाइरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले देशका नदीनाला भारतलाई सुम्पिने, कलकारखाना निजीकरण गर्ने र कौडीको मूल्यमा बेच्ने कार्यको विरोध गर्दै उहाँले माओवादी केन्द्रले माओवादीको नाउँमा माओ त्सेतुङ विचारको बदनाम गरिरहेको बताउनुभयो।



भनपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले कम जग्गामा बढी उत्पादन गर्ने प्रविधिको विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै पढ्नको निम्ति विदेश गएर पढेर, सिकेर, अनुभव लिएर आफ्नो श्रम, समय र सीप आफ्नै देशको निम्ति उपयोग गर्नुपर्ने बताउनुभयो।

शिविर सञ्चालन गर्नुअघि आयोजित सचेतना कार्यक्रममा भक्तपुर नपाको कृषि समितिका संयोजक **राजकृष्ण गोरा**ले मौसम बदलेसँगै अनेक रोग देखापरेको चर्चा गर्नुहुँदै बालीनालीमा लागेको रोगको पहिचान गरी उपचार गर्न शिविरको आयोजना गरिएको बताउनुभयो।

रोगको पहिचान नगरी रोगको व्यवस्थापन गर्दा थप क्षति हुने विचार व्यक्त गर्नुहुँदै उहाँले शत्रु कीरा र मित्र कीराको पहिचान गरी उपचार गर्नुपर्नेमा जोड दिनुभयो।

देशका कृषि विज्ञहरूलाई गाउँ-गाउँमा खटाई कृषकहरूलाई बाली, रोग, माटो आदिबारे सुसूचित पार्नुपर्ने विचार व्यक्त गर्नुहुँदै देशमा मल हाहाकार हुन नदिन भारतबाहेक बंगलादेश, पाकिस्तान, जापान, चीनबाट पनि रासायनिक मल ल्याउने वातावरण तयार गर्नुपर्ने बताउनुभयो।

सभामा भनपा वडा नं. ९ का वडा सदस्य **इन्द्रबहादुर प्याथ**, कृषि प्राविधिक **प्रवीण सिन्ताकल** र किसान कार्यकर्ता **गंगाराम ज्याख्व**ले पनि बोल्नुभएको थियो।



सभापछि शिविर सञ्चालन गरिएको थियो। दर्जनभन्दा बढी कृषि बाली विज्ञानका विद्यार्थी र कृषि प्राविधिकहरूले धानबाली, तरकारी, फलफुल र फूलमा लागेको रोगको परीक्षण गरेका थिए।

शिविरमा राधाकृष्ण गोसाई, बुद्धलक्ष्मी सुजखू, दिलबहादुर कासिछ्वा, कृष्णलक्ष्मी ज्याख्व, राम माकजू, बलराम लवजू, शमशेर ज्याख्व, कृष्णबेटी बोहजु, कृष्णगोपाल लाखेमरु, भैरवबहादुर लवजुलगायत दर्जनौं किसानहरूले रोग लागेको धान, फूल, तरकारी आदिको बोट परीक्षण गराउनुभएको थियो।

बाली स्वास्थ्य उपचार शिविरको दोस्रो दिनको कार्यक्रममा कुल ८४ ओटा नमुना सङ्कलन भएको थियो। त्यसमा तरकारी बालीका २२ ओटा, फलफूल बालीका ८ ओटा, फूल बालीका ८ ओटा र धान बालीका ४६ ओटा नमुना रहेको थियो। सङ्कलित धानबालीका नमुनाहरूमा अधिकांश गवारो, डढुवा, मरुवा र फेद कुहिने रोग देखिएको थियो।

# शैक्षिक गतिविधि

## मावि तहका विज्ञान शिक्षकहरूको एक दिने कार्यशाला गोष्ठी



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले शिक्षण पेशालाई केवल जीविका निर्वाह गर्ने ढङ्गले नहेरी नयाँ पुस्तालाई देश र समाजको लागि सेवा गर्ने भावनासहितको जनशक्ति तयार गर्ने पेशाको रूपमा ग्रहण गर्न आग्रह गर्नुभएको छ ।

उहाँले उक्त आग्रह मावि तहका विज्ञान शिक्षकहरूको साउन १९ गते भएको कार्यशाला गोष्ठीको उद्घाटन गर्दै व्यक्त गर्नुभएको हो ।

नगरपालिकाको मावि तहका विद्यालयहरूमा विज्ञान र गणित प्रयोगशाला बनाउँदै जाने नीति रहेको जानकारी दिनुहुँदै उहाँले भन्नुभयो, विज्ञान विषयको शिक्षण प्रयोगबिना प्रभावकारी हुँदैन । संसारको विकास र विनास विज्ञानकै कारण भएको चर्चा गर्नुहुँदै उहाँले विद्यार्थीहरूलाई विज्ञान देश र समाजको सेवा गर्ने उद्देश्यसँग जोडेर अगाडि लानुपर्नेमा जोड दिनुभयो ।

विज्ञानको प्रगतिको लागि संसारमा अहिले चीन र अमेरिकाबीच प्रतिस्पर्धा भइरहेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै उहाँले भन्नुभयो, 'अनुसन्धानमा अमेरिकाले वार्षिक ६ खर्ब डलर खर्च गर्छ भने चीन ४ खर्ब डलर खर्च गर्छ जबकि नेपालले ४१ करोड रुपैयाँ अनुसन्धानको लागि बजेट छुट्याउँछ, त्यही पनि पूरा गर्न सक्दैन ।'

अनुसन्धानले आविष्कार गर्छ र आविष्कारले देशलाई अगाडि बढाउँछ भन्नुहुँदै उहाँले संसारका ठूल्ठूला वैज्ञानिकहरू पनि हाम्रै विद्यार्थीजस्तै थिए, हाम्रा विद्यार्थीहरूलाई उत्साहित गर्न सके अवश्य पनि प्रगति हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

इमानदारीपूर्वक काम भएको भए हाम्रो देशको कृषि अनुसन्धान केन्द्र 'नार्क' लाई नरक भनिने थिएन भन्नुहुँदै उहाँले गोष्ठीमा नयाँ र पुराना शिक्षकहरूबीचको अनुभव आदानप्रदानले फलदायी हुने अपेक्षा गर्नुभयो ।

गोष्ठीमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्माले आफू पनि १७ वर्ष शिक्षणपछि निजामतिमा आएको बताउनुहुँदै हरेक शिक्षकले पाठ्यपुस्तक मात्र होइन पाठ्यक्रम पनि पढ्नुपर्छ भन्नुभयो । उहाँले भयरहित शिक्षणको चर्चा गर्नुहुँदै विद्यार्थीलाई बढीभन्दा बढी प्रश्न गर्न सक्ने बनाउन सके शिक्षण सिकाइ बढी प्रभावकारी हुने विचार व्यक्त गर्नुभयो ।

विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिका संयोजक एवम् वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें**ले स्वागत गर्दै गोष्ठीमा समस्या पहिचान गरी समाधानको खोजी गर्ने र विज्ञान शिक्षण आगामी दिन थप प्रभावकारी हुने अपेक्षासहित गोष्ठीको आयोजना गरेको बताउनुभयो ।

नगर शिक्षा शाखा प्रमुख **कृष्णप्रसाद कर्माचार्य**ले गोष्ठीको औचित्यतामाथि प्रकाश पार्नुहुँदै नगर शिक्षा शाखाबाट भएका क्रियाकलापहरूको जानकारी दिनुभयो ।

नगरका ५० जना विज्ञान शिक्षकहरूको सहभागिता रहेको उक्त गोष्ठीमा सहजकर्ताको भूमिकामा वरिष्ठ विज्ञान शिक्षक राजेन्द्रबहादुर कायष्ठ रहनुभएको छ भने ११ ओटा पाठ्य इकाइअनुसार ११ ओटा समूहमा विभाजन गरी छलफल गराइएको छ ।

<u>फोनिक सम्बन्धी तालिम</u>

## समाजको रूपान्तरणमा शिक्षाको महत्त्वपूर्ण योगदान




भक्तपुर नगरपालिका नगर शिक्षा शाखाको आयोजनामा पूर्वप्रावि शिक्षकहरूको लागि फोनिक (Phonic) सम्बन्धी एकदिने तालिम साउन २१ गते भयो ।

तालिम उद्घाटन गर्नुहुँदै भनपाका उपप्रमुख **रजनी जोशी**ले शैक्षिक जग बलियो बनाउने उद्देश्यले यो तालिम

सञ्चालन गरेको बताउनुभयो । उहाँले भन्नुभयो, 'शिक्षामा गरेको लगानीको प्रतिफल तत्काल प्राप्त हुँदैन । तर, समाज रूपान्तरणमा यसले महत्त्वपूर्ण योगदान खेलिरहेको हुन्छ ।'

देश विकासको लागि हामीले अझ धेरै काम गर्नु छ भन्नुहुँदै उहाँले पूर्वप्राविका शिक्षकहरू बालबालिकाको दोस्रो आमा हुनुहुन्छ भन्नुभयो ।

समाजका अग्रजहरूले पुऱ्याएको योगदानको कदर गरी नयाँ पुस्ता थप जोश र जाँगरका साथ अघि बढ्नुपर्नेमा जोड दिनुहुँदै उहाँले सफल शिक्षकको निम्ति बालमनोविज्ञान पनि जान्नु आवश्यक भएको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिका सदस्य **ज्ञानसागर प्रजापति**ले शिक्षण पेसालाई पैसासँग मात्र दाँज्न नहुने भन्नुहुँदै उहाँले पैसा भएर पनि इज्जत नहुनेहरूको भीडमा यो पैसा नभए पनि इज्जतदार पवित्र पेसा हो भन्नुभयो । आफ्नो पेसामा गौरव गरौँ, शिक्षकलाई थकानको छुट हुँदैन, निरन्तर समर्पित हुनुपर्छ उहाँले भन्नुभयो ।

वागीश्वरी कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**ले तालिम सार्थक र फलदायी हुनेमा आफू विश्वस्त रहेको बताउनुहुँदै यसले शुद्ध उच्चारणमा मद्दत पुग्ने बताउनुभयो ।

नगर शिक्षा शाखा प्रमुख **कृष्णप्रसाद कर्माचार्य**ले शैक्षिक सुधारको लागि अनुगमन समितिको सहयोगमा निरन्तर तालिम चलाइरहेको र तालिममा हासिल गरेको सीप कक्षाकोठामा विद्यार्थीलाई हस्तान्तरण गर्न आग्रह गर्नुभयो ।

प्रशिक्षकहरूमध्येबाट **देवना जोशी**ले सहभागीहरूलाई आफूले सिकेको सीप विद्यालयमा अन्य सहकर्मी साथीहरूलाई बाँड्न आग्रह गर्नुहुँदै सिकेको सीप कार्यान्वयन भए नभएको अनुगमन गर्ने पनि बताउनुभयो ।



समापन समारोहमा सहभागीहरूको तर्फबाट **विष्णुमाया लामा**ले तालिम अत्यन्त उपलब्धिमूलक छ भन्नुहुँदै भक्तपुर नपाप्रति आभार व्यक्त गर्नुभयो ।

तालिममा सहभागी ८२ जना पूर्वप्राावि शिक्षिकाहरूलाई तीन समूहमा विभाजन गरी फोनिक सम्बन्धी व्यावहारिक तालिम दिइएको थियो ।

## १२७ जना विद्यार्थीलाई रू. ७० लाख छात्रवृत्ति




भक्तपुर नगरपालिकाले कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूको छात्रवृत्ति छनोट परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई साउन २७ गते एक कार्यक्रमबीच छात्रवृत्ति सिफारिसपत्र वितरण गरेको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले छात्रवृत्ति छनोट परीक्षामा उत्तीर्ण १२७ जना विद्यार्थीहरूलाई रु. ७० लाख बराबरको छात्रवृत्ति सिफारिसपत्र आज प्रदान गर्नुभएको हो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले विद्यार्थीहरूले आफ्नो योग्यता र क्षमताअनुसारको विषय रोजेर उच्च शिक्षा हासिल गरी देश र जनताको सेवामा समर्पित भएर लाग्न मार्गनिर्देश गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नपाले विद्यार्थीहरूलाई छात्रवृत्ति दिनुको अर्थ उनीहरूको शैक्षिक विकासमा लगानी गर्नु हो भन्नुभयो । भक्तपुर नपाले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई भक्तपुरमा उत्कृष्ट कलेजहरू सञ्चालन गरी दक्षता हासिल गर्ने अवसर प्रदान गर्दै आएको बताउनुहुँदै शिक्षालाई व्यापार बनाउनुहुँदैन र मेडिकल क्षेत्रलाई माफिया मुक्त बनाउनुपर्ने धारणा उहाँले व्यक्त गर्नुभ्यो ।

भक्तपुर नपाले छात्रवृत्ति सँगसँगै शैक्षिक ऋणको व्यवस्था गरी विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न मद्दत पुऱ्याइरहेको बताउनुहुँदै उहाँले छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीहरूले अनुशासित र इमानदार ढङ्गले अध्ययन गरी समाजप्रति उत्तरदायी भूमिका निर्वाह गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा छात्रवृत्ति वितरण समितिका सदस्य एवम्



भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्वले** शिक्षामा पनि विभिन्न किसिमका विकृतिहरू भित्रिरहेकोतर्फ विद्यार्थीहरू सजग हुनुपर्ने बताउनुहुँदै नयाँ पुस्ताका विद्यार्थीहरू सभ्य र सुसंस्कृत भई देश र समाजको हितमा काम गर्नुपर्ने बताउनुभयो ।

त्यस्तै भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवांले** विद्यार्थी जीवनमा छात्रवृत्तिको धेरै ठूलो भूमिका रहने बताउनुहुँदै विद्यार्थीहरूले आफ्नै देशको सेवा गर्ने उद्देश्यले उच्च शिक्षा हासिल गर्न प्रेरित गर्नुभयो ।

उक्त कार्यक्रममा ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र नगर शिक्षा शाखा भक्तपुरका प्रमुख कृष्णप्रसाद कर्माचार्यले पनि विद्यार्थीहरूलाई मार्गनिर्देश गर्नुभएको थियो ।

भक्तपुर नपाले शैक्षिक वर्ष २०८०/८१ को लागि व्यवस्थापन सङ्कायतर्फ ६७ जना, विज्ञानतर्फ ३८ जना, मानविकीतर्फ १० जना शिक्षातर्फ ६ जना र कानुनतर्फ ६ गरी जम्मा १२७ जना विद्यार्थीहरूलाई छात्रवृत्ति सिफारिसपत्र वितरण गरेको थियो ।

## ख्वप इन्जिनियरिङ कलेजमा दुई दिने शैक्षिक प्रदर्शनी




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा 'National architectural Exhibition' - Final Year Project Exhibition (Computer, Electrical and Electronics and Communication Engineering 'आरोहण' दुई दिने शैक्षिक प्रदर्शनी साउन २८ गतेबाट सुरु भयो । शैक्षिक प्रदर्शनीको पहिलो दिन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रममा नगर प्रमुख **प्रजापतिले** शैक्षिक प्रदर्शनीले विद्यार्थीहरूलाई इन्जिनियरिङका विविध विधाबारे अवगत गराई दक्षता प्रदान गर्ने बताउनुहुँदै यस किसिमको



प्रदर्शनीहरूले कलेजहरूले समय समयमा गरिरहनुपर्ने बताउनुभयो । साथै नयाँ विद्यार्थीहरूमा प्रोत्साहन थपिने बताउनुहुँदै उहाँले विद्यार्थीहरूको मिहिनेत निखारिँदै जाने विश्वास पनि व्यक्त गर्नुभयो ।

सरकारले हालै ल्याएको शिक्षा विधेयकमा कक्षा १२ सम्मको सम्पूर्ण अधिकार पालिकालाई प्रदान गरिएको अवस्थामा खारेज भइसकेको जिल्ला शिक्षा कार्यालयको पुनःस्थापना गर्न खोज्नु संविधान र सङ्घीयता विरोधी प्रावधान भएको उहाँले बताउनुभयो ।

स्थानीय तहलाई अधिकार सम्पन्न र बलियो बनाए मात्र जनताले प्रजातन्त्रको आभाष गर्न सक्ने बताउनुहुँदै उहाँले शिक्षा विधेयकले स्थानीय तहलाई विद्यालयको प्रअ नियुक्तिमा समेत अधिकार विहीन बनाउन खोजिएको छ, जुन गलत भएको उहाँको भनाइ थियो ।

सरकारले भ्यु टावर निर्माण गरी करोडौँको बजेट अनुत्पादनमूलक क्षेत्रमा लगानी गरी देशलाई परनिर्भरतातर्फ धकेलिरहेको सन्दर्श जोड्दै प्रमुख प्रजापतिले सस्तो लोकप्रियताले कसैको हित नहुने हुँदा व्यापक जनताको हितमा काम गर्न अग्रसर हुनुपर्ने बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माकले** भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले समयानुकूल शैक्षिक गतिविधि गर्दै आएको बताउनुहुँदै दुई दिने शैक्षिक प्रदर्शनीमा



त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनप्राप्त अन्य कलेजहरूको पनि सहभागिता रहेको बताउनुभयो ।

त्यस्तै ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले सबैको मिहिनेतबाट शैक्षिक प्रदर्शनी सफल हुने विश्वास व्यक्त गर्नुहुँदै यस्ता प्रदर्शनीहरूले अनुसन्धान गर्ने विद्यार्थीहरूलाई मदत पुग्ने बताउनुभयो ।

उक्त कार्यक्रममा आ. **अर्चना बादे श्रेष्ठ** र **रबिना शिल्पकार**ले पनि बोल्नुभएको थियो ।



कार्यक्रमपश्चात नगर प्रमुख प्रजापतिले कम्प्युटर, इलेक्ट्रिकल र इर्लेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन इन्जिनियरिङ विषयमा राखिएका शैक्षिक प्रदर्शनीहरू अवलोकन गर्नुभयो ।

## समापन समारोह




दुई दिने 'आरोहण' शैक्षिक प्रदर्शनीको समापन समारोह साउन २९ गते भयो ।

समापन समारोहमा भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले दुईदिने आरोहण–राष्ट्रिय शैक्षिक प्रदर्शनी सफलतापूर्वक सम्पन्न भएकोमा सम्पूर्णमा धन्यवाद व्यक्त गर्नुहुँदै आउँदा दिनमा अझै राष्ट्रिय अन्तर्राष्ट्रिय प्रदर्शनी आयोजना गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले आर्किटेक्ट, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स तथा कम्युनिकेसन इन्जिनियरिङ पनि अन्य क्षेत्रजस्तै देश विकासको निम्ति अत्यावश्यक भएको तर केही सृजनशील विद्यार्थीहरूलाई देशमा अवसरको कमी भएकोमा दुःख व्यक्त गर्नुभयो ।



उहाँले भक्तपुर नगरपालिकाले 'सय वर्षपछिको भक्तपुर' पुस्तकमा गरिएको परिकल्पनालाई आधार मानेर सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइलगायतका क्षेत्रमा काम गर्दै आएको बताउनुभयो । भक्तपुर नगरपालिकाले ख्वप उच्च मा.वि स्थापना गरेको २५ वर्ष भएको उल्लेख गर्नुहुँदै भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने, श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्ने तथा उत्पादन श्रमसँग जोडिएको शिक्षा उपलब्ध गराउने नगरपालिकाको उद्देश्य रहेको बताउनुभयो । नगरपालिकाले इतिहास, भूगोल, राजनीतिशास्त्र, दर्शनशास्त्रलगायतका विषयमा स्नातकोत्तर तह र विद्यावारिधि गर्ने भक्तपुर नगरका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको बताउनुभयो ।

समापन समारोहमा भक्तपुर नगरपालिकाका प्रमुख



प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यका साथ अगाडि बढेको ख्वप इन्जिनियरिङ कलेजले विद्यार्थीको प्रतिभा तथा सृजना उजागर गर्न खेलेको भूमिका प्रशंसनीय भएको बताउनुभयो ।



कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. **सुजन माक**ले दुईदिने प्रदर्शनीले विद्यालय तहदेखि विश्वविद्यालय तहका विद्यार्थीहरूलाई प्रभाव पार्न सफल भएको बताउनुहुँदै कलेजले आगामी दिनमा यस्ता शैक्षिक प्रदर्शनीहरूलाई विद्यार्थीहरूको नियमित शैक्षिक क्रियाकलापको रूपमा अगाडि बढाउने र संसारभरका आर्किटेक्टका विद्यार्थीहरूलाई सहभागी गराएर अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी गर्न हौसला मिलेको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. **सुनिल दुवाल**ले दुईदिने प्रदर्शनीमा विद्यार्थीले गरेको मिहिनेतले आगन्तुकहरूको मन जित्न सफल भएको बताउनुहुँदै यस्ता प्रदर्शनीले विद्यार्थी आफूले हासिल गरेको ज्ञानलाई व्यवहारमा उतार्न मदत गर्ने भएकोले प्रोजेक्टलाई अझ परिष्कृत गर्दै अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा कलेजका उपप्राचार्यद्वय ई. **रवीन्द्र फोजु** र ई. **रत्नशोभा प्रजापति**, शिक्षक ई. **योगेश बज्राचार्य** तथा विद्यार्थी **प्रकाश केसी**ले दुईदिने शैक्षिक प्रदर्शनी सफल बनाउन प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद दिनुभयो ।



अतिथि रजनी जोशीले शैक्षिक प्रदर्शनीमा सहभागी कलेज एवं विद्यार्थीहरूलाई मायाको चिनो र प्रमाणपत्र वितरण गर्नुभएको उक्त कार्यक्रममा आर्किटेक्ट **रबिना शिल्पकार**ले पनि बोल्नुभएको थियो ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## शैक्षिक ऋण सम्बन्धमा

प्रथमपटक प्रकाशित मिति : २०८०।०५।१९ गते

आ.व. २०८०।८१ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका स्थानीय विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न शैक्षिक ऋण प्रदान गर्ने भएकोले शैक्षिक ऋण लिन चाहने नगरवासी विद्यार्थीहरूले मिति २०८०।०६।०३ गते (प्रथम प्रकाशित मितिले १५ दिन) भित्र देहायका कागजातसहित दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :–

१. तोकिएको ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको शैक्षिक ऋणको लागि सिफारिस पत्र,
३. निवेदकको तथा अभिभावकको नागरिकता प्रतिलिपि,
४. निवेदकको शैक्षिक प्रमाणपत्र, लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र प्रतिलिपि,
५. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमति पत्र ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## लघु वृत्तचित्र प्रतियोगितासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको मौलिक पहिचान झल्किने कला, साहित्य, संस्कृति, शिक्षा, स्वास्थ्यलगायतका विषयमा लघु वृत्तचित्र निर्माणसम्बन्धी खुला प्रतियोगिता हुने भएकोले सम्पूर्ण नगरवासीहरूलाई मिति २०८० असोज ३ गतेभित्र लघु वृत्तचित्र (Short Documentry) बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वृतचित्रसम्बन्धी नियमहरू :**
१) भक्तपुरको मौलिक पहिचान झल्किने कला, साहित्य, संस्कृति, शिक्षा, स्वास्थ्यलगायतका लघु वृत्तचित्र हुनुपर्नेछ,
२) वृत्तचित्रको समायावधि अधिकतम ५ मिनेटसम्मको हुनुपर्नेछ,
३) वृत्तचित्र नेपाली वा अङ्ग्रेजी वा नेवारी भाषामा हुनुपर्नेछ र Caption भने अङ्ग्रेजी भाषामा हुनुपर्नेछ,
४) प्राप्त वृत्तचिहरूमध्येबाट उत्कृष्ट वृत्तचित्र छान्ने अन्तिम अधिकार नगरपालिकामा रहनेछ,
५) वृत्तचित्र बुझाउने स्थान : भ.न.पा. प्रशासन शाखा ।

**पुरस्कार रकम**
प्रथम पुरस्कार : रु. २५,०००।- (करबाहेक)
दोस्रो पुरस्कार : रु. २०,०००।- (करबाहेक)
तेस्रो पुरस्कार : रु. १५,०००।- (करबाहेक)
सान्त्वना पुरस्कार : रु. १०,०००।- (करबाहेक)

'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति'
**भक्तपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, ब्यासी २

## निबन्ध लेखन प्रतियोगिता सम्बन्धी सूचना

१६ औं राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा भक्तपुर नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालय (कक्षा ९–१२) स्तरीय निबन्ध लेखन प्रतियोगिता हुने भएकोले इच्छुक विद्यार्थीहरूको सहभागिताको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**निबन्धको शीर्षक :** सभ्य समाज निर्माणमा पुस्तकालयको भूमिका

**प्रतियोगितासम्बन्धी नियमहरु :**
– निबन्ध प्रतियोगितास्थलमै मौलिक शैलीमा ५०० देखि ६०० शब्दमा लेख्नुपर्नेछ ।
– भाषा : नेपालभाषा वा नेपाली भाषा वा अंग्रेजी भाषा ।
– समयावधि : १ घण्टा
– विद्यालयबाट एकजना छात्र र एकजना छात्राको नाम, थर, अध्ययनरत तह (कक्षा) स्पष्ट उल्लेख गरी सिफारिस पत्र पठाउनुपर्नेछ ।
– प्रतियोगितास्थलमा विद्यालयको पोशाकसहित प्रतियोगिता सुरु हुनुभन्दा १५ मिनेट अगाडि पुग्नुपर्नेछ ।
– प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगीलाई पुरस्कार तथा प्रमाणपत्रको व्यवस्था हुनेछ ।

**प्रतियोगिता हुने स्थल:**
मिति : २०८० भाद्र २९ गते, शुक्रबार
समय : बिहान ११ बजे
स्थान : ख्वप इन्जिनियरिङ कलेज, सभाकक्ष

**नाम दर्ता गर्ने स्थान :**
स्थान : भक्तपुर नगरपालिका प्रशासन शाखा
अन्तिम मिति : २०८० भदौ २७ गते
समय : कार्यालय समयावधि

**प्रतियोगितासम्बन्धी थप जानकारीको लागि :**
– भक्तपुर नगरपालिका प्रशासन शाखा, ब्यासी, फोन नं ६६१३९५७
– जनज्योति पुस्तकालय, नः पुखु, फोन नं ६६१७२१२

# स्वास्थ्य सेवा

## ख्वप अस्पतालबाट सेवा प्रवाह

### आ.व. २०७९/०८० मा ख्वप अस्पतालबाट २ लाख २० हजारभन्दा बढी बिरामीको सेवा

– कृतिका



शिक्षा क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरी देशकै नमुना नगरपालिका बन्न सफल भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा पनि फड्को मार्दैछ । जनस्वास्थ्य सेवा केन्द्रको रूपमा सञ्चालन हुँदै आएको ख्वप अस्पताल अहिले १०० शय्यामा विस्तार भएको छ । अस्पतालले आफ्ना विशेषज्ञ सेवाहरूलाई थप विस्तार गर्दै करिब ७० जिल्लाका दैनिक ७५० भन्दा बढी बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । अस्पतालको लागि आवश्यक चिकित्सक र कर्मचारीहरू आफ्नै स्रोतमा अस्पतालले पदपूर्ति गर्दै आएको छ ।

## ख्वप अस्पतालबाट प्रवाहित सेवाहरू

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले आ.व. २०७९/०८० मा २ लाख २० हजार ४ सय ३७ जना बिरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गरेको छ । जसअन्तर्गत आ.व. २०७९/०८० मा ख्वप अस्पतालबाट २ हजार २४७ जनाले फिजियोथेरापी सेवा, १२ हजार ९२७ जनाले बाल चिकित्सा सेवा, १२ हजार ८९७ जनाले नाक, कान र घाँटीको सेवा, ९ हजार ८२७ जनाले स्त्रीरोग विशेषज्ञ सेवा, ५ हजार ६१३ जनाले छाला रोग सेवा, ५ हजार ७४ जनाले ल्याब सेवा, २४ हजार ५०४ जनाले अर्थोपेडिक, १६ हजार ८८८ जनाले इमर्जेन्सी सेवा, १६ हजार १५६ जनाले डेन्टल सेवा लिएका थिए ।

त्यस्तै अस्पतालबाट १ लाख ७ सय ७४ जनाले जनरल ओपीडी सेवा, १ हजार ९४० जनाले जनरल सर्जिकल ओपीडी सेवा, ५ हजार ६५२ जनाले इन्टरनल मेडिसिन सेवा, १ हजार ७५४ जनाले कार्डियोलोजी, ३ हजार २७ जनाले एमजीडीपी सेवा लिएका थिए ।



त्यस्तै गरी श्वासप्रश्वास पुनःस्थापना केन्द्रबाट आ.व. २०७९/०८० मा ७ सय ७९ जनाले स्वास्थ्य उपचार पाएका थिए । सोही आ.व. मा ९५२ जना बिरामीले अन्तरंग सेवा पाएका थिए । यसबाहेक अस्पतालले दैनिक रूपमा परिवार नियोजन र खोप सेवा पनि प्रदान गर्दै आएको छ ।



आ.व. २०७८/०७९ मा ख्वप अस्पतालबाट कूल १ लाख ७५ हजार ९४३ जना बिरामीहरूले स्वास्थ्य उपचार सेवा लिएका थिए ।

## नि:शुल्क अक्सिजन र रगत जाँच सेवा

ख्वप अस्पतालले गत आ.व. मा जस्तै यो आर्थिक वर्षमा पनि नगरवासीहरूलाई नि:शुल्क अक्सिजन र नि:शुल्क रगत वितरण सेवालाई चालू राखेको छ। आ.व. २०७९/०८० मा ७ हजार ३६९ ओटा सानो सिलिण्डर र ४ हजार १३९ ओटा ठूलो सिलिण्डर गरी जम्मा ११ हजार ५०८ ओटा अक्सिजन सेवा नि:शुल्क रूपमा प्रदान गरिसकेको छ।



भक्तपुर नगरपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रममा भक्तपुर नगरपालिकाका स्थायी बासिन्दाहरूलाई नि:शुल्क रूपमा रगत उपलब्ध गराउने व्यवस्था गरेको थियो। भक्तपुर नगरपालिका र नेपाल रेडक्रस सोसाइटीबीच भएको सम्झौताअनुरूप बिरामीहरूलाई रगत उपलब्ध गराएबापतको सोधभर्ना भक्तपुर नपाले मासिक रूपमा गर्दै आएको छ। सोहीअनुरूप २०७९ असोज १ गतेदेखि लागू हुने गरी भक्तपुर नपाले नगरवासीहरूलाई नि:शुल्क रगत उपलब्ध गराउँदै आएको हो।



भक्तपुर नपाले आ.व. २०७९/०८० मा ६७३ जना नगरवासीहरूलाई कुल रगत तथा रक्ततत्व (पिन्ट) १२८० पिन्ट बराबरको नि:शुल्क रगत वितरण गर्‍यो। २०७९ को असोजमा १२६ पिन्ट, कार्तिकमा ८५ पिन्ट, मंसिरमा १०७ पिन्ट, पुसमा १०४ पिन्ट, माघमा १२२ पिन्ट, फागुनमा १५२ पिन्ट, चैत्रमा १२९ पिन्ट, २०८० वैशाखमा १३४ पिन्ट, जेठमा १६२ पिन्ट र असारमा १५९ पिन्ट उपलब्ध गराएको हो। माथि उल्लिखित नि:शुल्क रगत जाँचको लागि भक्तपुर नपाबाट रु. ११ लाख ९० हजार ७३० बराबरको सोध भर्ना भएको छ।

## प्रसूति सेवा

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले प्रसूति सेवा सञ्चालन गरेसँगै धेरै महिलाहरूलाई सजिलो भएको छ भने प्रसूतिको लागि अन्य अस्पतालमा जानुपर्ने बाध्यताको अन्त्य भएको छ। २०८० जेठ ४ गतेबाट प्रसूति सेवाको विस्तार गरी ख्वप अस्पतालले पहिलोपटक अपरेशनको माध्यमबाट एक शिशुको जन्म गराएको थियो। ख्वप अस्पतालले यो अवधिमा प्रसूति सेवाअन्तर्गत १८ ओटा अपरेसन र ९ ओटा नर्मल डेलिभरी गराइसकेको छ।



पछिल्लो तथ्याङ्कअनुसार भक्तपुर नगरपालिकाद्ववारा सञ्चालित ख्वप अस्पतालले प्रसूति सेवा शुरु गरेको साढे दुई महिनाको छोटो अवधिमा ५० जनालाई प्रसूति सेवा प्रदान गरिसकेको छ।

## हाडजोर्नीको मेजर र माइनर अपरेशन



आ.व. २०७९/०८० को माघ ७ गते ख्वप अस्पतालले जनरल एनेस्थेसिया दिई थाइराइड ग्रन्थीको सफलतापूर्वक शल्यक्रिया गरी मेजर अपरेसनको समेत सुरुवात गरिसकेको छ। सोही आ.व. मा हाडजोर्नी सेवाअन्तर्गत मेजर ९०, इन्टरमेडियट ५३ र माइनर ११० गरी जम्मा २५३ ओटा अपरेशन गरेको छ।

## नागरिक आरोग्य केन्द्र

भक्तपुर नपा वडा नं. ६ को पुरानो वडा कार्यालय भवनमा भक्तपुर नपाले जिल्ला आर्युवेदअन्तर्गत नागरिक आरोग्य केन्द्रमार्फत आर्युवेद सेवा पनि दिइरहेको छ। केन्द्रले विशेषगरी स्तनपायी सेवा, पूर्वकर्म/पञ्चकर्म सेवा, ज्येष्ठ नागरिक सेवा र स्वस्थ जीवन कार्यक्रम सञ्चालन गर्दै आएको छ। नागरिक आरोग्य केन्द्रले समय समयमा नसर्ने रोगको परीक्षण गर्दै निःशुल्क रूपमा परामर्श सेवा र औषधी समेत वितरण गर्दै आएको छ। आ.व. २०७९/०८० मा नागरिक आरोग्य केन्द्रले १ हजार ७३५ महिला र १ हजार ३० पुरुष गरी जम्मा २ हजार ७ सय ९५ जनालाई उक्त सेवा प्रदान गरेको छ।

## स्वास्थ्य केन्द्रहरूबाट प्रवाहित सेवा

ख्वप अस्पतालबाट दिइएको सेवाबाहेक भक्तपुर नपाबाट सञ्चालित सहरी स्वास्थ्य केन्द्र ब्यासीबाट आ.व. २०७९/०८० मा १२ हजार ४६८, भगवती स्वास्थ्य केन्द्रबाट ६ हजार ८३७, सल्लाघारी आधारभूत स्वास्थ्य केन्द्रबाट ४ हजार ३४६ र एमसीएच क्लिनिक भक्तपुर अस्पतालबाट १४ हजार ६४९ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराएको छ।

## मुटुरोग सेवा

मुटु रोगका बिरामीहरूलाई लक्षित गरी ख्वप अस्पतालले मुटु रोग सम्बन्धी विशेषज्ञ उपचार सेवा प्रदान गर्दै आएको छ। अस्पतालले हप्ताको तीन दिन मुटु रोगको परीक्षण सेवा पनि सुरु गरेको छ। भक्तपुरमै यो सेवा विस्तारसँगै सामान्य मुटु रोगको परीक्षण गर्न अन्यत्र जानुपर्ने बाध्यता कम भएको छ। ख्वप अस्पतालमा दैनिक १५ जनाभन्दा बढी मुटु रोगको परीक्षणका लागि बिरामी आउने गरेको छ भने दैनिक १० जनाले मुटुको इको सेवा लिँदै आएको छ। मुटुको जटिल समस्या भएका बिरामीहरूलाई भने बिरामीको अवस्था हेरेर अन्य अस्पताल पठाइने गरेको छ। हाल ख्वप अस्पतालमा मुटु रोग भएका बिरामीहरूको लागि इको र इसीजी सेवा सञ्चालनमा छ। आ.व. २०७९/०८० मा ख्वप अस्पतालबाट मुटु रोगको सेवाअन्तर्गत ३ हजार ७१९ जनाले इसीजी र १ हजार ४६२ जनाले इको सेवा लिएका छन्।

## भिडियो एक्सरे सेवा

२०७४ को निर्वाचनपश्चात भक्तपुर नपामा जनप्रतिनिधि बहाल भएसँगै ख्वप अस्पतालमार्फत भिडियो एक्सरे सेवा सञ्चालनमा ल्याइएको हो। ख्वप अस्पतालमा भिडियो एक्सरे सेवा सञ्चालनमा आएसँगै बिरामीहरूलाई सहज भएको छ। सरकारले ल्याएको स्वास्थ्य बीमाले गर्दा धेरै बिरामीहरूले बीमाबाटै भिडियो एक्सरे गराउँदै आएका छन्। भिडियो एक्सरे सेवा सञ्चालनले विशेषतः गर्भवती महिलाहरू लाभान्वित भएका छन्। एउटा सिफ्टमा सञ्चालन हुँदै आएको भिडियो एक्सरे सेवा बिरामीहरूको चाप बढेसँगै ख्वप अस्पतालले २०७९ चैत्र २५ बाट दुई सिफ्टमा सो सेवा सञ्चालन गर्दै आएको छ। अस्पतालले बिहान ८ बजेदेखि दिनको १२ बजे र साँझ ५ बजेदेखि ६:३० बजेसम्म भिडियो एक्सरे सेवा दिँदै आएको छ। हाल अस्पतालले दैनिक ६० जनाभन्दा बढीलाई भिडियो एक्सरे सेवा प्रदान गर्दै आएको छ। आ.व. २०७९/०८० मा १२ हजार ७३८ जनाले भिडियो एक्सरे (अल्ट्रासाउण्ड) सेवा प्राप्त गरेका थिए।

## मानसिक रोग

ख्वप अस्पतालमा मानसिक रोग विशेषज्ञहरूबाट पनि उपचार हुँदै आएको छ। अस्पतालले प्रत्येक सोमबार मानसिक रोग विशेषज्ञ सेवा दिने गरेको छ। ख्वप अस्पतालले दैनिक १५ जनाको हाराहारीमा मानसिक बिरामीको उपचार सेवा प्रदान गर्दै आएको छ। , आ.व. २०७९/०८० मा २७७ जनाले मनोरोग विशेषज्ञ सेवा लिएका छन्।

## घरदैलो नर्सिङ सेवा र विद्यालय नर्सिङ सेवा



नेपालमै पहिलो पटक भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवा सुरु गरेको हो। २०७४ साल भदौ ९ गतेबाट भक्तपुर नपाले घरदैलो नर्सिङ सेवा सञ्चालनमा ल्याएको हो। भक्तपुर नपाले सुरु गरेको घरदैलो नर्सिङ सेवाबाट विशेषतः गर्भवती महिला, बालबालिका र ज्येष्ठ नागरिकहरू लाभान्वित भएका छन्। भक्तपुर नपाले नगरका १० ओटै वडाहरूमा घरदैलो नर्सिङ सेवा सञ्चालन गर्दै आइरहेको छ। आ.व. २०७९/०८० मा १० ओटै वडा गरी जम्मा ५ हजार ३८० घरधुरीका ५८ हजार ५९२ जनालाई घरदैलो नर्सिङ सेवा प्रदान गरेको तथ्याङ्क छ। प्रत्येक वडामा एकजना नर्स र ३ जना स्वास्थ्यकर्मीको टोली जनताको घरघरमा गई नगरवासीहरूको स्वास्थ्यको तथ्याङ्क सङ्कलन गर्दै आएको छ। घरदैलो नर्सिङ सेवाअन्तर्गत विशेषतः सुगर, श्वासप्रश्वास, उच्च रक्तचाप, क्यान्सर, थाइराइड, मुटु रोग, मृगौला रोग र अन्य नसर्ने रोगहरूको तथ्याङ्क सङ्कलन गर्दै आएको छ। यसबाहेक घरदैलो नर्सिङ सेवाअन्तर्गत ड्रेसिङ, औषधी सेवन, रोग र स्वास्थ्यबारे परामर्श, प्रेसर जाँच, विभिन्न रोगहरूबारे अभिमुखीकरण, रोग सङ्क्रमण रोकथामका उपाय, विद्यालय विद्यालयमा र टोल टोलमा गएर विद्यार्थीहरू र सर्वसाधारण जनतालाई स्वास्थ्यबारे अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ। यसबाहेक भक्तपुर नपाअन्तर्गत विद्यालय नर्सिङ सेवा पनि सञ्चालन हुँदै छ। भक्तपुरको ख्वप मावि, बासु मावि, पद्म मावि, वागीश्वरी मावि र आदर्श आजाद माविमा यो सेवा सञ्चालनमा छ।

## आँखा उपचार सेवा



ख्वप अस्पतालमा सञ्चालित जिल्ला सामुदायिक आँखा केन्द्र हाल ख्वप तीलगंगा आँखा अस्पतालको रूपमा सञ्चालनमा छ। ख्वप तीलगंगा आँखा अस्पतालबाट आ.व. २०७९/०८० मा २७ हजार ७ सय ७५ जनाले आँखा जाँच गराएका थिए भने ७ सय ६५ जना बिरामीले मोतिबिन्दुको शल्यक्रिया गराएका थिए।

उक्त अस्पतालले दैनिक १२० देखि १५० को हाराहारीमा बिरामीहरूलाई आँखा उपचारको सेवा प्रदान गर्दै आएको छ। आँखा अस्पतालले हप्तामा दुई दिन सोमबार र बिहीबार २५ देखि ३० जनासम्मको नियमित रूपमा मोतिबिन्दुको शल्यक्रिया गर्दै आएको छ। ख्वप अस्पतालको पुरानो भवन (ख्वप बहुप्राविधिक अध्ययन संस्थान) को तीनओटा कोठाबाट सेवा दिँदै आएको आँखा अस्पतालले छिट्टै भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पताल भवनको चौथो तलाबाट सेवा दिने तयारी गरिरहेको केन्द्रका प्रमुख धिरज अधिकारीले बताउनुभयो। प्रमुख अधिकारीले भने, भक्तपुरमा आँखाका रोगीको सङ्ख्या दिनप्रतिदिन बढ्दैछ। पहिला दैनिक १०० जनाको हाराहारीमा आँखा जाँच गराउँदै आएकोमा अहिले यो सङ्ख्या वृद्धि भएर १२० भन्दा बढी हुन थालेको छ।

## एम्बुलेन्स, शव बाहन र एक्सरे सेवा




भक्तपुर नगरपालिकाले नगरभित्र बसोबास गर्ने बिरामीहरूलाई स्वास्थ्य संस्थासम्म पुऱ्याउन चौबिसै घण्टा एम्बुलेन्स सेवा प्रदान गर्दै आएको छ। नगरपालिकाअन्तर्गत दुई ओटा एम्बुलेन्स सञ्चालनमा रहेकोमा एउटा एम्बुलेन्स हाललाई बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म र अर्को एम्बुलेन्सले २४ घण्टा सेवा प्रदान गर्दै आइरहेको छ। त्यस्तै भक्तपुर जिल्लावासीको सुविधास्वरूप नगरपालिकाले २४सै घण्टा शव बाहनको सुविधा प्रदान गर्दै आएको छ। आ.व. २०७९/०८० मा १९४ जनाले शवबाहन सेवा, १ हजार २ जनाले कोभिड/जनरल एम्बुलेन्स सेवा र २ हजार ७०७ जनाले एम्बुलेन्स सेवा लिएका थिए।

यसबाहेक अस्पतालले २४सै घण्टा एक्सरे सेवा पनि

प्रदान गर्दै आएको छ । आ.व. २०७९/०८० मा २९ हजार १४२ जनाले एक्सरे सेवा पाएका छन् । दैनिक १०० जनाले एक्सरे सेवा लिने गरेको त्यहाँ कार्यरत कर्मचारीको भनाइ छ । एक्सरे गर्नेमा अधिकांश श्वासप्रश्वास र हाडजोर्नीका बिरामीहरू आउने गरेको उनी बताउँछिन् । अस्पतालले २४ घण्टा एक्सरे सेवा दिनुका साथै सार्वजनिक बिदाहरूमा समेत यो सेवालाई चालु राखेको छ । यसबाहेक ख्वप अस्पतालमा ड्रेसिङ सेवा पनि उपलब्ध गराउँदै आएको छ । आ.व. २०७९/०८० मा ख्वप अस्पतालबाट ४ हजार ९१५ जनाले ड्रेसिङ सेवा लिएका छन् ।

## ख्वप अस्पतालमा विशिष्ट व्यक्तित्वहरूको भ्रमण



बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे



बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल

भक्तपुर नपाको शैक्षिक संस्था र अस्पताल अवलोकन गर्न विभिन्न देशका विशिष्ट व्यक्तित्व, सङ्घीय र प्रदेश संसद्का माननीय सदस्यहरू, विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू भ्रमणमा आउने क्रम चालु छ । त्यस्तै चिनियाँ कम्युनिष्ट पार्टीका विशिष्ट व्यक्तित्वहरूले अस्पतालको भ्रमण गरी अस्पताललाई आवश्यक स्वास्थ्य उपकरणहरू सहयोग गर्नुभएको थियो । सोही क्रममा अघिल्लो कार्यकालमा देशका ५२ ओटा भन्दा बढी स्थानीय तहका जनप्रतिनिधिहरूले भक्तपुर नपा अध्ययन भ्रमण गरेका थिए भने दोस्रो कार्यकालको एक वर्षमा मात्रै ४५ भन्दा बढी स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अन्य जनप्रतिनिधिहरूले भक्तपुर भ्रमणमा आएका छन् । भक्तपुर नपाको भ्रमणमा आएका प्रतिनिधिमण्डलले भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पताल पनि भ्रमण गरेका थिए । बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल, बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे, बागमती प्रदेश स्वास्थ्यमन्त्री निमा लामा, प्रदेश स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठ, प्रदेश स्वास्थ्यमन्त्री उत्तम श्रेष्ठलगायतले ख्वप अस्पताल निरीक्षण गरी अस्पतालको वस्तुगत स्थितिबारे जानकारी लिई आफ्नोतर्फबाट सक्दो सहयोगको लागि पहल गर्ने प्रतिबद्धता जनाएका थिए ।

## ख्वप अस्पतालबारे थप केही कुरा

भक्तपुरवासीहरूलाई सहज रूपमा स्वास्थ्य उपचार सेवा प्रदान गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले वि.सं. २०३० सालदेखि जनस्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्दै आएको हो । जनताको माग र भावनालाई कदर गर्दै उक्त केन्द्रबाट प्रदान गरिने उपचार सेवालाई क्रमशः वृद्धि गर्दै जाने क्रममा भक्तपुर नपाले २०७८ वैशाख १८ गतेबाट ख्वप अस्पताल कोभिड युनिट सञ्चालन गरेको थियो भने २०७८ साउन १ गतेबाट औपचारिक रूपमा ख्वप अस्पताल सञ्चालनमा आएको हो । २०७३ सालमा जिल्ला जनस्वास्थ्य कार्यालयबाट २५ शय्याको स्वीकृति प्राप्त ख्वप अस्पताल २०७९ जेठ २३ गतेबाट बागमती प्रदेश स्वास्थ्य मन्त्रालयबाट १०० शय्या अस्पतालको रूपमा स्तरोन्नति भई सञ्चालनमा छ । आ.व. २०८०/०८१ मा ख्वप अस्पतालमा सीटी स्क्यान सञ्चालन गर्ने नगरपालिकाको चालु आ.व. को नीति तथा कार्यक्रममा उल्लेख छ ।

अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले ख्वप अस्पतालमा सीटी स्क्यान खरिद गरी सञ्चालनमा ल्याउने, विशेषज्ञ सेवा विस्तार गर्ने, फार्मेसी सेवालाई वडा वडामा विस्तार गर्ने, ख्वप अस्पतालको नयाँ भवनबाट पूर्ण रूपमा सेवा सञ्चालन गर्ने, आधारभूत केन्द्रहरूबाट दिँदै आएको सेवालाई थप विस्तार गर्दै लैजाने र ल्याब तथा औषधी सेवा थप्ने र घरदैलो नर्सिङ सेवालाई अझ प्रभावकारी बनाउने अस्पतालको योजना रहेको बताउनुभयो ।

## डेंगु रोग सम्बन्धी सचेतना कार्यक्रम वडा नं. १० मा



भक्तपुर नगरपालिका १० नं. वडा कार्यालयको आयोजनामा डेंगु रोग सम्बन्धी सचेतना ऱ्याली कार्यक्रम साउन १९ गते भयो ।

कार्यक्रममा वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले लामखुट्टेको टोकाईबाट सर्ने डेंगु रोगको महामारीबाट बच्न सचेतना ऱ्याली आयोजना गरेको बताउनुहुँदै त्यस रोगबाट बच्ने उपाएबारे र  रोगको लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य चौकी वा अस्पताल जान सल्लाह दिनुहुँदै कार्यक्रम सफल बनाउन सहयोग गर्नुहुने विद्यालय, सङ्घ संस्था र कर्मचारी सबैलाई धन्यवाद दिनुभयो ।

कार्यक्रममा वडा सदस्य तारादेवी शाक्य र कृष्णनारायण दुमरु, नवदुर्गा रेडक्रसका तुल्सीनारायण दण्डेख्याले पनि बोल्नु भएको थियो ।

सचेतना ऱ्याली वडा कार्यालय कमलविनायकबाट सुरु भई वडाका विभिन्न भागको परिक्रमा गरेको थियो ।

## वडा नं. ३ मा डेंगु रोगबारे सचेतना




भक्तपुर नपा वडा नं. ३ को आयोजनामा साउन २२ गते डेंगु रोगसम्बन्धी सचेतनामूलक अभिमुखीकरण कायक्रम गरियो ।

## मृगौलासम्बन्धी रोग निराकरणबारे सचेतना कार्यक्रम



आधुनिक जीवनशैलीसँगै नेपाली जनतामा बढ्दै गरेको मृगौलासम्बन्धी रोग निराकरणबारे भक्तपुर नगरपालिका वडा नं. ९ कार्यालयको आयोजनामा स्थानीय अग्रज शिक्षक, सहकारीकर्मी, किसान, महिला, स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि र कर्मचारीहरूबीच सचेतना कार्यक्रम भाद्र १ गते भयो ।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले बदलिँदो हावापानी, खानपान शैली र शारीरिकि अभ्यासमा कमी आएको कारण धेरैजनामा मृगौलालगायत विभिन्न अङ्गहरूका गम्भीर रोग देखापर्न थालेको चर्चा गर्नुहुँदै नगरवासीहरूलाई स्वस्थ राख्न नगरपालिकाले स्वास्थ्यसँग सम्बन्धित गतिविधिहरू गर्दै आएको बताउनुभयो । नगरवासीहरू स्वस्थ र निरोगी भएमा उत्पादनमूलक गतिविधिहरू बढ्ने र नगरपालिका तथा समग्र देश नै समृद्धितर्फ जाने उहाँको भनाइ थियो ।

नगरपालिकाको आफ्नै ख्वप अस्पताल र नगरपालिकाको प्रतिनिधित्व रहेको भक्तपुर अस्पतालको स्तरोन्नतिसँगै शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र र भक्तपुर क्यान्सर अस्पतालजस्ता सरकारी स्वामित्वका विशिष्टिकृत अस्पतालहरू भक्तपुर नगरपालिका क्षेत्रमा रहनु सकारात्मक रहेको उल्लेख गर्दै जटिल रोगहरूको समेत कम शुल्कमा सहज उपचार व्यवस्था गराउने नगरपालिकाको तर्फबाट प्रयत्न भइरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा मृगौला रोग विशेषज्ञ तथा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका डा. **कल्पना श्रेष्ठ**ले मृगौलासम्बन्धी रोग जुनसुकै उमेरका व्यक्तिलाई पनि लाग्न सक्ने हुँदा स्वस्थ

देखिएको व्यक्तिले पनि नियमित स्वास्थ्य परीक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले देशको एकमात्र सुविधासम्पन्न मानव अङ्ग प्रत्यारोपण अस्पताल भक्तपुरमा रहेको चर्चा गर्दै भक्तपुरलाई स्वास्थ्य उपचार गन्तव्यस्थल बनाउने अभियानमा सबैको साथ चाहिन्छ भन्नुभयो ।

नेपाल सरकारले मृगौलाको उपचार तथा प्रत्यारोपण खर्च नि:शुल्क गरेको उल्लेख गर्दै विभिन्न कारणले मस्तिष्क मृत्यु भएको व्यक्तिबाट आठ जनासम्म बिरामीलाई स्वस्थ बनाउन सकिने तथा मृगौला दानमा पनि लैङ्गिक विभेद रहेको बताउनुभयो ।

वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले कोभिड-१९, डंगु, आँखा पाक्नेजस्ता सरुवा रोगहरूले हामीलाई त्रसित बनाइरहेको समयमा कडा र गम्भीर खालका रोगका कारण धेरैको ज्यान गइरहेको चर्चा गर्दै सबै जनतालाई स्वास्थ्यसम्बन्धी सचेतना जगाउने अभियानअन्तर्गत नगरपालिकाले विभिन्न रोगहरूको शिविर सञ्चालन गर्दै आएको बताउनुभयो ।

ख्वप अस्पतालका डा. **अमर प्रजापति**ले रोगको सामान्य लक्षण देखिनासाथ उपचार थालेमा धेरै रोगबाट जोगिन सक्ने उल्लेख गर्दै नियमित स्वास्थ्य परीक्षण गराउन आग्रह गर्नुभयो ।

कार्यपालिका सदस्य **छोरीमैंया सुजखू** र वडा नर्स **दिव्या सुवाल**ले कार्यक्रमको औचित्यमाथि प्रस्ट पार्नुभयो ।

उक्त कार्यक्रममा उपस्थित ११४ जना सहभागी वडावासीहरूले नि:शुल्क रगत तथा पिसाब परीक्षण गराएका थिए । ख्वप अस्पतालको प्राविधिक सहयोगमा उपस्थित सबैको स्वास्थ्य परीक्षण गरिएको आयोजक वडा कार्यालयले जानकारी दिएको छ ।

## आँखा पाक्ने रोगसम्बन्धी सचेतना कार्यक्रम तथा स्वास्थ्य उपचार शिविर गर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भाद्र ३ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको बैठकले भक्तपुर नगरपालिका क्षेत्रभित्रका विद्यालयहरूमा ख्वप अस्पतालको प्राविधिक सहयोग तथा वडा नर्स, विद्यालय नर्स र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गरी विद्यार्थीहरूबीच रोग सम्बन्धी सचेतना कार्यक्रम तथा सङ्क्रमित विद्यार्थीहरूका लागि स्वास्थ्य उपचार शिविर सञ्चालन गर्ने निर्णय गरेको छ ।

बैठकले भक्तपुर नगरपालिकाले आँखा पाक्ने रोगबाट बच्ने उपायसहितको सन्देशमूलक पर्चा प्रकाशन तथा अन्य सञ्चार माध्यमबाट जनचेतना जगाउने कार्यक्रमहरू गर्ने निर्णय समेत गरेको छ ।



यस अघि भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८० भाद्र १ गते विभिन्न विद्यालय सङ्गठनका प्रतिनिधिहरूसँग बैठक बसेको थियो । बैठकमा सहभागी विद्यालय सङ्गठनका प्रतिनिधिहरूले नगरभित्रका विभिन्न विद्यालयहरूमा सङ्क्रमितको सङ्ख्याबारे जानकारी दिनुहुँदै विद्यालय बन्द गर्नु भन्दा आँखा पाक्ने रोगसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन र रोगबाट बच्ने उपायसहितको पर्चा प्रकाशन गर्न उचित हुने सुझाव दिनुभएको थियो । त्यसलाई ध्यानमा राखेर शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिले निर्णय गरेको हो ।

विद्यालय सङ्गठनहरूमा संयुक्त परीक्षा समिति, सार्वजनिक परीक्षा समिति, आधारभूत तह परीक्षा समिति, प्याब्सन, एन प्याब्सन, इशानलगायतको उपस्थिति थियो ।

## आँखा पाक्ने रोग सम्वन्धी सचेतना कार्यक्रम



भक्तक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा सरस्वती विद्यागृह माविमा भाद्र ५ गते आँखा पाक्ने रोग सम्वन्धी सचेतना कार्यक्रम भयो ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Shrawan Report

## 2080

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2572 | 11.21 |
| 10-14. | 953 | 4.15 |
| 15-19 | 889 | 3.87 |
| 20-59 | 13974 | 60.89 |
| ≥60 | 4560 | 19.87 |
| Total | 22948 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 592 | 2.58 |
| General | 4329 | 18.86 |
| Insurance | 18027 | 78.56 |
| Total | 22948 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Dhankuta | 1 | 0.01 |
| Jhapa | 1 | 0.01 |
| Kaski | 1 | 0.01 |
| Parsa | 1 | 0.01 |
| Rukum | 1 | 0.01 |
| Salyan | 1 | 0.01 |
| Solukhumbu | 1 | 0.01 |
| Baglung | 1 | 0.01 |
| Morang | 1 | 0.01 |
| Makwanpur | 1 | 0.01 |
| Gulmi | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Banke | 1 | 0.01 |
| Dhading | 2 | 0.01 |
| Mugu | 2 | 0.01 |
| Okhaldhunga | 2 | 0.01 |
| Sankhuwasabha | 2 | 0.01 |
| Pyuthan | 2 | 0.01 |
| Bara | 2 | 0.01 |
| Dailekh | 3 | 0.01 |
| Taplejung | 3 | 0.01 |
| Udayapur | 3 | 0.01 |
| Sunsari | 3 | 0.01 |
| Chitwan | 4 | 0.02 |
| Kailali | 4 | 0.02 |
| Kalikot | 4 | 0.01 |
| Palpa | 4 | 0.02 |
| Khotang | 5 | 0.02 |
| Jumla | 6 | 0.03 |
| Lalitpur | 6 | 0.03 |
| Sindhuli | 7 | 0.03 |
| Sarlahi | 8 | 0.03 |
| Surkhet | 8 | 0.03 |
| Accham | 9 | 0.04 |
| Dolkha | 9 | 0.04 |
| Ramechap | 23 | 0.10 |
| Kathmandu | 26 | 0.11 |
| Sindhupalchowk | 27 | 0.12 |
| Kavrepalanchok | 81 | 0.35 |
| Bhaktapur | 22680 | 98.83 |
| Total | 22948 | 100 |
| Madhyapur Thimi | 117 | |
| Suryabinayak | 974 | |
| Changu | 3601 | |
| Bhaktapur | 17988 | |
| Total | 22680 | |

| Department | Number | In Percentage |
|---|---|---|
| Psychiatric | 95 | 0.41 |
| InPatients | 165 | 0.72 |
| Cardiologist | 213 | 0.93 |
| General Surgery OPD | 228 | 0.99 |
| Physiotherapy | 297 | 1.29 |
| MDGP | 401 | 1.75 |
| Laboratory | 461 | 2.01 |
| Internal Medicine | 621 | 2.71 |
| Dermatology | 829 | 3.61 |
| Emergency Ward | 1320 | 5.75 |
| Obs. & Gynaecology | 1515 | 6.60 |
| ENT | 1702 | 7.42 |
| Paediatric | 1740 | 7.58 |
| Dental | 1776 | 7.74 |
| Orthopedic | 2762 | 12.04 |
| General OPD | 8823 | 38.45 |
| Total | 22948 | 100.00 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 169 |
| Discharge | 160 |
| LAMA | 0 |
| Refer | 7 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 3809 |
| Total Cataract Surgery | 125 |

### Operation

| | |
|---|---|
| Major | 72 |
| Minor | 58 |

## नर्स र स्वास्थ्यकर्मीहरूलाई टोल टोलमा गएर जनताको सेवा गर्न निर्देशन



भक्तपुरका जनतामा देखिएको आँखा पाक्ने रोगसम्बन्धी जनचेतना जगाउन र रोकथाम गर्न स्वास्थ्यकर्मीहरू टोल टोल र विद्यालयहरूमा गएर काम गर्नुपर्छ ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भाद्र ५ गते वडा नर्स र विद्यालय नर्सहरूको भेलामा नर्सहरूलाई जनतालाई समस्या परेको बेला सहयोग गर्न निर्देशन दिनुभयो ।

विद्यालय बन्द गर्दा विद्यार्थीहरूको पढाइमा असर पर्छ । सङ्क्रमित विद्यार्थीहरूले समाजमा व्यापक रूपमा फैलाउन सक्छ । सङ्क्रमित सम्भावना भएका विद्यार्थीहरूलाई उपचार गर्ने र घर फर्काउन सल्लाह दिनुपर्छ – उहाँले भन्नुभयो ।

वडा नर्सहरू जनताको घरघरमा गएर सेवा गर्न आग्रह गर्दै नर्स र स्वास्थ्य स्वयम्सेवीहरूलाई राम्रो व्यवहार गरेर जनताको मन जित्नुपर्ने बताउनुभयो ।

स्वास्थ्य र शिक्षामा भक्तपुर नमुनाको रूपमा विकास भइरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले इमानदारीपूर्वक जनताको सेवागर्ने भावनाकै कारण आज भक्तपुरका जनतालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको बताउनुभयो ।

वडा र विद्यालय नर्सहरूको मासिक छलफल कार्यक्रममा सबैले महिनाभरि आ–आफ्नो गरेका कामहरूबारे प्रस्तुति दिनुभएको थियो ।

## ६ वडामा आँखा शिविर




भक्तपुर नगरपालिका ६ नं वडा कार्यालयको आयोजनामा भोलाछेँ टोलमा भाद्र १६ गते आँखा शिविर भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद **प्रेम सुवाल**ले ख्वप विश्वविद्यालय स्थापना गर्न लागिरहेको उल्लेख गर्नुहुँदै सफाइ आन्दोलन, साक्षरता आन्दोलन, सम्पदा सुरक्षा आन्दोलनमा लागेरै आजको यो स्थितिसम्म पुगेको हो भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, 'खानेपानीको मुहान नगरकोट क्षेत्रलाई जलाधार घोषणा गरी भक्तपुर नगरलाई खानेपानीको राम्रो व्यवस्था गर्नुपर्छ ।'

जबसम्म सरकारको नीति राम्रो हुँदैन तबसम्म सर्वसाधारण जनताले दुःख पाइरहने चर्चा गर्नुहुँदै उहाँले खोलानाला ढलको रूपमा परिणत रहेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो । घर घरबाट कुहिने र नकुहिने फोहोर छुट्याई व्यवस्थापन गर्नुपर्ने र स्वास्थ्यलाई प्राथमिकतामा राखी समाज परिवर्तन गर्न लागिपर्नुपर्ने आवश्यकता पनि उहाँले औँल्याउनुभयो ।

भनपा ६ का वडा अध्यक्ष **हरिराम सुवाल**ले भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै विभिन्न रोगहरूको स्वास्थ्य शिविर कार्यक्रम गरिरहेकोमा हाल आँखा शिविर कार्यक्रमले स्वास्थ्य लाभ हुने बताउनुभयो । उहाँले वडाको विकास निर्माण कार्यमा वडावासीहरूको साथ र सहयोग रहने अपेक्षा गर्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैयाँ सुवाल**, डा. **क्रिजन सुवाल**, समाजसेवी **गोपीकृष्ण चाँगुभारी** र स्वयम्सेविका **मञ्जु कुम्पाख**ले पनि आ–आफ्नो धारणा राख्नुभयो ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**सडक आवागमन सुचारु गर्नेसम्बन्धी सूचना**

भक्तपुर नगरपालिका क्षेत्रको सडकपेटी र फुटपाथमा पसलको सामान राख्ने, साइकल, ठेलागाडा, गाडी, धावा पसल राख्ने र घुम्ती पसल व्यवसाय सञ्चालन कार्यले सर्वसाधारणको आवतजावतमा अवरोध हुनुका साथै सवारी दुर्घटनासमेत हुनसक्ने भएकोले सडकपेटी र फुटपाथमा पसलको सामान नराख्न, साइकल, ठेलागाडा, गाडी, धावा पसल नराख्न, घुम्ती पसल व्यवसाय नगर्न र सडकपेटीमा राखिएका सामग्री हटाउन सम्बन्धित सबैमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ । यो सूचनालाई बेवास्ता गरी सडकपेटी र फुटपाथमा पसलको सामग्री राख्ने कार्य, साइकल, ठेलागाडा, गाडी, धावा तथा घुम्ती पसल सञ्चालन गरिएको पाइएमा यसरी अनधिकृतरूपमा राखिएका सामग्री र निषेधित क्षेत्रमा सञ्चालन गरिने साइकल, ठेलागाडा, गाडी, धावा पसलहरू उठाई वा हटाई नियमानुसार कारबाही हुने व्यहोरासमेत जानकारी गराइन्छ ।

# संक्षेपमा

## कालिघाट पुस्तकालय निरीक्षण



भक्तपुर नपा वडा नं. २ कालिघाटस्थित कालिघाट पुस्तकालय साउन १९ गते निरीक्षणका क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति ।

## विद्यार्थीहरूलाई बधाई तथा विदाइ

### बासु मावि



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बासु माविका एसईई उत्तीर्ण विद्यार्थीहरूलाई साउन १९ गते विदाइ तथा बधाईज्ञापन कार्यक्रममा प्रशंसापत्र प्रदान गर्नुभयो ।

### लिशा स्कूल



लिशा इङ्ग्लिश सेकेण्डरी स्कूलमा २०७९ ब्याचका एसईई उत्तीर्ण विद्यार्थीहरूलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा साउन २० गते बधाई तथा विदाइ कार्यक्रम भयो ।

## नारमल्ला फल्चाको छाना श्रमदानमा छाइयो



भक्तपुर नगरपालिका वडा नं. २ स्थित नारमल्ला फल्चा पुनर्निर्माणको क्रममा साउन २१ गते स्थानीय जनताको श्रमदानमा छाना छाउने कार्य भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उक्त कार्यको स्थलगत निरीक्षण गर्नुभयो । २९ लाखको योजनामा पुनर्निर्माण भइरहेको नारमल्ला फल्चाको छाना छाउने कार्यमा ८० भन्दा बढी स्थानीय जनताले जनश्रमदान गरेका थिए ।

## शिशुस्याहार केन्द्रको निरीक्षण



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित भनपा वडा नं. १ भाजुपोखरीको पश्चिमतर्फ अवस्थित शिशुस्याहार केन्द्रको साउन २१ गते निरीक्षणका क्रममा नगर प्रमुख सुनिल प्रजापति र प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्मालगायत ।

उक्त केन्द्रमा ४० जना बालबालिका, २ जना शिक्षिका र २ जना आया दिदीहरू रहेका छन् ।

## "विश्व स्तनपान सप्ताह २०८०"



भक्तपुर नपा वडा नं. २ स्वास्थ्य उपसमितिको आयोजनामा भएको 'विश्व स्तनपान सप्ताह २०८०' बारे साउन २१ गते छलफल कार्यक्रम भयो ।

## विद्यार्थीहरू भक्तपुर नपाको अध्ययन भ्रमणमा



लिटिल वर्ल्ड इङ्गलिस स्कूलका विद्यार्थीहरूले साउन २३ गते भक्तपुर नगरपालिका अध्ययन भ्रमण गरेका छन् । विद्यार्थीहरूले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग साक्षात्कार गरी भक्तपुर नपाको काम, कर्तव्य र अधिकार, नगरसभा र कार्यपालिका गठन प्रक्रिया, नपाले शिक्षा, स्वास्थ्य, पर्यटन प्रवर्द्धन, सरसफाइ आदिमा गरिरहेको कार्यबारे ज्ञानकारी हासिल गरे ।

## बाढी प्रभावित क्षेत्रको निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र वडाध्यक्ष लगायतले अविरल वर्षाका कराण भक्तपुर नपा वडा नं. १ धालाखुसी, वडा नं. ३ स्थित बाराही पुल, वडा नं. ४ स्थित राम मन्दिर र शान्ति निकेतन मावि र वडा नं. ७ स्थित हनुमानघाट, थुसाचालगायत विभिन्न ठाउँमा बाढीले क्षति पुऱ्याएका क्षेत्रहरूमा साउन २३ गते स्थलगत निरीक्षण गर्नुभयो ।



विगत केही दिनदेखि परिरहेको वर्षाको कारण भक्तपुर नपाको हनुमन्ते खोलामा आएको बाढीले नगरका विभिन्न ठाउँहरू डुबानमा परेका छन् । डुबानले खोला छेउको धानबालीमा क्षति पुग्नुका साथै नजिकै रहेका विद्यालय, व्यापारिक भवन, अस्पताल र सम्पदाहरू समेत डुबानमा परेका छन् ।

## दीक्षान्त समारोह तथा सम्मान



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भदौ ९ गते मुक्ति सङ्गीत प्रशिक्षण केन्द्रद्वारा प्रशिक्षित लोपोन्मुख महाकाली (देवी) नाच र धिमे बाजाको दीक्षान्त समारोह तथा सम्मान कार्यक्रम समापन भयो ।

## श्रमदानमा आदर निकेतन भवनको छाना छाइयो



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र वडाध्यक्षहरूलगायतले भक्तपुर नपा वडा नं. ६ अँचा पोखरी (ख्यो पुखू) परिसरमा निर्माणाधीन भक्तपुर नपाको आदर निकेतन भवनको छाना छाउने कार्यको भाद्र १० गते स्थलगत निरीक्षण गर्नुभयो ।

उक्त कार्यमा त्यहाँका स्थानीय जनताले जनश्रमदान गरेका थिए ।

## समीक्षात्मक अभिमुखीकरण कार्यक्रम



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यतामा नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको आयोजनामा भदौ १७ गते पालिका स्तरीय क्षयरोग, एच.आई.भी र मलेरिया कार्यक्रम सम्बन्धी एक दिने समीक्षात्मक अभिमुखीकरण कार्यक्रम भयो ।

## वार्षिक समीक्षा कार्यक्रममा भक्तपुर नगरपालिकाको प्रस्तुति



जिल्ला समन्वय समितिको आयोजनामा भएको आ.व. २०७९/८० मा सञ्चालित विकास निर्माण तथा सेवा प्रवाहसम्बन्धी वार्षिक समीक्षा कार्यक्रममा भाद्र १७ गते भक्तपुर नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्माले प्रस्तुतीकरण गर्नुभयो ।

## स्वास्थ्य केन्द्रको तेस्रो तला ढलान



भक्तपुर नगरपालिका वडा नं. १० मा निर्माणाधीन आधारभूत स्वास्थ्य केन्द्रको तेस्रो तलाको ढलान भाद्र १७ गते सम्पन्न भयो ।

औषधी, खाद्य सामग्रीलगायतका वस्तु किन्दा

म्याद हेर्ने बानी गरौं।

# सांसद दुर्लभ थापा ख्वप विश्वविद्यालयविरोधी ?

भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापना गर्न निरन्तर प्रयास गर्दै छ। प्रतिनिधिसभा र राष्ट्रिय सभामा पनि त्यसको समर्थनमा सांसदहरूले बोलेका आवाजहरू सुनिन थालेका छन्। यो भक्तपुरवासीहरूको लागि खुसीको कुरा हो। भक्तपुर नपाले देशकै उत्कृष्ट २ ओटा इन्जिनियरिङ कलेजसहित ८ ओटा उच्च शिक्षा प्रदान गर्ने शिक्षालयहरू सञ्चालन गरी जनताका छोराछोरीलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ।

जनतालाई सधैँ अँध्यारोमा राख्न चाहने भक्तपुर क्षेत्र नं. २ बाट निर्वाचित सांसद दुर्लभ थापाले आइतबार जिल्ला समन्वय समितिको आयोजनामा भएको समीक्षा बैठकमा ख्वप विश्वविद्यालयको विरोध गरेको सुन्दा आश्चर्य लाग्यो। उनले ख्वप विश्वविद्यालयमा सबै पार्टीका भ्रातृ सङ्गठनहरूको नामै किटेर स्थान दिनुपर्ने बताए। उनको आसय विश्वविद्यालय स्थापना हुनुअघि नै नेका, एमाले, माओवादीलगायतका लागि भागबन्डा सुनिश्चित हुनुपर्ने भन्ने थियो।

भागबन्डाकै कारण देशका सबै क्षेत्र अस्तव्यस्त भएको बारे सबै नेपालीहरू अवगत छन्। यस्तो अवस्थामा भागबन्डाको सुनिश्चितता नभएकै कारण ख्वप विश्वविद्यालय स्वीकृत नभएको माननीयको अभिव्यक्तिले उनको स्तर जनताले राम्रैसँग बुझ्ने अवसर पाए।

पूर्वसांसदले ख्वप कलेजको विरोध गरेकै कारण धेरै अभिभावक र विद्यार्थीहरू आक्रोशित भएर उनलाई जसरी पनि हराउनुपर्छ भनेर लागे र परिणाम थापाको पक्षमा गयो। थापा पनि पूर्वसांसदकै बाटोमा गएर ख्वप विश्वविद्यालयको विरोध गर्दै हिँडेपछि नेमकिपाका योग्य उम्मेदवार अनुराधा थापामगरलाई नजिताई थापालाई जिताएकोमा भक्तपुरका मतदाता पछुटाउन थालेका छन्।

सांसद थापाले भक्तपुर नगरपालिकाले गरेको विकास निर्माणको पनि खुला विरोध गरे। उनले भने, 'भक्तपुर नगरले ढुङ्गा छपाइलाई नै विकासको दाबी गर्दै छ।' मा. थापालाई विकास के हो थाहै रहेनछ भन्ने उनको अभिव्यक्तिबाट स्पष्ट भयो। विकासको अर्थ भौतिकमात्रै होइन मानसिक विकास पनि हो, चौडा बाटा र अग्ला घरहरूमात्रै विकास होइनन्, पुराना संरक्षण गर्नु आफैमा विकास हो भन्ने सांसद थापाले बुझ्नु आवश्यक छ। भक्तपुर नपाले शिशुस्याहारदेखि उच्च शिक्षासम्म सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। साथै जनतालाई स्वास्थ्य उपचारमा सहज पहुँच पुऱ्याउँदै १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी जनताको सेवा गर्दै छ। सम्पदा संरक्षण, सरसफाइ र युवाहरूलाई रोजगारीमूलक तालिमहरू पनि सञ्चालन गर्दै छ। सांसदलाई देशको विषयमा थाहा हुनुपर्ने हो तर आफ्नै जिल्लामा भइरहेको विकास निर्माणका कामहरूबारे जानकारी खोइ ?

सांसद थापाले ख्वप कलेजहरूबाट उत्पादित जनशक्तिलाई भक्तपुर नपाले रोजगारी दिन नसकेको आरोप लगाए। रोजगारी नगरपालिकाले दिने कि नेपाल सरकारले भन्नेमा पनि सांसद थापा स्पष्ट नभएको देखियो। नेकाको सरकारले देशमा रोजगारी नदिई युवाहरू विदेश पठाउने नीति लियो। अहिले वर्षको ८ लाख युवाहरूलाई श्रम स्वीकृति दिएर विदेश पठाउँदै छ। उच्च शिक्षा पढ्नको लागि शिक्षा मन्त्रालयबाट एनओसी लेटर लिएर १ लाखभन्दा बढी विदेश पठाउँदै छ। यही हो नेकाको सरकारले रोजगारी दिएको ? देशमा भएभरको कल कारखानाहरू कौडीको मूल्यमा निजी क्षेत्रलाई सुम्पेर देशलाई खोक्रो पार्ने नेकाका सांसदले भनपाले रोजगारी दिन नसकेको कुरा उठाउन लाज लाग्नुपर्ने हो। 'आफ्नो आङमा भैँसी नदेख्ने अर्काको आङको जुम्रा देख्ने' भन्ने भनाइ काङ्ग्रेसी सांसदको अल्पज्ञानले पुष्टि गऱ्यो।

भक्तपुर नपाले 'विकास हेर्न भक्तपुर आउनु' भनी प्रचार गरेकै कारण भक्तपुर नगरमा विकास बजेट नआएको समेत उनले भन्न भ्याए। सांसद थापालाई थाहा हुनुपर्छ, भक्तपुर नगरपालिका आत्मनिर्भरतालाई जोड दिँदै स्वाभिमानीपूर्वक अगाडि बढिरहेको छ। पञ्चायती व्यवस्थामा जस्तै चाकडी र पहुँचवालाहरूलाई मात्रै बजेट पठाउने पक्षपातपूर्ण सरकारी नीतिको भक्तपुर नपाले सधैँ विरोध गर्दै आएको छ। सरकारमा बस्नेहरूले सबैलाई समान आँखाबाट हेर्नुपर्छ भन्नेमा भक्तपुर नपाले जोड दिँदै आएको छ। तर, आश्चर्यको कुरा, चालु आ.व. २०८०/८१ मा बागमती प्रदेशले विशेष र समपूरक बजेट भक्तपुर नपालाई शून्य गऱ्यो। के यो पक्षपातको पराकाष्ठा होइन र ? ऐन कानुनबमोजिम देशभरिका ७५२ नपाले पाउने बजेट भक्तपुर नपाले नपाउनु के अन्याय होइन ? सांसद थापाजस्ता मानिसलाई नागरिकहरूले माननीय भनी सम्बोधन गर्नुपर्ने विडम्बनापूर्ण अवस्था रहेसम्म यस्ता पक्षपातका घटनाहरू भई नै रहनेछन्।

देशभरिका जनप्रतिनिधिहरू भक्तपुरको 'विकास मोडल' हेर्न आउने गरेको सर्वविदित छ तर भक्तपुरकै एक सांसदले भनपाको विकास नदेख्नु आश्चर्य भएन र ? नेमकिपा कामदारवर्गको हित चाहने पार्टी हो, नेकाजस्तो पुँजीपतिवर्गको पार्टी होइन। भक्तपुर नपामा कामदारवर्गका जनप्रतिनिधिहरू कार्यरत छन्। भक्तपुर नपाले कामदारवर्गको हितमा काम गरिरहेको छ। सामन्ती चरित्रका थापाजस्ता सांसदहरूले नदेख्दैमा यहाँ केही हुनेवाला छैन। उनीजस्ता सांसदहरूले चाहे पनि नचाहे पनि भक्तपुरको विकासको रथ निरन्तर अघि बढिरहनेछ।

**एक जनप्रतिनिधि** ('मजदुर' दैनिकबाट)

# विविध समाचार

## न्यातापोल कर्नर टीमको ४० औं स्थापना दिवस




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ४० औं स्थापना दिवसको अवसरमा रक्तदान तथा टेलबटेनिस खेल प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम साउन २४ गते सम्पन्न भयो।

कार्यक्रममा प्रमुख **प्रजापति**ले भक्तपुर नपाले खेलाडीहरूलाई उत्साहित पार्दै विविध खेलकुद प्रतियोगिता आयोजना गर्दै आइरहेको र भनपा १० बेखालस्थित टेबलटेनिसको कभर्ड हल निर्माणको अन्तिम चरणमा पुगेको अवगत गराउनुभयो।

खेलकुदको माध्यमबाट भक्तपुरलाई चिनाउने उद्देश्यले खेलकुद पूर्वाधार निर्माणमा नपाले विशेष जोड दिँदै आएको बताउनुहुँदै उहाँले आन्तरिक र बाह्य पर्यटकहरूलाई आकर्षित गर्न नपाले पर्यटन विकासमा समेत जोड दिँदै आएको बताउनुभयो।

उहाँले भक्तपुरका पोखरीहरूको सौन्दर्यीकरणमा आवश्यक कामहरू भइरहेको र नगरका मूल सडकहरूमा विभिन्न बोटविरुवासहितको गमला राख्ने कार्यको थालनी भइसकेको बताउनुहुँदै पर्यटन प्रवर्द्धन भएसँगै यहाँको आर्थिक गतिविधिमा पनि सुधार हुँदै जाने विश्वास व्यक्त गर्नुभयो।

न्यातापोल कर्नर टीमका वर्तमान अध्यक्ष **शिवसुन्दर गोठे**ले न्यातापोल कर्नर टीम सामाजिक सेवा तथा खेलकुद विकास गर्ने उद्देश्यले स्थापना भएको बताउनुभयो।

कार्यक्रममा टीमका संस्थापक अध्यक्ष **शिवनारायण गोठे**ले टोल विकासको स्तम्भको रूपमा रहेको न्यातापोल कर्नर टीमले विविध क्रियाकलाप गरी सफलता हासिल गरिरहेको बताउनुभयो।

उक्त कार्यक्रममा टीमका सल्लाहकारद्वय **श्यामसुन्दर धौभडेल** र **राजाराम चवाल**, उपाध्यक्ष **मुक्तिसुन्दर जधारी** र सचिव **रोशन धौभडेल**ले पनि बोल्नुभएको थियो।

न्यातापोल कर्नर टीमको आयोजनामा भएको टेबलटेनिस प्रतियोगिताका विजयीहरूलाई नगर प्रमुख प्रजापतिले मेडल, प्रमाणपत्र र पुरस्कार वितरण गर्नुभएको थियो।

## दौरा सुरुवाल कटिङसम्बन्धी तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण



नेपाल कपडा तथा सिलाइ व्यवसायी सङ्घ भक्तपुरको आयोजनामा भएको राष्ट्रिय पोशाक दौरा सुरुवाल कटिङसम्बन्धी तालिम साउन २७ गते एक कार्यक्रमबीच सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

समापन कार्यक्रममा प्रमुख **प्रजापति**ले सीपमूलक तालिम सञ्चालनले दक्ष जनशक्ति उत्पादन गर्न टेवा पुग्ने हुँदा भक्तपुर नपाले विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्दै नगरवासी युवाहरूलाई आत्मनिर्भर बनाउन सहयोगी भूमिका खेल्दै आइरहेको बताउनुभयो।

उहाँले शैक्षिक योग्यतासँगसँगै हातमा सीप भएको व्यक्ति जहिल्यै स्वाभिमानका साथ बाँच्न सक्ने बताउनुहुँदै उहाँले सीप भएका व्यक्तिहरूको समाज र आफ्नो व्यक्तिगत जीवनमा छुट्टै पहिचान कायम हुने बताउनुभयो।

अध्ययन र अनुसन्धानमा अगाडि बढेको देशको विकास पनि तीव्र गतिमा हुने उदाहरणहरू प्रस्तुत गर्नुहुँदै उहाँले हाम्रो देश बनाउन हाम्रै जनशक्तिलाई दक्ष र योग्य बनाउनु आवश्यक भएको बताउनुभयो। उहाँले व्यवसायीहरूले आफ्नो पेशाभन्दा माथि उठेर देश र समाजको निम्ति योगदानमा विशेष भूमिका

खेल्नुपर्ने भन्नुहुँदै राजनीतिक रूपले सचेत जनशक्तिले नै देशको हितमा काम गर्न सक्ने बताउनुभयो ।

त्यस्तै भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले सरकारले नेपाली उत्पादनलाई प्राथमिकतामा राख्न नसकेकै कारण विदेशबाट धेरै वस्तुहरू आयात गर्नुपर्ने अवस्था सिर्जना भएको बताउनुहुँदै सरकारको नीति यहाँको व्यवसायीलाई प्रोत्साहन गर्ने खालको नीति हुनु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष **शिवप्रसाद मानन्धर**ले व्यवसाय प्रवर्द्धनको लागि पनि यस किसिमको तालिमले सकारात्मक भूमिका खेल्दै बताउनुहुँदै यो तालिम नेपालको पहिचानसँग जोडिएको विषय भएको बताउनुभयो ।

नेपाल कपडा तथा सिलाइ व्यवसायी सङ्घ भक्तपुरका अध्यक्ष **शुभरत्न बज्राचार्य**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल कपडा तथा सिलाइ व्यवसायी सङ्घ ललितपुरका अध्यक्ष **प्रेमकुमार महर्जन**, काठमाडौँका अध्यक्ष **राज कार्की**, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष **प्रेमकृष्ण खर्बुजा**ले पनि तालिमको औचित्यतामाथि प्रष्ट पार्नुभएको थियो ।

उक्त कार्यक्रममा सङ्घका उपाध्यक्ष **रामकृष्ण साँगाछैं** र तालिमका प्रशिक्षार्थी **राजेश शाक्य**ले प्रशिक्षणबारे आफ्नो अनुभव सुनाउँदै तालिम निकै उपलब्धिपूर्ण भएको बताउनुभयो ।

## अङ्गदान तथा अङ्ग प्रत्यारोपणसम्बन्धी अन्तरक्रिया



विश्व अङ्गदान दिवसको अवसरमा अङ्गदान तथा अङ्ग प्रत्यारोपणसम्बन्धी व्यापक जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरको आयोजनामा साउन २८ गते अन्तरक्रिया कार्यक्रमको आयोजना भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले अङ्ग दान जीवन दान हो भन्ने विषयलाई जनस्तरबाट लानुपर्ने बताउनुहुँदै उहाँले मृत्युपछि गरिने अङ्गदानबारे सबैलाई उत्साहित गर्न जरुरी रहेको बताउनुभयो ।

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र स्थापनाको १३ वर्ष पुगिसक्दा केन्द्रले धेरै फड्को मारिसकेको बताउनुहुँदै उहाँले भक्तपुरलाई शैक्षिक हबको रूपमा विकास गर्न यहाँ अवस्थित अस्पतालहरूलाई सुविधासम्पन्न र जनशक्ति व्यवस्थापनमा विशेष ध्यान दिनु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमार्फत दैनिक ८ सयको हाराहारीमा बिरामीहरूको जाँच हुँदै आएको बताउनुहुँदै उहाँले सरकारी अस्पतालहरूको स्तरोन्नतिले गरिब जनतालाई सेवा हुने बताउनुभयो । सरकारी अस्पतालहरूमा समस्या आउने बित्तिकै निजी अस्पतालहरूको हालीमुहाली चल्ने हुँदा सरकारले आफू मातहतका अस्पतालहरूलाई सुविधाहरू थप्दै समयसापेक्ष ढङ्गले स्तरोन्नति गर्दै लानुपर्ने बताउनुभयो ।



केन्द्रका कार्यकारी निर्देशक डा. **पुकारचन्द्र श्रेष्ठ**ले नेपालमै कलेजो प्रत्यारोपण सेवा सुरु भएसँगै बिरामीका लागि अङ्ग प्रत्यारोपण गर्न विदेश जानुपर्ने बाध्यताको अन्त्य भएको बताउनुहुँदै शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्र कलेजो प्रत्यारोपण गर्ने नेपालकै पहिलो केन्द्र भएको बताउनुभयो । केन्द्रको सेवा सुविधालाई थप विस्तार गर्न स्थानीय तहहरूबाट पनि आवश्यक सहयोगको अपेक्षा रहेको बताउनुहुँदै उहाँले अङ्गदानको महत्त्वबारे जनचेतना अभिवृद्धि अभियानमा केन्द्र क्रियाशील रहेको बताउनुभयो ।

केन्द्रका प्रमुख डा. **कल्पना श्रेष्ठ**ले अङ्गदान गर्नेमा महिलाहरूको सङ्ख्या धेरै रहेको बताउनुहुँदै नसर्ने रोगको जोखिमका कारण शरीरका विभिन्न अङ्गहरू निष्क्रिय हुँदै जाने क्रम बढ्दै गइरहेको बताउनुभयो । उहाँले अङ्गदानसम्बन्धी जनचेतना समुदायस्तरबाट गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै अङ्गदान आफैमा एउटा पुण्यको काम भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका वडाध्यक्ष र कार्यपालिका सदस्यहरूको समेत सहभागिता रहेको थियो । उक्त कार्यक्रममा अङ्गदानसम्बन्धी वृत्तचित्त पनि प्रदर्शन गरिएको थियो ।

## त:मुंज्याको तयारी समिति गठन




नेपाल संवत् ११४३ कौलाथ्व द्वादशी र त्रयोदशी (कार्तिक ९ र १०) गते हुने ४३ औँ नेपालभाषा साहित्य त:मुंज्या भक्तपुर वडा नं. ५ स्थित योसिँख्यो टोलमा हुने भएको छ ।

साउन २८ गते भएको त:मुंज्याको सम्मेलन तयारी समिति गठन कार्यक्रममा वरिष्ठ राजनीतिज्ञ एवं साहित्यकार **नारायणमान बिजुक्छेँ**ले सामाजिक उत्थानको विषयमा आम जनताले बुझ्ने सरल भाषामा लेख्नु नै जनताको साहित्य भएको बताउनुभयो । जातीय र भाषिक साम्प्रदायिकताले देश उत्थान नहुने बताउनुहुँदै संसारको जुनसुकै स्थानमा हुने अन्याय अत्याचारको विषयमा आवाज उठाउनु सच्चा नागरिकको कर्तव्य रहेको बताउनुभयो । महिला वर्ग शिक्षित भएमात्र पूरै समाज शिक्षित हुने उल्लेख गर्नुहुँदै उहाँले थप्नुभयो, 'भक्तपुरमा समाजवादी नमुनाअनुरूप काम भइरहेको छ ।'

बागमती प्रदेशका सदस्य **सुरेन्द्रराज गोसाईं**ले नेपालको कला, संस्कृति तथा भाषाभाषीहरूलाई जोगाइराख्न त:मुंज्याले महत्त्वपूर्ण भूमिका खेल्दै आएको औँल्याउनुभयो । शासकहरूको मानसिकतामा अझै भाषिक दमन, सांस्कृतिक दमनको अवशेष बाँकी रहेकोले सबै जातजाति भाषाभाषीहरूलाई राज्यले उचित सम्मान तथा संरक्षण दिनुपर्ने बताउनुभयो ।

नेपालभाषा साहित्य त:मुंज्याका अध्यक्ष आशाकुमार चिकंबन्जारको बलराम सिबन्जारको अध्यक्षतामा ४३ सदस्यीय सम्मेलन आयोजक समिति गठनको प्रस्ताव सर्वसहमतिले अनुमोदन गऱ्यो ।

कार्यक्रममा नारायणबहादुर दुवाल, योगेन्द्रमान बिजुक्छेँ, बलराम सिबन्जार र नरेश खत्रीले पनि बोल्नुभएको थियो ।

## विविध भाषा साहित्य सम्मेलन नगदेशमा हुने



यो वर्ष विविध भाषा साहित्य सम्मेलन नगदेशमा हुने भएको छ ।

विविध भाषा साहित्य समाजको आयोजनामा साउन २९ गते नगदेशमा भएको भेलाले अशोक अवालको अध्यक्षतामा ११ सदस्यीय आयोजक समिति ग्वसाखल: गठन गरेको छ ।

भेलाका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य **सुनिल प्रजापति**ले साहित्य सम्मेलन जनताको चेतनास्तर उठाउने र वर्ग सङ्घर्षको एक भाग भएको हुँदा भव्य रूपमा सम्पन्न गर्न सबैले मिहिनेत गर्नुपर्ने बताउनुभयो ।

उहाँले सम्मेलनमा शिक्षा, स्वास्थ्य, कानुन, संस्कृति, साहित्य, इन्जिनियरिङलगायत विभिन्न क्षेत्रका विज्ञहरूले समेत सम्बोधन गर्ने हुँदा साहित्य सम्मेलन जनताका लागि एक प्रकारको विश्वविद्यालय हो भन्नुभयो ।

सम्मेलनमा प्रस्तुत हुने साहित्यहरू उत्कृष्ट हुनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो– 'सम्मेलन अघि स–साना साहित्य गोष्ठीहरू गर्नुपर्छ । त्यहाँ उत्कृष्ट ठहरिएका साहित्यहरूलाई मौका दिनुपर्छ । यसले सम्मेलनको स्तर बढ्छ ।'

२५ औँ विविध भाषासम्म आइपुग्दा विविध भाषा साहित्य समाजको कति जना कवि, साहित्यकार, कलाकार, वक्ता तयार गऱ्यो त्यसबारे समीक्षा गर्नुपर्ने र हालसम्मका उत्कृष्ट साहित्यहरूको सङ्ग्रह गरी पुस्तक प्रकाशित गर्नु उचित हुन्छ – उहाँले बताउनुभयो ।

नेमकिपा मध्यपुर नगर समितिका संयोजक **रमेश वैद्य**ले विविध भाषा साहित्य सम्मेलन सबै भाषाभाषीहरूको साझा मन्च हो र त्यस मन्चको तर्फबाट जनतालाई राजनैतिक र सांस्कृतिक रूपले सचेत पार्दै आएको बताउनुभयो ।

स्थानीय **विक्रम वैद्य**ले विविध भाषा जनताबीच सम्पर्क बढाउने माध्यम भएको र नयाँ नयाँ सम्पर्क बढाई संगठनात्मक गतिविधिमा पनि सक्रिय हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

भेला विविध भाषा साहित्य समाजका कोषाध्यक्ष विजयलक्ष्मी प्रजापतिको सभापतित्वमा सम्पन्न भएको थियो ।

## खेलाडीहरू राजनीतिबाट अलग हुन नसक्ने



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले खेलाडीहरू देशको राजनीतिबाट अलग हुन नसक्ने बताउनुहुँदै देशको राजनीतिले खेलाडीहरूलाई प्रभाव पारिरहेको हुन्छ भन्नुभयो ।

भक्तपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा भाद्र ३ गते आयोजित बधाई कार्यक्रममा प्रमुख प्रजापतिले युवा खेलाडीहरू अनुशासित हुनुपर्ने र समाज परिवर्तनमा योगदान गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा जस्तै खेलकुद क्षेत्रमा पनि नमुनाकै रूपमा विकास गर्न आवश्यक बजेटको व्यवस्था गर्दै आएको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'भनपाले दुईओटा कभर्ड हल निर्माण सम्पन्न गरिसकेको छ । अरू निर्माणको प्रक्रियामा छ । भक्तपुरबाटै राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गरी अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको नाम चिनाउन योगदान गर्नुपर्छ ।'

सरकारको गलत नीतिको कारण युवाहरू विदेशिन बाध्य भएको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले श्रम रोजगारी स्वीकृति लिएर वर्षको आठ लाख र उच्च शिक्षा हासिल गर्न एक लाख दश हजार गरी नौ लाख युवाहरू विदेशिएको बताउनुभयो ।

'युवा विदेश पठाएर पुँजीवादी शासकहरू देशमा आन्दोलन र सङ्घर्ष रोक्ने कोसिस गर्दैछन् तर तिनीहरूको सपना पूरा हुनेछैन । युवाहरू विदेश पठाउँदैमा देशमा क्रान्ति रोकिने छैन' – उहाँले भन्नुभयो ।

कार्यक्रममा नगर खेलकुद समितिका पूर्व संयोजक एवं ७ नं. वडाध्यक्ष **उकेश कवाँ**ले खेलाडीहरूले आ–आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने बताउनुहुँदै खेल राजनीतिक परिवर्तनको लागि, देशको लागि र कामदार जनताको निम्ति हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक एवं १ नं. वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले खेलकुद समाज परिवर्तनको लागि हो, पैसा कमाउनको निम्ति होइन भन्नुभयो ।

भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष **रामकृष्ण प्रजापति**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका कोषाध्यक्ष **गौतम सुजखु**, बागमती प्रदेश बक्सिङ सङ्घका सल्लाहकार **विश्वराम कवाँ**, भक्तपुर जिल्ला बक्सिङ सङ्घका सल्लाहकार **रविन्द्र खर्बुजा** र **साजन लघु**ले पनि बोल्नुभएको थियो ।

उक्त कार्यक्रममा बागमती प्रदेश बक्सिङ सङ्घको दोश्रो पूर्ण बैठकले सल्लाहकार नियुक्ति भएका विश्वराम कवाँ र भक्तपुर जिल्ला बक्सिङ सङ्घमा उकेश कवाँ, विनोदचरण राय, रविन्द्र खर्बुजा र केशव त्वानाबासुलाई सल्लाहकारमा मनोनयन भएकोमा बधाई ज्ञापन गरिएको थियो ।

## जिम्नाष्टिक प्रशिक्षक प्रशिक्षणले खेलको प्रवर्द्धन हुने




भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देशलाई अन्तर्राष्ट्रिय जगतमा खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै जिम्नाष्टिक खेलको प्रशिक्षक प्रशिक्षण कार्यक्रम आयोजनाले यो खेलको प्रवर्द्धन भई नयाँ नयाँ खेलाडीहरू उत्पादन हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल जिम्नाष्टिक सङ्घको आयोजनामा भदौ ८ गते भएको जिम्नाष्टिक खेलको प्रशिक्षक प्रशिक्षण तालिमको समापन कार्यक्रममा उहाँले खेलकुद अनुशासनसँग सम्बन्धित हुने एक किसिमको शारीरिक अभ्यास भएको बताउनुहुँदै भक्तपुर नपाले यहाँको खेलकुद विकासको लागि विविध गतिविधि गर्दै आइरहेको बताउनुभयो ।

खेलाडीहरूलाई वर्षैभरि क्रियाशील राख्न भक्तपुर नपाले नगरस्तरीय र विद्यालयस्तरीय खेलकुद प्रतियोगिता आयोजनाका साथै खेलाडी सम्मान कार्यक्रमलाई पनि निरन्तरता दिँदै आएको बताउनुहुँदै उहाँले भक्तपुर कला संस्कृति संरक्षण गर्न विभिन्न सांस्कृतिक प्रतियोगिताहरूको समेत आयोजनालाई जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, पर्यटन विकासलगायतका क्षेत्रमा उल्लेखनीय कार्य गर्दै भक्तपुरको सन्तुलित विकासमा जोड दिँदै आएको बताउनुहुँदै उहाँले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने भक्तपुर नपाको दीर्घकालीन उद्देश्य रहेको बताउनुभयो ।

कार्यक्रमका विशेष अतिथि नेपाल जिम्नाष्टिक सङ्घका अध्यक्ष एवम् प्रतिनिधिसभा सांसद मा. **ध्रुवबहादुर प्रधान**ले भक्तपुर नपाले सम्पदा संरक्षणमा उल्लेखनीय कार्य गर्दै आएको बताउनुहुँदै खेलकुद क्षेत्रमा पनि भक्तपुर अग्रस्थान रहेको बताउनुभयो । उहाँले नेपाल जिम्नाष्टिक सङ्घ भक्तपुरको खेलकुद विकासमा आगामी दिनमा भक्तपुर नपासँग सहकार्य गरी अगाडि बढ्न उत्सुक भएको बताउनुहुँदै

खेलाडीहरूले राष्ट्रिय हितको लागि समर्पित भएर काम गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले २०५१ सालदेखि भक्तपुर नपाले ६ ओटा खेलकुदको नियमित प्रशिक्षण सञ्चालन गर्दै आएको र २०७६ बाट भक्तपुर नपाले जिम्नाष्टिक खेलको प्रशिक्षण सञ्चालनमा ल्याएको बताउनुभयो । खेलाडी उत्पादन गर्ने प्रारम्भिक थलो विद्यालय भएको हुँदा भक्तपुर नपाले विद्यालयस्तरीय खेलकुद गतिविधिमा विशेष जोड दिँदै आएको पनि उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला जिम्नाष्टिक सङ्घका अध्यक्ष **दिपककृष्ण प्रजापति** र उपाध्यक्ष **बाबुराम थापा**ले जिम्नाष्टिक खेलको महत्त्वबारे प्रकाश पार्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि र अतिथिहरूले तालिमका प्रशिक्षक, प्रशिक्षार्थी र प्रायोजकहरूलाई प्रशंसापत्र वितरण गर्नुभएको थियो भने कार्यक्रमका विशेष अतिथि मा. धुव्रबहादुर प्रधानले खेल जगतमा लामो समय योगदान पुऱ्याउनुभएका शिवजी श्रेष्ठलाई दोसल्ला ओढाई सम्मान गर्नुभयो ।

## लोकेश्वर साकोसबाट सरसफाइ



लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा भक्तपुर नगरका सम्पदाहरूको रूपमा रहेको इन्द्रायणी पीठ प्राङ्गनदेखि ख्यो पुखु (धवाहिटी पुखु) हुँदै कालदह (कालिदह) सम्मको सडक तथा सम्पदाहरूको सरसफाइ कार्यक्रम गरेका छ ।

संस्थाका पूर्व अध्यक्ष एवं भनपा वडा नं. २ का वडा सदस्य **श्यामसुन्दर मातां**ले नगरपालिकाको एक सहकारी एक सम्पदा अन्तर्गत लोकेश्वर साकोसले वार्षिक रूपमा विभिन्न सम्पदास्थलहरूको सरसफाइ गर्दै आएकोमा आभार व्यक्त गर्नुभयो । भक्तपुरमा स्थानीय जनताको बचत लिएका विभिन्न सहकारी भागिसकेकोले त्यस्तो घटनाबाट बचतकर्ताले चेतना लिनुपर्ने र नगरपालिकाले हाल नगरका शङ्कास्पद सहकारीहरूको विभिन्न समयमा अनुगमन तथा सुसूचित गर्दै आएको बताउनु भयो ।

कार्यक्रममा आयोजक संस्थाका अध्यक्ष राजन जति, भक्तपुर नपा वडा नं. २ का वडा सदस्य मन्जुमैया लाखाजु र पुण्यराम स्वंगमिखाले पनि बोल्नु भएको थियो ।

सरसफाई कार्यक्रममा संस्थाका विभिन्न समिति, उपसमितिका पदाधिकारी, कर्मचारी तथा स्थानीय जनताको उल्लेख्य सहभागी रहेको थियो ।

## आर्थिक पारदर्शिता, इमानदारी र आर्थिक अनुशासन जनविश्वासका प्रमुख आधारहरू




महाकाली क्षेत्र संरक्षण समितिको आयोजनामा २०८० साउन २ गतेदेखि ३१ गतेसम्म भक्तपुर नपा वडा नं. ६ स्थित ऐतिहासिक अँचा पुखु (ख्य पुखू) मा सम्पन्न मच्छेनारायण मेला (पुरुषोत्तम मेला) को समापन (चर्थी) कार्यक्रम भदौ ९ गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले धर्मलाई भौतिकवादी दृष्टिकोणबाट व्याख्या गर्न जरुरी रहेको बताउनुहुँदै धर्मलाई वैज्ञानिक दृष्टिकोणले विश्लेषण गर्नु आजको आवश्यकता रहेको बताउनुभयो ।

धार्मिक गतिविधिहरूबाट पनि व्यापक जनताको हित र सेवा गर्न सकिने बताउनुहुँदै असल कर्म गर्नु आफैमा धर्म भएको बताउनुभयो । धर्मको नाममा ठग्नेहरू पनि धेरै भएको बताउनुहुँदै उहाँले आर्थिक पारदर्शिता, इमानदारी र आर्थिक अनुशासन जनविश्वासका प्रमुख आधारहरू भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, भाषा, संस्कृति र सम्पदा हाम्रो पहिचान हो । भक्तपुरका धार्मिक स्थल संरक्षण गर्ने कार्यक्रमा भक्तपुर नपाले अग्रणी भूमिका खेल्दै आएको छ ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले मच्छेनारायण मेला भव्यताका साथ सम्पन्न गर्न सहयोग गर्ने सबैमा धन्यवादज्ञापन गर्नुहुँदै यहाँबाट उठेको आर्थिक सहयोग यहाँका सम्पदा र पोखरी परिसर संरक्षणमै खर्च हुने बताउनुभयो ।

त्यस्तै वडा नं. ६ का वडा सदस्य **गोविन्द दुवाल**ले धर्मप्रतिको आस्था जीवित हुनु आफैमा यहाँको संस्कार र संस्कृतिप्रति अपनत्व रहनु हो भन्दै नेपाल मजदुर किसान पार्टीको नीतिले भक्तपुरका कामदार जनताको उत्थान भएको बताउनुभयो । २०४५ साल भदौ ९ गते राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको स्मरण गर्दै उहाँले जस्तो सुकै परिस्थितिमा पनि आफ्नो सिद्धान्त र विचारमा अडिग रहनु असल कार्यकर्ताको विशेषता हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य **रोशन मैंया सुवाल**ले धार्मिक गतिविधिसँगै सामाजिक गतिविधि पनि क्रियाशील हुन सबैमा अनुरोध गर्दै समितिले सामाजिक सेवासँगसँगै समाज परिवर्तन गर्ने उद्देश्यका साथ काम गर्दै आएको बताउनुभयो ।

उक्त समितिका कोषाध्यक्ष **भीमलाल सुवाल**ले पुरुषोत्तम मेला अवधिभर उठेको आर्थिक सहयोग विवरण प्रस्तुत गर्नुभएको कार्यक्रममा समाजसेवी गोपीकृष्ण चाँगुभारी, महाकाली क्षेत्र संरक्षण समितिका पुरुषोत्तम दथेपुथे र राजेश दिष्टिले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि तथा अतिथिहरूले मच्छेनारायण मेलामा सहयोगी भूमिका निर्वाह गर्नेहरूलाई प्रशंसापत्र प्रदान गर्नुभयो ।

## अन्तर्राष्ट्रिय बक्सिङ दिवस मनाइयो



भक्तपुर जिल्ला बक्सिङ सङ्घको आयोजनामा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा २७ अगष्टका दिन अन्तर्राष्ट्रि बक्सिङ दिवसको अवसरमा भक्तपुर नगरपालिकाको सहयोगमा **'अन्तर खेलाडी( प्रशिक्षार्थी) बक्सिङ प्रदर्शनी प्रतियोगिता कार्यक्रम-२०८०'** भाद्र १० गते भयो ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले भक्तपुर कला संस्कृति र सम्पदाको धरोहर, शिक्षा स्वास्थ्यसँगसँगै खेलकुदको गतिविधिले अगाडि बढेको बताउनुभयो । उहाँले राष्ट्रिय अन्तर्राष्ट्रिय मेडल प्राप्त गर्न सक्ने खेलाडी तयार गर्न प्रशिक्षक र रेफ्रि जजले मिहिनेत गरिरहनु भएको छ भन्नुहुँदै देशलाई जोगाउने, माया गर्ने सक्षम नागरिक तयार हुने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष एवम् पूर्व नगरखेलकुद समितिका अध्यक्ष **उकेश कवाँ**ले बक्सिङ दिवस खेलाडीहरूको लागि ठूलो पर्व भएको बताउनुहुँदै सन् १९७४ अमेरिकाको नाकाबन्दी बाबजुद पनि क्यूवाको हवानामा भएको विश्व बक्सिङ च्याम्पियनमा आयोजक देशले बढी पदक जित्न सफल भएको बताउनु भयो । राम्रा खेलाडीहरू विदेशी पलायन गराउने भएकोले इमानदार र जिम्मेवारीका साथ अनुशासित हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं १ का वडाध्यक्ष एवं युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले खेलकुद विद्यालयस्तरबाट उत्थान गर्न आवश्यक भएकोले विद्यालय स्तरीय प्रतियोगिता गरि रहेको बताउनुभयो। उहाँले खेल प्रशिक्षण विद्यालयहरूमा केन्द्रित गर्न शिक्षक र विद्यालय प्रशिक्षकहरूलाई तालिमहरू दिने बताउनुभयो ।

कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका महासचिव **मानबहादुर भण्डारी**ले राजनीति र खेलकुद अलगअलग गर्नुपर्छ भनेर सबैले भन्छ तर भक्तपुरका राजनेताहरूले राजनीति र खेलकुदसँगै लानुपर्ने कुराहरू भक्तपुरबाट सिक्नुपर्ने बताउनुभयो ।

कार्यक्रम भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका कोषाध्यक्ष गौतम सुजखु, जिल्ला बक्सिङ सङ्घका सचिव साजन लघुले पनि बोल्नुभएको थियो ।

## सातौं उपत्यकाव्यापी बास्केटबल प्रतियोगिता २०८० को समापन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले खेलकुद मौलिक हक अधिकारभित्र नरहेकोले खेलकुद क्षेत्रको विकास हुन नसकेको बताउँदै शिक्षा र स्वास्थ्य जस्ता विषय जनताका आधारभूत विषय भएको बताउनुभयो ।

एभरेष्ट इङ्गलिस स्कूलको आयोजनामा भदौ १२ गते भएको 'सातौँ उपत्यकाव्यापी बास्केटबल प्रतियोगिता २०८०' मा उहाँले खेलाडीले पढ्दैनन् र पढ्नेले खेल्दैनन् भन्ने मान्यतामा धेरै भिन्नता आएको बताउनुहुँदै विद्यालय जीवनदेखि शिक्षा र खेलकुदलाई सँगसँगै अगाडि बढाएको पाइएको सुखद पक्ष भएको बताउनुभयो ।

उहाँले भक्तपुरको शैक्षिक विकासमा एभरेष्ट इङ्गलिस स्कूलको पनि महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुहुँद भक्तपुर नपाले खेल क्षेत्रको विकासको लागि प्रशिक्षण, व्यायामशाला स्थापना, खेलाडी सम्मान तथा विभिन्न खेलकुद प्रतियोगिताहरू आदि आयोजना गरी यहाँका खेलाडीहरूलाई उत्साहित गर्दै आइरहेको बताउनुभयो ।

एभरेष्ट इङ्गलिस स्कूलका प्रअ **भक्त राजभण्डारी**ले विद्यालयको आयोजनामा भएको प्रतियोगितामा ६३६ जना विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको बताउनुहुँदै खेलकुद प्रतियोगिताको मुख्य उद्देश्य मित्रता र प्रतिस्पर्धा हो भन्नुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **रामगोपाल कर्माचार्य**ले सहभागी सम्पूर्ण विद्यालय र विद्यार्थीहरूमा धन्यवादज्ञापन गर्नुहुँदै विद्यार्थीहरूलाई सक्रिय जीवन जिउन प्रेरित गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सातौँ उपत्यकाव्यापी बास्केटबल प्रतियोगिताका रेफ्रि तथा विजेताहरूलाई प्रशंसापत्र, मेडल तथा शिल्ड प्रदान गर्नुभएको थियो ।

## संसद्को अवरोध संविधान र नियमसङ्गगत छैन

प्रमुख प्रतिपक्षी दल एमाले संसदीय दलका उपनेता **सुवासचन्द्र नेम्वाङ**ले आफ्नै दलले सुन तस्करी प्रकरण छानबिनका लागि उच्चस्तरीय समिति माग गरेर एक महिनादेखि निरन्तर सदन अवरुद्ध गरिरहेकोलाई उक्त काम संविधान र नियमसङ्गत नभएको बताएका छन् ।

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौँ ।**

## प्रधानन्यायाधीशमा विश्वम्भरप्रसाद श्रेष्ठ नियुक्त



सर्वोच्च अदालतको ३१औँ प्रधानन्यायाधीशमा विश्वम्भर श्रेष्ठ नियुक्त भएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा १२९ (२) बमोजिम संवैधानिक परिषद्को सिफारिसमा कायम–मुकायम प्रधानन्यायाधीश श्रेष्ठलाई नेपालको प्रधानन्यायाधीश पदमा नियुक्त गरेका हुन् ।

नवनियुक्त श्रेष्ठ ०८१ असोजसम्म प्रधानन्यायाधीश रहनेछन् ।

## संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रममा रोक



| विश्वम्भरप्रसाद श्रेष्ठ | ईश्वरप्रसाद खतिवडा | आनन्दमोहन भट्टराई | अनिलकुमार सिन्हा |
|---|---|---|---|
| प्रधानन्यायाधीश | न्यायाधीश | न्यायाधीश | न्यायाधीश |

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको नेतृत्वमा न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउत सम्मिलित इजलासले दिएको आदेशमा व्यवस्थापिकाको प्रकृतिले कार्यकारिणी प्रकृतिको कार्य गर्ने जिम्मेवारी दिएको नदेखिने उल्लेख छ । नेपालले शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित लोकतान्त्रिक शासन प्रणालीलाई अङ्गीकार गरेको र त्यसअन्तर्गत कार्यकारिणी अधिकार सङ्घको हकमा सङ्घीय मन्त्रिपरिषद् र प्रदेशमा प्रदेश मन्त्रिपरिषद्लाई रहेको इजलासको ठहर छ ।

'... नेपालको संविधानको शब्द, भाव र मर्मसमेतलाई दृष्टिगत गर्दा विनियोजन ऐन, २०८० को रूपमा पारित आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यको बुँदा नं. ४४५ सँग सम्बन्धित व्यवस्था र सातवटै प्रदेशका व्यवस्थापिकाहरूको आर्थिक वर्ष ०८०/८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी

व्यवस्थाहरू तथा ती व्यवस्थाहरूका लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नू–नगराउनू,' आदेशमा छ ।

सङ्घीय सांसदका लागि विनियोजित आठ अर्ब २५ करोड र सातवटै प्रदेशका सांसदहरूको क्षेत्रमा खर्च गर्न छुट्याइएको साढे नौ अर्बभन्दा धेरै रकम तत्काल खर्च गर्न नपाइने भएको छ ।

# तीन चर्चित काण्ड

## १) ललितानिवास जग्गा हिनामिना काण्ड अदालतमा

सरकारी वकिल कार्यालयले सरकारी जग्गा हिनामिना काण्डको भाद्र १० गते जिल्ला अदालत काठमाडौंमा किर्तेमा मुद्दा दायर गरेको छ ।

समाचार अनुसार उक्त मुद्दामा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदार, पूर्वमन्त्रीद्वय चन्द्रदेव जोशी र डम्बर श्रेष्ठ, पूर्वराज्यमन्त्री सञ्जय साह, बहालवाला सचिव कृष्णबहादुर राउत, सहसचिव (दाङका प्रजिअ) सुशील वैद्य, पूर्वसचिवहरू छविराज पन्त, दीप बस्न्यात, दिनेशहरि अधिकारी, रवीन्द्रमान जोशी र नारायणगोपाल मलेगोसहित २९० जनालाई प्रतिवादी बनाइएको छ । रामकुमार सुवेदी, शोभाकान्त ढकाल, भाटभटेनी सुपरमार्केटका मालिक मीनबहादुर गुरुङ र मालपोत कार्यालयका पूर्वअधिकृत हुपेन्द्रमणि केसीलाई मुख्य प्रतिवादी बनाइएको छ ।

यस अघि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो ( सिआइबी)ले दबाबबीच साढे चार वर्ष लामो अनुसन्धान सकाएर सङ्गठित अपराध र सरकारी कागजात किर्तेमा २८६ जनालाई प्रतिवादी बनाउने रायसहित अभियोजन दर्ता गर्न जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंलाई प्रतिवेदन बुझाएको थियो ।

किर्ते र सङ्गठित अपराधमा मुद्दा चलाउन राय दिए पनि सरकारी वकिल कार्यालयले किर्तेमा मात्र मुद्दा चलाएको हो । ब्यूरोले दुवै मुद्दा चलाउन राय दिएको थियो । तर सङ्गठित अपराधमा प्रमाण नपुग्ने भन्दै सरकारी वकिल कार्यालयले किर्तेमा मात्र मुद्दा चलाउने निर्णय गरेको हो ।

यस काण्डमा मुछिएका 'हाइप्रोफाइल'हरूको पनि बयान लिनुपर्ने दबाब बढेपछि पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र बाबुराम भट्टराईसँग घरमै पुगेर सिआइबीले बयान कागज गराएको छ । तर तिनीहरुलाई प्रतिवादी बनाइएको छैन ।

तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषद् बैठकले २९ चैत ०६६ मा प्रधानमन्त्रीनिवास विस्तार गर्ने निर्णय गरेको थियो ।

माधवले आफ्नू नेतृत्वको मन्त्रिपरिषद् बैठकबाट ललितानिवासको जग्गाबारे निर्णय भए पनि प्रधानमन्त्रीनिवास विस्तार गुरुयोजना २०६५ सालमा पुष्पकमल दाहाल प्रधानमन्त्री भएकै बेलामा बनेको बताएका छन् ।

यस अघि ललितानिवास जग्गा प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपाल र भट्टराईसँग बयान लिएर त्यसलाई मिसिलमा राखेको थियो ।

सर्वोच्च अदालतले २१ साउनमा मन्त्रिपरिषद्को निर्णय तथा कार्य प्रमाणित गरी कार्यान्वयन गर्ने तहमा संलग्नमाथि अनुसन्धान गर्न आदेश दिएको थियो ।

२०६६ र ०६७ को मन्त्रिपरिषद्ले निर्णय गर्दा माधवकुमार नेपाल प्रधानमन्त्री थिए भने ०६९ मा डा. बाबुराम भट्टराई । नेपालको कार्यकालमा विशिष्ट व्यक्तिको निवास विस्तारका नाममा तथा भट्टराईको कार्यकालमा नक्कली पशुपति टिकिन्छा गुठी स्थापना गरी जग्गा हिनामिना भएको थियो ।



स्मरणीय छ, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्को नीतिगत निर्णयमाथि मुद्दा चलाउने अधिकार नभएको भनेको थियो ।

६१ दिन थुनामा राखेर अनुसन्धान गरिएका पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाहविरुद्ध भने सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने निर्णय गरेको छ ।

## पूर्वमन्त्रीविरुद्ध पक्राउ अनुमति



विजयकुमार गच्छदार, चन्द्रदेव जोशी, सञ्जयकुमार साह र डम्बर श्रेष्ठ

सरकारी जग्गा हिनामिना गरेको अभियोगमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले काठमाडौँ जिल्ला अदालतबाट अनुमति लिएर साउन २१ गते पूर्वउपप्रधानमन्त्री एवं भौतिक योजना मन्त्री विजयकुमार गच्छदार, पूर्व भूमिसुधार मन्त्री चन्द्रदेव जोशी, राज्यमन्त्री सञ्जयकुमार साह  र डम्बर श्रेष्ठ विरुद्ध पक्राउ पुर्जी जारी भएको अनलाइनखबरमा छ।

## सर्वोच्चको आदेशले पूर्व प्रमहरू पनि अनुसन्धानमा

सर्वोच्च अदालतले ललितानिवास जग्गा अनियमितता प्रकरणमा सर्वोच्चका न्यायाधीश अनिलकुमार सिन्हा र डा. कुमार चुडालको इजलासले नीति निर्मातालाई पनि अनुसन्धानको दायरामा ल्याउन सरकारका नाममा साउन २१ गते निर्देशनात्मक आदेश जारी गरेको छ।

सर्वोच्चको आदेशपछि तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईमाथि पनि अनुसन्धान गर्न बाटो खुलेको छ। यस्तै, मन्त्रिपरिषद्को निर्णय प्रमाणित गर्ने तत्कालीन मुख्यसचिवहरू माधवप्रसाद घिमिरे र लीलामणि पौड्याल पनि अनुसन्धानको दायरामा पर्ने बताइएको थियो।

२०४९ सालदेखि २०६९ सालको अवधिमा ललितानिवासको १४३ रोपनी भन्दा बढी जग्गा हिनामिना भएको थियो। हिनामिनामा तत्कालीन प्रधानमन्त्री, मन्त्रीका साथै  सम्बन्धित मन्त्रालय, गुठी संस्थान र मालपोत कार्यालयका कर्मचारीहरू पनि मुछिएका छन।



न्यायाधीशद्वय अनिलकुमार र कुमार

आदेशमा भनिएको छ – '...जसको निर्णय एवं निर्णय प्रक्रियाले नेपाल सरकारको जग्गा व्यक्तिका नाममा गएको छ, त्यस्ता निर्णयाधिकारी, पदाधिकारी अनुसन्धानको दायरामा नभई अराएको काम गर्ने स्तरका कर्मचारी एवं सम्पत्ति लगानी गरी जग्गा खरिद गर्नेहरूसमेततर्फ अनुसन्धान बढी केन्द्रित भएको अवस्था देखिँदा समग्र न्याय प्रणालीप्रतिको आमविश्वासको जोखिमतालाई मध्यनजर गर्दै,' सङ्क्षिप्त आदेशमा भनिएको छ, '... मन्त्रिपरिषद्को निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रूपमा संलग्न हुनेहरू, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेस गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहको पदाधिकारी वा अधिकारीको पदसोपना (अनुसन्धानकर्ताको सवालबमोजिमको पिरामिडको माथिल्लो तह)बाट समेत गरी अबउप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नू, गराउनू भनी प्रत्यर्थीहरूका नाममा नेपालको संविधानको धारा १३३ को उपधारा (३) बमोजिम यो आदेश जारी गरिएको छ।'

## २) सुन तस्करी काण्ड

गएको साउन ३ गते राजस्व अनुसन्धान विभागले अवैध करिब एक क्विन्टल सुन बरामद गरेको थियो। त्यसको परीक्षण गर्दा वास्तविक तौल ६० किलो ७१६ ग्राम कायम भएको।


दुईपाङ्ग्रे सवारीको 'पार्टस्' ब्रेक शूभित्र लुकाएर ल्याइएको सुन त्रिभुवन विमानस्थलबाट बाहिरिँदै गर्दा राजस्व अनुसन्धान विभागले सिनामंगल क्षेत्रबाट बरामद गरेको थियो।

राजस्व अनुसन्धान विभागले उक्त सुन तस्करीबारे छानबिन गरिरहे पनि अन्तरदेशीय र सङ्गठित अपराधको अनुसन्धान गर्ने जिम्मेवारी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) लाई दिइएको हो।

सुन तस्करमि सत्तारूढ दल माओवादीका केही नेताको नाम जोडिएपछि विभागले निष्पक्ष छानबिन गर्न नसक्ने भन्दै यसको जिम्मेवारी प्रहरीलाई दिन दबाब परेको थियो। सुन तस्करीमा संलग्न भएको आरोपमा पक्राउ परेका दावा छिरिङको सम्बन्ध माओवादीका केही नेतासँग देखिएको छ। खासगरी प्रधानमन्त्री दाहालको सचिवालयमा काम गरेका ढुंगाना विभागको प्रमुख हुनु र तस्करीमा सत्तापक्षका नेताहरूको नाम जोडिनुले अनुसन्धान प्रभावित हुने आशङ्का गर्न थालिएको थियो।

हाल सुन तस्करीको जालो भारत र चीन तथा दुबईमा हुन सक्ने आशङ्का गरिएको छ।

अन्तरदेशीय सङ्गठित अपराधलाई राष्ट्रिय सुरक्षासँग जोडेर अनुसन्धान नगर्ने हो भने माफियाको सञ्जाल भत्काउन अप्ठेरो पर्ने छ।



भरिया मात्र पक्राउ पर्ने तर सुनका लगानीकर्ता, तस्करका गिरोह र माथिल्लो तह भने सधैँ उम्किन थालेपछि प्रहरीले २०७१ सालदेखि सङ्गठित अपराधको कसुरमा सुन तस्करमाथि कारबाही गर्न चाहे पनि सरकारी वकिल कार्यालयले अस्वीकार गरेको थियो। त्यसपछि यो विषयले अदालतमा प्रवेश पाएको थियो।

यसैबीच इलेक्ट्रिक चुरोट (भेप) मार्फत् सुन तस्करी प्रकरणमा जोडिएको आरोप लागेका माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराका छोरा राहुल महरालाई केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले नियन्त्रणमा लिएको छ।

९ किलो सुन तस्करीमा जोडिएको आरोप राहुलमाथि लाग्दै आएको थियो। उक्त प्रकरणमा अन्य व्यक्तिहरू पक्राउ परेर यसअघि नै पुर्पक्षका लागि कारागार चलान भइसकेका छन् ।

चर्चित ६० किलो ७१६ ग्राम सुन तस्करी प्रकरणमा केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले पूर्व उपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दिपेश पुनसँग भदौ १८ गते बयान लिएको छ। उनलाई सिआईबीले कार्यालयमै बोलाएर बयान लिएको हो । दीपेशलाई बोलाएको बेला उपस्थित हुने गरी छाडेको छ।

सुन तस्करीमा मुछिएका अन्यसँग पुनको पनि सम्पर्क देखिएपछि बयान लिइएको सीआईबीले बताएको छ।

यो प्रकरणमा २६ जना पक्राउ परिसकेका छन् ।

## ३) नक्कली भुटानी शरणार्थी काण्ड

नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका सबैको निवेदन एकसाथ राखेर पेस गर्न उच्च अदालत पाटनले आदेश दिएको छ। पाटनको संयुक्त इजलासले उच्च पुगेका १० जनाको निवेदनमाथि आदेश गर्दै यससम्बन्धी सबै निवेदन एकसाथ राख्ने आदेश गरेको हो।

पाटनका न्यायाधीशहरू हरिप्रसाद पौडेल र किरणकुमार पोखरेलको इजलासबाट यस्तो आदेश भएको हो।

कानुन व्यवसायीहरूले यसै प्रकरणसँग सम्बन्धित अन्य निवेदनसमेत परेको जानकारी इजलासलाई गराएपछि यस्तो आदेश आएको हो।

## सापारुको मूल्याङ्कन स्थलमा










# हाम्रो स्वास्थ्य

## आँखा पाक्ने रोग



### लक्षण

यो रोगको मुख्य लक्षण आँखामा चिप्रा लाग्ने, आँखा सुन्निने, चिलाउने, पोल्ने र रातो हुने आदि हुन् । यो रोग एक व्यक्तिबाट अर्कोमा सजिलै सर्न सक्छ । यसले दीर्घकालीन असर भने गर्दैन । तर, कसैमा सङ्क्रमण फैलिएर आँखाको नानीमा जान सक्छ । आँखाको नानीमा सङ्क्रमण भएमा घाउ हुने सम्भावना हुन्छ ।

आँखाको नानीमा असर गर्दा घाम तथा उज्यालो प्रकाशमा हेर्न धेरै नै गाह्रो हुन्छ । आँखाको नानीमा दाग तथा फुलो बस्ने समस्या पनि रहन सक्छ । चिकित्सकका अनुसार समयमै उपचार गरे यो रोग सजिलै निको हुन्छ । आँखा पाक्ने रोग देखिएपछि एकदेखि दुई हप्तामा आफै कम हुँदै जान्छ । कसै-कसैमा लामो समयसम्म पनि रहन सक्छ ।

बिहान उठ्दा आँखाका परेला टाँसिन सक्छ र, अरू बेलाभन्दा अलि धेरै कचेरा वा चिप्रा लाग्ने समस्या पनि हुन्छ । कचेरा वा चिप्राचाहिँ कसैकसैमा एकदम तरल पानीजस्तो हुन्छ भने कसैकसैमा पिपजस्तो पहेँलो पनि हुन्छ । कसैकसैमा चाहिँ रेशाजस्तो तन्किने खालको पनि हुनसक्छ । यो कुन खालको हुन्छ भन्नेचाहिँ कुन कारणले गर्दाखेरि आँखा पाकेको हो त्यसले फरक पार्छ ।

आँखा पाक्ने समस्या वर्षातको समयमा बढी देखिन्छ । पानी पर्ने र रोकिने भइरहेका बेला हाम्रो शरीरमा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएको हुन्छ । यस्तो बेलामा भाइरस बढी सङ्क्रामक हुनजान्छ ।

### यसको जोखिम

चिकित्सकका अनुसार आँखा पाक्ने समस्या जोसुकैलाई देखिन सक्छ । किनकी, एडिनो भाइरस बढी सङ्क्रामक हुन्छ र एक व्यक्तिबाट अर्कोमा सजिलैसँग सर्न सक्छ ।

विद्यालय, कलेजलगायत धेरै भीडभाड हुने ठाउँहरूमा यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्छ । सजिलै सर्ने भएकाले यसले घरको सबै सदस्यलाई सङ्क्रमित पनि गराउन सक्छ । तर आँखा पाकेको मानिसमा हेर्दैमा रोग सर्दैन । आँखा पाक्ने रोग आँसुबाट मात्रै सर्छ ।

### बच्ने उपाय

चिकित्सकका अनुसार सङ्क्रमण भएको व्यक्तिले आँखा छोएर टेबल, मेच, लुगा वा अन्य व्यक्तिलाई छुँदा सङ्क्रमण फैलिन सक्छ । आँखा पाक्ने एउटै माध्यम भनेको आँसुबाट नै हो । त्यसकारण पाकेको आँखा छुन हुँदैन । छोइहाले पनि हातलाई साबुनपानीले हात धुने र स्यानिटाइजर प्रयोग गर्नुपर्छ ।


आँखा पाक्ने रोग लागेमा नजिकको आँखा उपचार केन्द्र वा अस्पतालमा जाँच गराउनु पर्छ । त्यसपछि चिकित्सक वा विशेषज्ञले दिएको औषधि मात्र आँखामा हाल्नुपर्छ । त्यस्तै, रातो भएको आँखालाई बरफ वा आइसले सेकाउन पनि सकिन्छ ।

घरमा खानेपानीलाई बरफ बनाएर त्यसले आँखा सेकाउन पनि मिल्छ । एउटा आँखामा प्रयोग गरेको बरफ अर्कोमा प्रयोग गर्न भने हुँदैन ।

आँखा पाकेका मानिसले आँसु पुछ्दा 'डिस्पोजेबल टिस्यु' हरूको प्रयोग गर्नुपर्छ । चिकित्सकका अनुसार आँखा पाक्ने रोग लागेमा आँखा नमाड्न, पानी नछ्याप्न, जथाभावी औषधिको प्रयोग नगर्न, घरबाहिर जाँदा कालो चस्मा प्रयोग गर्न चिकित्सकहरू सुझाव दिन्छन् ।

BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

# आ.व. २०८०/८१ श्रावण महिनामा पर्यटक सूचना केन्द्र तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १८१ | ९३ | ८३ | ५७ | १२५ | १३६ | ९३ | १०८ | १०२ | ९५ | १६० | २०३ | ३१८ | २०८ | १३१ | १२१ |
| ■ सार्क तथा चिनियाँ | २३५ | १५९ | १८१ | १५५ | २०३ | २९० | १४८ | १९६ | १११ | ९१ | ११९ | १४० | १५९ | ११० | ८२ | १०९ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १२८ | १८७ | १३४ | २७२ | १७१ | २४१ | १८८ | २१३ | १७१ | १८० | २३४ | २३४ | २४६ | १७३ | २७२ | २६४ |
| ■ सार्क तथा चिनियाँ | ११० | १०६ | १६१ | २३६ | २४९ | १८१ | १७२ | १६० | ११४ | १७० | १७४ | १७४ | ३२५ | २९० | २२९ | २५० |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८० श्रावण | ५,५२२ | ५,५८९ | ११,१११ |
| २०७९ श्रावण | ३,१४० | २,३८२ | ५,५२२ |
| प्रगति | २,३८२ | ३,२०७ | ५,५८९ |

सम्पादककाे पृष्ठ

# मन्त्रिपरिषद्को ‘झुक्यान’

बालुवाटारको सरकारी जग्गा व्यक्तिको नाममा पठाएर गरिएको एउटा ठूलो अपराध काण्डको मुद्दा अहिले काठमाडौँ जिल्ला अदालतमा पुगेको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) ले लामो समय गरेको अनुसन्धान पछि किर्ते र सङ्गठित ठगीको मुद्दा चलाउन आफ्नो प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाएको थियो । तर, सरकारी वकिलको कार्यालयले किर्तेको मात्र मुद्दा दर्ता गरेको छ । त्यसमा पनि सीआइबीले प्रतिवादी बनाएकालाई उन्मुक्ति र उन्मुक्ति दिइएकालाई प्रतिवादी बनाइएको छ । यसबाट सीआइबी र सरकारी वकिलको कार्यालयको अनुसन्धान र अध्ययनमा आधार र दृष्टिकोण फरक देखिएको छ । अध्ययनमा कसको कमजोरी हो र कसको सही हो ? एउटा तथ्य के हो भने सीआइबीले दबाब निक्कै झेलेको थियो र सरकारी वकिल कार्यालयले पनि दबाब व्यहोरेको सर्वत्र अनुभव गरिएको छ । भोलिका दिनमा जिल्ला अदालतको बेन्चले के, कति र कस्तो दबाब झेल्ने हो ? त्यो प्रतिक्षाको विषय हो ।

यस काण्डमा मन्त्रिपरिषद्को निर्णय संविधान र कानुनभन्दा माथि भएको सर्वत्र अनुभव गरिएको छ । ‘सानालाई ऐन, ठूलालाई चैन’ को आहान नाङ्गो रूपमा चरितार्थ भएको छ । मुआब्जा दिएर सरकारले अधिग्रहण गरेको जग्गा जफत गरिएको भनी व्यक्तिको नाममा पठाउने प्रस्ताव लाने, टिप्पणी उठाउने, कार्यान्वयन गर्ने सबैलाई किर्तेका दोषी बनाइएकोछ । तर, निर्णयकर्ताहरूलाई भने उन्मुक्ति दिएर गाईजात्रा प्रदर्शन गरेको छ । कुनै मन्त्री वा सचिव वा अधिकृतले सिंहदरबार व्यक्तिको नाममा नामसारी गर्न प्रस्ताव लाने र टिप्पणी उठाउने दोषी हुने तर सदर गर्ने, पारित गराउने मन्त्रिपरिषद्का अध्यक्ष अर्थात् प्रधानमन्त्री ‘झुक्यानमा पारियो’ भनेर दोषमुक्त हुनसक्छ ? त्यसो हो भने सिंहदबार आगलागी हुँदा राजीनामा दिने प्रधानमन्त्री, कलेज परिसरमा प्रहरी पसेर दमन गर्दा राजीनामा दिने शिक्षामन्त्री, रेल दुर्घटना हुँदा पदबाट राजीनामा दिने रेल मन्त्री सबै अयोग्य र मूर्ख तर ‘झुक्यान’मा पर्ने माधव नेपाल र बाबुराम भट्टराईलाई मात्र ‘योग्यं योग्याय’ ठहराउनुपर्ने हुन्छ । सबैलाई थाहा छ, माधव र बाबुराम प्रधानमन्त्री छँदा गरेको मन्त्रिपरिषद्को निर्णय नै यस काण्डको बीउ हो, जरा हो र पृष्ठभूमि हो । निश्चय पनि ती मन्त्री, सचिव, अधिकृत, कर्मचारी दोषमुक्त छैनन् साथै सरकारी जग्गा हिनामिनाको बाटो खोल्ने मूल दोषी तत्कालीन प्रधानमन्त्रीहरू नै हुन् । किनभने कार्यकारी प्रधानमन्त्री जस र अपजस दुवैको हकदार हो । जसको हकदारीको दाबी गर्ने अपजसको भागीदार हुनबाट भाग्ने प्रधानमन्त्री जो होस् त्यो अयोग्य, अक्षम र निकृष्ट ठहरिन्छ ।

यदि देशमा संविधान र कानुनको स्थान उच्च छ, कानुनी राज छ, सुशासन छ भने जनताको सम्पत्ति रहेको बालुवाटारको सार्वजनिक सम्पत्ति हिनामिना गराउन ‘पथ प्रदर्शन गर्ने’ माथि पनि कानुनी कारबाही गर्नुपर्छ र हुनुपर्छ । प्रधानमन्त्री भनेको निरङ्कुश व्यवस्थाको राजा होइन – प्रहरी, अख्तियार, अदालतले सबैले हेक्का राख्नुपर्छ । अन्यथा भोलि कालापानी, लिम्पियाधुरालगायतको अतिक्रमित जमीन त्यागने प्रस्ताव ‘झुक्यान’ मा नीतिगत निर्णय मन्त्रिपरिषद्ले गरे पनि देशको सीमा र अखण्डता रक्षा गर्न बसेको सेना तारा गनेर बस्ने ? प्रहरी–प्रशासन माथिको आदेश भनेरै झारा टारेर बस्ने ? अनि देशका मालिक जनता पनि ‘नीतिगत निर्णय’ भनेर मौन नै बस्ने ?




↑ नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें(रोहित)सँग साम्राज्यवाद विरोधी लेखक तथा पत्रकार विजय प्रशादको नेतृत्वमा आएको भारतीय बुद्धिजीवीहरुको टोलीले भेटघाट तथा छलफल गऱ्यो । भाद्र १० गते



← साम्राज्यवाद विरोधी लेखक तथा पत्रकार विजय प्रशादको नेतृत्वमा आएको भारतीय बुद्धिजीवीहरुको टोलीलाई भक्तपुरको खौमास्थित लायकूमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले स्वागत गर्नुभएको थियो ।

टोलीले लायकु र टौमढी क्षेत्रका ऐतिहासिक सम्पदाहरु अवलोकन गर्नुका साथै नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप अस्पताल र ख्वप ईन्जिनीयरिङ कलेज र स्थानीय भक्तपुर बचतद्वारा सञ्चालित आदर निकेतनको पनि अवलोकन गरेको थियो । भाद्र १० गते



पुनःनिर्माणाधीन छुमा गणेश द्यःछैं (वडा नं. ६) को मोहडाको प्रारूप